# अविश्रान्त राजनायक



प्रकाशक :

**बुधवार साप्ताहिकका लागि**
**अविर प्रकाशन (प्रा.)लि. बागबजार**
फोन : २४३६२७, २४३६२८

# कृति : अविश्रान्त राजनायक

पहिलो संस्करण : ०५४ असोज १६ गते
प्रकाशित : ५ हजार प्रति
मूल्य: : रु. ४०।–

विशेष सहयोगी:
**विवश वस्ती**

आवरण:
**महेन्द्र श्रेष्ठ**
आइडियल डिजाइनर्स


साजसज्जा:
**केदार अधिकारी**
**भीमचन्द्र राई**

टाइपसेटिङ
**नेप्यूटर डेस्कटप कम्प्यूटर सर्भिस**
बागबजार, काठमाडौं ।

मुद्रक:
**इन्द्रेणी अफसेट प्रेस**
**बागबजार,**
**फोन– २२५९५४**

सहयोगीहरू:
**नारायण अर्याल**
**बासु क्षितिज**
**विष्णुहरि अधिकारी**
**सूरज रानामगर**

*(यहाँ संग्रहित तीन वटा लेख-संस्मरण बाहेक अन्य सबै लेख-संस्मरणहरू यही पुस्तकका निम्ति लेखिएका हुन् ।*



हार्दिक श्रद्धाञ्जलिसहित...

**आमूल परिवर्तनका निम्ति**
**आजीवन संघर्षरत**
**योद्धाहरूमा समर्पित**

# अविश्रान्त राजनायक

स्तब्धता सबैतिर छाएको थियो । दुःखी को थिएन ? तर दुःखपूर्ण त्यस क्षणमा पनि सबैको छाती गर्वले ढक्क फुलेको थियो । तुलसीलालले बनावटी कुरा मृत्युपर्यन्त गर्नुभएन । कति इमान्दार थिए- उहाँका शब्दहरू ! मृत्युको क्षणसम्मै पनि सक्रिय भएरै उहाँले आफ्ना इमान्दार भावनाहरू पोख्नुभयो । ध्येयमा अडिग, अविचलित अविश्रान्त राजनायक- तुलसीलाल !

शीर कसको निहुरिएन ? अविश्रान्त योद्धाको चिर विश्राममा ! पाँच दशकको अथक र निरन्तर यात्राको पूर्ण विरामको क्षण थियो त्यो । तर स्मृतिको अनन्त चौडाईमा कहाँ छ- पूर्ण विराम ? अविराम तुलसीलाल ! राणाशाही विरोधी अभियानका सक्रिय सिपाही तुलसीलाल; पञ्चायत विरोधी समरका योद्धा तुलसीलाल र छयालीसको प्रजातन्त्र-महायज्ञका एक सेनानी तुलसीलाल ! मुटु निचोरेर एक निर्मोही सत्यसँग साक्षात्कार गरेका छौं- अब हामीसँग बोल्नुहुन्न तुलसीलाल; अब हामीसँग हुनुहुन्न तुलसीलाल ! तर हाम्रा हृदय-हृदयमा वास गर्ने तुलसीलालसँग कहाँ छुट्टिएका छौं र हामी ?

सरलता र विनम्रता तुलसीलालका गहना थिए । विद्वता र राजनीतिक क्रियाशीलताको अपूर्व संगम थियो- तुलसीलालमा । त्यो जमानामा अर्थशास्त्रको एम.ए. भएर पनि अन्य अवसरहरूलाई लत्याई राजनीतिको तलाउमा हाम फाल्नुभएको थियो उहाँ- निजी स्वार्थ र सुखसयलको वास्तै नगरेर ।

जुलुस-भाषण, गिरफ्तारी, जेल, निर्वासन, भूमिगत जीवन । यी सबै अस्तव्यस्तताका बीच पनि तुलसीलालले अध्ययन, चिन्तन-मनन् र लेखन-विश्लेषणका निम्ति समय निकाल्नुभयो । लेख, पुस्तक कैयन् छन्; जो आज पनि तुलसीलालको भावना र क्षमताका साक्षी छन् ।

प्रष्ट भन्नुहुन्थ्यो उहाँ, प्रष्ट लेख्नुहुन्थ्यो उहाँ "देशको विकास गर्ने हो भने आधुनिक अद्योगहरूको अभिवृद्धि गर्नैपर्छ । औद्योगिक विकासबिना नेपालले न व्यापार घाटालाई खत्तम गर्न सक्छ, न त देश बढ्दो विदेशी ऋणवाटै मुक्त हुन सक्छ ।"

"हामीले आफ्नो अर्थ व्यवस्थाको मूल आधार आफ्नो स्वतन्त्र राष्ट्रिय अर्थतन्त्रलाई नै बनाउनुपरेको छ । कुनै पनि विदेशी पूँजी आएर हाम्रो राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र रूपले विकास गर्ने कुरोमा मद्दत गर्दैन । जहाँ पनि अमेरिकाले एक डलर लगानी गरेको हुन्छ, त्यो देशबाट सालमा साढे दुई डलर कमाएर लगेको हुन्छ । के यसरी कुनै देशले विकास गर्दै जान सक्नेछ ? त्यस्तो देश झन्-झन् अर्थ संकटमा फसी, झन्-झन् विदेशी ऋणमा डुबेर गएको हुन्छ ।" बहुदलीय व्यवस्थाको स्थापनाको अगत्तै अर्थात् ०४७ को साउनमा उहाँले "नेपालको स्वतन्त्र आर्थिक विकासको बाटो के हो ?" भन्ने प्रश्न उठाउँदै आफ्ना भावना र योजनाहरूलाई पुस्तकमा समेट्नुभएको थियो । नौ महिनामै दुई हजार प्रति सकिए; पुस्तक पुनः मुद्रण गर्नुपर्‍यो । योजनाकार तुलसीलालका विचारहरू धेरैले मननयोग्य ठानेका छन् "हाम्रो देशमा दुई करोड एकड खेतीयोग्य जमीन छ । यसमा काठमाडौंको जस्तो मात्र तकनिकी लगाएर उत्पादन नगरेको खण्डमा पनि हामीले धेरै गुना पैदावार बढाएर लिन सक्ने छौं ।"

समाजको परिवर्तन गर्ने दृढ इच्छा बोकेर जनक्रान्तिको

यात्रामा हिंड्नुभएको थियो- तुलसीलाल । र, खोजतलासपछि उहाँले आफ्नो बाटो आफैं पत्ता लगाउनुभएको थियो । "कुनै पनि देशको परिस्थिति सधैंभरि एकनास रहँदैन । कुनै पनि एक ऐतिहासिक अवधिमा र परिस्थितिमा उतार-चढाव आइरहन्छ । प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने काम शान्त समुद्र पार गरेझैं पार गर्न सकिन्न । यो कार्य पूरा गर्नुअघि घटनाहरूको धेरै उतार-चढाव आई नै रहने छ । चौबीस घण्टामा पनि परिस्थितिमा परिवर्तन आउन सक्छ । यसो भनेर चौबीस घण्टामा पनि क्रान्तिकारी राजनीति बदलेर हिंड्न सकिन्न । निश्चय नै तात्कालिक कार्यनीतिमा परिवर्तन हुन सक्छ । तर यो तात्कालिक कार्यनीति मुख्य राजनीतिको अभावमा बेअसरदार र लक्ष्यहीन भई यसले समुद्रको बीचमा लक्ष्यहीन ढुंगाझैं अलपत्र भई देशको क्रान्तिकारी आन्दोलनलाई क्रान्तिकारी दिशातिर कदापि अगाडि बढाउन सक्ने छैन ।" ०१८ सालमै उहाँले 'कुन बाटो' भनेर सोध्दै पुस्तकाकारमा आफ्ना धारणाहरू प्रकाशित गर्नुभएको थियो ।



सत्र सालको कालो कदमको उहाँले डटेर विरोध गर्नुभयो । आफ्नो राजनीतिक आस्था र सिद्धान्तसँग उहाँले कहिल्यै संझौता गर्नुभएन । व्यवहारवादी हुनुहुन्थ्यो- कमरेड तुलसीलाल । तर समर्पणको राजनीति उहाँले कहिल्यै गर्नुभएन । टुट्नु भयो; फुट्नु भयो उहाँ; तर कहिल्यै गैरमार्क्सवादी चिन्तनसँग उहाँले संझौता भने गर्नुभएन । उहाँ सदैव आमूल परिवर्तनको पक्षमा रहनुभयो ।

पञ्चायतको विरुद्धमा थालिएको निर्णायक आन्दोलनमा उहाँ पूर्ण रूपमा सडकमै ओर्लिनुभयो । ०४६ साल माघ २ गते ! कांग्रेससँग मिलेर पंचायतका विरूद्ध संयुक्त जनआन्दोलन सञ्चालन गर्ने उद्देश्यका साथ त्यस दिन नेपालका सात वटा प्रमुख कम्युनिष्ट पार्टीहरूले संयुक्त वाम मोर्चाको गठन गरे । र, वाममोर्चाको मानार्थ अध्यक्षमा सर्वसम्मतिले छानिनुभयो- तुलसीलाल अमात्य ।

मिलनसार, व्यवहारकुशल र बौद्धिक व्यक्तित्वका धनी तुलसीलाल मृत्युपर्यन्तसम्मै आमूल परिवर्तनको पक्षमा रहनुभयो । "तुलसीलाल कम्युनिष्ट नै होइनन्" भन्नेहरू पनि नभएका होइनन् । तर सिर्जनात्मक मार्क्सवाद वा कम्युनिज्मको यो युगमा त्यस्ता झिना-मसिना स्वरहरूको कुनै अर्थ छ ?

तुलसीलालको जीवन आफैंमा एउटा क्रान्तिकारी कम्युनिष्टको उदाहरणीय नमूना हो । सात सालको आन्दोलनमा उहाँ सक्रिय रूपमा सहभागी हुनुभयो । छयालीसको जनआन्दोलनमा उहाँ नेतृत्वकर्ताहरूको पंक्तिमा हुनुहुन्थ्यो । नेपालको पहिलो संसदीय निर्वाचनद्वारा उहाँ संसद्मा पुग्नुभयो । छयालीसपछिको निर्वाचनबाट भने उहाँ प्रतिनिधि सभामा पुग्न सक्नुभएन । उहाँले जीत देख्नुभएको थियो; पराजय पनि भोग्नुभएको थियो । तर उहाँ न कहिल्यै जीतको उन्मादमा देखिनुभयो; न त कहिल्यै हारको विषादमा ।

जीत, हार, ताली र गालीको सांसारिक परिवेशभन्दा माथि पुगिसक्नुभएको छ कमरेड तुलसीलाल । जीवन र मृत्युको अनिवार्य-घुम्तिमा उहाँले विश्राम अवश्य लिनुभएको छ । तर अविश्रान्त छ उहाँको ध्येय, विचार र अभियानको महायात्रा ! कमरेड तुलसीलाल नेपालको प्रजातान्त्रिक आन्दोलनमा, कम्युनिष्ट आन्दोलनको रातो घाममा सदा बाँचिरहनुहुने छ ।

# विषय सूची


| विषय | पेज नं. |
| --- | --- |
| **पहिलो खण्ड:** | ९-२४ |
| १. राजनीतिमा जसले सधैं दुःख-कष्ट मात्र भोग्नुपर्‍यो | ११-१८ |
| २. उतार चढावको जीवन्त इतिहास | १९-२१ |
| ३. नेपालको कम्युनिष्ट आन्दोलन : एकीकरणको प्रक्रिया जारी छ | २२-२४ |
| **दोस्रो खण्ड** | २५-४० |
| १. सधैं सोध्नुहुन्थ्यो- मानव अधिकार हतियार बन्ने त होइन ? | २७-२९ |
| २. समाज बदल्न अग्रसर होऊ | ३०-३२ |
| ३. यही प्रजातन्त्रलाई जनवादी स्वरूप दिनुपर्छ | ३३-३७ |
| ४. के यसरी गरीबी निवारण होला ? | ३८-४० |
| **तेस्रो खण्ड** | ४१-७४ |
| १. मूल्यको राजनीतिका महारथीको अवसान | ४३-४६ |
| २. उहाँको उच्च मूल्यांकन गर्नुपर्छ | ४७-५१ |
| ३. म जगिएर हिंडें | ५२-५४ |
| ४. उहाँ यसरी महामन्त्री बन्नुभयो | ५५-६० |
| ५. तुलसीलाल अमात्यको जीवनबाट सिकौं | ६१-६३ |
| ६. मोतिहारी जेलमा सँगै बस्दा | ६४-६४ |
| ७. सुगन्धित फूल जस्तै निश्छल र निष्कपट व्यक्तित्व | ६५-६७ |
| ८. तुलसीलाल एउटा पढ्नयोग्य पुस्तक | ६८-७० |
| ९. तुलसीलाल अमात्यलाई सम्झँदा | ७१-७३ |
| १०. कमरेड तुलसीलालको धैर्यबाट सिकौं | ७३-७४ |
| **चौथो खण्ड** | ७५-८६ |
| १. नेपालको राजनीतिका आदरणीय व्यक्तित्व | ७७-८१ |
| २. उहाँ शान्तिपूर्ण आन्दोलनका हिमायती हुनुहुन्थ्यो | ८२-८४ |
| ३. कमरेड तुलसीलालसँग बितेका केही क्षणहरू | ८५-८६ |
| **पाँचौं खण्ड** | ८७-१०० |
| १. राष्ट्रलाई नै क्षति भयो | ८९-९१ |
| २. नेपालको प्रथम संसद्मा तुलसीलाल अमात्य | ९२-९४ |
| ३. मैले चिनेजानेको गिरिदाइ | ९५-१०० |
| **छैठौं खण्ड** | १०१-१३० |
| १. नेपाल कम्युनिष्ट पार्टीको तेस्रो महाधिवेशनद्वारा पारित राजनीतिक प्रस्तावः राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम | |
| **सातौं खण्ड** | १३१-१३६ |
| १. विविध | |

पहिलो खण्ड

# समर्पित जीवन यात्रा


ईश्वरी ज्ञवाली

कुन्दन अर्याल

---

कमरेड तुलसीलाल अमात्यको जन्म सन् १९१६ सालको मई महिनामा ललितपुरको एक मध्यमवर्गीय परिवारमा भएको थियो । समयक्रममा उहाँले अभाव र गरीवी पनि भोग्नुपऱ्यो । ऋद्धिनरसिंह अमात्य र जोगमाया अमात्यका एक मात्र पुत्र तुलसीलालको वाल्यकाल सुखमय तरिकाले नै वित्यो । त्यो जमानामा अर्थशास्त्रमा स्नातकोत्तरसम्मको अध्ययन गर्ने अवसर उहाँले पाउनुभयो । तर आम मानिसको सुख-समृद्धिका लागि कम्युनिष्ट आन्दोलनमा समाहित भई उहाँले आफैं कठोर जीवनलाई अंगीकार गर्नुभयो । एकचोटि ठम्याएको आमूल परिवर्तनको बाटोलाई उहाँले कहिल्यै छोड्नुभएन । उहाँको जीवन यात्रा आमूल परिवर्तनकै निम्ति समर्पित थियो ।

---



# राजनीतिमा जसले सधैं दुःख-कष्ट मात्र भोग्नुपऱ्यो

ईश्वरी ज्ञवाली

राजदरवारको पूर्वतर्फको अग्लो पर्खाल नाघेर उहाँले राजा त्रिभुवनलाई भेट्नुभयो । राजाद्वारा आन्दोलनका लागि तिमी के गर्न सक्छौं भन्ने प्रश्न राख्दा उहाँले हतियार किन्नका लागि तीन लाख रुपैयाँको माग गर्नुभयो । पछि राजाले खान-बस्नका लागि अरु के-कति रकमको वन्दोवस्त गर्नुपऱ्यो त ? भन्ने प्रश्न उठाउँदा सहजतापूर्वक उहाँले जवाफ दिनुभएको थियो- 'जसको लागि हामी लड्दैछौं, तिनीहरू नै भोकै छन् भने हामीहरूले खानुको के अर्थ रहन्छ र ?'

कुनै बेला राजा त्रिभुवनलाई वैठक कक्षमा यस्तो जवाफ दिनुहुने तुलसीलाल अमात्य स्वयं आफैं जीवनको अन्तिम अवस्थामा कुन परिस्थितिवाट गुज्रिरहनुभएको थियो, त्यो कसैलाई वास्ता थिएन । नेपाली कम्युनिष्ट आन्दोलनका जेठा, त्यागी र दृढताका धनी नेता कमरेड तुलसीलाल अमात्यले राजा त्रिभुवनसँग व्यक्त गर्नुभएका अभिव्यक्तिहरू आज पनि उत्तिकै सान्दर्भिक छन् । राजनीतिकक्रियाशीलताको हिसावले उहाँ कहिल्यै बुढो हुनुभएन । "कुनै पनि देशको परिस्थिति सधैंभरि एकनासको हुँदैन । कुनै पनि ऐतिहासिक अवधिमा परिस्थितिमा उतार चढाव आइरहन्छ ।" यस्तै सटीक राजनीतिक विश्लेषणले उहाँमा रहेको राजनीतिक प्रखरताको निख्खरतालाई उजागर गर्दछ ।

साढे छ दशक लामो राजनीतिक प्रतिबद्धता, राष्ट्रिय मुक्ति आन्दोलनको नेतृत्वदायी भूमिका र प्रजातान्त्रिक आन्दोलनप्रतिको सहभागिताको पुरस्कारस्वरूप उहाँलाई जीवनको अन्तिम रुपमा

# ज्यूँदा तुलसीलालप्रति सबैको बेवास्ता



छयालीस सालको जनआन्दोलनको पहिलो दिन तुलसीलाल अमान्य एकापट्टि काँधमा झोला भिरेर र एउटा हातले कम्युनिष्ट पार्टीको झण्डा फहराएर एक्लै नयाँ सडकमा हिंडिरहनुभएको थियो । प्रहरी र जुलुसको मुठभेड भएपछि कहिले आन्दोलनकारीहरूले प्रहरीलाई लखेट्थे त कहिले प्रहरीले आन्दोलनकारीहरूलाई । तर त्यही बेला ७३ वर्ष पुगिसक्नुभएका तुलसीलाल अमात्य जुलुस तितर-बितर भइसक्दा पनि प्रजातन्त्रको पक्षमा एक्लै नारा लगाउँदै झण्डा फर्फराएर हिंडिरहनुभएको थियो । त्यसरी हिंडिरहनुभएकै अवस्थामा उहाँलाई प्रहरीले पक्राउ गरेको थियो ।

तुलसीलाल अमात्य अहिले अस्वस्थ हुनुहुन्थ्यो । ८१ वर्ष पुगिसक्दा पनि उहाँको मानसिक अवस्था प्रखर थियो । तर शारीरिक अवस्था भने निकै गलिसकेको थियो । ००४ सालदेखि राजनीतिमा लाग्नुभएका तुलसीलाल अमात्यको राणाकाल र पंचायतकालमा गरेर तीनपल्ट सर्वस्वहरण भएको थियो ।

०१७ साल पुस १ गतेको काण्डको विरोध गरेर उहाँ भारतको दरभङ्गामा पार्टीको सम्मेलनमा भाग लिन जानुभयो । त्यसपछि उहाँलाई ७ दिनभित्र नेपालमा हाजिर हुन आउने सूचना गोरखापत्रमा प्रकाशित भयो । फेरि २५ दिनको म्याद दिएर अर्को सूचना गोरखापत्रमै प्रकाशित भयो । तर उहाँ निर्वासनबाट फर्कनुभएन ।

उहाँ नफर्केपछि पंच सरकारले उहाँकी दिवंगत प्रथम पत्नीको दाइजो र पछि बिहे गर्नुभएको दोस्री पत्नी कमला अमात्यको दाइजो तथा केटाकेटीका खेलौना र कुलदेवताको सुन-चाँदीका गर-गहनाहरूसमेत सम्पूर्ण सम्पत्ति हरण गऱ्यो । उहाँका ती सम्पत्तिहरू सार्वजनिक रूपले लिलाम गर्न मङ्गलबजारमा राख्दा कसैले पनि लिलाममा भाग लिएनन् । उहाँको घर पनि त्यहाँ लिलाम गर्न खोज्दा कोही बोलेनन् । लिलाम नभएकोले त्यो घर पछि उहाँले फिर्ता पाउनुभयो । तर सरकारले ताल्चा मारेर बीस वर्षसम्म राखेको हुँदा त्यो घर जीर्ण भइसकेको थियो । बस्नै नहुने भएपछि उहाँले त्यो घर भत्काएर पुनःनिर्माण गर्न थाल्नुभयो । तर पैसाको अभावले गर्दा पुनःनिर्माण कार्य पूरा गर्न सक्नुभएन । आफ्नो घर भत्काएपछि बस्ने अर्को ठाउँ नभएको हुँदा उहाँ घरसँगैको द्यःछें अर्थात् टोलबासीहरूको देउता राख्ने सार्वजनिक घरमा सर्नुभएको थियो ।

उहाँको स्वास्थ्य नराम्ररी गिर्दै गयो । कृष्णप्रसाद भट्टराईले प्रधानमन्त्री हुँदा सर्वस्वहरण भएवापत् सात लाख रूपैयाँ र उपचारको लागि थप केही लाख रकम दिन्छु भने पनि त्यो केवल आश्वासनमा मात्र सीमित रह्यो । एमालेकालमा उहाँलाई एकपल्ट दुई लाख रूपैयाँ दिइयो । तर थप रकम दिने कुराकानी हुँदाहुँदै सरकार गइहाल्यो । निर्वासनमै बसेको बखत सम्पूर्ण खेतहरू उहाँका जेठाबा'का छोराले आफ्नो नाममा गराए ।

थुप्रै सम्पत्तिका मालिक तुलसीलाल अमात्य जीवनको अन्तिम घडीमा सुकुम्बासी जस्तै हुनुभएको थियो । उहाँको तत्काल उपचार गरिएन । रोग असाध्यै गम्भीर हुने स्थिति थियो । पहिले भट्टराईले बोल्नुभएको सात लाख रूपैयाँ र उपचारको लागि थप केही रकम उहाँलाई दिनु भन्नुभयो । तर संसद्मा भरतमोहन अधिकारी, सिद्धिलाल सिंह, रघुजी पन्त र राजेन्द्र श्रेष्ठलगायतका अनेकौं सांसद्हरूले आवाज उठाउँदा पनि सरकारले यस सम्बन्धमा कुनै पाइला चालेन । तन्दुरुस्त र तन्नेरी मन्त्रीहरूलाई उपचारको नाममा लाखौंलाख रूपैयाँ दिएर बैंकक पठाउने सरकारले तुलसीलाल अमात्यको मामलामा भने मौनता नै साँध्यो । के तुलसीलाल अमात्यको लागि सरकारसँग पैसा नभएकै हो त ? यस्तो प्रश्न उठे पनि सरकारले सुनेन ।

एक दिन सांसद्हरू खड्ग ओली, विद्या भण्डारी, सुवास नेम्वाङ, राजेन्द्र श्रेष्ठ, शान्ता मानवी र रघुजी पन्त तुलसीलाल अमात्यकहाँ जानुभएको थियो । उहाँलाई भेट गरेर फर्कने सांसद्हरूका अनुसार त्यसबेला तुलसीलाल अमात्य, निकै गल्नुभएको देखिन्थ्यो । अमात्यले त्यसबेला सांसद्हरूसँग आफू बसेको कोठा नै आफ्नो संसार बनेको कुरा गर्दै उपचार र औषधि किन्न समेत पैसाको अभाव भएको कुरा बताउनुभएको थियो । कोठाबाट बाहिर निस्कन पनि मुस्किल पर्ने अवस्थामा बयोवृद्ध नेता अमात्य हुनुहुन्थ्यो । तर उहाँको उपचारको सम्बन्धमा सरकार अमानवीय रूपमा मौन रहिरह्यो । यस सम्बन्धमा तत्काल एमाले नेताहरूद्वारा सरकारसँग कुरा गरेर उहाँको सर्वस्वहरण भएवापत् र उपचार खर्चवापत् प्राप्त हुनुपर्ने रकम दिलाउन पाइला चाल्नुपर्ने मागसमेत गरियो । अन्यथा मृगौलाको रोगले समयभन्दा अघि नै तुलसीलाललाई लैजान सक्ने निश्चित थियो । त्यसबेला गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, मनमोहन अधिकारी र शेरबहादुर देउवाका शोक सन्देशहरूको कुनै अर्थ हुनेछैन भन्ने अन्ततः दुःखद रुपमै सावित भयो ।

*०५३ साल भदौ ५ गतेको बुधबारको समाचार सामग्रीका आधारमा*







*आफ्नै जीवन संगीनिका साथ अमात्य*



*साढे छ दशक लामो राजनीतिक प्रतिबद्धता, राष्ट्रिय मुक्ति आन्दोलनको नेतृत्वदायी भूमिका र प्रजातान्त्रिक आन्दोलनप्रतिको सहभागिताको पुरस्कारस्वरूप उहाँलाई जीवनको अन्तिम क्षणमा प्राप्त भएको थियो- 'टोलबासीको प्रमुख थकाली राख्ने सार्वजनिक घर ।'*

प्राप्त भएको थियो- 'टोलबासीको प्रमुख थकाली राख्ने सार्वजनिक घर ।' त्यही घरको एउटा अँध्यारो कोठामा विश्व कम्युनिष्ट आन्दोलनका हस्तीहरूको फोटो झुण्ड्याएर उहाँ आफ्नो प्रतिबद्धतालाई दोहोऱ्याइरहनुहुन्थ्यो- 'नयाँ दाउरा काट्नको निम्ति बञ्चरो पनि नयाँ नै निर्माण गर्नुपर्छ । कम्युनिष्ट आन्दोलनलाई निरन्तर परिष्कार गर्नुपर्छ । तर कम्युनिष्ट शैली र आचरणलाई कदापि कमजोर हुन दिनु हुँदैन ।'

८२ वर्षे जीवन-यात्राको इतिहास संगाल्नुभएका कमरेड तुलसीलाल अमात्य कम्युनिष्ट आन्दोलनका साथसाथै प्रजातान्त्रिक आन्दोलनकै जीवन्त इतिहास हुनुहुन्थ्यो । उहाँले झण्डै दुई पटक भारतमा निर्वासित जीवन बिताउनुभयो । अमात्य भारतको 'स्वतन्त्रता संग्राम' अर्थात् 'अंग्रेज धपाऊ' आन्दोलनमा सरिक भएकै कारण नौ महिना जेल पनि पर्नुभयो । भारतीय जनताका प्रत्येक मुक्ति आन्दोलनमा उहाँले आफूलाई सरिक गराउनुभयो र दृढतापूर्वक समर्थन गर्नुभयो । तसर्थः भारतीय मुक्तिकामी जनताहरूसमेत उहाँलाई अपार माया, स्नेह र श्रद्धा गर्दछन् ।

तुलसी मेहरको घर शंखमूलमा तुलसीलाललगायत छ जना राजनीतिक कार्यकर्ता सम्मिलित रहेको बैठकले भारत स्वतन्त्र भएको खुशीमा 'हरे राम, हरे राम'को धार्मिक नारा अघि सारेर भारतीय स्वतन्त्रताको उत्सव मनाउने निधो गऱ्यो । त्यसबेला राणाहरूले धार्मिक नाराको प्रचार गरेर जनतालाई राजनीतिबाट टाढा राख्ने अभियान चलाएका थिए । हजारौं मानिसहरूको सहभागितामा जुलुस निस्कियो । तुलसी मेहरलाई चौबाटोमै गिरफ्तार गरियो । पाटनको सुन्धारा पुग्दा-नपुग्दै जुलुसलाई तितर-बितर गराइयो । सैनिकहरूद्वारा पेस्तोल तेर्साएर गोलीसम्म चलाउने धम्की दिइयो । तर अमात्य बाटोमै बसेर जुलुसको नेतृत्व गर्नुभयो । त्यही बीचमा उहाँलगायत ज्ञानबहादुर र रामशंकरलालसहित २५ जनालाई प्रहरीले गिरफ्तार गरी हनुमान ढोका पुऱ्याइयो । पछि उहाँलाई भद्रगोल जेल चलान गरियो । तर पदम शमशेरले आफू भारततिर जानुपर्ने परिस्थिति आएपछि छ महिनाको अवधिमै अमात्यलगायतका अन्य बन्दीहरूलाई जेलमुक्त गरिदिए । उहाँ जेल पर्नुभएको तीन दिनपछि नै पिता ऋद्धिनरसिंह अमात्यको देहावसान भएको थियो । अमात्यले प्रहरीको घेरामै रहेर बुबाको काजक्रिया गर्नुभयो । जेलबाट रिहा हुनुभन्दा अघिल्लो दिन मात्रै उहाँकी धर्मपत्नीको क्यान्सर रोगबाट निधन भएको थियो । तर उहाँ कहिल्यै विचलित हुनुभएन; राजनीतिलाई नै आफ्नो मूल कर्मक्षेत्र बनाउनुभयो । पद, प्रतिष्ठा र पैसाको मोहले उहाँलाई कहिल्यै छोएन । त्यसैले त आज उहाँ एक सम्माननीय राजनेताका रूपमा प्रतिष्ठित हुन पुग्नुभयो ।

कीर्तिमान भन्ने उहाँका अग्रणी विद्यार्थी साथी





*उत्सुकतावस उहाँले समाजवाद भनेको के हो ... त्यही वृद्धिजीवीको जमघटमा तेर्साउनुभयो । दुई वटा कोट कसैसँग छन् भने एउटा नहुनेलाई दिनु नै समाजवाद हो' यस्तो जवाफ पाएपछि उहाँ समाजवादतर्फ आकर्षित हुनुभयो । यसरी राजनीतिक रूपमा सचेत नहुँदै ११ वर्षकै उमेरमा उहाँलाई समाजवाद शब्दले आकर्षित गरेको ...*

थिए । वृद्धिजीवीहरूको एक प्रकारको अखडा रहेको कीर्तिमानको त्यही घरमा रामायण र गीता जस्ता धार्मिक ग्रन्थका साथै राजनीतिक चर्चा पनि बराबर भइरहन्थ्यो । एक दिन रुसको चर्चा हुँदा तुलसीलाल अमात्यले समाजवाद भन्ने शब्दको उच्चारण सुन्नु भएछ । उत्सुकतावस उहाँले समाजवाद भनेको के हो ? भन्ने प्रश्न त्यही वृद्धिजीवीको जमघटमा तेर्साउनुभयो । "यदि दुई वटा कोट कसैसँग छन् भने एउटा नहुनेलाई दिनु नै समाजवाद हो" यस्तो जवाफ पाएपछि उहाँ समाजवादतर्फ आकर्षित हुनुभयो । यसरी राजनीतिक रुपमा सचेत नहुँदै ११ वर्षकै उमेरमा उहाँलाई समाजवाद शब्दले आकर्षित गरेको थियो ।

घरबाट बाहिर निस्कँदै गर्दा घर नजिकैको देवलमा एउटी आइमाईले जुठो भात खाइरहेको र देवलको पछाडिपट्टिको ढुंगामा दिनहुँ एउटा गरीब जसको आङमा झुत्रो कपडा शिवाय केही हुँदैनथ्यो, देख्दा उहाँलाई समाजवाद भन्ने शब्दको स्मरण हुन्थ्यो । त्यही कोटको कुरा उहाँ सम्झनुहुन्थ्यो । तर राजनीतिक रुपमा भने उहाँले त्यसबेलासम्म केही कुरा वुझ्नुभएको थिएन ।

सानै उमेरदेखि नै राजनीतिप्रति रूचि र चाख राख्नुहुने अमात्यले ००४ सालदेखि नै सक्रिय राजनीतिमा हाम फाल्नुभएको हो । र, जीवनपर्यन्त पनि उहाँको एउटै कार्यक्षेत्र रहयो- राजनीति । नेपालको प्रजातान्त्रिक आन्दोलनमा सम्मिलित भएकै कारण अमात्यको तीन-तीन पटकसम्म सर्वस्व हरण भयो । उहाँका समकालीन राजनीतिक योद्धाहरू सिंगमरमरले सिंगारिएका भव्य महलहरूमा उपरखुट्टी लगाइरहेका छन् । तर उहाँले सर्वस्व हरण भएवापत् पाउनुपर्ने मुआब्जा समेत पाउनुभएन । कृष्णप्रसाद भट्टराई लगायतका राजनीतिज्ञहरूद्वारा दिइएका आश्वासनहरू उहाँका निम्ति आकाशको फल मात्र सावित भए ।

कुनै बेला थियो, पुर्ख्यौली सम्पत्तिका कारण उहाँ सम्पत्तिवालको रूपमा नेपाली राजनीतिमा परिचित हुनुहुन्थ्यो । तर जीवनको अन्तिम घडीमा उहाँ औषधि-खर्चसमेत धान्न नसक्ने अवस्थामा पुग्नुभयो । सरकारले लिलाम गर्दा लिलाम भएको घर जीर्ण अवस्थामा बीस वर्षपछि उहाँले फिर्ता पाउनुभयो । तर भत्किने अवस्थामा पुगेको त्यो घर आर्थिक कठिनाइका कारण पुनःनिर्माण गर्न सक्नुभएन र आज उहाँ टोलबासीको सार्वजनिक घरमा शरण लिन पुग्नुभयो ।

अमेरिकन इलेक्ट्रिक इन्जिनियर [illegible] २१ हजार रुपैयाँ मासिक आम्दानी देखेर इलेक्ट्रिक इन्जिनियर बनी पाँच वर्षमै प्रशस्त पैसा कमाउने र पछि राजनीति गर्ने अठोट लिनुभएका अमात्यले [illegible] वर्षको उमेरमा त्रि-चन्द्र क्याम्पसमा आई [illegible]









# म त्यस्तो नालायक मान्छे हुँ र ?

## तुलसीलाल अमात्य

[illegible] प्रधानमन्त्री शेरबहादुर देउवा आउनुभएको [illegible] निवासमा नै उहाँले आएर भेट्नभयो, स्वास्थ्य [illegible] कुराकानी गर्नुभयो । पहिलेदेखि नै मनमोहन कमरेडले उहाँलाई मकहाँ पुगेर एकपटक [illegible] रहेछ । तर एउटा विरामी नेतालाई प्रधानमन्त्री आएर भेटेको कुरालाई लिएर एमालेकै खवर [illegible] पत्रिकाहरूले गलत ढंगले प्रचारवाजी गरेको कुरा मैले अखबारमा पढें । गलत उद्देश्य र [illegible] विरामी अवस्थामा रहेको बेला समेत मेरो चरित्रहत्या गर्ने गैर जिम्मेवार प्रचारबाट म अत्यन्तै [illegible] भएको छु ।'

[illegible] एमालेका वरिष्ठ नेता तुलसीलाल अमात्य उमेरले पार्टी अध्यक्ष मनमोहन अधिकारीभन्दा पनि [illegible] । [illegible] वर्षको बृद्ध उमेरमा मृगौलाको रोगले ग्रस्त भएर उहाँ अहिले जीवन-मरणको दोसाँधमा [illegible] भएको थियो । दैनिक महंगो डाइलाइसिस गर्दा लाग्ने अति महंगो खर्चबाट समेत उहाँलाई दोहोरो [illegible] थियो । तर ठीक यस्तै पीडा र छट्पटीमा छट्पटिरहनुभएका पार्टीका वरिष्ठ नेताको चरित्रहत्या [illegible] भइरहयो । यस्तैमा बैठक चलिरहेकै बखत एक दिन पार्टी केन्द्रीय कार्यालयमा आफ्नो [illegible] अमात्यले भन्नुभएको थियो- 'विरामी भेट्न आएको व्यक्तिसँग विरामीले कहीं राजनीतिक [illegible] पार्टीको आन्तरिक राजनीतिसँग शेरबहादुरलाई के मतलव छ ? हाम्रो महासचिव राख्ने वा [illegible] कुरासँग शेरबहादुरलाई के मतलव छ ? हाम्रो महासचिव राख्ने वा फेर्न कि फर्काउने [illegible] कुनै मतलव छ भने पनि उसको कुरासँग मलाई के सरोकार ? म त्यस्तो कुन मूर्ख [illegible] हाम्रो महासचिव राख्ने कि फ्याँक्ने भनेर सोध्छु ? मलाई साथीहरूले त्यस्तो नीच र [illegible] ? म त्यस्तो नालायक मान्छे हुँ र ? तपाईंको पत्रिकामार्फत् म स्पष्ट पार्न चाहन्छु कि [illegible] मेरो राजनीतिक सन्दर्भमा केही कुरा भएको छैन । मैले मेरो स्वास्थ्य स्थिति बताएँ । बस !

[illegible] औषधोपचार खर्च नभएर बहुत गाह्रो छ । यो कुरा सबैलाई थाहा छँदैछ । तर शेरबहादुरले [illegible] उपचार खर्च दिन संभव हुँदैन । मैले आफ्नो दयनीय र चिन्ताजनक अवस्था उहाँलाई बताएको [illegible] पनि उपचार खर्च दिने गर्दै आएको छ । यदि मलाई पनि उपचार गराएर केही वर्ष [illegible] चाहयो भने प्रधानमन्त्रीले अबको क्याविनेटमा प्रस्ताव राखेर निर्णय गर्नुहोला, म उहाँसँग [illegible] ।' आफ्नो दुब्लो पातलो र चिन्ताजक अवस्था भइसकेको शरीरसहित गम्भीर भएर पार्टी कार्यालयमा [illegible] अमात्यले यस्तै आशयको अभिव्यक्ति दिनुभयो । महाकाली सन्धिको सम्बन्धमा भोटिङ्ग गराउन [illegible] पार्टी कार्यालयमा उपस्थित गराइनुभएका अमात्यलाई पछि तिनै नेताहरूद्वारा आफ्नो पक्षमा [illegible] चरित्र हत्या गर्ने उद्देश्यबाट प्रधानमन्त्रीसँगको भेटलाई लिएर प्रचार गराइएकोमा दुःख व्यक्त [illegible] बहुत ठूलो विड्म्वना नै थियो । तर वरिष्ठ नेता अमात्यले जीवनको उत्तरार्द्धमा आफ्नो [illegible] र सम्मानित व्यक्तित्वलाई पार्टीमा हुने विभाजनद्वारा उत्पन्न हुने कुराको गुट-उपगुटको पक्षमा [illegible] चाहनुभएन । त्यसैले उहाँले आफ्नो मत प्रष्टसँग राख्नुभयो जसरी महासचिव हटाउने प्रयत्न [illegible] पार्टी ठीक बाटोमा अगाडि बढ्न सक्तैन । पार्टीभित्र अस्थिरता, गडबडी र गलत परम्परा [illegible] अहिले अकस्मात र पद्धतिहीन ढंगले महासचिव हटाउन सफलता मिल्ला, तर माधव नेपालपछि [illegible] पनि राम्ररी काम गर्न पाउला ? नयाँ महासचिवको मुख हेरेर कसैलाई पनि छोड्ने कुरा [illegible] विरोधहरूी फेरि खेल्नेछन् । यो कुरा सबै नेताहरूले बुझ्नुपर्छ ।'

[illegible] अरु पार्टीमा गडबडी सिर्जना गर्न कहिले, कहाँ, कसरी र कसलाई प्रयोग गर्दा उपयुक्त [illegible] राम्ररी बुझेका हुन्छन् । अहिले पनि हाम्रा साथीहरूलाई विरोधीहरूले उक्साएर यो प्रस्ताव [illegible] छन् । यो अत्यन्तै गलत र पार्टीविरोधी काम हो- तुलसीलाल अमात्यले आफ्नो राजनीतिक [illegible] त्यतिबेला भन्नुभएको थियो ।

***०५३ साल फागुन १५ गतेको बुधबार साप्ताहिकबाट***



*सबैलाई थाहै छ- पछिल्लो समयमा नेकपा (एमाले) नेपाली कम्युनिष्ट आन्दोलनमा संगमस्थलको रूपमा स्थापित भएको छ । त्यही संगमस्थलमा ०५१ साल मंसिरको अन्त्यतिर तुलसीलाल अमात्य पनि समाहित हुनुभयो ।*

पार्टीको पहिलो केन्द्रीय कमिटीको सदस्य रहनुभएका अमात्य नेपालमा पहिलो पटक सम्पन्न संसदीय निर्वाचनमा ठूला कम्युनिष्ट हस्तीहरू पछारिंदा पनि ललितपुरबाट राम्रै मत प्राप्त गरी संसदमा पुग्नुभएको थियो । उहाँलाई पहिलो पार्टी महाधिवेशनले गुटवन्दी गरेको आरोपमा कारवाही गरे पनि ०११ सालमा पुनः केन्द्रीय कमिटीमा नै पुनर्स्थापित गरेको थियो । दोस्रो महाधिवेशनद्वारा उहाँ फेरि केन्द्रीय कमिटीमा छानिनुभयो । तेस्रो महाधिवेशनमा आइपुग्दा तुलसीलाल अमात्य नेपाल कम्युनिष्ट पार्टीको महासचिव पदकै दावेदार वन्नुभयो र निर्वाचित पनि हुनुभयो ।

सबैलाई थाहै छ- पछिलो समयमा नेकपा (एमाले) नेपाली कम्युनिष्ट आन्दोलनमा संगमस्थलको रूपमा स्थापित भएको छ । त्यही संगमस्थलमा ०५१ साल मंसिरको अन्त्यतिर तुलसीलाल अमात्य पनि समाहित हुनुभयो । त्यसपछि उहाँ एमालेको नेतृत्वपंक्तिमा रहेर जीवन पर्यन्त क्रियाशील रहनुभयो ।

कोठाबाट वाहिर निस्कनसमेत नसक्ने अवस्थामा पुग्नुभएका वयोवृद्ध कम्युनिष्ट नेता अमात्य चीनवाट फर्केपछि औषधिको भरमा मात्र वाँच्न विवश हुनुभयो । तर युवाहरूलाई उहाँ भन्नुहुन्थ्यो- 'जनता र प्रजातन्त्रको पक्षमा समाहित हुँदा अनेक दुःख-कष्ट भेल्नुपर्छ । त्यसवाट भागेर समास्या समाधान हुँदैन । समस्यासँग मुकाविला गर्ने आँट राख्नुपर्छ ।'

शाही नेपाली राजदूतको रुपमा चीन पुग्नुभएका अमात्यले त्यहीं उपचार गराउँदा-गर्दै राजनैतिक परिवर्तनको कारणले स्वदेश फर्किनुपऱ्यो । काठमाडौं आएपछि शुरू मा डा. पुष्करराज सत्यालसँग उहाँले औषधोपचार गराउनुभयो । पछि उहाँको उपचारकार्यमा डा. ऋषिकुमार काफ्ले संलग्न हुनुहुन्थ्यो । हप्तामा दुई पटक लगातार साढे एकत्तीस सय रूपैयाँ पर्ने इन्जेक्सन लगाउनुपर्ने विवशता उहाँले खेपिरहनुभएको थियो । मासिक रूपमा करीव अठ्ठाइस-उनन्तीस हजार रूपैयाँको औषधि-खर्च उहाले व्यहोरिरहनुपऱ्यो । त्यसबेला डाक्टरहरू उहाँको किड्नीले केवल सात प्रतिशत मात्र काम गरिरहेको रिपोर्ट दिइरहेका थिए ।

राजा त्रिभुवनसँग तुलसीलाल अमात्यको चलखेल वढेको थाहा पाएपछि राणा सरकारले उहाँको पछाडि सी.आई.डी. लगाएको थियो । तुलसीलाललाई समात्न सक्नेलाई पाँच हजार रुपैयाँको पुरस्कार र एक तह बढुवाको घोषणा पनि गरिएको थियो ।

ऋद्धिनरसिंह अमात्य र जोगमाया अमात्यका एक मात्र छोरा तुलसीलाल अमात्यका कुनै दाजुभाइ हुनुहुन्नथ्यो । कान्छी आमापट्टि भने एक वहिनी हुनुहुन्छ । उहाँको जन्म सन् १९१६ को मईमा भएको थियो । उहाँका दुई छोरा र दुई छोरी रहेका छन् ।

'कुन वाटो ?', 'धर्मको मर्म र श्रीकृष्ण', 'बुद्ध, बुद्धत्व र बुद्ध दर्शन' उहाँका नेपालीमा प्रकाशित कृतिहरू हुन् । मञ्जुश्री अंग्रेजीमा लेखिएको उहाँको पहिलो कृति हो, जुन पैसाको अभावमा पाण्डुलिपिमै सीमित रहेको छ । उहाँलाई आफ्नो कृति प्रकाशित हुन नसकेकोमा वा अरू कुनै विषयमा चिन्ता थिएन । तर उहाँ आजका कम्युनिष्टहरूका चरित्रमा आइरहेको ह्रास देखेरअत्यन्त चिन्तित देखिनुहुन्थ्यो । ❑







# उतार चढावको जीवन्त इतिहास



**कुन्दन अर्याल**

तुलसीलाल अमात्य आज-भोलि विहान सात बजेदेखि काठमाडौं एकमा तैनाथ हुन थाल्नुभएको छ । उहाँ आफ्नो पार्टीलाई अग्रगति दिन चुनावी मैदानमा ओर्लिसक्नुभएको छ । र, उहाँ भन्न थाल्नुभएको छ "भट्टराईलाई चुनाव जिताउनु भनेको दुरावस्थालाई बढावा दिनु हो ।" अर्थात् तुलसीलाल अब एमालेको नेता बन्न पुग्नुभएको छ ।

हिजो-अस्तिसम्म कमरेड तुलसीलालको विश्लेषण थियो "आजकल बर्गको प्रतिक्रान्तिकारी पूँजीवादी नयाँ धारमा हाम्रो देशको एमाले पनि बगेर गएको देखिन्छ ।" उहाँ भन्नुहुन्थ्यो "एमालेले लिएको नीति नेपाली कांग्रेसले लिएको नव-उपनिवेशोन्मुख पूँजीवादी बाटोभन्दा कुनै मानेमा फरक देखिंदैन ।" तर अव धेरै कुराहरू पुराना भइसके । उहाँले एमाले महासचिव माधव नेपालसँग मिलेर घोषणा गरिसक्नुभएको छ- 'अव दुई पार्टी छुट्टा-छुट्टै रहनुपर्ने कुनै आवश्यकता छैन ।'



लेखक

एमालेका कतिपय नेताका विचारमा तुलसीलालको पार्टी र एमालेवीचको एकता नेपाली कम्युनिष्ट आन्दोलनको नौलो खुडकिलो हो । तर तुलसीलालको स्वभावसँग परिचित मानिसहरू यतिमात्र भन्दैछन् "अव त उहाँ लगभग ७८ वर्ष पुगिसक्नुभयो । र, फेरि उहाँले जाने अर्को ठाउँ पनि देखिंदैन । त्यसैले पनि अव चाहिं उहाँको पाइलो अरु कुनै खुडकिलोतर्फ नलाग्ला ।"

नेपाली कम्युनिष्ट आन्दोलनका जेठा अनि त्याग र दृढताका धनी नेताका बारेमा यस्ता टिप्पणीहरू त्यसै उब्जिएका होइनन् । संघर्षको समृद्ध इतिहास तुलसीलालको अमूल्य गहना हो भन्ने कुरोलाई कसैले नकार्न सक्दैन । तर उहाँको काम गर्ने शैली अलिक अप्ठ्यारै छ । कतिपय बेला वहाँ नरामोसँग आफ्नै शैलीको शिकार बन्न पुग्नुहुन्छ ।

नेपालका थुप्रै कम्युनिष्टहरू धेरै चोटि तुलसीलालसँग पूरै असहमत भएका छन् । तर कम्युनिष्टहरू उहाँलाई सम्मान भने गर्दछन् । तुलसीलाल नेपाल कम्युनिष्ट पार्टीको पहिलो सेन्ट्रल अर्गनाइजिङ कमिटीका सदस्य । तर पहिलो महाधिवेशनमै उहाँलाई गुटबन्दी गरेको आरोपमा छ महिनाका लागि निलम्बित गरिएको थियो । फेरि दोस्रो महाधिवेशनले उहाँलाई केन्द्रीय सदस्यको पदमा छनौट गरेको थियो । पछि तेस्रो महाधिवेशनद्वारा उहाँ महासचिव नै बन्न पुग्नुभयो । र, जो-जो, जहाँसुकै जाउन्; उहाँ धेरैपछिसम्म नेकपाको महासचिव पदमा अडिग रहिरहनुभयो । अमात्यले उतार पनि देख्नुभएको छ र चढाव पनि देख्नुभएको छ । नेपालमा पहिलो पटक भएको संसदीय निर्वाचनमा ठूला-ठूला कम्युनिष्ट हस्तिहरू पनि पछारिएका थिए । तर केवल ४ जना कम्युनिष्टहरू संसदमा घुसदा पनि उहाँ संसदबाहिर पर्नुभएको थिएन ।



पहिलो महाधिवेशनमै उहाँलाई गुटबन्दी गरेको आरोपमा छ महिनाका लागि निलम्बित गरिएको थियो । फेरि दोस्रो महाधिवेशनले उहाँलाई केन्द्रीय सदस्यको पदमा छनौट गरेको थियो । पछि तेस्रो महाधिवेशनद्वारा उहाँ महासचिव नै बन्न पुग्नुभयो । र, जो-जो, जहाँसुकै जाउन् उहाँ धेरैपछिसम्म नेकपाको महासचिव पदमा अडिग रहिरहनुभयो । अमात्यले उतार पनि देख्नुभएको छ र चढाव पनि देख्नुभएको छ ।

कमरेड तुलसीलाल अमात्य नेपालको किसान आन्दोलनका अग्रणी नेता पनि हुनुहुन्छ । उहाँले रौटहटको किसान आन्दोलनको पनि नेतृत्व गर्नुभएको थियो । तर कालान्तरमा उहाँ नै नेपाली जनतासमक्ष रित्तोहात उभिएजस्तो देखिनुभयो । भारतको अंग्रेज धपाउ आन्दोलनमा समेत संलग्न रहनुभएका तुलसीलाल हिजो-अस्तिसम्म अहमका कारण सानो चुलो रुँगेर बस्न बाध्य हुनुहुन्थ्यो । अखिल नेपाल किसान संघका संस्थापक अध्यक्ष तुलसीलाल । झण्डै दुई दशकसम्म भारतमा निर्वासित तुलसीलाल । पटक-पटक जेल यात्रा गर्ने तुलसीलाल । अनि गत संसदीय निर्वाचनमा आफ्नै कर्मक्षेत्रबाट ४ प्रतिशतभन्दा कम मत पाउने तुलसीलाल । कमरेड तुलीलालले विविध समयमा विविध अवस्थासँग मुकाबिला गर्नुभएको छ । उहाँले भारतको जेलमा समेत आठ-आठ महिना बिताउनुभएको थियो । र, गएको जनआन्दोलनमा पनि उहाँले सडकमै ओर्लिएर गिरफ्तारी दिनुभएको थियो । तर संसदीय निर्वाचनको परिणामपश्चात् उहाँले अचम्म मान्नुभएको थियो "आखिर तुलसीलालको त्यागको कदर किन भएन त !"

ऐतिहासिक वाम मोर्चाका मानार्थ अध्यक्षले गत संसदीय निर्वाचनको भयङ्कर पराजयपश्चात् कस्तो निष्कर्ष निकाल्नुभयो होला ? त्यो कुरो उहाँलाई नै थाहा होला । तर तुलसीलालको आरोह-अवरोह मात्र पनि राजनीति गर्नेहरूका निम्ति गतिलो पाठ हो । तुलसीलाल हिजोसम्म एमालेलाई थुप्रै कुराहरूमा आक्रमण गर्नुहुन्थ्यो । आज उहाँले विगतमा आफूद्वारा अभिव्यक्त थुप्रै कुराहरू बिर्सिएजस्तो गर्नुभएको छ । तर धेरै मानिसहरूले उहाँका थुप्रै कथनहरू बिर्सिएका छैनन् । र, तुलसीलालको वर्तमान स्थितिले फेरि प्रष्ट पारेको छ- "नेपालका धेरै सानातिना कम्युनिष्ट पार्टीका नेताहरूले उठाउने गरेको सैद्धान्तिक मतभेदको कुरो अर्थविहीन गन्थन मात्र हो ।"

नेकपाको तेश्रो महाधिवेशनमा तुलसीलालले गहन जिम्मेवारी पाउनुभएको थियो । तर उहाँ कम्युनिष्ट आन्दोलनको महत्त्वपूर्ण कालखण्डमा खरो उत्रन सक्नुभएन । र, त्यसपछिका दिनहरूमा उहाँले त्याग त गर्नुभयो; तर राजनीतिलाई जनताको आधारभूत तहसम्म पुऱ्याउन उहाँ सफल हुनुभएन । उहाँ गुट चलाएर राजनीति गर्न थाल्नुभयो । र, उहाँको राजनीतिले जरो फैलाउन पनि पाएन । संकुचित राजनीतिको परिणाम उहाँले ०४८ को आम निर्वाचनमा राम्रैसँग प्राप्त गर्नुभयो । अनि बल्ल उहाँलाई आफ्नो सांगठनिक ढाँचाको वास्तविकता बोध भयो ।





आफ्नै शैलीगत विशेषताहरूको कैदी बन्दाबन्दै पनि तुलसीलालले आफूलाई अमेरिकी साम्राज्यवाद र नेपाली कांग्रेसको कट्टर विरोधीका रूपमा उभ्याउनुभएको छ । उहाँ उग्रवादको उग्रविरोधी हुनुहुन्छ । र, उहाँलाई व्यवहारकुशल वा व्यवहारवादी कम्युनिष्ट भनिंदा धेरै अर्थमा फरक पर्दैन ।

सत्चालिस, मंसिरको दोस्रो साताटिर नै तुलसीलालको पार्टी र तत्कालीन मालेबीच एकता हुने कुरो जोडतोडले चलेको थियो । त्यसबेला रौटहटको इनरवारीदेखि गौरसम्म माधव नेपाल र तुलसीलालका संयुक्त मञ्चहरू पनि जमेका थिए । र, गोरुगाडामै बसेर उहाँहरूले एकताका निम्ति वार्ता पनि गर्नुभएको थियो । त्यही बेला नेमकिपा एवं तत्कालीन मार्क्सवादी र मालेबीच पनि एकताका निम्ति कुराकानी भइरहेको चर्चा चलेको थियो । तर मंसिरको अन्त्यतिर राजधानी आइपुग्नेबित्तिकै तुलसीलाललाई अनौठो रोगले छोप्यो । रोहितहरूसँगै उहाँले पनि वाममोर्चाकै त्याग गरिदिनु भयो । बनिबनाउ वाममोर्चामा उहाँले यस्तो मुक्का प्रहार गर्नुभयो- थप एकताको प्रसंग त्यसै सेलायो । तर उहाँ सेलाउनुभएन । "वाममोर्चाबाट मन्त्री बनेका मानिसहरू भ्रष्टाचारमा संलग्न छन् ।" उहाँले यस आशयका भनाइहरू पनि दोहोऱ्याउनुभयो, तेहऱ्याउनुभयो । फेरि पुसको आधाआधी हुँदा नहुँदै उहाँ वाममोर्चाकै कुरा गर्न थाल्नुभयो ।

अड्चालीसको संसदीय चुनावले नेपालका सबै पार्टीहरूलाई धेरै कुरा बतायो । उक्त निर्वाचनले यहाँका सानातिना कम्युनिष्ट पार्टीहरूलाई झन् राम्रोसँग पाठ सिकायो । तुलसीलालले पनि आफ्नो सुन्निएको जीउका बारेमा त्यही चुनावको नतिजामार्फत् चाल पाउनुभयो । त्यसपछि उहाँ पुन: एकताप्रेमी बन्न पुग्नुभयो । र, तत्पश्चात् सम्पन्न भयो नेकपा वर्मा, मानन्धर र अमात्य समूहबीचको एकता । अनि जन्म्यो- नयाँ पार्टी नेकपा (संयुक्त) । तुलसीलाल त्यस पार्टीको अध्यक्ष पदमा आसिन गराइनुभयो । तर तीन पूर्व महासचिवहरूको हनिमुन १ वर्ष बित्दा नबित्दै पूर्णत: क्षत-विक्षत भयो । र, अमात्य फेरि आफ्नै नेपाल कम्युनिष्ट पार्टीको महासचिव बन्न पुग्नुभयो ।

आफ्नै शैलीगत विशेषताहरूको कैदी बन्दाबन्दै पनि तुलसीलालले आफूलाई अमेरिकी साम्राज्यवाद र नेपाली कांग्रेसको कट्टर विरोधीका रुपमा उभ्याउनुभएको छ । उहाँ उग्रवादको उग्रविरोधी हुनुहुन्छ । र, उहाँलाई व्यवहारकुशल वा व्यवहारवादी कम्युनिष्ट भनिंदा धेरै अर्थमा फरक पर्दैन । "के माओत्सेतुङलाई थाहा थियो कि छयालीसमा कस्तो स्थिति उत्पन्न हुन्छ र त्यस स्थितिमा के गर्नुपर्छ ?" पुस्तकपन्थी कम्युनिष्टहरूलाई उहाँ प्रष्ट गर्नुहुन्छ । एमालेका सिर्जनात्मक मार्क्सवादी पक्षधरहरूलाई बाड्न उहाँसँग थुप्रै खुराक छ । यो कुरो मान्नै पर्दछ ।

अमेरिकाको विरोध गर्दागर्दै कुवेतमाथि इराकी हमलाको पनि समर्थन गर्ने तुलसीलाल राम्रो योजनाविद् पनि हुनुहुन्छ । उहाँ विश्व राजनीतिक इतिहासमा हरेक व्यक्तित्वका बारेमा जान्नुपर्ने कुरामा जोड दिनुहुन्छ । कुनै पनि कुरो शाश्वत हुँदैन भन्ने तथ्य राजनीतिमा पनि लागू हुन्छ । उहाँको धारणा यस्तै छ र उहाँ भन्नुहुन्छ "दियो तल अँध्यारो" भन्ने उखान बिजुलीको आविस्कार भएपछि असान्दर्भिक भइसकेको छ ।

वर्षौं जनवादी राष्ट्रिय प्रजातन्त्रको नारा बोकेर हिंड्ने तुलसीलालले अन्तत: जनवादी प्रजातन्त्रकै निम्ति साहसिक निर्णय लिनुभएको छ । उहाँले महत्त्वपूर्ण निर्णय गर्नुभएको छ । र, ढिलै भए पनि एउटा उत्साहप्रद समाचारको सिर्जना गर्नुभएको छ । ❑



०४६ साल फागुन ७ गते कम्युनिष्ट पार्टीको [illegible] फहराउँदै एक्लै अघि बढिरहनुभएका तुलसी[illegible] अमात्य

***०५० पुस ५ गतेको***
***-प्रकाश साप्ताहिकबाट***

## नेपालको कम्युनिष्ट आन्दोलनः

# एकीकरणको प्रक्रिया जारी छ



नेपालको कम्युनिष्ट आन्दोलन लामो समयदेखि निकै उतार-चढावबाट अघि बढिरहेको छ। एक समय त यस्तो थियो, जुन बेला आन्दोलनमा फूट र आपसी कलहको ज्यादै बोलवाला थियो। तर १९७५ को अप्रिलमा अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी को-अर्डिनेशन कमिटी (मार्क्सवादी-लेनिनवादी)को स्थापना भएपछि सम्पूर्ण आन्दोलनमा एउटा गुणात्मक परिवर्तन आयो। यद्यपि, त्यस्तो शुरुवात लगभग पाँच वर्ष पहिलेदेखि झापामा चलिरहेको उग्र किसान संघर्षको परिणति थियो। तर त्यहींबाट नेपाली कम्युनिष्ट आन्दोलनको सशक्त पुनर्गठनको प्रक्रिया पनि प्रारम्भ भयो। आज त्यही प्रक्रिया नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)सँग अभिन्न रुपमा जोडिएको छ। अहिले भर्खरै नेपाली कम्युनिष्ट आन्दोलनको पहिलो पंक्तिका एक संघर्षशील नेता कमरेड तुलसीलाल अमात्य पनि एमालेमा सामेल हुनुभएको छ। यस घटनाबाट नेपालमा कम्युनिष्टहरूको एकीकरणको दिशामा आशाको नयाँ किरण देखा परेको छ।

सन् १९९० मा पंचायत विरोधी जनआन्दोलनको पूर्व सन्ध्यामा नेपालका सात कम्युनिष्ट पार्टीहरूले एक साथ मिलेर वाममोर्चाको निर्माणका लागि सहमति जनाए। त्यसको उद्देश्य जनआन्दोलनको शुरुवात गर्नु थियो। १५ जनवरी १९९० का दिन वाममोर्चाको गठन भयो। वाममोर्चाको र कांग्रेसद्वारा संयुक्त रुपमा पंचायत विरोधी संघर्ष संचालन हुन थालेपछि प्रजातन्त्रको बहाली गर्ने सफलता प्राप्त भयो। त्यसपछि जनतामा नयाँ उत्साह छायो। अनेक वाम बुद्धिजीवी र आम जनता दवाव दिन थाले- यदि वैचारिक भिन्नता छैन भने कम्युनिष्टहरूले एउटै झण्डामुनि संगठित हुनुपर्छ। बहुदलीय व्यवस्थाको पुनःस्थापनापछिको पहिलो संसदीय निर्वाचन वाममोर्चाका तर्फबाट नै लडिनुपर्छ भन्ने माग पनि गरियो।

त्यसैबीच सन् १९९० को समाप्तिसम्म तत्कालीन नेकपा (माले), तत्कालीन नेकपा (मार्क्सवादी), नेपाल मजदूर किसान पार्टी र तत्कालीन नेकपा (अमात्य)बीच एकीकरणका लागि कुराकानी शुरु भयो। तर कुराकानीपश्चात् केवल माले र मार्क्सवादीबीच मात्र समझदारी कायम हुन सक्यो। नेपाल मजदूर किसान पार्टीका कमरेड रोहित र





कमरेड तुलसीलालले तत्कालीन माले र मार्क्सवादी पार्टीमाथि निरंकुशताको आरोप लगाउँदै आ-आफ्नो पार्टीलाई वाममोर्चाबाट छुट्याउनुभयो।

सन् १९९१ को शुरुका दिनहरूमा उग्रवाम धाराका पार्टीहरू नेकपा (मशाल), नेपाल सर्वहारावादी श्रमिक संगठन र नेकपा (चौथो महाधिवेशन)ले एकीकृत भई नेकपा (एकता केन्द्र)को निर्माण गरे। वाममोर्चामा चौथो महाधिवेशनका नेता पनि थिए। तर उनीहरूले पनि रोहित एवं अमात्यसँगै वाममोर्चाबाट आफूलाई अलग गरे। कृष्णप्रसाद भट्टराइको नेतृत्वमा गठित मन्त्रिमण्डलमा वाममोर्चाका तर्फबाट तीन जना पठाइएका थिए। तत्कालीन मार्क्सवादीबाट श्रीमती सहाना प्रधान, मालेबाट झलनाथ खनाल र नेकपा (मानन्धर)बाट निलाम्बर आचार्य । वाममोर्चाबाट छुट्टिनेहरूको आरोप थियो- मोर्चामा अरु पार्टीहरूलाई महत्त्व दिइएन।

नवगठित मोर्चाको शुरुवातका दिनहरूमै त्यस्तो अप्रिय विवाद खडा भएपछि त्यस्ता मानिसहरूमा ज्यादै निराशा छायो, जो वास्तविक अर्थमा नेपालमा कम्युनिष्टहरूको एकताका पक्षधर थिए। तर ७ जनवरी १९९१ मा जब तत्कालीन नेकपा (माले) र नेकपा (मार्क्सवादी)ले एक भएर नेकपा (एमाले)को निर्माण गरे। त्यसपछि पहिलो पटक धेरैलाई लाग्यो- अब भने नेपालको राजनीति संचालन गर्ने एउटा शक्तिसम्पन्न संगठित कम्युनिष्ट आन्दोलनको जन्म भयो। नेपाली कम्युनिष्ट आन्दोलनको सबभन्दा ठूलो शक्तिका रुपमा तत्कालीन नेकपा (माले)ले जनताबीच आफ्नो साख बनाइसकेको थियो। क्रान्तिकारी को-अर्डिनेशन कमिटीको गठनपश्चात् देशका अनेक सानातिना कम्युनिष्ट गुटहरूलाई एकीकृत पार्दै २६ डिसेम्बर १९७८ मा नकपा (माले)को निर्माण गरिएको थियो। त्यसपछिका दिनहरूमा त्यो पार्टीले कैयन क्रान्तिकारी शक्तिहरूलाई आफ्नो पंक्तिमा समावेश गरेको थियो। त्यस समय को-अर्डिनेशन कमिटीको नेतृत्व २५ मार्च १९७७ मा नख्खु जेल तोडेर आफ्ना एक दर्जनभन्दा बढी साथीहरूका साथ मुक्त हुनुहुने कमरेड सी.पी. मैनालीले गर्नुभएको थियो। सन् १९७७ को उत्तरार्धमा कम्युनिष्ट आन्दोलनका चमत्कारिक व्यक्तित्व स्वर्गीय मदन भण्डारी एवं स्वर्गीय जीवराज आश्रितका साथ नेपाली भाषाका वरिष्ठ साहित्यकार मोदनाथ प्रश्रित पनि त्यस पार्टीमा सामेल हुनुभयो। त्यही पार्टीमा पूर्वको 'लाल झण्डा' र पश्चिमको सन्देश समूह पनि समाहित भयो। शुरुका दिनहरूमा त्यो पार्टी निश्चय पनि उग्र वामपन्थको शिकार भयो। तर साँच्चै नै देशका नौजवानहरूमा आत्मबलिदानको भावना र विद्युत जस्तो गतिको प्रचुरता थियो। सन् १९८० को जनमत संग्रहमा उचित निर्णय नलिने जस्ता गल्तीहरू पनि त्यो पार्टीले गऱ्यो। तर आफ्ना गल्तीहरूको समीक्षा र आलोचना गर्ने कुरामा त्यो पार्टी सबभन्दा अगाडि रहयो। त्यही कारण हो- जसले गर्दा केवल एक दशकमा त्यो पार्टीले देशको राजनीतिमा नेतृत्वकारी भूमिका खेल्ने क्षमता हासिल गर्न सक्यो।

सन् १९९१ को संसदीय चुनावमा संयुक्त जनमोर्चासहित कूल ६ वटा कम्युनिष्ट पार्टीहरूले भाग लिएका थिए। संयुक्त जनमोर्चा नेकपा (एकता केन्द्र)को यस्तो मंच हो, जो खुला पंक्तिमा राजनीति गर्दछ। चुनावमा नेकपा (एमाले)लाई ३६.९८, संयुक्त जनमोर्चालाई ४.८३, नेकपा (मानन्धर) लाई २.४५, रोहितको' नेपाल मजदूर किसान पार्टीलाई १.२५, नेकपा (बर्मा) लाई ०.२३ र नेकपा (अमात्य)लाई ०.०६ प्रतिशत मत प्राप्त भयो। त्यो चुनाव परिणाम-पश्चात् देशका साना कम्युनिष्ट पार्टीहरूमा अत्यास फैलियो। उनीहरूलाई महसूस भयो- जनताका बीच उनीहरू साँच्चै नै कमजोर रहेछन्। वर्मा, अमात्य र






# सधैं सोध्नुहुन्थ्यो- मानव अधिकार हतियार बन्ने त होइन ?

**सुशील प्याकुरेल**

शुक्रवार विहान साढे नौ बजे सुनें तुलसीलाल बित्नुभयो । कसरी विश्वास गर्ने ? अघिल्लो दिन साढे चार बजे रुसी सांस्कृतिक केन्द्रमा प्रकाश स्मृति दिवस समारोह सम्पन्न भएपछि मैले सकुशल तुलसीलाललाई घरतर्फ विदा गरेको थिएँ । प्रकाश मानव अधिकार पुरस्कार प्रदान गरी प्रमुख अतिथिको आसनबाट आफ्नो ओजश्वी विचार राखेर फर्कन लाग्नुभएका कमरेड तुलसीलाल कारभित्र बस्नुभएपछि मैले सोधेको थिएँ "कमरेडलाई गाह्रो भयो कि ? तीन-चार घण्टा बस्नुपर्‍यो ?" वहाँले जवाफ दिनुभएको थियो- 'होइन, ठीक छ- आई एम अल राइट, ल आउनुस् है फेरि भेटौंला ।' मैले बयासी वर्षका जोशिला वृद्धसित हात मिलाएर उहाँलाई दुई हात जोडी अभिवादन गरेको थिएँ ।

भूमिगत रुपमा वामपन्थी आन्दोलनमा लागेका हामीहरूले ०३६ सालको आन्दोलनबाट खुला काम वा जनआन्दोलनलाई प्रमुखताका साथ अगाडि बढाउनुपर्ने कुरा शुरु गर्‍यौं । नेपाल राष्ट्रिय शिक्षक संगठनको स्थापना र यसले वाम आन्दोलनलाई पुर्‍याएको सघाउका कारण विभिन्न मोर्चा र मंचहरू गठन गरी पंचायतविरुद्ध वाम धारलाई अगाडि बढाउनुपर्ने स्पष्ट सोचहरू अगाडि आउन थाले ।

०४०-४१ सालतिर सामन्ती निरंकुशतावादी शक्तिको विरुद्धमा पहल गर्ने क्रममा मानव अधिकार संरक्षण मंच र प्रजातान्त्रिक राष्ट्रिय एकता मंचको गठन गरियो । मासमको महासचिव पदमा प्रकाशलाई छानियो र प्ररामंचको महासचिव म भएँ । मासमले मानव अधिकारको क्षेत्रबाट र प्ररामंचले राजनैतिक क्षेत्रबाट संयोजनका साथ पंचायत विरोधी आन्दोलन अगाडि बढाउनुपर्ने कुरामा हामीबीच सहमति भयो ।

खुला जनआन्दोलनको तयारीको लागि सम्भव सबै राजनीतिक शक्ति एवम् प्रतिष्ठित व्यक्तित्वहरूलाई न्यूनतम कार्यक्रममा एकजुट बनाउनुपर्ने आवश्यकता अनुरुप हामीले सबैभन्दा पहिले नेपालमा पंचायत विरोधी मुर्धन्य राजनीतिक व्यक्तित्वहरूसितको भेटघाट शुरु गर्‍यौं । यसै क्रममा



पूर्वेली सभ्यता र संस्कृतिका विशेष अध्येता तुलसीलाल हिन्दू र बौद्ध धर्म कम्युनिष्ट आन्दोलनमा बाधक नहुने कुरा बताउनु हुन्थ्यो । वहाँ हामीलाई बारम्बार मानव अधिकारको नाममा पश्चिमा भड्काउमा पर्न सकिने र कम्युनिष्ट आन्दोलनले बाटो बिराउन सक्ने चेतावनी दिनुहुन्थ्यो ।

हाम्रो भेट कमरेड तुलसीलाल अमात्यसित भयो ।

तुलसीलाल अमात्य हामीसित बडो सहृदयी र स्पष्ट व्यवहार गर्नुहुन्थ्यो । उहाँ मानव अधिकार आन्दोलनलाई प्रजातान्त्रिक आन्दोलनको अंश बनाउने हाम्रो कुरामा शंका व्यक्त गर्नुहुन्नथ्यो । तर पूँजीवाद र पश्चिमा हस्तक्षेपको कट्टर विरोधी भएको हुनाले मानव अधिकारलाई पश्चिमाहरूले कम्युनिष्ट सत्ताको विरुद्ध उपयोग गर्ने यथार्थप्रति भने उहाँ निकै सचेत हुनुहुन्थ्यो । तर पनि हाम्रो गतिविधिको वहाँले विरोध गर्नुभएन । उहाँ बारम्बार हामीलाई सबै आन्दोलनको केन्द्रविन्दू पूँजीवाद विरोधी हुनुपर्छ भन्ने सल्लाह दिइरहनु हुन्थ्यो । शुरु शुरुका दिनहरूमा नेपालमा वामहरूबीच रहेको शंका र अविश्वासको वातावरणका कारण तुलसीलालले पनि हाम्रा कतिपय प्रस्तावप्रति त्यति हार्दिकता दर्शाउनुभएन । हामी त्यसबेलाको पंचायत विरुद्ध सवैखाले विचार-शक्तिलाई एकजुट बनाउने कार्यनीति अन्तर्गत क्रियाशील थियौं । त्यसैले हामी वारम्बार कमरेड तुलसीलालकहाँ जान थाल्यौं ।

एकदमै सानो घर पुस्तकै-पुस्तक छरिएको सानो कोठा । हामी त्यहाँ जाँदा प्रायः घोप्तिएर लेख्दै गरिरहनुभएका तुलसीलाललाई पाउँदथ्यौं । पूर्वेली सभ्यता र संस्कृतिका विशेष अध्येता तुलसीलाल हिन्दू र बौद्ध धर्म कम्युनिष्ट आन्दोलनमा बाधक नहुने कुरा बताउनु हुन्थ्यो । वहाँ हामीलाई बारम्बार मानव अधिकारको नाममा पश्चिमा भड्काउमा पर्न सकिने र कम्युनिष्ट आन्दोलनले बाटो बिराउन सक्ने चेतावनी दिनुहुन्थ्यो ।

०४६ सालको शुरुदेखि नै जनआन्दोलनको व्यापक तयारी हुन थाल्यो । हामी विदेशमा मासमको सम्पर्क विस्तार गर्नपट्टि लाग्यौं । तत्कालीन प्रजातान्त्रिक राष्ट्रिय एकता मञ्चको माध्यमबाट वाममोर्चाको लागि पहलहरू हुन थाले । त्यस क्रममा तुलसीलालसँग अलि बढी नै भेटघाट हुन थाल्यो । संयुक्त वाममोर्चा बनाउने र संघर्षमा जाने कुरा गर्दा वहाँ निकै उत्साहित देखिनुहुन्थ्यो । पछि उहाँ मोर्चाको मानार्थ अध्यक्षको रुपमा रहनुभयो । आन्दोलनका लागि आवश्यक नेतृत्वदायी जनशक्तिको ठूलो अभाव थियो उहाँको समूहमा । वाममोर्चा गठन गर्दा सबै कम्युनिष्ट पार्टीबाट तीन-तीन जना राख्ने सहमति हुँदा उहाँले तुरुन्तै नाम दिन सक्नुभएन । वहाँको समूह ज्यादै सानो थियो । समूहमा रहेका सबै व्यक्तिहरू आन्दोलनमा हाम फाल्लान् भन्ने कुरामा वहाँ स्वयंलाई पनि शंका थियो ।

०४६ साल फागुन ७ गते पार्टीको झण्डा लिएर जुलुसमा निस्कने कुरालाई तुलसीलालले जसरी हिम्मतका साथ स्वीकार्नुभयो, त्यो दिन म ज्यादै छक्क परेको थिएँ । सत्तरी वर्ष काटिसकेको एकजना वृद्ध जुलुसको नेतृत्व गर्न तयार छ । जेल





गर्न तयार छ । त्यस दिनदेखि नै म तुलसीलाललाई एउटा युवा जोश र जाँगर भएको प्रौढ व्यक्तित्वको रुपमा श्रद्धा गर्न थालें । फागुन ७ गते वीर अस्पतालअगाडि बाट झण्डा बोकेर जुलुसमा निस्कनुभयो । उहाँको कदमले हजारौं युवालाई ठूलो प्रेरणा र हौसला प्रदान गऱ्यो ।



नेपाली समाजको रूपान्तरण पश्चिमी शैलीको प्रजातन्त्रबाट हुँदैन भन्ने कुरामा दृढ तुलसीलाल नेपालको पहिलो प्राथमिकता भूमिसुधार नै हुनुपर्छ भन्नुहुन्थ्यो । कमरेड तुलसीलाल लगनशीलता र क्रियाशीलतामा विश्वास गर्नुहुन्थ्यो ।

बहुदलीय व्यवस्थाको स्थापनापछि कमरेड तुलसीलालसितको मेरो भेटघाट अति कम हुन थाल्यो । म र प्रकाश बढी मानव अधिकार आन्दोलनमा केन्द्रित भयौं । बहुदलीय व्यवस्थाको स्थापनापछि उहाँको मानव अधिकार आन्दोलनप्रतिको धारणामा भने हामीले फरक भएको पायौं । प्रजातान्त्रिक आन्दोलनमा मानव अधिकार आन्दोलनको क्षेत्रबाट खेलिएको भूमिकालाई सकारात्मक रुपमा ग्रहण गर्दै उहाँ हामीलाई जनताको हक-अधिकारका लागि बढी केन्द्रित हुन र फेरि पनि पूँजीवादीहरूको 'चंगुलबाट बच्न' सल्लाह दिनुहुन्थ्यो ।



लेखक

हरदम अध्ययनमा व्यस्त रहने तुलसीलालको अर्थशास्त्रमा गहिरो ज्ञान थियो । नेपाली समाजको रुपान्तरण पश्चिमी शैलीको प्रजातन्त्रबाट हुँदैन भन्ने कुरामा दृढ तुलसीलाल नेपालको पहिलो प्राथमिकता भूमिसुधार नै हुनुपर्छ भन्नुहुन्थ्यो । कमरेड तुलसीलाल लगनशीलता र क्रियाशीलतामा विश्वास गर्नुहुन्थ्यो । वहाँ समूह ठूलो वा सानो भएर फरक पर्दैन; सिद्धान्तनिष्ठ, इमान्दार र क्रियाशील थोरै व्यक्तिले पनि समाज परिवर्तनको दिशामा ठूलो योगदान पुऱ्याउन सक्छन् भन्ने कुरामा दृढ हुनुहुन्थ्यो । वहाँमा आफ्नो समूह सानो भएकोमा कहिल्यै हिनताबोध भएको पाइएन ।

राजनीतिमा थकाइ भन्ने शब्दावली हुँदैन भन्ने जननेता मदन भण्डारीद्वारा प्रतिपादित जनताको बहुदलीय जनवादको कार्यक्रमलाई स्वीकार गर्दै तुलसीलाल नेकपा (एमाले)मा जननेता भण्डारीको अवसानपछि प्रवेश गर्नुभयो । संयोग नै भन्नुपर्छ मदन भण्डारीको उक्त भनाइलाई उहाँले व्यवहारमा उतार्नुभयो । बयासी वर्षको उमेरमा पनि उहाँ मृत्युको अठाह्र घण्टाअघिसम्म जोशपूर्ण भाषण गर्दै हुनुहुन्थ्यो । नेपाली समाजको परिवर्तनको दिशा बताउँदै हुनुहुन्थ्यो । उहाँको सिद्धान्तनिष्ठता र क्रियाशीलता अन्तिम समयसम्म पनि डगमगाएन ।

प्रत्येक वर्ष इन्सेकद्वारा प्रदान गरिने प्रकाश मानव अधिकार पुरस्कार यस वर्ष कमैया मुक्तिको लागि लामो समयदेखि संघर्षरत दाङका किसान नेता ऋषिराम थारुलाई दिने घोषणा भएपछि सो पुरस्कार कसको हातबाट प्रदान गर्न लगाउने त ? भन्ने विषयमा हामीबीच निकै छलफल भयो । त्यही क्रममा इन्सेकका महासचिव डा. राजेश गौतमले तुलसीलालको नाम प्रस्ताव गर्नुभयो । नेपालको किसान आन्दोलनमा आफ्नो सम्पूर्ण जीवन लगाउने तुलसीलाल अमात्यको नाम प्रस्तावित हुँदा दुई मत हुने कुरै भएन । वहाँसित कुरा गरी कार्यक्रम तय गर्ने जिम्मा पाएअनुरुप मैले कमरेड तुलसीलाललाई फोन गरें । वहाँले तत्कालै फोनमा भन्नुभयो 'तपाईंले भनेपछि म नआउने कुरै छैन, आउँछु ।' मैले कमरेडको स्वास्थ्य अहिले कस्तो छ भन्दा 'ठीक छ, म आउँछु- केही समस्या छैन' भन्नुभयो । साउन १३ गते एकजना मित्रले तुलसीलालजी सो कार्यक्रममा प्रमुख अतिथि हुन सक्नुहोला र भन्ने शंका उठाउनुभयो । त्यसपछि १५ गते विहान फोनमा मैले कमरेड तुलसीलालसँग सोधें 'तपाईंको स्वास्थ्यले समस्या पार्छ भने अर्को व्यवस्था गरुँ कि ?' वहाँले मलाई पहिले जस्तै गरी भन्नुभयो 'म आउँछु- मेरो स्वास्थ्यमा कुनै गडबडी छैन । कार्यक्रम तय भएअनुसार गर्नुस् ।'

कार्यक्रमका लागि ठीक समयमा आइपुग्नुभएका तुलसीलाल गाडीबाट ओर्लेर बिना कसैको सहायता हलसम्म आउनुभयो । मञ्चमा चढ्नुभयो । उहाँ कार्यक्रम सकेर उत्साहित हुँदै फर्कनुभएको थियो । संयोग नै हो पुरस्कृत व्यक्तित्वको घरमा वहाँ किसान आन्दोलनकै क्रममा ०११ सालमा बस्नुभएको रहेछ । दुवैले धेरै दिन सँगै राजनैतिक काम गर्नुभएको रहेछ । यस पटक साउन १६ गते वहाँहरूको लामो समयको अन्तरालपछि भेट भयो ।

तुलसीलालको देहावसानको खवर पाएपछि ऋषिराम चौधरीले इन्सेक कार्यालयमा आँखाभरि आँशु पार्दै भन्नुभयो 'मलाई किसान आन्दोलनमा लगाउने मेरा गुरु मलाई पुरस्कार दिन पो बाँचिरहनुभएको रहेछ ।'




## तुलसीलाल अमात्य

मानव अधिकारको सवाललाई लिएर इन्सेकका साथीहरूले पंचायतकालदेखि नै कठिन र संघर्षशील काम गर्दै आउनुभएको छ। उहाँहरू कठिन मानव अधिकार वहालीको निम्ति संघर्षमा लड्नुभयो, प्रजातन्त्रको लागि लड्दै आउनुभयो र आज पनि मानव अधिकारको निम्ति लड्दै हुनुहुन्छ। यसपालि उहाँहरू कमैया समस्यालाई उठाउँदै हाम्रो अगाडि आउनुभएको छ।

नेपाल त अहिले सारा समस्याले जेलिएको छ। यहाँ एकातिर कमैया समस्या छ, अर्कोतिर किसानहरूका छुट्टै समस्या छन्, युवकहरू आफ्नै समस्यामा छन्, महिलाहरूका छुट्टै प्रकारका समस्या छन्। वेकारी जमातको त्यस्तै समस्या छ, बुढाहरूको पनि समस्या छ। यहाँ समस्या नहुने त कुनै वर्ग नै छैन। व्यापारीहरूको आफ्नै समस्या छ। यी सारा समस्याले मुलुक गाँजिएको छ। यसका विरुद्ध पचासौं वर्षदेखि संघर्ष गर्दै आइयो र आज मुश्किलले प्रजातन्त्र स्थापना भएको छ। संघर्षको दौरानमा प्रजातन्त्रका साथै एउटा कम्युनिष्ट पार्टी पनि सरकारमा पुग्न सफल भएको छ। यो त निर्विवाद सत्य हो कि यी सारा समस्याहरू समाधान गर्नको निम्ति यो समाजलाई वदल्न सक्नुपर्छ। यही समाजको आर्थिक-सामाजिक चरित्रलाई यथावत राखी एकातिर ५० हजार र अर्कोतिर एक लाख खर्च गरेर कहिल्यै पनि समाज वदलिँदैन। सामान्य सुधार हुँदै जान्छ, फेरि उस्तै समस्या अर्को तरिकावाट देखापर्छ। कहिल्यै पनि समस्या समाधान हुँदैन।

कमैया प्रथाको सवालमा नै कुरा गरौं। चार जिल्लामा कमैयाहरू छन्, ती सोझा सिधा मानिसहरू, काम नपाएर टाउको र काँधमा कपडा राखेर मात्रै पनि अर्काको काम गरिरहेका छन्। उनीहरूका साम् वैकल्पिक उपाय छैन। त्यसैले तत्काल रोक लगाउने कुरा हुन सक्तैन। एकैछिन कमैया प्रथामा रोक लाग्यो, उनीहरूले त्यो काम गर्न र भूमिपतिले कमैया राख्न पाएनन्। तर ती कमैयावाट छुटेका गरीव र साधारण मान्छेले कसरी आफ्नो जीवन निर्वाह गर्छन् ? कमैया पनि हुन नपाउने र अर्कोतर्फ वैकल्पिक काम पनि नपाइने ? आफ्नो खेत छैन, काम गर्ने ठाउं पनि छैन भने तिनीहरू बाँच्छन् कसरी ? यता आयो काम गर्न हुँदैन भनी समातेर लैजान्छ- अर्कोतिर काम लगाउने व्यवस्था छैन। उनीहरूलाई वचाउने योजना खोई ? जवसम्म सरकारले योजनावद्ध तरिकाले सिंगो राष्ट्रलाई ध्यानमा राखेर योजना वनाउँदैन, त्यसवेलासम्म कमैयालगायत अन्य समस्याहरू समाधान हुन सक्तैनन्। कमैया प्रथा खत्तम गर्नुछ भने उनीहरूलाई काम दिने बाटो पनि देखाउनुपर्‍यो। यहाँ उद्योगमन्त्रीज्यू पनि उपस्थित हुनुहुन्छ। उहाँको काँधमा धेरै ठूलो जिम्मेवारी छ। शक्ति छ, अधिकार पनि छ। उहाँ चाहनु हुन्छ भने नेपालमा धेरै कामको सिर्जना गर्न सक्नुहुन्छ। जसमा ठूलो वेकारी समूहलाई रोजगारी दिन सकिन्छ। तर औद्योगिक क्षेत्रमा हाम्रो सरकारले अहिलेसम्म लिएको नीतिले राष्ट्रिय उद्योगको विकास गर्ने कुनै लक्षण देखाएको छैन। जहिले पनि समाचारमा साना र घरेलु उद्योग, सीप मूलक र आयमूलक तालिम सम्पन्न भए, वीस जना महिलालाई तालिम दिइयो, एक ठाउँमा डोका वुन्न सिकाइयो, अर्को ठाउँमा नाङ्लो वुन्न सिकाइयो, निगालेको डालो वुन्न सिकाइयो भन्ने सुनिन्छ। के यत्तिकै भरमा हामी देशको उन्नति गर्न सक्छौं ? त्यसकारण सरकारले यस्तो साँगुरो सोचाइ त्यागेर वृहद औद्योगिकीकरणको लागि प्रयास गर्नुपर्छ। तदअनुरुप नै योजना वनाउन पर्छ। देशमा सामन्ती शोषण यथावत छ। सरकारले





व्यापारीको हातमा कारखाना पुगेपछि हामीले किन्न सक्ने मूल्यमा सर-सामान पाउँछौं ? के किसानले किन्न सक्छन् ? सरकारले पहिले वेचेका कारखानाहरूको गति हेरौं न पहिले भृकुटी कागज कारखाना वेचियो, चार रुपैयाँमा पाइने एक जिस्ता कागज आज सोह्र रुपैयाँ पुगेको छ।



त यो शोषणलाई समाप्त पार्ने नीति र कार्यक्रम अघि सारेर काम गर्नुपर्छ। जग्गाको वितरणमा रहेको अस्तव्यस्तता समाप्त गरी किसानहरूलाई जग्गाको मालिक वनाउन सक्नुपर्छ। यसवाहेक देश निर्माण गर्ने अर्को वाटो हो- औद्योगिक विकास। म देख्दैछु- सरकारले औद्योगिक विकासको कुनै लक्ष्य नै राखेको छैन। थुप्रै मान्छेहरू अहिले पनि उद्योग खोल्न चाहिरहेका छैनन्। भएको पैसा घरखेत किन्न, घर वनाउन, घरेलु सरसामान किन्न मात्र खर्च गरिरहेका छन्। पैसा छैन भनेर हिंड्छन्। तर तिनीहरूलाई नै वुलेट प्रुफ कार चाहिएको हुन्छ। महङ्गा र विलासी सामानहरू पनि चाहिएको छ।

नेपालमा औद्योगिक विकास गर्न सरकारले ध्यान पुर्‍याउनु पर्‍यो। विदेशी पूँजी आउला भनेर मात्र हुँदैन। त्यो त्यति सजिलै आउँदैन, आए पनि हामीलाई कुनै फाइदा छैन। एकातिर हामी कमैया प्रथाको विरोध गर्ने, अर्कोतिर विदेशीहरूको कमैया बन्न उनीहरूकै पूँजी र लगानी ताकेर हुन्छ ? यहाँ हामीले आफ्नै वल र वुँताले लगानी गरेर उद्योगको विकास गर्नुपरेको छ। तर सरकारले त यहाँ भएका उद्योगहरू पनि बेच्दैछ। अस्ति मात्रै कृषि औजार कारखाना वेचियो। हाम्रो जस्तो कृषिप्रधान देशका लागि त्यो नभई नहुने चिज हो। व्यापारीको हातमा कारखाना पुगेपछि हामीले किन्न सक्ने मूल्यमा सर-सामान पाउँछौं ? के किसानले किन्न सक्छन् ? सरकारले पहिले बेचेका कारखानाहरूको गति हेरौं न ! पहिले भृकुटी कागज कारखाना वेचियो, चार रुपैयाँमा पाइने एक जिस्ता कागज आज सोह्र रुपैयाँ पुगेको छ। वाँसवारी छाला जुत्ता कारखानावाट तीन-चार सयमा जुत्ता किन्न पाउँथ्यौं, आज त्यो डुव्यो, काठमाडौंमा चलाउन सकेन र वाहिर लगिएको छ। एकजोर सामान्य जुत्ताको भाउ बाह्र-पन्ध्र सय रुपैयाँ पुग्यो। पहिले सिलाजित एघार रुपैयाँमा एक शिशी किन्न पाउँथ्यो, आज १ सय २० रुपैयाँ पुगेको छ।

यसरी कारखाना विदेशीलाई बेचेर देशको उन्नति हुन्छ ? के यो देशको भलो गर्ने बाटो हो ? त्यसकारण हामीमा हरेक क्षेत्रमा राष्ट्रियताको भावना आवश्यक छ। हाम्रो देश हामीले नै वनाउनुपर्छ भन्ने धारणा सवैले वोक्नुपर्ने भएको छ। एकातिर हामी वुढावुढीलाई भत्ता दिने र गाउँ-गाउँमा तीन-तीन लाख रुपैयाँ वाँड्ने कार्यक्रम वनाउँछौं। तर आयश्रोत खोई ? भएको स्रोत पनि वेचेपछि कहाँवाट राष्ट्रले आम्दानी गर्छ र गाउँमा पैसा पुर्‍याउने ? सरकारको वजेटको ठूलो स्रोत नै राष्ट्रिय क्षेत्र हो, राजकीय क्षेत्र हो। पहिले यो ठीक ढंगले वढेको थियो। वीचमा वेइमानी भयो। जसले गर्दा अहिले नेपालमा राजकीय क्षेत्र सवल छैन। चिनी कारखानामा त्यही भयो। पहिले आम्दानीमा थियो, अहिले घाटामा गएको छ। सरकार त्यो पनि वेच्ने सुरसारमा पुगिसकेको छ। यस्तो उल्टो राजकीय स्रोतको परिचालन, उल्टो अर्थनीतिले देशले कुनै उन्नति गर्न सक्तैन। कुनै पनि समस्याको सामना गर्न सक्तैन।

राजनीतिमा बहुदलीय प्रजातान्त्रिक शासन प्रणालीको नाउँमा एक दलको मिचाहा प्रवृत्ति र दलहरूबीचको टक्कर र काटाकाट बढ्न खोजिरहेको छ। बहुदलीय शासनमा सवैको सल्लाहवाट संसद चल्नुपर्छ। के त्यो मुख छाड्ने ठाउँ हो ? आपसमा लड्ने ठाउँ हो ? त्यहाँ त सवैले देश कसरी बनाउने भनी दिमाग खियाउनुपर्छ। विरोधी दलले पनि देश बनाउने सुझाव देओस्, शासन गरिरहेका दलहरूले पनि सवैलाई समेटेर कार्यक्रम तय गरुन् र त्यसका कार्यक्रममा कमी अथवा त्रुटि रहेको भए विपक्षीदलले औंल्याइ देओस्। तर हामीकहाँ त विरोधी दलको काम कसरी सत्ता गिराउने भन्ने कुरामा मात्र सीमित रहेको छ। यसरी सत्ता ढाल्ने र बनाउने कुरावाट मात्र देश बन्छ र ? मैले त धेरै अगाडिदेखि भन्दै आएको छु- संसद्मा आफ्नो एकल वहुमत भए पनि कम्युनिष्ट पार्टीले एक्लै शासन चलाउन खोज्नुहुँदैन। संभव भएसम्मका स-साना शक्तिलाई समेटेर व्यापक संयुक्त मोर्चा बनाएर काम गर्न खोज्नुपर्छ। यस दिशामा हामीले ध्यान दिइरहेका छैनौं। मान्छेहरू चीनमा कम्युनिष्ट पार्टी एक्लैले शासन गरिरहेको बताउँछन्। तर यो वाहियात कुरा हो। त्यहाँ नौ वटा पार्टी मिलेर शासन गरिरहेका छन्। नौ वटै पार्टीको संयुक्त मोर्चा बनेको छ। सवैका प्रतिनिधिहरू मोर्चाका छन्। ५२ वटा जनजातिहरूवाट प्रतिनिधित्व गराइएको छ। विभिन्न धार्मिक संगठनका प्रतिनिधिहरू सरकारमा सामेल छन्। यसरी व्यापक संयुक्त मोर्चा वनेपछि मात्र १ अरव २० करोड जनतालाई खुशी तुल्याएर कम्युनिष्ट पार्टीको नेतृत्वमा शासन चलेको छ। हामी चाहिं अनावश्यक र अस्वस्थ प्रतिस्पर्धा गर्नेवाहेक कुरै





जान्दैनौं । एकले अर्कोलाई पछार्ने मात्र चिन्तन बोकेपछि कहिले बन्छ- स्थायी र दीगो सरकार ?

विदेशीको भरमा, ऋण र अनुदानको भरमा, दातृ संस्थाको कृपावाट देश उभो लाग्छ ? हाम्रो वैदेशिक ऋण १ खरव ५२ अरव पुगिसक्यो । त्यसको व्याज मात्र आठ अरब जान्छ । व्याजसमेत जोड्दा १ खरव ६० अरब पुग्छ । यस वर्ष १९ अरब अरु लिने प्रस्ताव गरिएको छ । अनि यसै वर्ष १ खरब ८० अरब ऋण पुग्न जान्छ । यसको व्याज कसले तिर्ने ? कसरी तिर्ने ? मलाई लाग्छ- आउँदो तीन वर्षभित्र हामी तीन-चार खरब ऋणमा फस्छौं । त्यसपछि त हाम्रो व्याज तिर्ने बुँता पनि हुँदैन र देश नै वैदेशिक ऋणको बन्धक हुन पुग्छ । यो त सारा राष्ट्रलाई विदेशीहरूको बँधुवा बनाउने वाटो हो । के ऋण लिएर व्याज तिर्नेबाहेक हामीसँग अर्को कुनै सोंच छैन ? यसकारण अब नयाँ ढंगले सोच्नुपर्छ । मार्क्सवादी दृष्टिकोणका आधारमा सोच विचार गर्दा के यस्तै हुन्छ ? मानिसहरू नयाँ दृष्टिकोण पुरानो भयो भन्छन् । तर दृष्टिकोण शुन्य भएको परिणामस्वरुप नै देश यस्तो दुर्गतिको शिकार भइरहेको छ ।

नेपालमा १२ करोड रोपनी खेत छ । २ करोड नेपालीको भागमा यो छ-छ रोपनी पर्न जान्छ । तर अधिकांश भूमि सामन्तको हातमा छ । उत्पादन ह्रासोन्मुख छ । उत्पादन बढाउन त वास्तविक किसानको हातमा जग्गा पुग्नुपर्छ । उनीहरूलाई वैज्ञानिक र उन्नत खेती गर्न सिकाउनुपर्छ । साथसाथै सरकारले पनि आफ्नो जग्गा बढाउँदै जानुपर्‍यो । जग्गाको रैकर व्यवस्था समेत खारेज भएर अहिले जताततै निजीकरण मात्र गरिएको छ । निजीकरणबाट आम्दानी र उत्पादन बढे पनि त्यो वास्तविक रुपमा देश विकासमा लाग्न सक्दैन । निजीकरणबाट भएको आम्दानी, रक्सी खाने, डाँका पाल्ने, विदेशमा राख्ने र मोटरसाइकल खरीद गर्ने काममा सकिएको छ । यसरी देश बन्छ ? तसर्थ: सरकारले विकास कार्यलाई अगाडि बढाउन आम्दानीका स्रोतहरू व्यवस्थित गरिरहनुपर्छ ।



अधिकांश भूमि सामन्तको हातमा छ ।उत्पादन ह्रासोन्मुख छ ।उत्पादन बढाउन त वास्तविक किसानको हातमा जग्गा पुग्नुपर्छ ।उनीहरूलाई वैज्ञानिक र उन्नत खेती गर्न सिकाउनुपर्छ ।



चीनमा मैले देखें- त्यहाँ हरेक विभागले व्यवसाय गरिरहेको छ । पार्टी-पार्टीका व्यवसाय छन् । सरकारका विभाग-विभाग मातहत आम्दानीका स्रोत छन् । जसले गर्दा राजकीय क्षेत्र वलियो बनेको छ । उद्योग, कृषि र व्यवसायको ठूलो हिस्सा सरकारको हातमा राखेर त्यसको विकास गर्दै लैजाने काम हाम्रो सन्दर्भमा पनि गर्नु जरुरी छ । यसो गर्न सक्ने हो भने पैसा हाम्रै देशबाट निस्किन्छ । प्रकृतिले हामीलाई दिएका स्रोतहरू सदुपयोग गर्नुपर्छ । सिंचाईको राम्रो प्रवन्ध गर्ने हो भने हामी १२ करोड एकड जमिनमा १ सय ४४ करोड मुरी अन्न उत्पादन गर्न सक्छौं । ४० करोड मुरी अन्न देशमा खपत भए पनि १ करोड मुरी निर्यात हुनसक्छ । यतातिर ध्यान नै दिइएको छैन । खाली पैसा छैन भन्दै ऋण लिदै गर्ने ? अनि देश उठ्न सक्छ ? एउटा किसान कमैया हुनुपर्ने कारण पनि यस्तै ऋणको मार होइन र ? त्यसैले म त भन्छु- हामीले राजनीति, अर्थनीति र विकासका सम्बन्धमा सतर्क भएर फराकिलो दृष्टिकोणसहित सोच्नु जरुरी छ, सबैलाई समेटेर अगाडि बढ्न राजनीतिक पार्टी र नेताहरूको पनि चिन्तन हुनुपर्ने खाँचो छ । यदि इमान्दारिपूर्वक काम गर्ने हो भने १० वर्षभित्र नेपाललाई विकासको नयाँ उचाइमा पुऱ्याउन सक्छौं । हाम्रा छिमेकीहरू पनि नेपालको विकासका लागि सहयोग गर्न तयार छौं भनिरहेका छन् । मसँग चिनियाँहरूले यस सम्बन्धमा पटक-पटक कुरा गरे । हामीले त सारा दृष्टिकोण नै बदल्ने आँट गर्नुपरेको छ । मित्र खोज्दा पनि सही र सज्जनहरूको खोजी गर्नुपर्छ । यस्तो दृष्टिकोणका आधारमा काम गर्ने हो भने कमैया प्रथा पनि समाप्त होला । नत्र कानून बनाएर यसमाथि बन्देज लगाइए पनि केही हुँदैन । कानूनले बन्देज मात्र लगाउँदा कमैयाहरूले या त विदेशिनुपर्छ या आत्म-हत्या गर्नुपर्छ । उनीहरूले अर्को बाटो पाउँदैनन् ।

☆





# यही प्रजातन्त्रलाई जनवादी स्वरुप दिनुपर्छ

**तुलसीलाल अमात्य**



...य आपासँग कुराकानी गर्दै कमरेड अमात्य

*तपाईं राजतन्त्र र गणतन्त्रको विवादमा अनावश्यक ढंगले मुछिनुभयो । के अहिले यो विवाद गर्नुपर्छ भन्ने ठान्नुभएको हो ?*

- ०४६ सालपछिको नेपाली राजतन्त्रको विशेष भूमिका मैले अध्ययन गर्न पाएको छैन । तर मेरो अडान शुरुदेखि नै संवैधानिक राजतन्त्र हुनुपर्छ भन्ने हो । ००५ सालतिर श्री ५ त्रिभुवनसँग भेट भएको थियो । राजाले म शक्तिको लोभ गर्दिन भने । मैले पनि हामी वेलायतको जस्तो यहाँ पनि राजतन्त्रलाई मान्दछौं भनें । त्यस्तै राजा महेन्द्रसँग भेट हुँदाखेरि पनि यस्तै कुराकानी चल्यो । त्यस वखत मैले आफू संवैधानिक राजतन्त्रको पक्षमा छु भनेको थिएँ । हामी हुकुम शाही राजा मान्दैनौं, त्यसो भनेर गणतन्त्र पनि भरखर चाहिहालेका छैनौं । यो प्रष्ट कुरा हो ।

*० तपाईं नेपाल कम्युनिष्ट पार्टीको महासचिव पनि हुनुभयो, त्यतिवेला पनि राजतन्त्रकै पक्षमा मत राख्नु हुन्थ्यो ?*

- तृतीय महाधिवेशन गर्दाखेरि पनि मैले गणतन्त्रमा राजतन्त्रको सवाल उठाएको थिइनँ, मेरो अडान राष्ट्राध्यक्षको पक्षमा थियो । त्यसमा राजा र राष्ट्रपति दुवै पर्छन् । जोसुकै भएतापनि उसले जनताको विश्वास प्राप्त गरेको हुनुपर्छ । राष्ट्रपति भएर मनपरी गर्न थाल्यो भने त त्यो पनि काम लाग्दैन । मूल कुरा राजा या राष्ट्रपति भन्ने होइन, तर जनताले अधिकार पाउनुपर्छ । जनताको सार्वभौम सत्ता छ । त्यसको अभ्यास जनतालाई गर्न दिनुपर्छ। अहिले हाम्रो संसद् सर्वशक्ति सम्पन्न छ । यसो हुनुपर्छ भन्ने मेरो शुरुदेखिकै अडान हो । ०४६ सालको जनआन्दोलन आखिर यही विन्दुमा पुगेर टुंगिएको छ । ०४६ सालअघि त पंचायतको नाममा सिधै राजाको हुकुम शाही चलेको थियो । त्यसको हामीले सधैं विरोध गऱ्यौं, आफ्नो कुनै चिजको पर्वाह राखेनौं ।

*० नेपाल अधिराज्यको संविधान ०४७ आएपछि राजा स्वयं विवादमा परेको पाउनुभयो ?*

- ०४६ सालमा बहुदलीय व्यवस्थाको पुन: स्थापना भयो । ०४७मा नयाँ संविधान बन्यो । नयाँ संविधानमा राजाको पनि स्वीकृति छ । त्यो एउटा प्रजातान्त्रिक संविधान हो । जसमा संवैधानिक राजतन्त्र छ, जनता सार्वभौम रहेका छन् । संसद् सर्वशक्ति सम्पन्न भएको छ । तर हामीले चाहेको जनवादी प्रजातन्त्र हो । प्रजातन्त्र जहिले पनि दुई किसिमको हुन्छ । त्यही प्रजातन्त्रलाई पूँजीवादी बनाउन सकिन्छ र त्यसैलाई जनवादी पनि गराउन सकिन्छ । यो कुरा

कुन शक्ति निर्णायक छ र कसरी काम गरिरहेको छ ? मूलतः यसमा निर्भर रहन्छ । मान्छेहरूले पैसाको भरमा चुनाव जितेर आउँछन् भने त्यो पूँजीवादी प्रजातन्त्र हो, जसले देश कहिल्यै पनि बनाउँदैन । त्यहाँ घुसखोरी चल्छ । चुनाव नै पैसा खर्च गरेर जितुपरेपछि कसरी घुसखोरी नचलोस् ? आज मैले १० करोड कमाउँछु भने म चुनाव नै लड्दिनँ । जब १० करोड खर्च गरेर २० करोड कमाउने बाटो देख्छु अनि चुनावमा जसरी पनि जित्ने सोचाई राख्छु र लड्छु । यसरी भ्रष्टचार कहिल्यै पनि निवारण हुन सक्तैन । देश कहिल्यै बन्न सक्तैन । नातावाद, कृपावाद र चाकरीवाद कहिल्यै मेटिँदैन । तसर्थ प्रजातन्त्रको स्वरुप पूँजीवादी नभई जनवादी हुनुपर्छ ।

*० यो प्रजातन्त्रलाई जनवादी स्वरुप दिन के गर्नुपर्छ नि ?*

- मान्छेले चुनाव जित्ने पैसाको भरमा होइन आफ्नो काम र जनतामा रहेको लोकप्रियताका आधारमा मात्र चुनाव जित्ने बाटो अपनाउनुपर्छ । जनताको बीचमा काम गरेर लोकप्रिय भएका मान्छेहरूले मात्र जित्ने स्थिति हुनुपर्छ । पैसाको भरमा जित्नेहरू निर्णायक हुने होइन । त्यसरी जित्ने प्रतिनिधिहरूको आधारमा जुन संसद् बन्छ, त्यसले मूलरुपमा जनताको नै भलो चिताएर काम गर्छ । मैले एकजना करोडपतिसँग पैसा मागेर चुनाव जितेको हुँ भनें त उसकै मुख हेर्नुपर्छ । त्यसकारण संसद्‌मा पैसा खर्च नगरीकन कसरी जित्ने र कसरी त्यस्तो मान्छेलाई जिताउने ? भन्ने बारेमा विचार पुऱ्याउनु पर्छ । मेहनतकस र इमान्दार मान्छेहरू त्यहाँ पुग्न सके भनें बल्ल देशलाई नयाँ ढंगले अगाडि बढाउन सकिन्छ । उनीहरूले त्यतापट्टि चिन्ता गर्न सक्छन् ।

*० नेपालमा प्रजातन्त्र आएको सात वर्ष बितिसक्यो यो । यस अवधिको संसदीय अभ्यासबाट सन्तुष्ट हुनुहुन्छ ?*

- प्रजातन्त्र आएको सातवर्ष भइसक्यो । तर जनताको कुनै पनि समस्या समाधान भएको छैनन् । मान्छेहरू यो प्रजातन्त्रले के दियो ? भनेर अलमलमा परेका छन्, कराउन थालेका छन् । कतिले राजा भएर नै यस्तो भयो भन्ने कन्फ्यूजनमा परेर गणतन्त्रको नारा दिन थाले । मूल सवाल जनतालाई अधिकार कसरी दिलाउने भन्ने हो । अनि जनताको जीवनस्तर कसरी उकास्ने ? यो समाजलाई कसरी बदल्ने ? आजसम्म जनतामाथि शोषण र दमन चलिरहेको छ । त्यसलाई कसरी अन्त्य गर्ने ? यसतर्फ कसैको चिन्ता रहेको पाइँदैन । तपाई गाउँ घरमा हेर्नुस्, गरीब जनतामाथि सामन्ती शोषण र दमन उत्तिकै चलेको छ । जनताको सुत्ने ठाउँ छैन । खाने ठाउँ छैन । बस्ने ठेगान छैन । विचारहरू हिजो जस्तो थिए, आज त्यस्तै दुःखमा छन ।

म तराईतिर पनि घुमें । ००५ सालमा तराई जाँदा त्यहाँ जे हालत देखिन्थ्यो अहिले पनि त्यस्तै छ । तिनीहरूको जीवन शैलीमा केही परिवर्तन आएको छैन । यस्तो किन भयो । म त भन्छु सामन्ती शोषणले गर्दा खेरि नै यस्तो भएको हो । तसर्थ सामन्ती शोषण मूलक व्यवस्था खतम हुनुपर्छ । यो पहिलो शर्त हो ।

*० नेपालमा विकासको नारा सबै पार्टीले उत्तिकै ठूलो स्वरमा लगाउँछन् । तपाईअर्थशास्त्री पनि रहनु भएको हुँदा देश विकासको 'केन्द्र' सही दिशातर्फ उन्मुख रहेको पाउनु हुन्छ ?*

- आज ५०।५२ वर्ष भयो, हामीले देश विकास भन्दै कराएर आएको । पंचायतको पालामा पनि त्यही भनियो, कांग्रेसको राजमा त्यसै भनियो, राप्रपा, आएपछि पनि विकास नै विकास भनिँदैछ । तर साँचो अर्थमा देश विकास कहिल्यै पनि हुन सकेन । विकासको नाममा देश विदेशीको ऋणमा डुब्दै गएको छ । विदेशी पूँजीले हाम्रो अर्थतन्त्र कब्जा गरिसकेको छ । साम्राज्यवादीहरूले निर्देशित रुपमा अघि सारेको नीति हामीले पनि मान्दै गएका छौं । देश विकासको नाममा विदेशी अनुदान र ऋण जस्तासुकै शर्तमा भए पनि लिने काम भएको छ । ऋण बढेर १ खरब ६० अरब पुगिसक्यो भन्छन् । यो चाँडै दुई खरब पुग्छ । यति ठूलो ऋणको व्याज कसरी तिर्ने ? कसले तिरिदिने ? यसबाट त हाम्रो सारा अर्थ व्यवस्था विदेशीको हातमा जान्छ अनि देश र जनताको भलो कसरी हुन्छ ? विकास कसरी हुन्छ ?

*० के राजकीय क्षेत्रबाट सरकार क्रमशः पन्छिदै जानु सही नीति हो ?*

- यस विषयमा मैले चीनका नेताहरूसँग पनि भेटेर छलफल गरेको छु । यहाँका मान्छेहरू चीनले समेत सबै राजकीय क्षेत्र बेचिसक्यो भने हामी कसरी अछुतो रहने भन्छन् । मसँगको कुराकानीमा चिनियाँहरूले राजकीय क्षेत्र केही पनि बेचेका छैनौं भनेर स्पष्ट भने । हामी भनें राजकीय क्षेत्र बेच्दै गएका छौं । जबकि राजकीय क्षेत्र बलियो नभएसम्म कुनै पनि सामाजिक र लोक कल्याणकारी काम गर्न सकिँदैन । बुढाबुढीलाई वृद्ध भत्ता दिने तर कहाँबाट पैसा ल्याउने ? अमेरिका र चीनसँग मागेर वृद्ध भत्ता दिएर चल्छ ? यस्ता सामाजिक सुरक्षाको शीर्षकमा खर्च हुने रकम त हाम्रो आम्दानीले भ्याउनुपर्ने हुन्छ । तर हामीको आम्दानीको स्रोत के हो ? भन्ने अन्यौल छ । म भन्छु हाम्रो आम्दानीको स्रोत राजकीय क्षेत्र नै हो । राजकीय क्षेत्र बलियो भयो भनें जनतालाई चर्को कर लगाउन पर्दैन । मूल्य नियन्त्रण गर्न सकिन्छ । देशकै आम्दानीले





बुढाबुढीलाई भत्ता दिन पनि सकिन्छ । विद्यार्थीलाई पढाउन पुग्छ, विरामीलाई औषधी गराउन सकिन्छ । विधुवाको भरणपोषण र लालन-पालन पनि गर्न सकिन्छ । अर्थात सामाजिक कार्यमा खर्च हुने पैसाको स्रोत नै राजकीय क्षेत्र हो । पुराना राजाहरूसँग पनि रैकर खेत थियो । त्यो एक किसिमले राजकीय खेती हो तर हामीले समयमा त्यो कुरा बुझ्न सकेनौं र रैकरका विरुद्ध आन्दोलन गरेर खारेज गरायौं । त्यो हामीले सही काम गरेका थिएनौं । किनकि राजकीय क्षेत्र हरेक रुपमा चाहिन्छ । तर नेपालमा राजकीय क्षेत्र बेच्दै उदार र प्रतिष्पर्धात्मक अर्थतन्त्रको कुरा गर्न थालिएको छ । के अमेरिकासँग हामीले प्रतिस्पर्धा गर्न सक्छौं ? भारतसँग प्रतिस्पर्धा हुनसक्छ । अहिले नेपालमा एउटा कपडाको उद्योग खोले पनि सफल हुनसक्केको छैन । किनभने कच्चा पदार्थ भारतबाट आउँछ । यहाँ उत्पादन गर्दा भारतबाट भन्दा धेरै महङ्गो पर्छ । तर के कसरी सस्तो उत्पादन हुन सक्छ भन्ने चिन्ता कसैलाई छैन । यो सफलताको बाटो होइन । सबै असफल र पथभ्रष्ट हुने तौर तरिका हो ।

*० तपाईंहरूले औद्योगिकरणलाई पनि आफ्नै ढंगले परिभाषित गर्दै आउनु भएको छ । कसरी हुनसक्छ नेपालमा औद्योगिकरण ?*

- हाम्रो सरकारको बुद्धि पनि गजबको छ । सधैंभरि साना र घरेलु उद्योग, सीपमूलक र आयमूलक तालिम, व्यवसाय भनी पैसा डुबाएको छ । मान्छेहरू त्यसैमा फसिरहेका छन् । के एक्काइसौं शताब्दीको मुखमा आएर डोको बुन्नु पनि सीपमूलक र आयमूलक कुरा हो भन्ने ? ढुंगा फोर्ने काम पनि सीपमूलक र आयमूलक हो भन्ने ? खरायो पाल्ने, च्याउ उमार्ने, स्याउ लगाउने जस्ता काम मात्र गरेर देश बन्छ ? साना डोकोहरू बनाए पर्यटकहरूले लैजान्छन् भनेर मात्र हुन्छ ? कति पैसा कमाउन सकिन्छ त्यसबाट कति वर्ष मेहनत गरेपछि डोको बुन्नेले एउटा कार किन्न सक्छ ? त्यसकारण हाम्रो योजना सबै उल्टो दिशातर्फ लाग्ने गरी



*गएको ०५४ साल असारको अन्त्यतिर कमरेड तुलसीलाल अमात्यले बुधवारका सह-सम्पादक सूर्य थापालाई दिनुभएको अन्तर्वार्ता नै उहाँको अन्तिम अन्तर्वार्ता हुनपुग्यो । उहाँको बहुचर्चित त्यो अन्तर्वार्ता एक्काइसौं शताब्दी मासिकमा प्रकाशित भएको थियो ।*

तर्जुमा भएको छ । म चाहन्छु हाम्रो आर्थिक व्यवस्था आफ्नै खुट्टामा उभिएर विकास गर्नु पर्छ । विदेशी दान र दक्षिणाको भरमा देश बन्दैन । खाली माग्ने बानी बसेपछि उभो लाग्ने कसरी ? एउटा माग्ने मान्छेलाई तपाई १० हजार रुपैया दिनुस्, त्यो कहिल्यै साहु बनेर आउँछ ? सित्तैमा आएको पैसा भन्दै जथाभावी खर्च गरेर सिध्याइहाल्छ । त्यस्तै हो यहाँ विदेशी ऋण, आउँछ कहाँ सकिन्छ कहाँ ? दुई खरब पुग्न लागि सक्यो यति धेरै रुपैया कहाँ गयो ? कमसेकम उद्योग वा कलकारखानामा लगाएको भए त देखिन्थ्यो । तर कुन ठोस काम भएको देख्न पाइन्छ ? बालुवामा पानी हाल्दा सुकेजस्तो कहाँ सकियो कहाँ ?

*० बहुदल आएपछिका नीति योजनाहरू पनि सही भएनन् वा राजनीतिले सही दिशा नसमातेको कारण यस्तो हुन गएको हो । आफ्नो अनुभवका आधारमा के भन्नुहुन्छ ?*

- म त यो सबै कुरा बदल्नुपर्छ भन्छु । क्रान्ति भनेको त्यही हो । राजनीतिमा प्रतिष्पर्धा भनी बहुदल ल्याइयो । हामीले लडेर नै ल्यायौं । तर बहुदलको नाममा आपसी काटामार गरी देश बिगार्ने काम भएकोछ । के बहुदल यस्तै हो ? नेताहरूले मात्र आ-आफ्नो पेट भर्ने भाग बटुल्ने गर्नु राम्रो कुरा हो । आपसमा काटामार हुनु भएन । मान्छेहरू चीनमा एक दलीय शासन छ भन्छन् । तर त्यहाँ नौ वटा पार्टीको मिलिजुली शासन छ । तिनको संयुक्त मोर्चा बनाएर शासन गरिएको छ । जनवर्गीय संगठन, ५२ वटा जाति-जनजाति, समाजका गण्यमाण्य मान्छे र धार्मिक संगठनहरूसमेत रहेको व्यापक संयुक्त मोर्चा गठन भएको छ । मोर्चामा छलफल र सर-सल्लाह भई पारित भएको कुरा मात्र सरकारले लागु गर्छ । धैरै दलको मोर्चा भएपनि काटामार छैन । यहाँ हाम्रो बहुदललाई पनि त्यस्तै रुपमा लैजान सक्यौं भने मात्र यही प्रजातन्त्रले पनि जनवादी स्वरुप लिनसक्छ । मेरो मुख्य भनाइ यही हो । यो प्रजातन्त्रलाई जनवादी प्रजातन्त्रमा बदल्नुपर्छ भन्नुको मतलव गणतन्त्रको खोजी होइन । जनवादी प्रजातन्त्र भन्ने बित्तिकै त्यहाँ गणतन्त्र हुनैपर्छ भन्ने छैन । जनवाद भनेको जनपक्षीय प्रजातन्त्र हो । त्यसैले जनवादी प्रजातन्त्र भन्ने बित्तिकै गणतन्त्र नै हुनुपर्छ भन्ने छैन । मुख्य विषय देशको राजनीतिले सही अर्थमा जनताको प्रतिनिधित्व गरेर जाने कि नजाने भन्ने हो ।

*० सामान्य कल्पाना गरौं देशमा राजा र राष्ट्रपति हुँदा के अन्तर हुन्छ होला ?*

- राष्ट्रपति वा राजा के रहने ? राजा वा राष्ट्रपति

भए के फरक पर्छ ? यो विषयमा हामी विवाद गरेर अल्झिनु बेकार छ । राष्ट्रपति भएको देश अमेरिकालाई त हामीले देखेका छौं । त्यहाँ कुन वर्गको जनताको समस्या सुल्झेको छ र ? सर्वसाधारण जनताले त्यहाँ पनि दुख पाइरहेका छन् । बेलायतमा गणतन्त्र छैन । संवैधानिक राजतन्त्र छ । तर अमेरिका भन्दा बेलायतीहरू बढी प्रजातान्त्रिक छन्, तल्लो वर्गका मान्छेहरू तुलनात्मक रुपमा सुखी छन् । तसर्थ विवादको मुख्य विषय गणतन्त्र वा राजतन्त्र भन्ने होइन । जनताले नयाँ समाज निर्माण भएको देख्न चाहन्छन्, हामीले त्यो आवश्यकता पूरा गर्न सक्छौं कि सक्दैनौं । कुरा यो हो । हामीकहाँ राजा संवैधानिक भइसक्केका छन् । त्यसैले हाम्रो कार्यकारी अधिकार राजामा नभई संसद्मा छ । मन्त्रिमण्डलले कान्तिकारी भएर काम गर्छ । यसबाट मुख्य जिम्मेवारी संसद्मा गएको छ । बहुमत प्राप्त पार्टीहरूको काँधमा नै देश बनाउने कि बिगार्ने जिम्मेवारी छ । देश सपारे उनीहरू नै जिम्मेवार छन्, विगारे पनि उनीहरू नै । यसमा राजा मुछिदैनन् । राजा नै हाम्रो राष्ट्राध्यक्ष मात्र हो ।

मूलकुरा जनताको पक्षमा काम गर्ने बाटोमा छेकवार भएर जो जो आउँछ हामी त्यसका विरुद्ध संघर्ष गर्छौं । यसमा किन अलमल हुने ?



*० यस्तो स्थितिमा हाम्रो देशमा वर्ग संघर्ष कसरी अगाडि बढ्छ र ?*

- वर्ग संघर्षको रुप के कस्तो हुने भनेर किन अन्यौलमा पर्ने ? समाजको परिवर्तन गर्ने संघर्षमा जो वाधक भएर उभिन्छ, हामी त्यसैको विरुद्ध जाइलाग्नुपर्ने हुन्छ । कुनै कम्युनिष्ट नामको पार्टी नै रातो झण्डा बोकेर यो संघर्षको वाधक बनि विरोधमा आउला रे । के हामी त्यसका विरुद्ध संघर्ष गर्दैनौं ? गर्दै आएका छौं नि । डा. रायमाझीको नीतिसँग हाम्रो सहमति नहुँदा विरोध गरेका होइनौं र ? बरु पार्टी दुई टुक्रा भयो । तर हामीले छोडेनौं । यसरी नीति र दृष्टिकोण नमिलेपछि संघर्ष हुन्छ, सबैसँग संघर्ष हुन्छ । त्यसकारण यहाँ मूल संघर्ष राजतन्त्रसँग र गणतन्त्रको निम्ति भन्नेकुरा छैन । मूलकुरा जनताको पक्षमा काम गर्ने बाटोमा छेकवार भएर जो जो आउँछ हामी त्यसका विरुद्ध संघर्ष गर्छौं । यसमा किन अलमल हुने ? तर जहाँसम्म हाम्रो राजाको कुरा हो । ०४६ सालपछि राजाबाट देशको राजनीतिमा हस्तक्षेप भएको छैन । संसद्ले पारित गरेको कुरालाई स्वीकृति प्रदान गर्दै आएका छन् । यस्तो अवस्थामा राजा र जनताबीच प्रधान अन्तर्विरोध देखिएको छैन । नेपाली कांग्रेसले कम्युनिष्ट पार्टी भनेपछि गणतन्त्रवादी हो भन्ने कुरा सिद्ध गर्न प्रयास गरिरहेको छ । मेरो कुरालाई पनि तोडमरोड गरी हामीलाई गणतन्त्रवादी भन्ने साबित गर्न प्रयत्न भएको छ । मैले त मुख्य कुरा गणतन्त्र नभई जनताको समस्या हो भनेको छु । अहिले हामीले तत्काल राजतन्त्र मासिहाल्ने योजना पनि बनाएका छैनौं । हाम्रो विरुद्ध जो कडा रुपमा आउँछन्, हाम्रो वर्ग संघर्ष मूलरुपमा त्यसकै विरुद्ध हुन्छ । कम्युनिष्ट पार्टीकै नाम लिएर आएपनि हामी छोड्दैनौं । जस्तो रुसमा गोर्वाचोभ आयो के ऊ कुनै दिन कम्युनिष्ट पार्टीको नेता थियो भन्दैमा हामी मान्छौं ? देश विकासको बाटोमा जुन शक्ति वाधक बनेर आउँछ, हामी त्यसकै विरुद्ध लड्दै आएका छौं र लडिरहन्छौं ।

*० यसपटकको स्थानीय चुनावमा ने.क.पा.(एमाले) ले जताततै कब्जा जमायो । यस्तो जनलहर किन आयो ?*

- जसले जनतालाई चित्त बुझाउन सक्तैन, ऊ समाप्त भएर जान्छ । हुकुमशाही र प्रजातान्त्रिक शासनमा पाईने मूल अन्तर यसैबाट छुट्टिन्छ । राजाले मात्र हुकुम शाही शासन चलाउँछ भन्ने होईन । कहीं राजा हुकुमशाही बनेको हुन्छ त कहीं राष्ट्रपति पनि हुकुमशाही बन्छ । हिट्लर त राजा थिएन । तर हुकुमशाही भएर अन्यायी शासन द्वारा संसारलाई नाश गरेर गयो । हिट्लरलाई पतन गराउन त विश्वयुद्ध नै गर्नुपर्‍यो । ठाउँ- ठाउँमा दमनकारी राजालाई फ्याल्न क्रान्ति नै गर्नु परेको छ । प्रजातान्त्रिक व्यवस्थामा जनताको ईच्छालाई कदर गर्न नसक्ने पार्टी होस् वा व्यक्ति कसैको केही लाग्दैन । यसैको परिणाम हो आज नेपाली काँग्रेस जनताबाट तिरस्कृत भएको छ । कांग्रेसले यति धेरै समय राज गर्दा पनि देशको निम्ति केही पनि गर्न सकेन । खाली कमीशन खाने, घुस खाने, कमाउने, जनतामाथि दमन गर्ने र कम्यूनिष्टको विरोध गर्ने जस्ता काम गरिरहयो । आखिर जनताले चिने र एक्लो पारिदिए । अहिले त काँग्रेस कहिल्यै उठ्न नसक्ने अवस्था देखिदैछ । यसपालिको चुनावमा सबै भन्दा बढी





...मुढा, हुल हुज्जत र जबरजस्ती कसले गर्‍यो ? ...ले त गरेन, प्रतिरक्षा गर्‍यो होला तर ढुंगामुढा गर्न ... गएन । कांग्रेस चाँहि आफू जहाँ कमजोर देखियो, ... हुलदंगा गरिहाल्यो । अनि त्यस्तो पार्टीलाई कसैले ...उँछ ? यो चुनावबाट स्पष्ट देखिएको कुरा जनताले ...म्युनिष्ट पार्टीलाई चिन्न थालेका छन् । यो राम्रो लक्षण ... । म चाहन्छु कम्युनिष्ट पार्टीले यतिवेला जिम्मेवारीपूर्वक काम गर्न सकोस् ।

*० जनताले एमालेलाई नै किन यति ठुलो विश्वास ...? एमालेले कुनै गल्ती कमजोरी गरेको छैन भन्नुहुन्छ ?*

- जनताले कम्युनिष्ट पार्टीलाई विष्णुको अवतार वा भगवान भनेर पूजा गरेको वा सम्मान गरेको अवश्य होइन । यसपाली जनताले आफ्नो निम्ति कम्युनिष्ट पार्टीले नै केही गर्ला कि भन्ने आशा राखेर विश्वास सुम्पिएका हुन् । यहाँ यो चुनावमा नेपालका कम्युनिष्ट पार्टीको मात्र प्रभाव परेको छैन । रुस र कोरियाको कम्युनिष्ट आन्दोलनको समेत प्रभाव परेको छ । ती देशमा कम्युनिष्ट पार्टीले नै जनताको जीवनस्तरलाई उन्नत बनाएका हुन् । चीनमा पहिले पचास दिन काम नहुँदा १ करोड मान्छे मरे । एकपटक बाढी आयो फेरि १ करोड मान्छे मरे । त्यही चीनलाई आज कम्युनिष्ट पार्टीले हात लिएर हाँकिरहेको छ । त्यहाँ अभाव र गरीबीले मान्छे मरेका छैनन् । खान नपाएर मर्ने वा वरवाद हुने स्थिति छैन । पहिले त कति मान्छे खान नपाएर मर्थे । पूंजीवादी देशका तुलनामा भ्रष्टाचार पनि नगण्य छ । उनीहरूले गरेका राम्रो कामको असर पनि त्यहाँ चुनावमा परेको छ । रुसमा कम्यूनिष्ट पार्टी हुँदा जनताको हालत कस्तो थियो ? आज कम्युनिष्ट पार्टीलाई उखाडेर पठाउँदा के हालत भईरहेको छ ? त्यो पनि एउटा ज्यूँदो उदाहरण हो । त्यस वेला कसैलाई केही चिन्ता थिएन । बुढाबुढी बच्चा, युवक, कसैलाई चिन्ता थिएन, जीवन सुरक्षित थियो, सुखमय थियो । आज कम्युनिष्ट पार्टीलाई खतम पारेपछि बुढाहरू मागेर खाईरहेका छन्, बच्चाहरूलाई मागेर हिंड्नु परेको छ, युवकहरू माफिया भएका छन्, युवतीहरू चरीत्र बेच्दै हिंडेका छन् । त्यसकारण कम्यूनिष्ट पार्टीले नै यस्तो व्यवस्थाको वकालत गर्छ- जहाँ जनताको जीवनस्तर उन्नत बनाउने काम हुन्छ । एउटा वर्ग मात्र करोडपति र अरबपति हुँदै जाने तर सर्वसाधारण जनता बरावाद हुने कुरा रोकिन्छ । कामको आधारमा कमाउन पाइन्छ । बसी-बसी अरबपति हुन पाइदैन । यहाँ त जाल-झेल, घुसखोरी, गर्नेले मात्र अरबौं रुपैया कमाउँछन् । आफ्नो मेहनतले जतिसुकै कमाएपनि कम्युनिष्ट पार्टीले विरोध गर्दैन । यी सबै कुराको रुस र कोरिया घुम्न गएर फर्किरहेका मानिस मार्फत जनतामा थोरै भए पनि प्रचार भएको छ । अर्को महत्वपुर्ण कुरा नौ महिनासम्म एमालेको सरकार बन्यो । त्यसबेला सरकारले सकेसम्म राम्रो काम गर्‍यो । बुढाहरूलाई कम्युनिष्ट पार्टीले मार्छ भन्ने प्रचार हुन्थ्यो । एमालेको सरकारले बुढाहरूलाई बुर्जुवाहरूको प्रचार अनुसार मार्नुको सट्टा एकसय रुपैंया भत्ता दिन शुरु गर्‍यो । हामी सम्पूर्ण बुढा बुढीहरूले छोरा छोरी नभएता पनि राम्रो खाने, लाउने र आराम गर्ने, बस्ने प्रवन्ध हुनुपर्छ भन्ने चाहन्छौं भन्ने कुराको संकेत व्यवहारबाट दियौं । सरकारले शुरु गरेको बृद्ध भत्ताको रकम त एक सय रुपियाँ मात्र थियो । त्यसो भएपनि शुरुवात त राम्रो थियो । त्यस्तै आफ्नो गाउँ आफैं बनाऔं कार्यक्रम अघि सार्‍यो । त्यसरी थोरै काम गर्दा पनि जनतामा धेरै विश्वास बढ्यो । कम्युनिष्ट पार्टीले काम गर्न पाउने हो भने साँच्चिकै काम हुँदोरहेछ भन्ने छाप त छोड्यो नि !

*० चीनमा राजदूत भएर पनि बस्नु भयो । नेपालले चीनियाहरूबाट के कुरा सिक्नुपर्छ जस्तो लाग्छ ?*

- चीनमा राष्ट्रपतिको तलब जम्मा १ हजार युआन छ । नेपालीमा हिसाब गर्दा करिव सात हजार रुपैंया हुन आउँछ । त्यो भन्दा एक कौडी बढी रकम कतैबाट पाउँदैनन् । कमिशन र घुसखाने त कुरै छोडिदिनुस, आपनो घरसम्म बनाउन पाउँदैनन् । बैंकमा पैसा राख्न, अनावस्यक भोजभतेर गर्नपाउँदैनन् । राष्ट्रपति, प्रधानमन्त्रीदेखि मन्त्रीसम्मका लागि यो नियम लागु भएको छ । तर जन साधारणले आफ्नो लागि घर बनाउन सक्छन् । यसरी चीनले राम्रो प्रगति हासिल गरेको छ । मूलत: नेताहरूको समर्पण छ, त्यहाँ । आर्थिक रुपमा स्वच्छ रहने, नैतिकवान् भएर काम गर्ने कानुन छ, वातावरण छ। बदमासी गर्ने छुट कसैले पनि पाउँदैन । जतिसुकै ठूलो नेता भए पनि गल्ती गरेमा दण्ड पाउँछ । यो कुरा हाम्रो सन्दर्भमा पनि लागु हुने हो भने धेरै कुरामा सुधार आउँछ ।

*० यहाँ एमालेले बहुमतको सरकार बनाएपछि त्यस्तो कुरा हुन्छ भन्ने कल्पना गर्न सकिन्छ ?*

- कम्युनिष्ट पार्टीको पूर्ण बहुमत त के शत प्रतिशत स्थान जिते पनि आजको भोलि नै त्यस्तो काम भइहाल्छ भन्ने छैन । काम गर्ने समय पाउने हो भने अरुले भन्दा अबस्य कम्युनिष्ट पार्टीले धेरै राम्रो काम गर्नसक्छ । तर, हाम्रा नेताहरूले पनि आफूलाई सुधार गर्दै जानुपर्छ । नेताहरूलाई सुधार गर्न त्यस्तै कानुन पनि चाहिन्छ । ❑

# के यसैगरी गरीबी निवारण होला ?

मैले सुनेको थिएँ, अब २० वर्षमा नेपालको गरीबी निवारण गर्ने कुरा । यस्ता कुराहरू सुन्दा रमाइलो लाग्छ । हिजो-अस्ति मात्र टेलिभिजन खबरमा सुनें- गोरखापत्र संस्थान र विद्युत प्राधिकरण निजीकरण हुने भयो । सुनिन्छ- वीरगञ्ज चिनी कारखाना पनि अहिले घाटामा गइरहेको छ, यसलाई पनि अब छिट्टै निजीकरण गरिने होला । यसरी डक्कै अर्थात् थोक व्यापार गर्न पाएपछि हाम्रो सरकार झन् झन् मोटाउने नै भयो । अनि त हाम्रा सांसदहरूले पजेरो के हेलिकोप्टर चढेर हिंडे पनि पुग्छ होला । जुन देशका मन्त्रीहरू, सांसदहरू हेलिकोप्टरमा हिंड्छन्, त्यो देश गरीब छ भनेर कसले भन्ने ? जनता ? जनता भनेको आदिकालदेखि गरीब, अहिले मात्र कसरी धनी हुनसक्छ ? आ-आफ्नो भाग्यको कुरो- आजैको टेलिभिजनको धार्मिक कार्यक्रममा एक महान् श्वामिजीले भने जस्तै भाग्यले गर्दा कसैले हेलिकोप्टर चढ्छ, कोही नालीमा सुत्छन् । के भयो र ?



कमरेड तुलसीलाल अमात्यले मृत्यु हुनुभन्दा दुईदिनअघि मात्र लेख्नुभएको यो लेख जीवनकै अन्तिम लेख भएको छ । सरकारी स्वदेशी उद्योग-धन्दाहरू विदेशीलाई हस्तान्तरण गरिएकोमा दुःख व्यक्त गर्दै उहाँले भन्नुभएको छ- 'हद भयो भने एउटा खानी देऊ भन्लान्, या जङ्गल देऊ भन्लान्, नभए खेत देऊ भन्लान् ।सित्तैमा पाएका यी चीजहरू दिएर के भो र ?

मुलुक धनी बन्ने सजिलो तरिका । यसरी एक एक गर्दै कहिले नदी, कहिले खानी गर्दै सबै बेच्दै सिध्याउँ । अनि एक दिन 'मन्जुश्रीकृत सुरम्य भूमि काठमाडौं उपत्यका' निजीकरण गरी कसैलाई बेचौं र नेपालको सरकार स्वयम् विदेशी साम्राज्यवादलाई ठेक्कामा दिउँ । आनन्द ! मन्त्रीहरूलाई सुती-सुती यश-आराम गर्न पुग्ने हुन्छ । सरकारमा बस्नेहरूलाई आराम भएपछि सबै नेपालीलाई आराम भन्नुपऱ्यो । देश सुन्दर, सफा, हराभरा भइहाल्छ । देशमा चिप्लो, पीच रोड, त्यसमा सयकडौं पजेरो, लैण्डक्रुजरहरू गुडेकै हुन्छ । अनि कसले भन्ने नेपाल गरीब छ भनेर ?



काम जति एन.जी.ओ.हरू र विदेशी कम्पनीहरूले सम्हाली हाल्छन् । फेरि पनि खर्च नपुगे ऋण लिनको निम्ति विश्व बैंक छँदैछ । अहिले भर्खर २ खरब रुपैयाँ ऋण पुग्न लाग्यो । के भयो र ! ब्याजदर बढेर तिर्न नसके साँवामा जोडिँदै जाने हो । के फरक पर्छ र ? हद भयो भने एउटा खानी देऊ भन्लान्, या जङ्गल देऊ भन्लान्, नभए खेत देऊ भन्लान् । सित्तैमा पाएका यी चीजहरू दिएर के भो र ? यस्तो सित्तैमा पाएका चीजहरू कत्ति छन्, कत्ति । आखिर विदेशीले यी सबैको विकास गरिहाल्छन् । हामीले त्यहाँ सानातिना कामहरू पाइहाल्छौं । अनि हाम्रो बेकारी समस्या खत्तम भइहाल्छ । त्यसमाथि सरकारले हामीलाई शीपमूलक र आयमूलक कामहरूको तालिम दिएकैछ । साना-साना डोको बुन्ने, निगालोका दराज बनाउने जस्ता कामहरूबाट पनि आम्दानी भइहाल्छ । यसबाट नपुगे विदेश पठाउन मेन पावर सप्लायर्स कम्पनी खुलेकै छन् । ५०-६० हजार रुपैयाँ दिएर विदेश जान पाइहालिन्छ । त्यसपछि प्रधानमन्त्रीको 'एक परिवार एक रोजगार'को नारा अवश्य सफल हुनेछ । अनि हाम्रो भाग्य खुल्दैन ?

किसानले आफ्नो सारा सर्वस्व ऋणमा सखाप पारेपछि साहुको दास भई एक पेट पाल्न पाउँछन् । तर यो भाग्य एउटा दासको भाग्यसँग दाँज्न सकिँदैन ?

आजसम्म श्री ५ को सरकारले लिई आएको नीतिले हामीलाई कहाँ पुऱ्याउँछ ? संसारमा कुन चाहिं यस्तो देश छ, जसले आफ्नो राष्ट्रिय उद्योग विकास नगरी बलियो भएको होस् । जबसम्म अमेरिकामा ब्रिटिश पूँजीको राज थियो,







चिनियाँ राष्ट्रपतिसँग आफ्नो ओहोदाको प्रमाणपत्र पेश गर्दै तत्कालीन चीनका लागि शाही नेपाली राजदूत अमात्य

अमेरिका संसारको कुनै विकसित देशमा गनिंदैनथ्यो । अमेरिकाले सशस्त्र लडाइँ गरी सारा अंग्रेज साम्राज्यवादी पूँजीबाट मुक्त गरेर नै आफ्नो राष्ट्रिय पूँजीको विकास गऱ्यो । र, आजको ठाउँमा पुगेको छ । अंग्रेज साम्राज्यवादी पूँजीले भारतलाई कहिल्यै उठ्न दिएन । अंग्रेज साम्राज्यवादको हातबाट मुक्त भएर स्वदेशी उद्योग बढाएर नै आज भारत पनि विश्वमा एक शक्तिशाली राष्ट्रको रुपमा देखापरेको छ । साना र घरेलु उद्योगहरूले नेपाललाई एक मध्ययुगीन हालतबाट पनि माथि उठाउन सक्दैनन् । मध्यकालीन युगमा पहिले पनि मानिस सन्तुष्ट थिए । तर आज हामीलाई अनेकन सामानहरूको जरुरत परेको छ । जेट-विमानहरू, बुलेट प्रुफ कारहरू, पाइखानामा छर्ने महँगा अत्तरहरू, ठूला-ठूला दरबारहरू र त्यहाँ सजाउने सामानहरू, रेडियो, टी.भी., टेलिफोन, बिजुली र बिजुलीका सामानहरू, मोटर, मोटरसाइकल आदि इत्यादि के चाहिंदैन ? यी सब सामानहरू कहाँबाट पाउने ? राडी-पाखी बुनेर, निगालोको दराज बुनेर, नाङ्लो बुनेर, झोला र पुतलीहरू बनाएर मात्र हुन्छ ? मान्छेहरू तरकारी खेती र स्याउ खेती किन गर्दैनन् ? कतिदिन राडी-पाखी बुनेपछि एउटा हवाइजहाज आउने हो अथवा एउटा ल्याण्डक्रुजर र पजेरो कार किन्न सकिने हो ? अनि देश झन्-झन् घाटामा नगए कहाँ जाला ? यसपालिको बजेटमा सरकारी खर्च ६२ अर्बभन्दा बढी छ, त्यस बजेटमा जनतामा कर लगाएर, मालपोत बृद्धि गरेर, अनेकन तरिका गर्दा पनि राजस्व ३२ अर्बभन्दा बढी हुनसक्ने देखिन्न । त्यसमाथि विदेशी ऋण बढ्दैछ, यसपालि मात्र पनि ब्याज ८ अर्बभन्दा बढी तिर्न परिसक्यो । हामीले सधैं अर्काको दान र ऋणमा भर पर्नुपरेको छ । हामीलाई चाहिए जति दान आउँदैन, अनि दान दाताहरूले एक भीखमंगामाथि जे पनि शर्त लाद्न थाल्छन् । नत्र दान नै दिंदैनन्, दान त के उनीहरूको शर्त नमान्नेलाई ऋण पनि दिंदैनन् ।

एउटा शर्त हो उनीहरूले दिएको ऋणबाट कुनै ठूला उद्योग खोल्न नदिने । यसरी ऋणदाता विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोषले नेपाल जस्तो अल्पविकसित देशले आद्योगिक विकास गरोस् भनेर नै चाहँदैनन् । त्यसमा पनि क्लिन्टन प्रशासनले हामीसँग भएका, मित्र राष्ट्र सोभियत संघ र जनवादी

चीनले दिएका र राजकीय क्षेत्रमा चलेका उद्योगहरू पनि बेच्न जोड लगाइरहेको देखिन्छ । नबेचे ऋण नदिने दवाव पनि रहेको बुझिन्छ । उनीहरूकै दवावमा खुला वजार र खुला प्रतिस्पर्धाको नाउँमा विद्यार्थीको फी एकै चोटि तीन दोब्बर बढाइएको हो । देशका सबैजसो ठूलाठूला प्रोजेक्टहरू उनीहरूलाई नै सुम्पनुपर्ने भएको छ । अहिले नेपालमा आफ्नो पूँजीले मोटरको एउटा पांग्रा पनि बन्ने स्थिति छैन । अनि घरेलु र साना उद्योग, नाम्लो बुन्न र डोको बुन्नको निम्ति पनि ऋण लिनुपर्ने अवस्था छ । तर विश्व बैंक त्यस्तै कामका लागि ऋण दिन्छ । हाम्रो नेपालका बैंकहरू- राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंकहरूले विश्व बैंकलाई तिर्ने ब्याजमा अलि बढाएर अर्थात् कमिशन खाएर धनार्जन गर्न, खाद्यमल किन्न, कृषि औजार किन्न, भैंसी, बाखा किन्न सानातिना काम, साना र घरेलु उद्योगहरू खोल्न ऋण दिन्छन् र उनीहरूसँग ब्याज उठाई आफूले एक-दुई प्रतिशत खाएर उठेको ब्याज सबै विश्व बैंकमा पुऱ्याउँछन् । समग्रमा साँवा ब्याज तिर्न नसकेपछि नेपाली जनताको घर-खेत, श्रीसम्पत्ति उजाड गरी लिलामबाट पैसा असुल गर्ने काम हाम्रा बैंकहरूले गर्दै आएका छन् । विदेशी ऋणदाताहरूलाई हाम्रो लिलामबाट प्राप्त भएको रकम टक्र्याउँदै छन् । नेपालका सरकारी संचार माध्यम जस्तै गोरखापत्र अथवा अन्य समाचारपत्रहरू पढ्ने हो भने दिनहुँ जस्तो ऋण तिर्न नसकेर आफ्नो सर्वस्व लिलाम गराउन पर्नेहरूको नाम, थर र ठेगानाहरूले पानाका भरेको कुरा पढ्न पाइन्छ ।

०५४ जेठ ३१ गते एकदिनको सूचनाले समाचारपत्रको पेज ४, ६ र ९ पेज भरिएको छ । यसरी विश्व बैंकहरूले दिने ऋणमा फसी दैनिक सयकडौंको घरद्वार उठिबास भइरहेको छ । तर हाम्रो सरकारले यसरी नै देश र जनतालाई झन् झन् ऋणमा डुबाएर गरीबी हटाउँदै लैजाने नीति लिएको छ। भएका राजकीय क्षेत्रहरू बेच्दै औद्योगिक विकास बन्द गरी, आम्दानीका स्रोतहरू, आफ्ना देशका प्राकृतिक स्रोत र साधनहरू विदेशीलाई सुम्पिंदै, मुलुकलाई ऋणमा फसाउँदै जनतालाई उठिवास गर्दै, गरीवी हटाउने कुरा संभव होला ? यस्तै नीतिलाई हाम्रा वामपन्थी नेताहरू पनि आधुनिक अर्थनीति भन्दै विदेशी ऋण पाउन सकेकोमा द पर्दछन् । कतिपय वामपन्थी नेताहरू आफ्नो खुट्टामा उभिन सिकाउने मार्क्सवाद र मार्क्सवादी अर्थ नीतिलाई पुरानो र बेकम्मा भइसक्यो भन्ने प्रचार गर्दैछन् । र, क्लिन्टन नीतिलाई स्वागत गर्दैछन् । क्लिन्टन नीतिले न राजनीतिक क्षेत्रमा स्थिर सरकार कायम हुन दिन्छ, न त आर्थिक क्षेत्रमा एक स्वतन्त्र रुपले विकास गर्ने मौका दिन्छ । बरु अरु ८-१० वर्षमा अमेरिकी पासोमा बाँधिएर र छटपटिएर हाम्रो राष्ट्र अर्काको गुलाम बन्न पुग्नेछ ।

*नेपालका सरकारी संचार माध्यम जस्तै गोरखापत्र अथवा अन्य समाचारपत्रहरू पढ्ने हो भने दिनहुँ जस्तो ऋण तिर्न नसकेर आफ्नो सर्वस्व लिलाम गराउन पर्नेहरूको नाम, थर र ठेगानाहरूले पाना भरेको कुरा पढ्न पाइन्छ ।*



देश विकास गर्ने हो भने सर्वप्रथम देशको बागडोर सम्हाल्ने मन्त्रीहरूले इमान्दारीका साथ यो राष्ट्र कसरी बनाउने भन्ने कुरामा ध्यान दिनु जरुरी छ । जबसम्म मन्त्रीहरू, सचिवहरू जस्ता जिम्मेवार व्यक्तिहरूले आफू पहिले बन्ने अनि देश बन्छ भन्ने भावनाले काम गर्दछन्, तबसम्म देश बन्ने त सवालै आउँदैन । तसर्थ जिम्मेवार व्यक्तिहरूले आफ्नो सम्पूर्ण ध्यान देश बनाउनेतिर लगाउनु आवश्यक छ । नेताहरूले सम्पूर्ण जनतालाई एकढिक्का बनाएर आफ्नो राष्ट्रिय अर्थतन्त्रलाई मजबूत गर्ने योजना लिएर काम गर्दछन् भने यो देश १० वर्षमा चम्काउन सकिनेछ र विश्वको एक नमूना राष्ट्रको रुपमा देखा पर्नेछ । त्यस्तो नीति लिने सरकारलाई जनताले पनि गिर्न दिंने छैनन् । होइन, अहिलेकै चालले चल्ने हो भने यी जिम्मेवार व्यक्तिहरू व्यक्तिगत रुपले धनी बन्दै जान्छन्, तर देश र जनताको जीवन ध्वस्त पारेर छाड्ने छन् । अनि गोर्वाचोभ जस्तै आफू पनि बेपत्ता, पार्टी पनि बेपत्ता र देश तथा जनजीवन पनि ध्वस्त हुन पुग्ने छ ।

☆



## तेस्रो खण्ड

# स्मृति पटलका अमर कमरेड

**मनमोहन अधिकारी**

**माधवकुमार नेपाल**

**चित्रबहादुर के.सी.**

**भरतमोहन अधिकारी**

**मोहनविक्रम सिंह**

**वासुदेव श्रेष्ठ**

**रघु पन्त**

**तीर्थ कोइराला**

**विष्णुबहादुर मानन्धर**

**कृष्णराज वर्मा**

*"उहाँ नेपालको वामपन्थी तथा प्रजातान्त्रिक आन्दोलन एवं शोषित-पीडित जनताको मुक्ति अभियान र मुलुकको किसान आन्दोलनका महारथी हुनुहुन्थ्यो" कमरेड तुलसीलालको मूल्यांकन एमाले अध्यक्ष मनमोहन अधिकारीले यसरी गर्नुभएको छ । परम्परावादी कम्युनिष्ट नेताका रुपमा परिचित मोहनविक्रम सिंहसमेत कमरेड तुलसीलाल अमात्यबाट मार्क्सवादी-लेनिनवादीहरूले सिक्नुपर्ने धेरै कुरा रहेको ठान्नुहुन्छ । एमाले महासचिव माधव नेपाल जोड दिएर लेख्नुहुन्छ "उहाँमा घमण्ड थिएन ।" कमरेड तुलसीलाल सरल, विनम्र, लगनशील, अध्ययनशील र भद्र कम्युनिष्ट व्यक्तित्वका रुपमा सुपरिचित हुनुहुन्थ्यो । उहाँको संघर्षशील व्यक्तित्वले सबै पक्ष र कोणका कम्युनिष्ट नेताहरूलाई प्रभाव पारेको छ ।*



# मूल्यको राजनीतिका महारथीको अवसान

**मनमोहन अधिकारी**

मैले आर्यघाटमा दाह संस्कारको बेला कमरेड तुलसीलाल अमात्यको सम्बन्धमा टिप्पणी गर्दै भनें "उहाँ नेपालको वामपन्थी तथा प्रजातान्त्रिक आन्दोलन एवं शोषित-पीडित जनताको मुक्ति अभियान र मुलुकको किसान आन्दोलनका महारथी हुनुहुन्थ्यो। मूल्य र मान्यताको आधारमा नै उहाँले जीवनभर राजनीति गर्नुभयो। मेरो विचारमा मूल्य र मान्यताको आधारमा राजनीति गर्न अति नै दऱ्हो आत्मबल र नैतिकता चाहिन्छ, जुन उहाँमा थियो। त्यस दृष्टिकोणले उहाँ अझ महान् हुनुहुन्थ्यो ।"

कमरेड तुलसीलालसँगको मेरो भेटघाट र परिचय धेरै पुरानो हो । ००४ सालमा विराटनगरमा भएको मजदूर हडतालपश्चात् करीब तीन वर्ष म नख्खु जेलमा रहें । त्यहाँबाट छुटेर म विराटनगरतर्फ लाग्ने क्रममा थिएँ । त्यसबेला अहिलेजस्तो हवाई सम्पर्क वा सिधा बस सेवाबाट आवत-जावत गर्नु संभव थिएन । काठमाडौंबाट चिसापानी गढी हुँदै भीमफेदी, वीरगंज र रक्सौल हुँदै विराटनगर जानुपर्थ्यो । करीब तीस दिन लामो अनसनपछि त्यतिखेर हामीलाई नख्खु जेलबाट छोडिएको थियो । त्यसै क्रममा मेरो रक्सौलमा उहाँसँग पहिलो भेट भयो । त्यसबेला पनि उहाँ आफ्नो मूल्य, मान्यता र विश्वासका लागि दुई-चार जना मान्छे मात्र साथमा लिएर भए पनि साधना गर्न सक्ने व्यक्तित्वको रुपमा रहनुभएको मैले पाएँ । रक्सौलमा उहाँहरू उसिना चामलको भात र भाण्टाको झोल खाएर राणा विरोधी जनमत तयार गर्न लागिरहनुभएको थियो । उहाँसँग भेटेपछि केही कुरा गरी म विराटनगरतर्फ लागें । मैले बुझेसम्म त्यतिबेला उहाँको मनमा कांग्रेसप्रति एक खालको वितृष्णा जागिसकेको थियो । र, जनपक्षीय राजनीतिको लागि बाटो खोजिरहनुभएको थियो । मसँग पनि उहाँको केही कुराहरू भए ।

कलकत्तामा नेपाल कम्युनिष्ट पार्टीको पहिलो सम्मेलन आयोजना भयो । पार्टी स्थापनाको घोषणा त कमरेड पुष्पलालले ००६ सालमा नै गर्नुभएको थियो । म जेलमा रहेको हुँदा पार्टीको संस्थापकमध्ये थिइनँ । तुलसीलालजी भर्खर मार्क्सवादप्रति आकृष्ट भएर गतिविधि गरिरहनुभएको थियो । पार्टीको पहिलो सम्मेलनमा हामी सबैको सहभागिता रह्यौं । प्रथम सम्मेलनबाट उहाँ औपचारिक रुपमा नेपाल कम्युनिष्ट पार्टीको पोलिटब्यूरो सदस्यमा छानिनुभयो, म पनि पोलिटब्यूरोमै छानिएँ । पुष्पलाल महासचिव हुनुभयो । अरु साथीहरू पनि विभिन्न निकायमा छानिए । यस प्रकार व्यवस्थित रुपमा हाम्रो आन्दोलनको शुरुवात भयो । नेपालबाट राणा शासन नहटिसकेको हुँदा उहाँ स्वदेश फर्किन सक्ने अवस्था थिएन । त्यसैले उहाँ आफ्नो जमात लिएर रक्सौलमा बस्न थाल्नुभयो । सीमा क्षेत्रमा उहाँले क्रमशः आन्दोलन चलाइरहनुभयो । दिल्ली संझौता भएपछि हाम्रो पार्टीले त्यसको विरोध गर्ने नीति लियो । उहाँले पनि त्यो संझौताको विरोध गर्नुभयो । त्यसबापत् उहाँलाई भारतको मोतिहारी जेलमा थुनियो । राणा शासन ढलिसकेपछि हामी काठमाडौं आयौं । तुलसीलालजी मोतिहारी जेलबाट छुट्नुभएपछि उहाँलाई काठमाडौं ल्याउने र स्वागत गर्ने कार्यक्रम तय गरियो । म, नरबहादुर कर्माचार्यलगायत धेरै साथीहरू मिलेर त्यो योजना बनाएका थियौं । उहाँ काठमाडौं भित्रिनुभयो र निरन्तर राजनीतिमा सक्रिय हुनुभयो ।

पार्टीको पहिलो महाधिवेशनबाट म महासचिवमा छानिएँ भने उहाँ पोलिट्ब्यूरो सदस्य । कार्य विभाजनका क्रममा उहाँलाई किसान फाँटको जिम्मेवारी सुम्पियो । शम्भुरामजी पनि त्यतिबेला उच्चकोटीको नेता मानिनुहुन्थ्यो । उहाँलाई महासचिव बनाइयो । यसरी तुलसीलालजी सभापति र शम्भुरामजी महासचिव भएर नेपालमा किसान संघ र किसान आन्दोलनको औपचारिक शुरुवात भयो । त्यो आन्दोलनले ०१५ सालसम्ममा नेपालको पूर्वाञ्चल र मध्यमाञ्चल तथा खासगरी तराईका जिल्लाहरू बारा, पर्सा, रौतहट, सर्लाही र सिरहा भेगमा विशाल रुप लियो । उहाँले नै किसान आन्दोलनको डकुमेन्ट र घोषणा-पत्र ड्राफ्ट गर्नुभयो । वास्तवमा तुलसीलालजीले किसान फाँटको काममा नयाँ 'वेभ' ल्याउनुभयो; वृहद् किसान आन्दोलनको सिर्जना गर्नुभयो ।

शुरुमा तुलसीलालजी नेपालको प्रजातान्त्रिक आन्दोलनको नेता भएर देखिनुभयो । अलिकति धार्मिकताको प्रसंग पनि उहाँको जीवनमा जोडिएको छ । त्यसपछि कांग्रेस हुनुभयो । कांग्रेसबाट देशको लागि केही नहुने देखेपछि वाम दृष्टिकोण बोकेर चिन्तन गर्न थाल्नुभयो । र, पार्टीको पहिलो अधिवेशनपश्चात् उहाँ उच्चकोटीको नेतृत्वमा रहेर कम्युनिष्ट पार्टीमा क्रियाशील हुनुभयो । साँच्चै भन्ने हो भने, उहाँलाई नेपालको किसान आन्दोलनको पिता भने पनि हुन्छ । त्यति गहन ढंगले, लगनशीलताका साथ किसानहरूबीच घुलमिल भएर काम गर्न अरु कुनै नेताले सकेको पाइँदैन । उहाँले त्यतिखेर ड्राफ्ट गर्नुभएका दस्तावेजहरू हेर्ने हो भने पनि यो कुरा स्पष्ट हुन्छ ।



*साँच्चै भन्ने हो भने, उहाँलाई नेपालको किसान आन्दोलनको पिता भने पनि हुन्छ । त्यति गहन ढंगले, लगनशीलताका साथ किसानहरूबीच घुलमिल भएर काम गर्न अरू कुनै नेताले सकेको पाइँदैन । उहाँले त्यतिखेर ड्राफ्ट गर्नुभएका दस्तावेजहरू हेर्ने हो भने पनि यो कुरा स्पष्ट हुन्छ ।*

०१५ सालको संसदीय निर्वाचनमा पार्टीले भाग लिने निर्णय गऱ्यो । त्यसअघि हामीले राजा त्रिभुवनले दिएको संविधान सभाको चुनावसम्बन्धी वचनप्रति अडान राख्यौं । संविधान सभाले नै संविधान बनाओस् भन्ने हाम्रो माग थियो । हामीले त्यसकै लागि संघर्ष गऱ्यौं । तर पार्टी सानो थियो, शक्तिशाली थिएन । तसर्थः आन्दोलन धेरै अगाडिसम्म जान सकेन । ०१५ सालमा कांग्रेसले राजा महेन्द्रसँग सम्झौता गरेर राजाले संविधान दिने र त्यो संविधान अनुसार चुनाव गराउने समझदारी बनायो । हामीले चुनावै वहिष्कार गर्नु त उचित थिएन । त्यसैले पार्टी सानै भए पनि चुनावमा भाग लियौं । पहिलो संसदमा उहाँ पाटनबाट निर्वाचित भएर जानुभयो । त्यतिवेला तुलसीलालजीसहित कमलराज रेग्मी, शेख फर्मान र हरदयाल महतो चार जना तल्लो सदनमा पुग्नुभयो भने माथिल्लो सदनमा शम्भुरामजी । माथिल्लो सदनमा शम्भुराजजीले पनि राम्रो भूमिका निभाउनुभयो । तर टी.एल. हाम्रो संसदीय दलको नेता नै रहनुभयो । ०१५ सालको संविधान धेरै दिन चलेन, डेढ वर्षमै खारेज भयो । ०१७ सालको काण्ड घट्यो । त्यसअघि नै पार्टीमा माझीहरूको दक्षिणपन्थी भड्काउ देखिइसकेको थियो । तुलसीलालजीले त्यो प्रवृत्तिको पनि बहुतै विरोध गर्नुभयो । तर रायमाझी महासचिव भएको कारण महासचिवको हैसियतले गलत भडकाउको पक्षमा धेरै गोटी चाल्ने मौका मिल्यो । माझीको दरबारसँग भित्रभित्रै साँठगाँठ बढ्यो । परिणामस्वरुप ०१७ सालको काण्डको पक्षमा पार्टी नेतृत्वले गद्दारी गऱ्यो । अनि तुलसीलालजी बाध्य भएर भारततर्फ लाग्नुभयो । भारतमा तुलसीलाल र पुष्पलाल दुवै जना मिलेर युवा पिंढीको सहभागितामा आन्दोलनलाई नयाँ मोड दिने प्रयत्न गर्नुभयो । त्यहाँ मदन भण्डारी, जीवराज आश्रित र भरतमोहन अधिकारीहरू हुनुहुन्थ्यो । म चाहिं ०२६ सालसम्म जेलमा रहें ।

तेस्रो महाधिवेशनमा क. तुलसीलाल पार्टीको महासचिव चुनिनुभयो- एकमना रुपमा । त्यतिवेलासम्म चीन र रुसबीचको विवाद शुरु भएको थिएन । उहाँ मस्कोमा भएको अन्तर्राष्ट्रिय सम्मेलनद्वारा पारित 'राष्ट्रिय प्रजातन्त्र'को कार्यक्रमका आधारमा पार्टी महासचिव हुनुभयो । पछि चीन र रुसबीच मतभेद शुरु भयो । राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमलाई दक्षिणपन्थी कार्यक्रम भनियो । अनि तुलसीलालजी र पुष्पलालजीबीच फाटो शुरु भयो । पुष्पलाल नयाँ जनवादको पक्षमा उभिनुभयो भने तुलसीलाल राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमकै पक्षमा कायम रहनुभयो । जेसुकै भए पनि उहाँले अन्तसम्म कम्युनिष्ट विचारधाराका लागि, शोषित-पीडित जनताका लागि, राष्ट्रियताका लागि अनवरत संघर्ष गर्नुभयो । दरभंगामा बसेर दुःख भोग्नुभयो, एउटा छोराको त्यहीं मृत्यु भयो । राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमको आलोचना हुँदा





पर्नुभयो । तर आफ्नो अडान छोड्नुभएन । राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमलाई फर्केर हेर्दा त्यसमा जो त्यस्ता कुरा पनि पाइन्छन्- जस्तो राष्ट्रियता, जनताको जनजिविका, साम्राज्यवादको विरोध र संयुक्त मोर्चासम्बन्धी सवाल त्यति अमान्य हुने कुरा थिएन । तर त्यतिबेला पार्टीभित्र चलेको मतभेदका कारण अप्रिय स्थिति आयो । उहाँले बडो शालीन ढंगले आफ्नो कुरा राख्दै सबैसँग छलफल चलाउनुभयो । म ०२६ सालमा जेलबाट छुटें । अनि पुष्पलाल र तुलसीलाल जस्ता दुई जना पुराना नेताहरूलाई छोडेर नेपालको कम्युनिष्ट आन्दोलनले गति लिन सक्तैन, तसर्थ दुवैलाई एकै ठाउँमा ल्याउनुपर्छ भनी पटक-पटक प्रयास गरें । तुलसीलालजीलाई भेट्न दिल्ली गएँ, दरभंगामा पनि भेटें । पुष्पलालजीसँग पनि भेटेर कुरा गरें । तर अनेक प्रयत्नका बावजुद दुवै नेतालाई एक ठाउँमा ल्याउन म सफल हुन सकिनँ । मलाई पनि समस्या पऱ्यो । नेपालभित्रै बसेको थिएँ । उहाँहरू जस्तो निर्वासनमा भारततर्फ जान मनले मानेनँ । फेरि दुवै नेतालाई एकै ठाउँमा ल्याउन पनि सकिएन । काठमाडौंमा शम्भुराम र मोहनविक्रमजीहरूसँग सम्पर्क भयो । तर उहाँहरू मात्रैबाट चल्दैन भन्ने लाग्यो । उहाँहरूको 'एप्रोच' पनि वस्तुवादी लागेन । जसले गर्दा म विराटनगर गएर एक्लै बस्नुपऱ्यो । झापालीहरूसँग त मेरो मतभेद छँदै थियो ।

निर्वासनबाट तुलसीलालजी नेपाल फर्केपछि हाम्रोबीच भेटघाट भइरहन्थ्यो । पछि माले र मार्क्सवादी मिलेर नेकपा (एमाले) बनिसकेको थियो । उहाँले पनि यो पार्टीमा समावेश हुने इच्छा व्यक्त गर्नुभयो र समावेश हुनुभयो । उहाँको गौरवशाली इतिहास रहेको हुँदा पार्टीमा समावेश भएको दिनदेखि नै पार्टीले उच्च कमिटी स्थायी समितिको जिम्मेवारी उहाँलाई सुम्पियो । पार्टीको नौ महिने सरकार हुँदा चीन जस्तो देशमा राजदूत बनाएर उहाँलाई पठाइयो । त्यहाँ पनि उहाँले बडो सफल ढंगले कार्य सम्पादन गर्नुभयो । मध्यावधि चुनावमा रौतहटबाट टिकट दिइएको हो । तर धाँधलीका कारण उहाँ हार्नुभयो । अन्यथा किसानहरूबीच त्यति भिजेको नेताले नजित्ने कुरै थिएन । सारमा भन्नुपर्दा, तुलसीलालजीको राजनीतिक जीवनको विकास वैज्ञानिक किसिमले भएको छ ।



*अति कठिन परिस्थितिमा पनि विचलित नभइकन उहाँले आधारभूत कुरामा अडान राख्दै आउनुभयो । एमालेसँग एकता भएपछि पनि उहाँले राष्ट्रियता, प्रजातन्त्र र शोषित-पीडित जनताको हित तथा साम्राज्यवादको विरोधलगायतका सवालमा अविचलित रूपमा आफूलाई उभ्याउनुभयो ।*

निरंकुश राणाशाहीका विरुद्ध संघर्ष गर्दा एक किसिमले उहाँ राजनीतिमा लाग्नुभयो । त्यसपछि अझ बढी राजनीतिक स्पष्टताको निम्ति 'बुर्जुवा ट्रेण्ड'को आकर्षण हुन पुग्यो र नेपाली कांग्रेसमा लाग्नुभयो । त्यो कुरा अझ विकसित हुँदै गएर वाम आन्दोलनमा लाग्नुभयो । र, प्रथम सम्मेलनदेखि नै कम्युनिष्ट आन्दोलनको महारथीका रुपमा मृत्युपर्यन्त सक्रिय रहनुभयो । बीचमा जुन विभाजन जस्तो देखियो, त्यसको निम्ति पनि मलाई लाग्छ, उहाँभन्दा बाह्य कुराहरू बढी जिम्मेवार थिए ।

अति कठिन परिस्थितिमा पनि विचलित नभइकन उहाँले आधारभूत कुरामा अडान राख्दै आउनुभयो । एमालेसँग एकता भएपछि पनि उहाँले राष्ट्रियता, प्रजातन्त्र र शोषित-पीडित जनताको हित तथा साम्राज्यवादको विरोधलगायतका सवालमा अविचलित रुपमा आफूलाई उभ्याउनुभयो । ८२ वर्षको उमेरमा उहाँले अकस्मात हामीलाई छोडेर जानुभयो । तर बाचुञ्जेल कमरेड टि.एल.ले सधैंभरि मूल्य र मान्यताको राजनीति गर्नुभयो । मूल्य र मान्यताको राजनीति नै अजय हुन्छ । त्यो राजनीतिले नै अन्ततोगत्वा विजय प्राप्त गर्छ भन्ने कुरामा उहाँ प्रष्ट हुनुहुन्थ्यो । मूल्य र मान्यता छैन भने राजनीति प्रदूषित मात्र हुँदैन; राजनीतिमा अनेक विकृति र विसंगतिहरू देखापर्छन् । यस अर्थमा उहाँको अन्तिम संबोधन महत्त्वपूर्ण छ । इन्सेकको समारोहमा सम्बोधन गर्दा उहाँले मूल्य र मान्यताको राजनीतिकै पक्षमा जोड दिनुभएको छ । उहाँलाई रुसपरस्त भनेर आरोप लगाए पनि सोभियत कम्युनिष्ट पार्टी र गोर्वाचोभको गद्दारी र भडकाउहरूका सम्बन्धमा उहाँले गजबसँग चर्चा गर्नुभएको छ । मलाई लाग्छ- उहाँको अन्तिम सम्बोधन यसअर्थमा एउटा महत्त्वपूर्ण दस्तावेज हो । त्यसलाई हामीले अध्ययन-मनन् गर्नुपर्छ । त्यसैले मेरो समझदारीअनुसार उहाँले छोडेर जानुभएको मुख्य कुरा नै मूल्य र मान्यताको राजनीति हो ।

हाम्रो पार्टी एकपटक सत्तामा पुगेको र



भोलि पनि वहुमतका साथ सत्तामा जाने पार्टी हो । स्थानीय निकायको निर्वाचनपछि वहुमत जिल्ला, गाउँ र नगरमा हामी वहुमतमा छौं । यो स्थितिमा पार्टीभित्र दक्षिणपन्थी भडकाउ, चरित्रको ह्रास, भ्रष्टाचारमा मुछिने, मूल्य र मान्यतालाई तिलाञ्जलि दिई आफ्नै स्वार्थमा लहसिने खतरा बढेको छ । मैले जहिले पनि भन्ने गरेको छु- सत्तामा वस्ने पार्टीले सधैं दुइखाले भडकाउको सामना गर्नुपर्छ । एउटा तत्कालीन परिस्थिति जस्तो छ, त्योभन्दा हुनै नसक्ने खालको नारा लिएर देशमा उपलब्धिहीन अवस्था सिर्जना गर्न खोज्ने- जसलाई उग्रवामपन्थी भड्काउ भनिन्छ । तर उग्रवामपन्थी भड्काउको शिकार हुने मानिसहरूमा इमान्दारिता रहेको हुन्छ । तथापि, त्यो पनि भड्काउ नै हो । त्यसतर्फ सचेत रहनैपर्छ । किनभने यहाँ कुरा गर्न सजिलो छ, भाषण गर्न सजिलो छ । तर कम्युनिष्ट पार्टी शक्तिमा रहेर सफल किसिमले शासन संचालन गर्नु वहुत कठीन कुरा छ । यसवाट आत्तिएर उत्पन्न



**लेखक**



*मेरो विचारमा उहाँ नेपाल मात्र होइन, सार्क क्षेत्रकै अति नै सम्मानित, राष्ट्रवादी, प्रजातन्त्रवादी र वामनेता हुनुहुन्थ्यो ।*

हुने कुनै पनि किसिमको वामपन्थी भड्काउ गलत हुन्छ । तर त्योभन्दा पनि खतरनाक दक्षिणपन्थी भड्काउ हो । पाँचौं महाधिवेशनले निर्धारित गरेको नीति-कार्यक्रम अनुसार हामी यहाँसम्म आयौं, हाम्रो लक्ष्य पूरा भयो । अब त हामीले खाने, पिंउने र मोज गर्ने हो भने प्रवृत्ति अहिले पनि हाम्रो पार्टीमा बढेको छ । म त भन्छु- अहिलेको परिस्थिति कांग्रेसको लागि अन्त्य हो, हाम्रोलागि त शुरुवात मात्र हो । अहिले जनताले जुन अधिकार प्राप्त गरेका छन्, त्यसको उपयोग गरेर बुद्धिमत्तापूर्ण किसिमले व्यवहारकौशल भएर समाजको जति रुपान्तरण गर्न सकिन्छ, हामीले प्रयत्न गर्नुपर्छ । त्यो वाटो छोडियो भने हामीमा हदैसम्मको आत्मघाती र विसर्जनवादी भड्काउ उत्पन्न हुन जान्छ । यस किसिमको खतरा कमरेड तुलसीलालले पनि देख्नुभएको थियो । पार्टीका वैठकहरूमा उहाँले पटक-पटक यस्तो खतरावारे चर्चा गर्नुहुन्थ्यो । इन्सेकको कार्यक्रममा पनि अलिकति चर्चा गर्नुभएको छ । उहाँको त्यो धारणाको म उच्च मूल्यांकन र कदर गर्दछु । र, पार्टी पंक्तिलाई आह्वान गर्छु- यतिखेर हामी वाम भड्काउप्रति सतर्क रहनुपर्छ । तर दक्षिणपन्थी भड्काउ विरुद्ध लड्नुपर्छ । संघर्ष नै गर्नुपर्छ । कुनै हालतमा त्यसो हुन दिनु हुँदैन । चारित्रिक ह्रास, मूल्य र मान्यताको तिलाञ्जलि, सुख-सुविधा र पदको निम्ति दौड हुनु यो हद खतरनाक भड्काउ हो । यसबाट जोगिन नसक्ने हो भने एमाले कांग्रेसभन्दा पनि छिटो पतन हुन्छ । तसर्थः मैले भन्ने गरेको छु- यसपालिको स्थानीय चुनावमा हाम्रो पार्टीलाई जनताले एकातिर समर्थन गरेका छन् भने अर्कोतिर सचेत पनि गराएका छन् । समर्थन गरेर मौका दिएका छन्, परीक्षण गरेका छन् भने सचेत गराउँदै 'न बिर्स ! तिमीहरू पनि भड्किएर कांग्रेस जस्तै कुसंस्कारबाट प्रभावित भयौ, सुख-सुविधा, सयल र गुटवन्दीको राजनीतिमा फस्यौ भने दण्ड दिने अधिकार हामीलाई छ' भनेका छन् । मलाई लाग्छ त्यसअर्थमा तुलसीलालजीको योगदान र संघर्षशील जीवनगाथा हामीले गंभीरतापूर्वक अध्ययन गरी प्रेरणा लिनुपर्छ ।

मेरो विचारमा उहाँ नेपाल मात्र होइन, सार्क क्षेत्रकै अति नै सम्मानित, राष्ट्रवादी, प्रजातन्त्रवादी र वामनेता हुनुहुन्थ्यो । म नेपाली शोषित-पीडित जनताका महान् नेता कमरेड तुलसीलाल अमात्यप्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्न चाहन्छु । ❑





# उहाँको उच्च मूल्यांकन गर्नुपर्छ

**माधवकुमार नेपाल**



*अविश्रान्त राजनायक चिर निन्द्रामा*

कमरेड तुलसीलालको अचानक निधन भयो, म जब भियतनाम र लाओसको भ्रमण सिध्याएर त्रिभुवन विमानस्थलमा ओर्लिएँ, त्यहाँ नै उहाँको निधनको समाचार पहिलोपल्ट सुनें । त्यसपछि म स्तव्ध भएँ । किनभने, एक दिन पहिलेसम्म उहाँबारे पत्रिकामा समाचार पढ्दै थिएँ । प्रकाश काफ्लेको स्मृति सभामा उहाँले राम्रो र लामो भाषण दिनुभएको विवरण मैले समाचारमा पढेको थिएँ । स्वस्थ ढंगले राजनीतिक गतिविधिमा क्रियाशील व्यक्तित्वको कसरी अचानक निधन भयो ? एकछिन त मलाई विश्वास नै लागेनँ । दुर्भाग्य ! अन्तिम घडीमा मेरो उहाँसित भेट हुन सकेन ।

कमरेड तुलसीलाल अमात्य नेपालको कम्युनिष्ट आन्दोलनको एक वरिष्ठ नेता हुनुहुन्थ्यो । उहाँ नेपालको प्रजातान्त्रिक आन्दोलनको एउटा अगुवा योद्धा पनि हुनुहुन्थ्यो । उहाँले आफ्नो सम्पूर्ण जीवन नेपाली जनता र राष्ट्रको निम्ति समर्पित गर्नुभयो । उहाँको जीवनको अर्को कुनै निजी आकांक्षा थिएन । एउटै आकांक्षा थियो- नेपालबाट गरीबी, अभाव, भेदभाव समाप्त पार्ने र राष्ट्रको गौरव र प्रतिष्ठा वृद्धि गर्ने । राणा शासन विरुद्धको संघर्षको क्रममा होस् या पंचायती व्यवस्था विरोधी संघर्षको क्रममा- जुनसुकै अवस्थामा पनि उहाँले निरन्तर रुपमा नेपालको स्वाधीनताका लागि लड्नुभयो । स्वतन्त्र आर्थिक नीति लिएर, आत्मनिर्भर वनाउनु पर्दछ भन्ने मान्यता राख्नुभयो । साम्राज्यवादी शोषण, उत्पीडनवाट हाम्रो मुलुकलाई स्वतन्त वनाउनु पर्दछ भन्ने धारणा निरन्तर रुपमा राख्दै आउनुभयो । हाम्रा प्राकृतिक साधन र स्रोतहरूको अधिकतम सदुपयोग गर्ने सवालमा एउटा अर्थशास्त्रीको नाताले पनि उहाँको ध्यान जाने गर्दथ्यो । हाम्रो साधन-स्रोत प्रयोग गर्न जनतामा क्षमता छ, खुबी छ र संकल्प पनि छ भन्ने उहाँको मान्यता थियो । त्यसो हुनाले पनि जनताको विजय हुन्छ, क्रान्तिको विजय हुन्छ, जनताको परिवर्तनको चाहना साकार हुन्छ भन्ने विश्वासबाट प्रत्येक समय उहाँ विचलित हुनुभएन । उहाँले आफ्नो जीवनमा धेरै उतार-चढावको सामना गर्नुपर्‍यो । कतिपय अवस्थामा उहाँ एक्लो अवस्थामा पुग्नुभयो । तर आन्दोलनबाट कहिल्यै निरास हुनुभएन । सामाजिक विकास र परिवर्तन हुन्छ भन्ने भावनाबाट कहिल्यै विचलित हुनुभएन । आफ्नो ध्येय र उद्देश्यको निम्ति निरन्तर लागिरहने खुबी, कुनै प्रकारको अप्ठ्यारो र समस्याबाट विचलित हुनुहुँदैन भन्ने खुवी हामीले तुलसीलाल अमात्यबाट सिक्नु पर्दछ, प्रेरणा प्राप्त गर्नुपर्दछ । कमरेड तुलसीलाल अमात्यमा निजी स्वार्थको भावना पाइँदैन । उहाँले आदर्शलाई उच्च महत्त्व दिने गर्नुहुन्थ्यो । मूल्य र मान्यतालाई उच्च महत्त्व दिने गर्नुहुन्थ्यो । र, सादा जीवनलाई अत्यन्तै रुचाउनुहुन्थ्यो । अहिले हाम्रो आन्दोलनमा र मूल्य र मान्यतामा ह्रास आइरहेको छ, निम्न पूँजीवादी, व्यक्तिवादी प्रवृत्तिहरू हावी हुन खोजिरहेका छन् । यस्तो अवस्थामा कमरेड तुलसीलाल अमात्यका ती राम्रा गुणहरूबाट हामी सबैले प्रेरणा प्राप्त गर्नु पर्दछ ।

हामीले कमरेड तुलसीलाल अमात्यलाई गुमाउनु पर्‍यो । उहाँको निधन नेपालको राजनीतिका लागि, नेपालको प्रजातान्त्रिक र कम्युनिष्ट आन्दोलनका निम्ति अपुरणीय क्षति हो । अहिले नेपालको कम्युनिष्ट आन्दोलनमा त्यति पाको उमेरका व्यक्ति कोही पनि हुनुहुन्न । आफ्नो जिन्दगीको अन्तिम समयसम्म पनि उहाँ अत्यन्त क्रियाशील रहनुभयो । वृद्धयौलीले उहाँको राजनीतिक क्रियाशीलतालाई रोक्न सकेन । उहाँ विरामी भएर थला पर्दा पनि घरमा बसेर लेख-रचनाहरू लेख्ने काममा समय बिताउनु हुन्थ्यो । चिन्तन-मनन गर्ने काममा समय बिताउनुहुन्थ्यो । र, अलिकति स्वस्थ हुने बित्तिकै पार्टी काममा, राजनीतिक काममा हिँडिहाल्नुहुन्थ्यो ।

कमरेड तुलसीलालका बारेमा धेरै कुराहरू भन्न सकिएला । तर एउटा कुरा उहाँमा घमण्ड थिएन । साह्रै विनम्र मान्छे हुनुहुन्थ्यो । अत्यन्तै सिधा, सोझो, इमान्दार र साधारण हुनुहुन्थ्यो । इमान्दार भएको कारणले गर्दा उहाँले धेरै अप्ठेरो स्थितिको पनि सामना गर्नुपर्‍यो । तर पनि उहाँको इमान्दारितालाई सबैले मान्दछन् । उहाँको सज्जनता र भद्रतालाई सबैले सम्मान गर्दछन् । ०४६ सालको आन्दोलनको पहिलो शुरुवात गर्ने व्यक्ति, जनआन्दोलनको मैदानमा उत्रिएर पंचायती तानाशाहीलाई खुलेआम वगावत गर्ने, विद्रोहको घोषणा गरेर मैदानमा उत्रिने पहिलो व्यक्ति उहाँ नै हुनुहुन्थ्यो । कम्युनिष्ट आन्दोलनको एकताको निम्ति पनि उहाँले ठूलो योगदान पुर्‍याउनुभयो र एउटै पार्टीमा एकतावद्ध भएर अगाडि बढ्नु भयो । हाम्रो पार्टीमा एकीकृत भइसकेपछि एकातिर त्यो हाम्रो निम्ति गौरवको विषय थियो भने अर्कोतिर हामीलाई अघि बढ्न त्यसले थप प्रेरणा प्रदान गरेको थियो । कम्युनिष्ट आन्दोलन र प्रजातान्त्रिक आन्दोलनका पुराना अनुभवहरू हामीले उहाँबाट प्राप्त गरेका थियौं । पुराना अनुभवका खजाना हुनुहुन्थ्यो, कमरेड तुलसीलाल अमात्य । र, युवा पुस्ताहरूलाई निरन्तर अगाडि वढाउनु पर्दछ, भन्ने उहाँको मान्यता थियो । उहाँमा महत्वाकांक्षी प्रवृत्ति पटक्कै थिएन । तेस्रो महाधिवेशनको महासचिव भइसकेको व्यक्तित्व अरुको मातहतमा बस्दिनँ भन्ने खालको धारणा उहाँले राख्नुभएन । यो उहाँको उचाई हो । यो उचाई सबैले प्राप्त गर्दैनन् ।



लेखक



उहाँको दृढ विश्वास थियो- सयकडा पन्चानब्बे प्रतिशत मानिसहरू सही बाटोमा आउँछन् । उनीहरू परिवर्तनको निम्ति गोलबन्द हुन्छन्, क्रान्तिको निम्ति तयार हुन्छन् ।

अहिले जब मान्छे पदको निम्ति मरिमेटिरहेका छन् यस्तो अवस्थामा उहाँको यो गुण र भावना हामी सबैको निम्ति थप प्रेरणाको विषय हो । उहाँले मानिसको विचारको रुपान्तरणमा जोड दिने गर्नुहुन्थ्यो । मानिसको चेतनामा रुपान्तरण नभएसम्म, परिवर्तन नभएसम्म, मानिसको ध्यान, धारणा र सोंच-विचारमा परिवर्तन नभएसम्म, उसले कुनै काम गर्नुपर्दछ भन्ने आवश्यकतालाई बोध नगरेसम्म र त्यसका सबै पक्षहरूलाई राम्ररी नबुझेसम्म जनता परिवर्तनका निम्ति अग्रसर हुँदैनन् । त्यसका निम्ति विचारधारात्मक र सैद्धान्तिक काममा जोड दिनुपर्दछ भन्ने उहाँको मान्यता थियो । उहाँको दृढ विश्वास थियो- पन्चानब्बे प्रतिशत मानिसहरू सही वाटोमा आउँछन् । उनीहरू परिवर्तनको निम्ति गोलबन्द हुन्छन्, क्रान्तिको निम्ति तयार हुन्छन् ।



सही कुरा त सबैले पत्याउनै पर्छ । साँचो कुरालाई सबैले मान्नै पर्छ । नमानेर सुख छैन । जब साँचो र सही कुरा जनताको हितमा छ भने जनताले त्यसलाई स्वीकार नगर्ने कुरै छैन । त्रुटि कहाँ छ ? हामी आफूमा नै छ भन्ने हामी बताउँदैनौं,





हामी सम्झाउँदैनौं, हामी सिकाउँदैनौं । र, म जस्तोसुकै मान्छेलाई पनि परिवर्तन गर्न सक्दछु भन्ने उहाँको आत्मविश्वासको पक्ष अत्यन्त प्रशंसनीय थियो । त्यसैले उहाँ जे सोच्नु हुन्थ्यो; त्यसमा अनवरत लाग्नु हुन्थ्यो । जहिले पनि नयाँ समाजको स्थापना गर्नैपर्छ भन्ने विचार र साम्राज्यवाद-सामन्तवाद विरोधी रुझानलाई सबै ठाउँमा व्याख्या-विश्लेषण गर्नु हुन्थ्यो । जबसम्म नयाँ समाजको स्थापना हुँदैन, तबसम्म पूरानो समाजका विकृति र विसंगतिहरू हट्न सक्दैनन् । पुरानो समाज बदलिनै पर्छ, नयाँ समाजको स्थापना गर्नै पर्छ भन्ने धारणामा प्रतिबद्ध हुँदा-हुँदै पनि उहाँमा केही लचिलोपना थियो । लचिलोपना भएको हुँनाले नै उहाँ सधैं उग्रवामपन्थी र जडसूत्रवादी विचारको घोर विरोधी रहनुभयो । हिंसाबाट नै सबै समस्याको समाधान हुन सक्दछ भन्ने हिंस्रक सोंच र आतंकवादी सोंचको उहाँ घोर विरोधी हुनुहुन्थ्यो । तर सदासर्वदा जनताको शक्तिमाथि विश्वास गर्नुहुन्थ्यो । मुट्ठीभर 'एक्लो वीरहरू'को शक्तिबाट केही हुन्छ भन्ने कुरामा उहाँको विश्वास थिएन । आज नेपाली वामपन्थी आन्दोलनमा उग्र वामपन्थी प्रवृत्तिले टाउको उठाउन खोजिरहेको छ । जडसूत्रवादीहरू मार्क्सवादको रट लगाएर विदेशको हु-बहु नक्कल गर्ने काम गर्दै हाम्रो आन्दोलनमा संकट खडा गर्न उद्यत छन् । त्यस्तो अवस्थामा कमरेड तुलसीलालले जुन अवधारणा राख्नुभयो, त्यो पनि मननयोग्य छ । तर उहाँ विसर्जनवादी र र आत्मसमर्पणवादी प्रवृत्तिको पनि विरोधी हुनुहुन्थ्यो । बर्जुवाहरूको पुच्छर हुने प्रवृत्तिको पनि विरोधी हुनुहुन्थ्यो र सबैलाई समेट्ने नाममा वर्ग दृष्टिकोण त्याग्ने कुराको कडा विरोध गर्नुहुन्थ्यो । वर्ग दृष्टिकोणको



नाममा एक्लो वीर बन्ने र सबैलाइ शत्रु घोषित गर्दै संकीर्ण ढंगवाट चल्ने प्रवृत्तिको पनि विरोधी हुनुहुन्थ्यो । अर्थात्, कमरेड तुलसीलाल मार्क्सवादी सोंचलाई हाम्रो देशको ठोस व्यवहारमा, यहाँको वस्तुगत अवस्था अनुरुप लागू गर्नुपर्दछ भन्ने मान्यताको पक्षधर हुनुहुन्थ्यो । त्यसो हुनाले पनि उहाँको निधन हाम्रो लागि ठूलो क्षति हो । आगामी दिनहरूमा उहाँको अभाव खड्किरहने छ । उहाँ जस्तो परिपक्व व्यक्तित्व अब हामीले पाउँदैनौं । हाम्रो पार्टीका लागि उहाँ अभिभावक जस्तै हुनुहुन्थ्यो ।

कतिपय संकटको घडीमा कमरेड तुलसीलाल अमात्यले अत्यन्तै महत्वपूर्ण भूमिका खेल्नु भएको छ । त्यो भूमिकालाई हामी सबैले उच्च मूल्यांकन गर्नु पर्दछ । त्यो उहाँको आफ्नै लामो अनुभव हो । झण्डै पचपन्न-साठी वर्षको अनुभवको प्रतिविम्व थियो त्यो । कम्युनिष्ट पार्टीलाई टुक्र्याउनु हुन्न, विभाजनबाट यसले धेरै नोक्सानी भोगिसकेको छ, धेरै अप्ठ्याराहरूको सामना गरिसकेको छ, त्यसो हुनाले अब फेरि विखण्डन र विभाजन गर्ने हो भने जनताले दुःख पाउँछन् । आन्दोलनलाई धोका हुन्छ भन्ने उहाँको धारणा थियो । उहाँ पार्टी-एकताको हिमायती हुनुहुन्थ्यो । तर, पार्टी एकताको आधार सिद्धान्त, विचार र क्रान्तिकारी कार्यशैली नै हो भन्ने उहाँको मान्यता थियो । त्यसो हुनाले उहाँ आफू जे भन्नुहुन्थ्यो- आफ्नो जीवनमा त्यही लागू गर्न कठिन साधना पनि गर्नुहुन्थ्यो ।

म जस्तोसुकै मान्छेलाई पनि परिवर्तन गर्न सक्दछु भन्ने उहाँको आत्मविश्वासको पक्ष अत्यन्त प्रशंसनीय थियो । त्यसैले उहाँ जे सोच्नु हुन्थ्यो त्यसमा अनवरत लाग्नु हुन्थ्यो । जहिले पनि नयाँ समाजको स्थापना गर्नैपर्छ भन्ने विचार र साम्राज्यवाद-सामन्तवाद विरोधी रूझानलाई सबै ठाउँमा व्याख्या-विश्लेषण गर्नु हुन्थ्यो ।



उहांका यी राम्रा पक्षलाई हामीले सधैंभरि पछ्याउनै पर्छ ।


०४७ सालमा हामीले पार्टी एकताको लागि वार्ता गरिरहेका थियौं । त्यतिखेर हाम्रो नेकपा (मार्क्सवादी)लगायत ४ वटा समूहसँग कुरा भइरहेको थियो । एकै चोटि चार वटा समूहलाई एकीकृत गर्ने प्रक्रियालाई हामीले अघि बढाएका थियौं । नेकपा (माले), नेकपा (मार्क्सवादी), नेमकिपा र नेकपा (अमात्य)- यी चारवटा समूहका बीचमा वार्ता गर्ने जिम्मेवारी पार्टीले मलाई सुम्पेको थियो । त्यतिखेर, तुलसीलाल कमरेडसित दुई-तीन चरणमा कुराकानी भयो । र, उहाँले एकताको कुरा व्यापक रुपमा गर्नुभयो । तर नारायणमान विजुक्छें चाहिं एकता हुनुहुँदैन भन्ने पक्षमा हुनुहुँदो रहेछ । कमरेड तुलसीलालले पार्टी एकतालाई साकार पार्नका लागि कमरेड रोहितलाई संफाउने प्रयत्न गर्नुभयो । कारणवश उहाँहरूसँगको एकता वार्ता अगाडि बढ्न सकेन ।

रौतहटमा इनरवारी भन्ने एउटा गाउँ छ । त्यो नेपाल कम्युनिष्ट पार्टीको एक समयको केन्द्र थियो । त्यहाँ अहिले पनि एउटा घर छ, जुन घर ००७/००८ सालताका कम्युनिष्ट पार्टीले बनाएको थियो । त्यही घरमा जुनसुकै कम्युनिष्ट पार्टी वा समूहका मान्छे जान्थे । एकपटक कमरेड तुलसीलाल अमात्य त्यही घरमा जानुभएको रहेछ । हामी पनि त्यहाँ पुग्यौं । उहाँ आफ्नो समूहका साथीहरूसँग पुग्नुभएको थियो । हामी पनि पार्टीका साथीहरू मोदनाथ प्रश्रित, मोहनचन्द्र अधिकारीसहित पुगेका थियौं । त्यहाँ किसानहरूले हामी दुवैलाई एकै ठाउँमा राखेर वार्ता गर्नुपर्छ भनेर दवाव दिए । हामीले पहिलो चरणको कुरा त्यहीं गर्‍यौं । त्यसपछि गौरको आमसभामा बोल्न उहाँलाई निम्तो दियौं । गाडामा सँगसँगै बसेर बाटोभरि पार्टी एकताको कुरा गरिरह्यौं । र, एउटा सहमतिमा पुग्यौं, फलस्वरुप पार्टी एकता भयो ।



*उहाँ आफ्नो समूहका साथीहरूसँग पुग्नुभएको थियो । हामी पनि पार्टीका साथीहरू मोदनाथ प्रश्रित, मोहनचन्द्र अधिकारीसहित पुगेका थियौं । त्यहाँ किसानहरूले हामी दुवैलाई एकै ठाउँमा राखेर वार्ता गर्नुपर्छ भनेर दवाव दिए । हामीले पहिलो चरणको कुरा त्यहीं गर्‍यौं । त्यसपछि गौरको आमसभामा बोल्न उहाँलाई निम्तो दियौं । गाडामा सँगसँगै बसेर बाटोभरि पार्टी एकताको कुरा गरिरह्यौं । र, एउटा सहमतिमा पुग्यौं, फलस्वरूप पार्टी एकता भयो ।*

पार्टी एकता भइसकेपछि उहाँको पाको उमेर र व्यक्तित्वलाई हेरेर के कस्तो जिम्मेवारी दिने भन्ने कुरा उठ्यो । उहाँ रौतहटको चुनावमा पराजित हुनुभयो । उहाँको पुरानो इतिहासलाई हेरेर पार्टीले पनि विचार गर्‍यो र



रौतहटका किसान नेता गेहेन्ना पट्टेलसँग अमात्य







समाजवादी चीनको राजदूत हुन उहाँ पनि इच्छुक रहनुभयो । चीनमा राजदूत रहँदा पनि उहाँले चीन र नेपालको आर्थिक सम्बन्धलाई बलियो बनाउनका लागि निरन्तर प्रयास गर्नुभयो । चिनियाँ कम्पनीहरूलाई नेपालका विविध क्षेत्रमा लगानी गर्न प्रेरित गर्नुभयो । त्यतिखेर, म परराष्ट्रमन्त्रीसमेत थिएँ । उहाँले थुप्रै चिठीहरू पठाउनु भयो । ती चिठीहरूमा चीनले नेपालको विकासप्रति देखाएको चासोका बारेमा उल्लेख गरिएको हुन्थ्यो । उहाँले वारम्वार नेपालको आर्थिक विकास र उन्नतिको निम्ति पहल गरिरहनुभयो ।

नेपालका जडसूत्रवादीहरू, उग्रवामपन्थीहरू चीनमा समाजवाद खत्तम भयो । भन्ठान्दछन् । साम्राज्यवादीहरूले गरिरहेको षडयन्त्रलाई आँखा चिम्लन खोज्छन् । तर उहाँ समाजवादी चीनको समृद्धि र सफलताको पक्षधर हुनुहुन्थ्यो । उहाँमा विश्व समाजवादी आन्दोलन र कम्युनिष्ट आन्दोलनलाई हामीले टेवा पुऱ्याउनु पर्छ भन्ने मान्यता थियो । यस अर्थमा उहाँमा अन्तर्राष्ट्रवादी भावना रहेको देखिन्छ ।

कमरेड तुलसीलालको अर्को परिचय भनेको किसान नेताको रुपमा छ । अहिले पनि किसानहरूले नेपालका कम्युनिष्टहरूमध्ये अरु धेरैलाई चिन्दैनन् । तर कमरेड तुलसीलाललाई सम्मान गर्छन्, किनभने उहाँ अखिल नेपाल किसान संघको अध्यक्ष पनि हुनुभयो । रौतहट र बारालगायतका जिल्लाहरूमा उहाँले किसान आन्दोलनलाई संगठित गर्नुभयो । मुख्य रुपले रौटहटलाई आफ्नो कर्मभूमि बनाएर किसानहरूलाई संगठित गर्नुभयो । रौतहट जिल्लामा उहाँले गर्नुभएको कामलाई ध्यानमा राखेर हामीले ०४८ सालको आम निर्वाचनमा- जतिबेला उहाँ हाम्रो पार्टीमा हुनुहुन्थ्यो, तैपनि उहाँको निम्ति कुनै एउटा क्षेत्र तयार भएका थियौं । ०५१ को निर्वाचनमा उहाँलाई पार्टीले रौतहट जिल्लाबाट उम्मेदवार बनायो, किनभने रौतहटका किसानहरूबीच उहाँ सुपरिचित हुनुहुन्थ्यो ।

उहाँका निधनपश्चात् रौतहटबाट बूढा, पुराना र पाका व्यक्तिहरू उहाँलाई अन्तिम श्रद्धाञ्जलि दिन काठमाडौंआउनुभयो । आउन नसक्नेहरूले लेखेर, खबर पठाएर श्रद्धाञ्जलि व्यक्त गर्नुभयो । रौतहटका वस्तीहरूमा उहाँ किसानहरूको प्यारो नेताका रुपमा आदरणीय हुनुहुन्छ । पछि पनि किसान आन्दोलन किन व्यापक भएन भन्ने कुरामा उहाँ चिन्तित हुनुहुन्थ्यो । ०११ देखि ०१४ सालको गतिमा किसान आन्दोलनलाई अगाडि बढाउनुपर्छ भन्ने उहाँको मान्यता थियो । जबसम्म पुरानो उत्पादन सम्बन्धमा परिवर्तन हुँदैन, जग्गाको मालिक किसानलाई बनाईँदैन; तबसम्म कृषि क्षेत्रमा आमूल परिवर्तन हुन सक्दैन र उत्पादनमा वृद्धि हुन सक्दैन भन्ने कुरामा उहाँको विश्वास थियो । तसर्थ किसान आन्दोलनले उहाँको निधनबाट एउटा योद्धा गुमाएको छ ।

उहाँको निधनबाट पार्टीले आफ्ना वरिष्ठ नेता र अग्रज कम्युनिष्ट योद्धा गुमाएको छ । देशले अग्रज राजनीतिज्ञ गुमाएको छ । हामीले उहाँका राम्रा कुराहरूबाट सिक्ने अभियान संचालन गर्नुपर्दछ । हाम्रो पार्टीमा देखापरेको विभिन्न निम्न पूँजीवादी, व्यक्तिवादी प्रवृत्ति छन्, अनुशासनहीनता, अराजकता र गुटबन्दी तथा जिम्मेवारी पालना नगर्ने प्रवृत्तिहरू व्याप्त छन् । यी प्रवृत्तिबाट पार्टीलाई मुक्त गर्न सक्यौं, पार्टीलाई सुदृढ बनाउन सक्यौं, शुद्ध बनाउन सक्यौं, आउने दिनको चुनौतीको सामना गर्दै जनताको विश्वास अझै हासिल गर्न सक्यौं र नेपालको राजनीतिमा नेकपा (एमाले)को वर्चस्व र हैसियतलाई बढाउन सक्यौं भने यही नै कमरेड तुलसीलालप्रतिको सच्चा र हार्दिक श्रद्धाञ्जलि हुनसक्छ । ❑

# म जंगिएर हिंडें

**चित्रबहादुर के.सी.**



तेस्रो महाधिवेशनमा मलाई भाग लिन जान अनुकुल परेन । तर तेस्रो महाधिवेशनले कमरेड तुलसीलाल अमात्यलाई नेपाल कम्युनिष्ट पार्टीको महामन्त्री चुनेको कुरा थाहा पाएँ । ०२२ सालतिर उहाँसँग भेट्न गएको थिएँ । त्यतिबेला हामीले भर्खर बाग्लुङ जिल्ला कमिटी गठन गरेका थियौं । र, जिल्ला कमिटीका सबै प्रतिवेदन पेश गरिसकेपछि पार्टीले त्यसलाई आधिकारिक मान्यता दिएको थियो । यो कुरा मलाई भर्खरै हो जस्तो लाग्दछ ।

नेपालको कम्युनिष्ट आन्दोलनका विभिन्न पिंढीका नेताहरूसँग मैले व्यक्तिगत रुपमा संगत गरेको छु । तीमध्ये तुलसीलालजीसँग त झण्डै तीन महिनासम्म सँगै बसेको थिएँ । सँगै बस्दा मैले उहाँलाई पार्टी, क्रान्ति र विशेष गरी बहुसंख्यक शोषित-पीडित जनताको पक्षमा निरन्तर लड्नुपर्छ भनी त्यसैको लागि चिन्तन गरेको पाएँ । जसको कारणबाट म अत्यन्तै प्रभावित भएँ । मानिसहरूका विभिन्न कमी-कमजोरीहरू हुन्छन् । उहाँसँग हाम्रो सैद्धान्तिक, राजनैतिक मतभेद त पछि मात्र भयो । तर पहिले उहाँमा बढी सिधा-साधापन, बढी भोलेभालापन थियो । त्यसले गर्दा महामन्त्री भएको बेलामा पनि कैयौं टपरटुइयाँ मान्छेहरूले उहाँलाई खेलौनासमेत बनाए । उहाँको इमान्दारिता, सिधासाधापन र भोलेभालापनबाट फाइदा उठाइ अरु कैयौं टपरटुईया मान्छेहरूले उहाँलाई उपयोग गरे । उहाँले त्यो कुरा बेलैमा बुझ्न सक्नुभएन । हामीले कैयौं पटक उहाँलाई सरसल्लाह दियौं । तर केही लागेन ।

०२३ सालमा सर्लाहीमा भूमिगत रुपमा किसानहरूको जिल्ला सम्मेलन भएको थियो । त्यो सम्मेलनमा मैले पनि भाग लिएँ । सर्लाही जिल्लाबाट आएका आम शोषित-पीडित किसानहरूको उहाँप्रति रहेको आकर्षण र कटिबद्धताबाट म निकै प्रभावित भएको थिएँ । खास गरेर पुराना पिंढीका नेताहरूमध्ये उहाँलाई मैले एउटा इमान्दार, पार्टी र क्रान्तिप्रति निरन्तर लागिरहने नेताको रुपमा सम्मान गर्दछु ।

०२४ सालतिर रुस र चीनको बीचमा मतभेद शुरु भयो । त्यो मतभेदको बेलामा मैले उहाँसँग प्रश्न राख्दै भनें 'यो रुस चीनबीचको सैद्धान्तिक मतभेद के हो ?' यसमा उहाँले अहिले हामी स्पष्टतः तटस्थ बस्नुपर्दछ । रुस र चीनको विवादको कुरा गरेर नेपालको क्रान्तिलाई फाइदा हुँदैन भन्ने कुरा राख्नुभयो । उहाँको त्यस्तो धारणासँग म असहमत रहें । सिद्धान्त जस्तो प्रश्नमा यसरी तटस्थ बस्नु भनेको राम्रो होइन । अवसरवाद हो, गलत कुरा हो भनें । त्यो कुरा हामी दुईजनाबीच दरभङ्गामा भएको हो ।

रुस र चीनको विवादकै सन्दर्भमा धेरै दिनपछि मैले फेरि उहाँसँग कुरा गरें । उहाँ र म मात्र बसेर त्यो विवादको विषयमा कुराकानी भयो । तर उहाँले तटस्थ नै बस्नुपर्दछ भन्नुभयो । मलाई चाहिं त्यस्तो धारणा चित्त बुझेन । त्यतिखेर ममा अलिक बढी जोश थियो । यसरी सिद्धान्त जस्तो विषयमा पनि तपाईंले तटस्थ बस्नुपर्छ भन्ने हो भने तपाईं अवसरवादी हो; यो तपाईंको गलत कुरा हो भन्दै उहाँलाई धम्क्याएँ । र, त्यहाँबाट हिंडें । मसँग त्यसबखत् बाटो खर्च पनि थिएन । त्यतिकै झोक्किएर काठमाडौंतर्फ लाग्न म स्टेशनमा पुगेको थिएँ । पछि उहाँले द्रव्यमान भन्ने साथीलाई मेरो खोजी गर्न पठाउनु भएछ । द्रव्यमान भन्ने एकजना पाको मान्छे त्यहाँ हुनुहुन्थ्यो । अहिले उहाँ हुनुहुन्छ वा हुनुहुन्न मलाई थाहा छैन । तुलसीलालले उहाँसँग 'के.सी. विवाद हुँदाहुँदै झोक्किएर जानुभयो । यहाँ बस्दाखेरि हामीले दैनिक एक एक रुपैयाँ दिएर मेशमा खाने गर्थ्यौं । उहाँसँग बाटोखर्च पनि छैन' भनेर भारतीय









रुपैयाँ दिई स्टेशनमा पठाउनु भएको रहेछ । तर 'सकभर के.सी.ले मान्नुभयो भने फकाएर ल्याउनु, थप कुराकानी गर्नुपर्नेछ । यदि उहाँ धेरै रिसाएर जानु नै भयो र मान्दै मान्नुभएन भने यो ३० रुपैयाँ बाटोखर्च दिनु' भन्नुभएको रहेछ । तर म फेरि फर्किनँ । द्रव्यमानले मलाई त्यो बाटो खर्च दिनुभयो । र, त्यही खर्च लिएर म काठमाडौंतिर लागें । त्यो घटनाबाट मैले महसूस गरें-राजनीतिमा लागेको, पुरानो र अलिक खारिएको मान्छेले नयाँ कार्यकर्ताहरूसँग कस्तो व्यवहार गर्नुपर्छ भन्ने कुरा उहाँलाई राम्ररी थाहा थियो । नयाँ कार्यकर्ताहरू जोश निकाल्दछन् र रिसाएर हिंड्छन् भन्ने कुरा बुझेको हुनाले र तुलसीलालजी पनि एकजना पुरानो खारिएको नेता हुनुभएकोले बाटोखर्च दिएर मलाई यता पठाउनुभएको हो भन्ने मलाई लाग्यो । पछि पनि उहाँसँग भेट हुँदा मैले त्यो कुरा सम्झना गराइ हाँसोठट्टा गर्यौं । त्यो घटना मलाई अहिले पनि झल्झली सम्झना भइरहेको छ ।

उहाँ र मेराबीचमा राजनैतिक र सैद्धान्तिक रुपले मतभेद शुरु भयो । हामीहरू बेग्ला-बेग्लै भयौं । तर बेग्लाबेग्लै भएता पनि वास्तवमा उहाँले आजीवन मुलुक र जनताको लागि जुन संघर्ष गर्नुभयो, जुन लडाइँ लड्नुभयो, जुन इमान्दारिता र लगनशीलताका साथ जनताको पक्षमा काम गर्नुभयो- ती सबै कुराको म प्रशंसा गर्दछु ।

जीवनको अन्त्यतिर भने मैले आशा गरेको स्तरमा उहाँ रहन सक्नुभएन । पहिले सैद्धान्तिक रुपमा आएको विचलनमा उहाँ रुस पक्षधर भएर जानुभयो । त्यस सम्बन्धमा पनि हाम्रो मतभेद छँदै थियो । ०४६ सालको जनआन्दोलनपछि उहाँले राजतन्त्रको पक्षमा जुन विचार प्रकट गर्नुभयो, त्यसबाट म ज्यादै अचम्मित भएँ । मैले संगत गर्दाखेरी जिन्दगीभर उहाँ नेपालको सामन्तवाद र राजतन्त्रको विरोधमा हुनुहुन्थ्यो । हामीलाई राजतन्त्रको विरोध गर्न प्रशिक्षण दिनुहुन्थ्यो, पढाउनु हुन्थ्यो । नेपालमा गणतन्त्र स्थापना हुनुपर्दछ भनेर हामीलाई सिकाउने उहाँ नै हो । तर

*उहाँले द्रव्यमान भन्ने साथीलाई मेरो खोजी गर्न पठाउनु भएछ । द्रव्यमान भन्ने एकजना पाको मान्छे त्यहाँ हुनुहुन्थ्यो । अहिले उहाँ हुनुहुन्छ वा हुनुहुन्न मलाई थाहा छैन । तुलसीलालले उहाँसँग 'के.सी. विवाद हुँदाहुँदै झोक्किएर जानुभयो । यहाँ बस्दाखेरि हामीले दैनिक एक एक रूपैयाँ दिएर मेशमा खाने गर्थ्यौं । उहाँसँग बाटोखर्च पनि छैन' भनेर भारतीय ३० रूपैयाँ दिई स्टेशनमा पठाउनु भएको रहेछ । तर 'सकभर के.सी.ले मान्नुभयो भने फकाएर ल्याउनु, थप कुराकानी गर्नुपर्नेछ । यदि उहाँ धेरै रिसाएर जानु नै भयो र मान्दै मान्नुभएन भने यो ३० रूपैयाँ बाटोखर्च दिनु' भन्नुभएको रहेछ तर म फेरि फर्किनँ द्रव्यमानले मलाई त्यो बाटो खर्च दिनुभयो । र, त्यही खर्च लिएर म काठमाडौंतिर लागें ।*



लेखक

जीवनको अन्त्यतिर अर्थात् मृत्युशैय्यामा पुगिसकेपछि उहाँले म सधैं राजतन्त्रको पक्षमा थिए र सधैं राजतन्त्र मानेको छु भन्ने किसिमको विचार सार्वजनिक गर्नुभयो । मलाई लाग्छ, यस्ता कुराहरू उहाँलाई पार्टीको तर्फबाट भन्न बाध्य गराइएको थियो । त्यो सम्बन्धमा भने म उहाँसँग सहमत हुन सक्दिनँ ।

पार्टी फुटेपछि पनि बेलाबखत हाम्रो भेटघाट भइरह्यो । भेटघाटमा सन्चो-बिसन्चोका बारेमा कुराकानी हुन्थ्यो । तर त्यति बढी संगत भने भएन । तैपनि नयाँ दिल्लीतिर जानुहुँदा मैले बेला-बेलामा उहाँलाई भेट्ने गर्दथें ।

०४६ सालको जनआन्दोलनमा उहाँहरू वाममोर्चा बनाएर अगाडि आउनुभयो । हामीले संयुक्त राष्ट्रिय जनआन्दोलन गठन गऱ्यौं । त्यो आन्दोलन बीचमा पुगेर संझौतामा टुंगियो । अधुरो नै रह्यो । हाम्रो सोचाइ थियो, वाममोर्चामा अरु पनि कतिपय घटक छन्, जो पंचायती व्यवस्था फाल्ने क्रममा एक-आपसमा मद्दत गर्ने, सहयोग र समर्थन गर्ने काम गर्ने छन् । पंचायती व्यवस्था विरोधी आन्दोलनमा पहिलो दिन नै झण्डा बोकेर उहाँ सडकमा उत्रिनुभयो । उहाँको त्यो साहस र इमान्दारिता धेरै सऱ्हानीय छ । पञ्चायती व्यवस्थाको विरोधमा मात्र होइन, सामन्तवाद विरोधी आन्दोलनमा नै उहाँको धेरै लामो इतिहास छ । ००८-००९ सालदेखिकै उहाँको इतिहास छ । संघर्षबाट कहिल्यै पनि नभाग्ने र सकेसम्म अगाडि रहेर नेतृत्व प्रदान गर्ने काम उहाँले गर्नुभयो । अझ राजनीतिलाई नै पेशा बनाएर त्यसबाट व्यक्तिगत लाभ होइन, जनताको मुक्तिका लागि उहाँले धेरै लामो समयसम्म चिन्तन गर्नुभयो । त्यसको प्रभाव ममाथि पनि परेको छ । त्यतिबेला बनारसमा नेपाल कम्युनिष्ट पार्टीको कार्यालय थियो । लुकिछिपी जिल्ला-जिल्लाबाट उहाँहरूलाई भेट्न, नीति निर्देशन लिन कार्यकर्ताहरू त्यहाँ जान्थे । बारम्बार सम्पर्क हुन्थ्यो । त्यसै क्रममा मैले पनि ०२२ सालको असोज महिनामा

बनारसस्थित पार्टी कार्यालयमा उहाँलाई भेटेर कुराकानी गरेको थिएँ ।

तर मैले तुलसीलालजीलाई ०१४-०१५ सालतिर काठमाडौंको वसन्तपुरस्थित नेपाल कम्युनिष्ट पार्टीको कार्यालयमा पहिलो चोटि भेटेको हुँ । गण्डक विरोधी आन्दोलनको उहाँले नै नेतृत्व गर्नुभयो । सडकमा उत्रिनुभयो । हामी उहाँहरूको आह्वान अनुसार त्यतिबेलाको विद्यार्थी आन्दोलनमा निकै सक्रिय रह्यौं । मलाई लाग्छ, काठमाडौं उपत्यका र पाटनमा वाम आन्दोलनको जुन पकड छ- त्यो उहाँहरूकै देन हो । अझ काठमाडौंमा पी.एल. र पाटनमा टी.एल.कै देन हो । पञ्चायती व्यवस्था लागू हुनुभन्दा पहिला पनि काठमाडौंमा वाम प्रभाव धेरै राम्रो थियो । त्यो प्रभावको मुख्य श्रेय उहाँहरूलाई नै जान्छ ।

तुलसीलालजी चीनबाट फर्केपछि मैले उहाँलाई भेटन पाइनँ । यसमा मलाई अफसोच छ । त्यो अवधिमा म प्रायःजसो उपत्यका बाहिर नै रहें । त्यति गंभीर बिरामी हुनुहुन्छ भन्ने समेत मलाई थाहा भएन । उहाँको निधन हुँदा पनि म यहाँ थिइनँ, जिल्लातिर नै थिएँ । मैले त्यो खबर काठमाडौं बाहिर नै सुनें । एउटा पुरानो क्रान्तिकारी व्यक्तित्वको अवसान भयो । हाम्रो पार्टीले शोक-सन्देश दिन पार्टी-प्रवक्तालाई पठायो ।

खासगरी किसान आन्दोलनमा उहाँको देन अतुलनीय छ । अहिले विभिन्न अवसरवादीहरूले रौतहट, बारा र पर्सातिर किसानहरूबीच रहेर त्यही देनको ब्याज खाइरहेका छन् । ००९-०१० सालतिर त्यहाँका किसानहरूको बीचमा पुगेर, उनीहरूकै बीचमा बसेर र किसानहरूको छाप्रो-छाप्रो चहारेर किसानहरूलाई संगठित गर्ने, आन्दोलित गर्ने किसान आन्दोलनलाई अगाडि बढाउने काम उहाँले नै गर्नु भएको हो । यसमा उहाँको ठूलो देन रहेको छ । किसान आन्दोलनलाई उठाउन उहाँको ठूलो योगदान छ । त्यसबाट म आफू पनि प्रभावित छु । अहिले नेपालको ठूलो संख्याका किसानहरू गाउँ र मधेशमा बस्दछन् । किसानहरूलाई संगठित नगर्ने हो भने अहिले पनि क्रान्तिकारी कम्युनिष्ट आन्दोलन उठ्न सक्दैन । त्यसकारणले कमरेड तुलसीलालले किसानहरूको बीचमा जसरी काम गर्नुभयो, आन्दोलित गराउनुभयो, शिक्षित पार्नुभयो- त्यसबाट सबै क्रान्तिकारीहरूले पाठ सिक्न सक्नुपर्छ । र, उहाँको उच्च मूल्यांकन गर्नुपर्छ । मैले बुझेसम्म विद्वताका हिसावले टी.एल. भन्दा पी.एल. धेरै अगाडि हुनुहुन्थ्यो । तर टी.एल.को जुन शैक्षिक योग्यता हो, त्यसको ठीक विपरित उहाँ सर्वसाधारण जनताकाबीच सांगठनिक काम गर्न र सर्वसाधारण किसान, मजदूरको बीचमा घुलमिल हुन रुचाउनुहुन्थ्यो । खासगरी, सांगठनिक काममा उहाँको बढी रुचि र विशेषता गाँसिएको थियो ।

हामीले उहाँबाट सिक्नुपर्ने कुरा धेरै छन् । यो मुलुकमा आमूल परिवर्तनका लागि एउटा मौसममा राजनीति गर्ने र राजनीतिलाई मागीखाने भाँडो बनाउने अनि आफ्नो व्यक्तिगत लाभ तथा महत्वाकांक्षाहरू पूरा गर्नको लागि राजनीति गरेर हिंड्ने जुन डरलाग्दो रोग छ- त्यसको विरोधमा सबैले लड्नुपर्दछ । र, तुलसीलालजी जस्तै सिद्धान्त, मुलुक र जनताको लागि अथक रुपमा संघर्षमा लागिरहनु पर्दछ भन्ने मलाई लाग्दछ ।



०१५ सालको संसदीय प्रमण्डल नयाँदिल्ली जाँदा सांसद् तुलसीलाल अमात्य





# उहाँ यसरी महामन्त्री बन्नुभयो



नेपालको पहिलो संसदीय चुनावमा विजयी हुँदाको अवस्थामा तु. अमात्य

## भरतमोहन अधिकारी

कमरेड तुलसीलाल अमात्य बित्नुभयो । उहाँले आधा शताब्दी भन्दा बढी समयसम्म नेपाली जनताको मुक्ति आन्दोलन, प्रजातन्त्रको बहाली गर्ने आन्दोलन, खासगरी राणाशाही र निरंकुश पंचायती व्यवस्था विरोधी आन्दोलनमा अग्रणी भूमिका निर्वाह गर्नुभयो । आज उहाँ हामीबीच हुनुहुन्न ।

मैले उहाँलाई शायद ०१०/०११ सालदेखि फाट्टफुट्ट देख्न शुरु गरेको हुँ । जब म काठमाडौं आएँ । त्यो बेला विद्यार्थीहरूको केन्द्रीय प्रयाक्सनको म सचिव भएँ । त्यसबेला पार्टीको मुखपत्र नवयुग निस्किन्थ्यो । नवयुगको सम्पादक हरेक महिनामा एक-एक जना पोलिटव्युरो सदस्य रहने व्यवस्था थियो । तर आन्तरिक सम्पादक मण्डलमा म पनि थिएँ । तुलसीलाल कमरेड त्यसबखत पार्टीको पोलिटव्युरो सदस्य हुनुहुन्थ्यो । त्यस हैसियतले मैले नवयुगको सम्पादन कार्यको सिलसिलामा झण्डै ८।१० महिनाभन्दा बढी समय उहाँसँग बसेर काम गर्ने मौका पाएँ, उहाँको स्वभाव, बानी-व्यहोरा बुझ्ने मौका पाएँ । ०१५ सालमा उहाँ सांसद हुनुभयो । सदनमा मैले उहाँको भूमिका हेर्न पाएं । पहिलो कम्युनिष्ट प्रतिनिधिका रुपमा उहाँले सदनमा राख्नुभएका विचारहरूबारे जान्ने र बुझ्ने मौका पाएं । त्यसैबखत मैले उहाँलाई असाध्यै इमान्दार, लगनशील, अलिकति पनि छलकपट नभएको बहुत साधारण व्यक्तित्व र साधारण जीवनशैली रुचाउने, कहिल्यै ठूलो हुन नखोज्ने, तर आफ्नो कुरामा दृढतापूर्वक उभिने व्यक्तित्व हुनु हुँदोरहेछ भन्ने बुझ्न सकें । आजभन्दा ३८।३९ वर्षअघि उहाँबाट हामीहरूलाई प्राप्त हुने स्नेह र समान स्तरको व्यवहार मैले आज पनि संभिरहेको छु ।



देशमा ०१७ सालको काण्ड घट्यो । त्यतिबेला कमरेड तुलसीलालहरू मस्कोमा भएको अन्तर्राष्ट्रिय कम्युनिष्ट सम्मेलनमा भाग लिन जानुभएको थियो । देशभित्र नेताहरू पक्राउ परे, पार्टी प्रतिबन्धित भयो । उहाँ पनि रुसबाट फर्कंदा नेपाल भित्रिनु भएन । हामीमा पनि छटपटाहट भयो । अब के गर्ने ? भन्ने अन्यौलता बढ्यो । मैले त्यतिबेला अर्थशास्त्रमा एम.ए. र कानूनमा स्नातक पढ्दै थिए । रायमाझी समूहले कम्युनिष्ट आन्दोलनप्रति गद्दारी गर्दै राजा महेन्द्रको कदमलाई प्रत्यक्ष-अप्रत्यक्षरुपमा सहयोग पुऱ्यायो । खासगरी काठमाडौं-कोदारी राजमार्ग बन्ने घोषणा भएकोमा त्यसैलाई निहुँ बनाएर डा. रायमाझीले ०१७ सालको काण्डलाई खुल्ला समर्थन गर्ने प्रवृत्ति अख्तियार गर्नुभयो । हामीलाई लाग्यो- रायामाझीको कदम मार्क्सवाद-लेनिनवादप्रतिको गद्दारी हो । नेपाली जनता र प्रजातन्त्रप्रति गरेको गद्दारी हो ।

त्यसपछि म पनि आफ्नो क्षेत्रतर्फ लागें । पूर्वाञ्चलमा पूर्वकोशी पार्टीले कुनै काम गर्न सक्ने अवस्था थिएन । त्यसका प्रायः नेताहरू





रायमाझीको पक्षमा लाग्न तयार थिए । त्यस्तो अप्ठेरोबाट हामीहरूले पूर्व कोशी पार्टीलाई पुनर्जीवन दिन थाल्यौं । त्यतिबेला कमरेड तुलसीलाल भारत प्रवासमा रहन थाल्नुभएको थियो । उहाँबाट हामीले प्रेरणा पाइरहयौं । मनमोहन अधिकारी जेलमा हुनुहुन्थ्यो । कमरेड पुष्पलालले भूमिगतरुपमा काठमाडौंमा रही उत्तर-गण्डक प्रान्तीय पार्टीलाई संचालन गरिरहनुभएको थियो । रायमाझीले गद्दारीको बाटो समातिसक्नु भएको थियो । हामीले नक्सलवारीमा बैठक गरी पूर्व कोशी पार्टीलाई पुनर्जीवन दिने पहल गर्‍यौं । जसमा तुलसीलाल अमात्य पनि उपस्थित हुनुहुन्थ्यो । उहाँकै प्रेरणा, सुझाव र नेतृत्वदायी पहलमा पूर्वकोशी पार्टी पुनर्जीवित भयो । र, म त्यसको सचिव भएँ । अनि उहाँ र हाम्रो बीचमा सम्बन्ध धेरै घनिष्ट हुँदै गयो । निरंकुश पञ्चायती व्यवस्थाको विरुद्ध खुल्लारुपमा उभिनुपर्छ भन्ने हामी दुवैको अडान रहयो । त्यसपछि पूर्वकोशी पार्टीमा जस्तै यो विचार देशभर फैलाउने, मार्क्सवाद-लेनिनवादको झण्डा उचो राख्ने, निरंकुश व्यवस्थाको विरुद्धमा कम्युनिष्ट पार्टीलाई उभ्याउने र प्रजातन्त्रको स्थापना तथा नागरिक अधिकारको बहाली र पार्टी स्वतन्त्रताको लागि संगठित हुन चाहनेहरू सबैलाई समेट्ने नीति अनुरुप हामी दरभंगा पुग्यौं । त्यहाँ पश्चिम कोशीका साथीहरूलाई जम्मा गरी संगठित गर्‍यौं । यो क्रम अगाडि बढ्दै गयो । यसबाट हामीहरूले देखायौं कि नेतृत्व तहका मान्छेले गद्दारी गरे पनि कम्युनिष्ट पार्टीका सदस्य र कार्यकर्ताहरूमा आन्दोलनप्रति अगाध विश्वास रहेको अवस्थामा पार्टीलाई नयाँ जीवन दिन सकिन्छ । यस्तै क्रममा हामीले एउटा अगाध विश्वास रहेको अवस्थामा पार्टीलाई नयाँ जीवन दिन सकिन्छ। यस्तै क्रममा हामीले एउटा महाधिवेशन नै गर्नुपर्छ भन्ने विचार गर्‍यौं । तर महाधिवेशन कसरी गर्ने ? भन्ने समस्या थियो । किनभने केन्द्रीय कमिटीको बहुमत रायमाझीसँग थियो । रायमाझीको समूह महाधिवेशन गर्ने पक्षमा थिएन । रायमाझी पंचायतको अप्रत्यक्ष समर्थनमा उभिसकेका र हामी त्यसको खुल्ला विरोधमा उत्रिसकेको हुनाले दुवै मत एकै ठाउँमा बस्न सक्ने अवस्था पनि थिएन । त्यसै बखतमा हाम्रो भारतीय कम्युनिष्ट पार्टीका नेताहरूसँग सम्पर्क भयो । उहाँहरूले हामीलाई नयाँ बाटो देखाउनु भयो । केन्द्रीय कमिटीले पार्टी महाधिवेशन नबोलाएमा जिल्ला स्तरका कार्यकर्ताहरूको समूहले पार्टी महाधिवेशन बोलाउन पाउने प्रावधान हाम्रो विधानमा थिएन । तर हामीले विश्व कम्युनिष्ट आन्दोलनको परम्परालाई विचार गरी कार्यकर्ताहरूको मागबमोजिम यथासमयभन्दा पहिले विशेष महाधिवेशन बोलाउने टुंगो गर्‍यौं । त्यसका लागि अन्तर जोनल कमिटीहरू बनायौं । पूर्व-कोशी, पश्चिम-कोशी र गण्डक प्रान्तीय कमिटीहरू गठन भए । तिनैको प्रतिनिधित्व गराई अन्तर जोनल कमिटी बन्यो । त्यो अन्तर जोनल कमिटीको सचिव तुलसीलाल अमात्य छानिनु भयो । म पनि त्यसको सदस्य रहें । त्यसैले पार्टी महाधिवेशन गर्ने अभियान शुरु गर्‍यो ।



*०१५ सालमा उहाँ सांसद हुनुभयो । सदनमा मैले उहाँको भूमिका हेर्न पाएँ । पहिलो कम्युनिष्ट प्रतिनिधिका रूपमा उहाँले सदनमा राख्नुभएका विचारहरूबारे जान्ने र बुझ्ने मौका पाएँ । त्यसैबखत मैले उहाँलाई असाध्यै इमान्दार, लगनशील, अलिकति पनि छलकपट नभएको बहुत साधारण व्यक्तित्व र साधारण जीवनशैली रूचाउने, कहिल्यै ठूलो हुन नखोज्ने, तर आफ्नो कुरामा दृढतापूर्वक उभिने व्यक्तित्व हुनु हुँदोरहेछ भन्ने बुझ्न सकें ।*



लेखक

तर महाधिवेशन कसरी सम्पन्न गर्ने ? त्यो महाधिवेशनमा दुई जना नेताहरू कमरेड पुष्पलाल र मनमोहन अधिकारीलाई उपस्थित गराउनु पर्छ भन्ने धेरैको राय रहयो । किनभने हामी सबैले त्यो बखत कम्युनिष्ट आन्दोलनमा ठूलो संकट छ र महाधिवेशनको दौरानमा दुईजना अग्रज नेताहरूलाई उपस्थित गराउन सक्यौं भन्ने निरंकुश पञ्चायती व्यवस्था










विरोधी संघर्षलाई धेरै अगाडि बढाउन सकिन्छ भन्ने ठानेका थियौं । कमरेड पुष्पलालले काठमाडौंमा भूमिगत रुपमा काम गर्दै हुनुहुन्थ्यो । मनमोहन अधिकारीलाई पुल्चोकमा थुनामा राखिएको थियो । हामीले उहाँहरूलाई तेस्रो महाधिवेशनमा उपस्थित गराउने योजना समेत बनायौं । त्यसको लागि काठमाडौंमा आई उहाँहरूसँग भेट्न म खटिएँ । भूमिगतरुपमा म काठमाडौं आएँ । कमरेड पुष्पलालसँग भूमिगतरुपमै भेटेर सबै योजनाबारे जानकारी गराएँ । उहाँले मेरो असाध्यै प्रशंसा गर्नुभयो । उमेरले पनि म भन्दा जेठो र मनमोहन दाजुको साथी भएर होला पुष्पलालले मलाई भाइलाई जस्तै माया गर्नुहुन्थ्यो । त्यो भेटमा पनि उहाँले मलाई धेरै राम्रो काम गर्‍यौं भनी पिठ्यूमा धाप दिनुभएको कुरा म अहिले पनि सम्झँदैछु । अनि कमरेड पुष्पलाल तत्काल चित्लाङ्को बाटो बनारसतर्फ लाग्नुभयो । पुष्पलाल भूमिगत रुपमा काठमाडौं मै रहनुभएको भन्ने कुरा तत्कालीन पंचायती सरकारलाई असह्य भएको थियो । र, उहाँलाई पक्राउ गर्न कडा आदेश जारी गरिएको थियो । त्यस्तो कठीन स्थितिमा मैले उहाँलाई भेटेको थिएँ । त्यसपछि म मनमोहन अधिकारीलाई भेट्ने प्रयत्नमा लागें । म उहाँलाई भाइ भेट्न आएको बताएर थुनामा गई भेटें । आँखा छलेर उहाँसँग पनि तेश्रो महाधिवेशनको तयारीबारे बताएँ । तर उहाँले म त्यहाँ जान संभव छैन, यहाँबाट भागेर जाने कुनै उपाय नै छैन भन्नुभयो । तैपनि मैले उहाँसँग भाग्ने योजनाहरू पेश गरें । फेरि पनि उहाँले भन्नुभयो- तेश्रो महाधिवेशनमा उपस्थिति हुने मेरो ठूलो रहर छ, यो बेला मैले बाहिर नै बसेर कम्युनिष्ट आन्दोलनलाई, निरंकुश पंचायती व्यवस्था विरोधी संघर्षलाई अगाडि बढाउन बढी भूमिका निर्वाह गर्न सक्छु । तर यहाँबाट उम्कने संभावना नै छैन । त्यसकारण तेश्रो महाधिवेशनका लागि मेरो यही सन्देश पुर्‍याइदिनु । त्यो सन्देश थियो- 'यस्तै संकटका बखत कम्युनिष्टहरूले नैतिक बल देखाउनुपर्छ । अहिले पार्टीको तेश्रो महाधिवेशन आयोजना गर्नु बहुत राम्रो कुरा हो । यसपछि कम्युनिष्ट पार्टीलाई निरंकुश पंचायतको विरुद्धमा उभ्याउनु पर्छ । र, हसिंया हथौडा अंकित झण्डालाई संघर्षमा उतार्नुपर्छ । सबै कमरेडहरूसँग मेरो यही अनुरोध छ ।' मनमोहन कमरेडलाई महाधिवेशनमा उपस्थित गराउने प्रयाश असफल भएपछि म पनि बनारसतर्फ लागें ।

पुष्पलाल बनारस पुग्नुभयो । महाधिवेशनको तयारी भैरहेको थियो । तर त्यसैक्रममा कमरेड मोहनविक्रम सिंह पक्राउ पर्नुभयो । जसले गर्दा उहाँ महाधिवेशनमा उपस्थित हुन सक्नुभएन । देशभित्र घुमेर महाधिवेशन सफल पार्ने योजनामा उहाँ र हामीहरू भूमिगत रुपमा क्रियाशील थियौं । दुर्भाग्यवश त्यसबेलाको एक प्रखर नेता मोहन विक्रम सिंह अचानक पक्राउ पर्नुभयो । तैपनि हामीले अन्तर जोनल कमिटीको बैठक बसी तेश्रो महाधिवेशन सफल पार्ने अठोट जारी राख्यौं ।

तेश्रो महाधिवेशनमा अन्तर जोनल कमिटीकोतर्फबाट कमरेड तुलसीलालले राजनीतिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । महाधिवेशन ऐतिहासिक रुपमा आयोजना भयो । त्यसले कम्युनिष्टहरू प्रजातन्त्रको गला निमोठने काममा सरिक हुँदैनन् र प्रजातन्त्रको बहालीको संघर्षमा डटेर लड्छन् । जसले यो बाटो छोड्छन्, ती कम्युनिष्ट हुन सक्तैनन्



भन्ने ठहर ऐतिहासिकरुपमा गर्‍यो । यसको लागि कमरेड तुलसीलाललाई सधैं भरी सम्झना गरिरहनुपर्छ । किनभने त्यस्तो निर्णय गर्नुका पछाडि कुनै आत्मबल थियो भने त्यसमा कमरेड तुलसीलाल अमात्य नै रहनुभएको थियो । अर्थात् तेश्रो महाधिवेशन सम्पन्न गर्ने काममा कमरेड तुलसीलाल अमात्यको अग्रणी भूमिका रहयो । त्यसै भूमिकाका कारण महाधिवेशनले उहाँलनाई नै महासचिव चुन्यो । यस सन्दर्भमा म केही ऐतिहासिक तथ्यलाई पनि समेट्न चाहन्छु । तुलसीलालको प्रखर भूमिका, सादापन, इमान्दारीता र कम्युनिष्ट चरित्रवाट म सधैं प्रभावित रहें । तर संकटको बखत सबै कम्युनिष्ट नेताहरू एक हुनुपर्छ भनेर मैले महाधिवेशनमा अध्यक्ष एवं महासचिवको व्यवस्था गर्ने तथा तुलसीलाल अध्यक्ष र पुष्पलाललाई महासचिव बनाउने प्रस्ताव राखें । मेरो त्यो प्रस्तावलाई साथीहरूले रुचाउनु भएन । फलतः अध्यक्ष रहने प्रावधान राखिएन । र, कमरेड तुलसीलाल अमात्य नेपाल कम्युनिष्ट पार्टीको महासचिव चुनिनुभयो । पुष्पलाल लगायत हामीहरू पोलिटव्युरोमा चुनियौं । अनि निरंकुशताका विरुद्ध लड्न हामीले आव्हान गर्‍यौं । यसरी तेश्रो महाधिवेशन सम्पन्न भयो । अन्यौलग्रस्त पार्टीको नयाँ नेतृत्व छानियो ।

तर जस्तो अठोटका साथ महाधिवशेन सम्पन्न भएको थियो, त्यसबाट निर्वाचित नेतृत्वले त्यो अठोटलाई अगाडि बढाउन सकेन । बरु केन्द्रीय कमिटी स्वयं संकटग्रस्त बन्नपुग्यो । त्यसका पछाडि तुलसीलाल र पुष्पलालबीचको मतभेद नै प्रमुख कारण रहयो । उहाँहरूको बीचको आपसी मतभेदबाट हामीलाई जहिले पनि दुःख र पीडा भइरहयो । कैयौं प्रयाश गर्दा पनि हामीले मतभेद अन्त्य गर्न सकेनौं । त्यतिखेर पूर्वकोशीको इन्चार्ज म थिएँ । मैले फारवेशगंजमा पार्टी कार्यालय खोलेको थिएँ । म बेलाबखत गुप्तरुपमा नेपाल पस्थें । तर काम गर्ने थलो फारवेशगंज थियो । बैठक बस्न बनारस जान्थ्यौं । बैठकमा सधैं उहाँहरूबीच समस्या देखिन्थ्यो । उहाँहरूको अवस्था यस्तोसम्म भयो कि एउटै कमिटीको बैठकमा सँगै नबसी तुलसीलाल बनारस र पुष्पलाल दरभंगामा बस्न थाल्नुभयो । मलाई सम्झना भइरहेको छ- मैले दरभंगा-बनारस-दरभंगा ओहरदोहोर गरी उहाँहरूबीच विचार आदान-प्रदान गराएँ । यसरी पनि एउटा कमिटीको बैठक चलाइएको हो । साह्रै दुःख भएपछि हामीले दरभंगाको धर्मशालामा बैठक बसी केन्द्रीय कमिटी सञ्चालन गर्न एउटा आचार संहिता बनायौं । संभवतः उहाँहरूलाई मिलाउन त्यतिखेर हाम्रो उचाई पुग्दैनथ्यो । तैपनि हाम्रो प्रयाशका बावजुद उचाई नपुगेर पनि हुनसक्छ, दुवै नेतालाई एकठाउँ बनाउन सकिएन । अन्ततः एकीकृत कम्युनिष्ट पार्टीमा विभाजन भयो । त्यसमा केही त अन्तराष्ट्रिय कम्युनिष्ट आन्दोलनमा देखा परेको विवादले पनि काम गरेको छ । तर इतिहासप्रति हामी सबै इमान्दार हुनै पर्छ- त्यो फूटको प्रमुख कारण बाह्य नभई आन्तरिक समस्या नै हो । त्यसले पछि बाहय रुप पनि लियो । परिणामस्वरुप तुलसीलाल र पुष्पलाल अलग-अलगरुपमा

केन्द्रीय कमिटी स्वयं संकटग्रस्त बन्नपुग्यो । त्यसका पछाडि
सीलाल र पुष्पलालबीचको मतभेद
प्रमुख कारण रहयो । उहाँहरूको
चको आपसी मतभेदबाट हामीलाई
हिले पनि दुःख र पीडा भइरहयो ।
यौं प्रयाश गर्दा पनि हामीले मतभेद अन्त्य गर्न सकेनौं ।









क्रियाशील हुन थाल्नुभयो । पार्टी विभाजित भएपछि हामी पूर्व-कोशीका साथीहरूले नेताहरू जेलबाट नछुटेसम्म आफ्नो कार्यक्षेत्र पूर्वाञ्चल मात्र बनाऔं भन्ने निष्कर्ष निकाल्यौं । र, तदअनुरुप नै काम गर्‍यौं । पछि मनमोहन र शंभुरामहरू छुट्नुभयो । काठमाडौंमा मनमोहनजीको अगुवाईमा केन्द्रीय न्यूक्लियस बन्यो । त्यसमा मनमोहन, शम्भूराम, निर्मल लामा, मोहनविक्रम, जयगोविन्द र म रहयौं । त्यसले विभाजित सबै नेताहरूलाई समेट्ने नीति लियो । तर त्यो पनि विफल भयो । यसपछि म तुलसीलाल कमरेडसँग अलि टाढा भएँ । तर उहाँप्रतिको मेरो सम्मानमा कहिल्यै पनि कमि भएन । जब जब म दरभंगा र बनारस जान्थें, उहाँसँग भेट्थें । उहाँको परिवारसँग त मेरो पारिवारिक सम्बन्ध नै रहन गयो । बनारसको दशपुत्री गल्लीमा तेश्रो महाधिवेशनपछिको केही समयसम्म हामी एउटै घरमा बसेका थियौं । हाम्रो बीचमा असाध्यै आत्मीय सम्बन्ध थियो । दोस्रो कुरा विचार फरक भएपनि तुलसीलाजीको स्वच्छ-छवि, खुला र सरल तथा छलकपट रहित व्यक्तित्वप्रतिको मेरो सम्मान यथावत रहयो ।

पार्टी फुटेपछि पनि बेलाबखत दरभंगामा हाम्रो भेट भइरहयो । पछि कलकत्तामा अखिल भारत प्रवासी विद्यार्थीहरूको सम्मेलन भयो । त्यसमा माधव नेपाल र जीवराज आश्रित पनि उपस्थित हुनुहुन्थ्यो । मेरो र माधव नेपालबीच पहिलो परिचय त्यहीं भयो । सम्मेलनमा तुलसीलाल पनि सहभागी हुनुहुन्थ्यो । घटनाक्रमले पछि हामीहरू नेकपा (एमाले)मा समाहित भयौं । मलाई वडो खुशी लाग्यो । उहाँ पार्टीको स्थायी समितिमा रहनुभयो । र, अन्तिम घडीमा पनि पार्टीको नेतृत्वमा रहेर आवश्यक निर्देशन दिइरहनु भयो ।

*पार्टी फुटेपछि पनि बेलाबखत दरभंगामा हाम्रो भेट भइरहयो । पछि कलकत्तामा अखिल भारत प्रवासी विद्यार्थीहरूको सम्मेलन भयो । त्यसमा माधव नेपाल र जीवराज आश्रित पनि उपस्थित हुनुहुन्थ्यो । मेरो र माधव नेपालबीच पहिलो परिचय त्यहीं भयो । सम्मेलनमा तुलसीलाल पनि सहभागी हुनुहुन्थ्यो । घटनाक्रमले पछि हामीहरू नेकपा (एमाले)मा समाहित भयौं ।*

यसरी मैले तुलसीलालजीलाई नजिकबाट चिनेपछि सँगसँगै निकटमा रहेर काम गरेको भ्रण्डै ३९ वर्ष बित्यो । ३९ वर्षको समय सानो अवधि होइन । त्यस अवधिमा मैले शुरुमा उहाँलाई जस्तो पाएँ, अन्तिममा लालसलाम गरेर विदाई गर्दा पनि त्यस्तै निश्चल पाएँ । त्यही स्वच्छ-छवि, इमान्दारीता र लगनशीलता यथावत र अनवरत रुपमा देखें । दुइवटै किड्नी काम नलाग्ने भई डाइलाइसिस लिइरहँदा पनि उहाँ निरन्तर पार्टी काममा सक्रिय रहनुभयो ।

उहाँ विरामी हुनुभएकै बखत पार्टीमा ठूलो संकट आयो । केन्द्रीय कमिटीमा चर्को विभाजन भयो । बहुमत साथीहरूबाट महासचिव फेर्ने कुरा उठ्यो । तर डाइलाइसिस लिइरहनुभएका तुलसीलाल अमात्यले दिनभरि केन्द्रीय कमिटीको बैठकमा बसेर साथीहरूलाई सम्झाउनु भयो । घरमा गएर डाइलाइसिस लिएर बैठकमा फर्कंदै उहाँले साथीहरूलाई पार्टी संकटमा परेको कुरा वताउनुभयो । आखिर उहाँ र मनमोहन अधिकारीकै पहलबाट पार्टी संकटबाट पार लाग्यो । यस प्रकार उहाँ पार्टीलाई जोगाउन क्रियाशील रहनुभयो । पछि हामीले उहाँलाई घरमा बसेरै निर्देशन दिन भन्यौं । तर उहाँ बैठकमा उपस्थित भइरहनुभयो । यसप्रकारले एउटा कम्युनिष्ट नेताले जीवनभर आफूलाई कसरी निष्ठामा राख्छ भन्ने कुराको उज्ज्वल तस्वीर प्रस्तुत गर्दै आधा शताब्दीभन्दा





समयसम्म विभिन्न क्षेत्रबाट जनताको
ा भएका आन्दोलनहरूमा अग्रणी
का खेलेर तुलसीलाल अमात्य
हरूबाट विदा हुनुभयो । उहाँले जिउनु
ो राजनीतिक जीवन सबैका लागि
दायी छ ।

०४६ सालको जन
ोलनपछि देशमा खुल्ला प्रतिस्पर्धाको
आयो । हामीले यो कुरा बुझेर नै
एकीकरणको प्रयत्न शुरु गऱ्यौं ।
क्रममा चारवटा पार्टीबीच एकतावार्ता
भयो । एकतावार्तामा मालेको
ाट माधव नेपाल, मार्क्सवादीको
ाट म, तुलसीलाल समूहबाट
ीलाल अमात्य र नेमकिपाबाट रोहित
न हुनुहुन्थ्यो । कैयौं चरणमा वार्ता
र हामीले एकता प्रस्ताव पनि तयार गऱ्यौं ।
ाक्रमले पछि रोहित र तुलसीलाल एकतावार्ताबाट
डि हट्नु भयो । तर माले र मार्क्सवादीबीच एकता
। वास्तवमा चारवटा पार्टीले त्यस बखत
एको दस्तावेज नै माले र मार्क्सवादीको एकताको

आधार बन्यो । यो ऐतिहासिक रेकर्ड हो । त्यो दस्तावेज तयार पार्ने जिम्मा मलाई दिइएको थियो । मैले मस्यौदा गरेपछि माधव नेपालले परिमार्जन गर्नुभयो । त्यसमा कुनै विवाद रहेको थिएन । शुरुमा चारवटा पार्टी एक हुनुपर्छ भन्ने कुरामा तुलसीलाल कमरेडको जोड बढी थियो । यस्तै, वाममोर्चा बनाउने पहल गर्ने निर्णय विराटनगरमा बनेको नेकपा (मार्क्सवादी)को बैठकले गऱ्यो । त्यसको पहल गर्न सहाना प्रधान र मलाई जिम्मेवारी दिइएको थियो । हामीले काठमाडौंमा आएर विभिन्न समूहसँग वार्ता गऱ्यौं । मालेको तर्फबाट त्यतिखेर झलनाथजीसँग कुराकानी भयो भने तुलसीलाल कमरेडसँग कुरा हुँदा असाध्यै खुशी हुनुभयो । उहाँबाट हामीले निरन्तर सल्लाह, सुझाव लिइरह्यौं । फलस्वरुप वाममोर्चा बनाउने अभियान सफल हुन पुग्यो र उहाँ मोर्चाको मानार्थ अध्यक्ष बस्नुभयो । वाममोर्चाले कांग्रेससँग सझदारी गरी फागुन ७ गतेदेखि देशव्यापी रुपमा बहुदलीय व्यवस्थाको लागि संघर्ष गर्ने निर्णय लियो । म पूर्वाञ्चलमा खटिएं । संघर्षको अगुवाई गर्ने क्रममा उहाँ पहिलो दिन नयाँ सडकमा उत्रिनु भयो । यसरी वाममोर्चा बनाउनु पनि उहाँले ठूलो योगदान पुऱ्याउनु भयो । अर्थात् नेपालको कम्युनिष्ट आन्दोलनले जनताको पक्षमा उभिएर चाल्ने हरेक कदममा कमरेड तुलसीलाल अमात्य अग्रिम मोर्चामा रहनुभयो । हरेक व्यक्तिको राजनीतिक जीवनमा यस्तो संयोग पर्दैन । तर कमरेड तुलसीलाल अमात्य हरेक महत्त्वपूर्ण कदममा सधैंभरि अगाडि रहेर नै मोर्चाको नेतृत्व सम्हाल्नु भयो । यो कम महत्त्वपूर्ण कुरा होइन । यसकारण पनि उहाँको जीवन गाथा पढेर नयाँ पिढीले धेरै कुरा सिक्न सक्छन् । ❑



*एउटा कम्युनिष्ट नेताले जीवनभर आफूलाई कसरी निष्ठामा राख्छ भन्ने कुराको उज्ज्वल तस्वीर प्रस्तुत गर्दै आधा शताब्दीभन्दा बढी समयसम्म विभिन्न क्षेत्रबाट जनताको पक्षमा भएका आन्दोलनहरूमा अग्रणी भूमिका खेलेर तुलसीलाल अमात्य हामीहरूबाट विदा हुनुभयो ।*





# तुलसीलाल अमात्यको जीवनबाट सिकौं

**मोहनविक्रम सिंह**



तुलसीलाल अमात्यको मृत्यु भएको छ । उनको जीवनबाट सबै मार्क्सवादी-लेनिनवादीहरूले कमसेकम नकारात्मक प्रकारले धेरै चीजहरू सिक्न सक्दछन् र सिक्नु पर्दछ । उनका जीवनको करीब आधा शताब्दीभन्दा बढी समय कम्युनिष्ट आन्दोलनसित नै सम्बन्धित रहयो । उनले व्यक्तिगत रूपमा अन्य कुनै पेशा अपनाएनन् । उनले नेपालका ठूल-ठूला आन्दोलनहरूको नेतृत्व गरेका छन् । रौतहटको प्रसिद्ध ऐतिहासिक किसान आन्दोलन उनकै नेतृत्वमा भएको थियो । राणा शासन, ००७ सालपछि कायम भएको कांग्रेसी शासन र पंचायती तानाशाही शासनका विरूद्धको संघर्षमा उनको जीवनको महत्त्वपूर्ण वा अधिकांश भाग बित्यो । आफ्नो जीवनमा उनी कैयौंपल्ट गिरफ्तार भएका छन् र लामो समय उनले भूमिगत अवस्थामा बिताउनु परेको छ । तर ती सबैका बावजुद उनी लगातार र दृढतापूर्वक क्रान्तिकारी कम्युनिष्ट आन्दोलनमा अगाडि बढ्न सकेनन् । उनी दक्षिणपन्थी संशोधनको बाटो समात्न पुगे । उनको जीवनको अवसान एमाले जस्तो संगठनमा हुन गयो । जसले क्रान्तिकारी मार्क्सवादी-लेनिनवादी सिद्धान्तहरूलाई छाडिसकेको छ, राष्ट्रियता तथा प्रजातन्त्रका प्रश्नहरूमा पनि देशी र विदेशी प्रतिक्रियावादीहरूसित सम्झौता र गद्दारीको बाटो समातिसकेको छ । उनले एमाले जस्तो संगठनमा सामेल हुनु र त्यसको अनुशासन मानेर बस्न केही दिन तयार हुनुले यो बताउँछ कि आन्तरिक रूपमा उनको क्रान्तिकारी आत्माको धेरै पहिले नै मृत्यु भइसकेको थियो । उनी कम्युनिष्ट थिएनन् । क्रान्तिकारी मार्क्सवादी-लेनिनवादी सिद्धान्तबाट उनको पतन भइसकेको थियो ।

केही दिन पहिले गणतन्त्रसम्बन्धी विवादको सन्दर्भमा मैले यो प्रश्न उठाएको थिएँ, उनको 'मृत्यु' भएको थियो वा 'हत्या' अथवा 'अकाल मृत्यु ?' उनले गणतन्त्रका पक्षमा पहिले जुन विचारहरू प्रकट गरेका थिए, पछि स्वयम् आफैंले त्यसको खण्डन गरेर यो प्रमाणित गर्ने प्रयत्न गरेका थिए कि उनी त शुरूदेखि नै राजतन्त्रका पक्षमा थिए । उनी सिकिस्त विरामी थिए । मृत्यु शैयामा थिए । तर एमालेको नेतृत्वले उनको मुखमा नजिक माइक्रोफोन लगेर उनलाई यो कबुल गर्न लगाइरहेको थियो कि उनी कहिल्यै गणतन्त्रको पक्षमा थिएनन् । उनी शुरूदेखि नै वैधानिक राजतन्त्रको पक्षमा थिए । टी.एल.ले गणतन्त्रका पक्षमा प्रकट गरेका विचारहरूबाट दरबार र राप्रपामा पैदा भएको वा पैदा हुन सक्ने संभावित क्रोधलाई शान्त गर्न एमालेको नेतृत्वले टी.एल.को राजतन्त्रका विरूद्धको संघर्षमा जे-जति पनि उज्ज्वल र सकारात्मक पक्ष थियो, त्यसलाई कलंकित पार्नका लागि, त्यसलाई मेटाउनका लागि स्वयम् उनलाई वाध्य पारेको थियो । त्यो त उनको हत्या नै थियो । त्यसले एमाले नेतृत्वको निचतालाई बताउँछ । खाली दरबार र राप्रपालाई खुशी पार्नका लागि, त्यसरी आफ्नो सरकार टिकाउनका लागि उनीहरूले यो कुरामाथि अलिकति पनि ध्यान दिएनन् कि त्यसो गरेर उनीहरूले वास्तवमा उनको जीवनको एउटा महत्त्वपूर्ण र गौरवपूर्ण पक्षलाई मेटाउनका

लागि उनलाई बाध्य गरिरहेका थिए । त्यो बेला उनीहरूले यो कुरामाथि पूरै आँखा चिम्ले कि स्वयम् आफ्ना विरूद्ध त्यसप्रकारको वक्तव्य दिंदा उनको हृदय र भावनाहरूमा कुन प्रकारको चोट पुगिरहेको थियो र पुग्न सक्दथ्यो ? के एमालेको नेतृत्वले यो दावा गर्न सक्दछ कि त्यसो गर्दा उनको हृदयमा कुनै चोट पुगिरहेको थिएन ? के एमाले नेतृत्वले उनलाई पनि धेरै पतीत भएको ठान्दछन् ? त्यस प्रकारको स्वीकारोक्तिको रुपमा त्यो वक्तव्य प्रसारित गर्दा पनि उनलाई कुनै ग्लानि भइरहेको थिएन ? उनले प्रसन्न मनले नै त्यसो गरिरहेका थिए र गर्न पाएकोमा उनी रमाइरहेका थिए ? तर हामी त्यसरी सोच्दैनौं । उनको पतन भएको थियो । तर त्यति होइन, जति एमालेको नेतृत्वले सोच्दछ ।

एमालेद्वारा बाध्य भएर गर्न लगाइएको त्यस प्रकारको वक्तव्य उनको भूट र निचतापूर्ण हत्या थियो । तर, त्यो हत्या मात्र थिएन, 'आत्महत्या' पनि थियो । उनी किन त्यस प्रकारको वक्तव्य दिन तयार भए ? त्यसको कारण यो थियो कि एउटा सच्चा कम्युनिष्टका रूपमा उनको धेरै पहिले नै पतन भइसकेको थियो । त्यसकारण आफ्नो संगठनका गलत प्रकारका नीति र दवाबको प्रतिरोध गर्ने, त्यसका विरूद्ध उभिने, त्यसका विरूद्ध संघर्ष गर्न सक्ने उनको क्षमतामा ऱ्हास आइसकेको थियो । त्यसकारण उनी त्यस प्रकारको वक्तव्य दिन तयार भए, जो स्वयं उनको अवस्था र उनको राजनैतिक व्यक्तित्वका विरूद्ध जान्थ्यो । उनको 'मृत्यु' वा 'आत्महत्या' अथवा 'अकाल मृत्यु' जेसुकै होस्, तैपनि यस सन्दर्भमा यो प्रश्नले अत्यन्त ठूलो महत्त्व राख्दछ कि उनी जस्तो कम्युनिष्ट आन्दोलनमा त्यति ठूलो इतिहास र व्यक्तित्व भएका व्यक्तिको त्यस प्रकारको पतन कसरी भयो र हुन सक्यो ? वैधानिक राजतन्त्रका पक्षमा उनको 'स्वीकारोक्ति' त्यस प्रकारको पतनको एउटा तत्कालिक परिणाम र रूप मात्र हो वा उनको पतनको लामो सिलसिलामा एउटा तत्कालिक कडी मात्र हो ? त्यसकारण यो प्रश्नले हाम्रालागि अत्यन्त ठूलो महत्त्व राख्दछ; उनी जस्तो कम्युनिष्ट आन्दोलनमा त्यति लामो इतिहास र व्यक्तित्व भएको व्यक्तिको किन त्यस प्रकारको पतन हुन गयो ? त्यसका पछाडि उनको व्यक्तिगत र स्वाभावजन्य कमजोरीहरू जिम्मेवार छन् वा कुनै खास परिस्थिति ? यदि त्यसका लागि कुनै खास परिस्थिति जिम्मेवार भए त्यसका विरूद्ध संघर्ष गरेर आफ्नो क्रान्तिकारी चरित्रलाई बचाउन उनी किन असमर्थ भए ?

टी.एल.को पतनको मूल कारण सर्वप्रथम उनको विचारमा खोज्नु पर्दछ । त्यसको अर्थ हो, उनको पतनको कारण सर्वप्रथम उनको दक्षिणपन्थी-संशोधनवादी सोचाइमा खोज्नु पर्दछ । उनको पतन खाली एमालेमा आएर मात्र भएको होइन र खाली त्यसमा प्रवेश गर्नु मात्र उनको पतन होइन । कुरा त्यो भन्दा बढी छ । एमालेमा प्रवेश उनको पतनको परिणाम हो । उनले धेरै पहिले नै दक्षिणपन्थी-संशोधनवादको बाटो समातेका थिए । त्यसको स्वाभाविक परिणाम थियो कि उनी नेपालको दक्षिणपन्थी अवसरवादको मूल प्रवाहमा सामेल हुन पुगे ।

एमाले वा त्यसको पूर्व संगठन मालेको जन्म हुनुभन्दा धेरै पहिलेदेखि नै उनले दक्षिणपन्थी-संशोधनवादको बाटो समातेका थिए । उनले कैयौं दशकसम्म लगातार सोभियत संशोधनवादको वकालत गर्दै आएका थिए । इतिहासले प्रमाणित गऱ्यो कि सोभियत संशोधनवाद क्रान्तिकारी मार्क्सवादी-लेनिनवादी सिद्धान्तबाट पतन भएको थियो र त्यो क्रान्ति र समाजवादको बाटो होइन, प्रतिक्रान्ति र पूँजीवादको बाटो थियो । तैपनि उनले लामो समयसम्म लगातार र दृढतापूर्वक त्यसको वकालत गर्दै आए र त्यसको असर सम्भवतः उनको चिन्तन प्रणाली, राजनैतिक चरित्र र कार्यप्रणालीमा समेत पऱ्यो । अर्को शब्दमा, उनको लामो समयसम्मको दक्षिणपन्थी-संशोधनवादसितको सम्बन्धले उनलाई मार्क्सवादी-लेनिनवादी चिन्तन प्रणाली, राजनैतिक चरित्र र व्यवहारबाट धेरै टाढा पुऱ्यायो । त्यसको परिणाम नेपालको दक्षिणपन्थी-अवसरवादको मूल प्रवाह एमालेमा सामेल हुनु स्वाभाविक नै थियो ।

कुरा यति मात्र होइन, सोभियत संशोधनवादले टी.एल.लाई क्रान्तिकारी कम्युनिष्ट आन्दोलनबाट टाढा पुऱ्यायो । जसले पछि अवसरवादी दिशामा

यस्ता दिन पनि थिए डा. बाबुराम भट्टराईका साथ अमात्य







विकासको लागि बीजका रूपमा काम गऱ्यो । तर त्यसभन्दा पहिले पनि उनमा कैयौं अवसरवादी प्रवृत्तिहरू देखापरेका थिए । माथि हामीले टी.एल.ले केही समय पहिले आफ्ना गणतन्त्रसम्बन्धी विचारहरूलाई स्वयं खण्डन गरेको कुराको उल्लेख गऱ्यौं । यसका पछाडि एमाले नेतृत्वको दबाव भएको कुरा स्पष्ट छ । तर दोस्रो महाधिवेशनका समयमा पहिले गणतन्त्रको पक्ष लिएर पछि उनी पुनः डा. रायमाझीको वैधानिक राजतन्त्रको लाइनको पक्षमा मिल्न पुगेको कुरा आम रूपमा थाहा भएको कुरा हो । उनको त्यस प्रकारको विचार परिवर्तनको मूल कारण सैद्धान्तिक नभएर व्यक्तिगत विरोध थियो- पी.एल.सितको व्यक्तिगत विरोध । महाधिवेशनभन्दा पहिले पी.एल.ले वैधानिक राजतन्त्रको पक्ष लिएको अवस्थामा उनले गणतन्त्रको पक्ष लिएका थिए; तर दोस्रो महाधिवेशनमा बहुमतको समर्थन गणतन्त्रको पक्षमा भएपछि उनी वैधानिक राजतन्त्रको पक्षमा गएका थिए । 'लुज टक'का लागि पहिले मनमोहन, पी.एल.हरूले अनुशासनको कारवाही गरेकाले उनी पी.एल.का विरोधी बन्न पुगेका थिए । दोस्रो महाधिवेशनमा व्यक्तिगत विरोधका कारणले राजतन्त्रको प्रश्नमा विचार परिवर्तन गरेको कुराले उनको स्वाभावमा सिद्धान्त वा नीतिहरू भन्दा व्यक्तिगत भावनाहरूलाई माथि राख्ने कमजोरी भएको कुरा बुझिन्छ । त्यो कमजोरीले पछि नयाँ रूपमा उनको दक्षिणपन्थी अवसरवादको बाटोमा विकासका लागि पनि एउटा मुख्य कारण भएको संभावनालाई एकदम अस्वीकार गर्न सकिन्न । त्यो 'क्रममा यो पक्षलाई पनि उपेक्षा गर्न सकिन्न कि सिद्धान्त र राजनीतिभन्दा व्यक्तिगत भावनाहरूलाई माथि राख्ने सन्दर्भमा नै आफ्ना परिवारप्रतिको स्नेह, माया वा उनीहरूको हित र भविष्यको चिन्ताले उनलाई एकपछि अर्को गर्दै बेग्लाबेग्लै अवसरवादी पक्षसित मिल्न जान, एमालेमा प्रवेश गर्न, राजदूत बन्न र मृत्युको ढोकामा आएर राजतन्त्रको लागि संघर्षको आफ्नो इतिहासलाई मेटाउन बाध्य पारेको त होइन ? सिद्धान्त र राजनीतिलाई भन्दा तिनै व्यक्तिगत भावनात्मक पक्षहरूलाई माथि राख्ने कमजोरीले यसले काम गरेको त होइन ?



*उनको जीवनको करीब आधा शताब्दीभन्दा बढी समय कम्युनिष्ट आन्दोलनसित नै सम्बन्धित रह्यो । उनले व्यक्तिगत रूपमा अन्य कुनै पेशा अपनाएनन् । उनले नेपालका ठूल-ठूला आन्दोलनहरूको नेतृत्व गरेका छन् । रौतहटको प्रसिद्ध ऐतिहासिक किसान आन्दोलन उनकै नेतृत्वमा भएको थियो ।*



लेखक

अब हामी यो विषयको लामो चर्चामा जान्नौं । यसको मुख्य पक्ष के हो भने टी.एल. जस्तो कम्युनिष्ट आन्दोलनमा लामो इतिहास र व्यक्तित्व भएको नेता क्रमशः क्रान्तिकारी आन्दोलनबाट अलग हुँदै अन्तमा एमालेमा विसर्जन र त्यसमा पनि उनको सार्वजनिक रूपमा लज्जाजनक बेइज्जति- वैधानिक राजतन्त्रसम्बन्धी उनको वक्तव्यका कारणले भयो । वास्तवमा यो टी.एल.को व्यक्तिगत प्रश्न नभएर सम्पूर्ण कम्युनिष्ट आन्दोलनको गम्भीर समस्या हो । एउटा अर्को कारणले टी.एल.को प्रश्न गंभीर बन्न जान्छ त्यो के भने, कतिपय मानिसहरू व्यक्तिगत महत्वाकांक्षा, पदलोलुपता, त्यही प्रकारका अन्य कारणहरूले पनि कम्युनिष्ट पार्टीमा प्रवेश गर्दछन् र त्यसरी उनीहरू सम्भवतः अवसरवादी हुन्छन् । तर पी.एल., मनमोहन अधिकारी, कमलराज रेग्मी आदि जस्तै टी.एल. त्यस प्रकारको श्रेणीमा आउँदैनन् । उनीहरू वास्तवमा क्रान्तिकारी उद्देश्य तथा पार्टी र क्रान्तिप्रति समर्पणको भावनाले प्रेरित भएर नै कम्युनिष्ट पार्टीमा सामेल भएका थिए र उनीहरू पछि आफ्नो चिन्तन, सैद्धान्तिक धारणमा भएका कमजोरी वा प्रतिकूल वस्तुस्थितिका विरूद्ध संघर्ष गर्न असमर्थ भएका कारणले नै क्रान्तिकारी सिद्धान्त र कम्युनिष्ट आन्दोलनबाट अलग हुँदै गए । त्यही कुरा टी.एल.बारे पनि सत्य हो । उनको उदाहरणले राम्ररी बताउँछ कि कसैले इमान्दारितापूर्वक कम्युनिष्ट पार्टीमा प्रवेश गरे पनि वा काम गरे पनि, सही चिन्तन, सैद्धान्तिक समझदारी वा राजनीतिक लाइन अगाडि बढाउन नसके उनीहरूको कम्युनिष्ट आन्दोलनबाट पतन अनिवार्य छ । टी.एल.को जीवनबाट हामीले कमसेकम नकारात्मक प्रकारले लिनुपर्ने शिक्षा यही हो र त्यस प्रकारको शिक्षालाई आत्मसात गरेर नै कुनै सच्चा कम्युनिष्ट लगातार र दृढतापूर्वक क्रान्तिको बाटोमा अगाडि बढ्न सक्दछ । बढिरहनु पर्दछ । ❑

०५४ साल साउन २२ गतेको हाँक साप्ताहिकबाट

# मोतिहारी जेलमा सँगै बस्दा

वासुदेव श्रेष्ठ



मैले कमरेड तुलसीलाल अमात्यको देहावसानसम्बन्धी खबर सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा सुनें। त्यसपछि तुरून्त पार्टी कार्यालय मदननगर पुगेर त्यहाँ राखिएको शोक पुस्तिकामा हस्ताक्षर गरेर खुलामञ्चदेखि शुरूभएको शव-यात्रामा सामेल हुन गएँ र आर्यघाटमा पुगेर अन्तिम श्रद्धाञ्जलि अर्पण गरें।

यो दुःखद् समयममा मलाई एउटा घटनाले संझायो। ००७ सालको क्रान्तिमा कमरेड महेशमणि दीक्षित र म रक्षा दलका सिपाही थियौं। परवानीपुरको लडाइँमा गोली सकिएकोले रक्षा दल गुरिल्लावार गर्न ठोरीतर्फ लाग्यो। ठोरीको जंगलमा भएको गुरिल्ला लडाइँमा मेरो पल्टनको सिपाही खेमबहादुर क्षेत्री सख्त घाइते भए। उनलाई उपचार गर्न मैले भारतको बेतिया अस्पताल पुऱ्याएँ। त्यहाँ भर्ना गरी सिधै नेकपाको रक्सौलस्थित कार्यालयमा गएँ। रक्सौलमा म तुलसीलालजीसँगै बस्न थालें। पार्टी कार्यालयमै सर्वप्रथम कमरेड मनमोहन अधिकारीले मानव समाजको विकासबारे प्राथमिक शिक्षा दिनुभयो।

'दिल्ली संझौता धोखा हो' भन्ने कार्वन गरिएको पर्चा लेख्न तुलसीलालजीले मलाई नै लगाउनुभयो। रातभरि मैले पर्चा लेखें। तुलसीलालजी बारम्बार चिया बनाएर मलाई खुवाउनुहुन्थ्यो। बिहान मोर्चाहरूमा पर्चा पुगिसक्थ्यो। एकरात हामी सुतिरहेका थियौं। मध्य राततिर 'दरवाजा खोलो' भन्ने आवाज आयो। हामी उठ्यौं। पराले झुप्रोको हाम्रो ढोकामा बूट बज्रियो। ढोका उछिट्टिएर खुल्यो। एकैचोटि पाँच-सात वटा संगीनहरू खा परे। एक हूल पुलिसहरू बन्दूक, पेस्तोलसहित भित्र सेर 'हैण्ड सेक' भने। हामीले हात उठायौं। खानतलासी रेर केही पर्चाहरू फेला पारे। अनि सबैलाई हतकडी गाएर कम्मरमा पनि डोरीले बाँधी रक्सौल थानामा गे। झुप्रे पार्टी अफिस वरिपरि संगीनधारी पुलिसले घेरा लेका रहेछन्। यी सबै हुनुको कारण म मोर्चाबाट गएको एँ र मेरो पाइन्टको खल्तीमा थुप्रै गोलीहरू थिए। ती लीहरू तुलसीलालजीको आज्ञाअनुसार नै राखेको थिएँ। नामा पुऱ्याएर हामीलाई तीन वटा कम्मल, एउटा ढ्न सिरक, एउटा सिरानी, एउटा थोत्रो सिलवरे थाल गिलास दिइयो। त्यहाँ दिसा गर्ने एउटा टोकरी र पिसाव हिर जाने एउटा सानो प्वाल थियो भने खाना भित्रैबाट लमा थाप्नुपर्थ्यो। राति पालो वदल्दा लौरोले घोचेर कों पालेलाई पालो बुझाउने गरिन्थ्यो।

एकदिन जेलर निरीक्षण गर्न आयो। त्यसै दिनदेखि कमरेड तुलसीलालको माग बमोजिम एक घण्टा सेलको घेराभित्रै घाम ताप्न दिइयो र हाम्रो बीचमा पनि भेटघाट हुन थाल्यो। हामीले अनशन गर्ने अठोट गऱ्यौं, अनशन बस्यौं पनि। तर त्यसैबीच हामीलाई अदालतमा हाजिर गराइयो। तुलसीलालजीले अदालतमा अंग्रेजीमा बयान दिंदा लामो भाषण गर्नुभयो। न्यायाधीशद्वारा सेलबाट जेलमा सार्न र 'ख' श्रेणीको राजनैतिक सुविधा दिने फैसला गरियो। त्यसपछि त हामीलाई बंगलामा राखियो। हरेक दिन डाक्टर, हजाम आउने, ताजा फलफूल, पत्रपत्रिका ल्याउने र सहयोगका लागि साइकलवाला अर्दलीसमेतको व्यवस्था भयो। सात महिनापछि हामीहरू निकै मोटोघाटो भएर जेलबाट निस्कियौं।

त्यो बेला राणाशाहीको हुकुमी शासन होइन, सशस्त्र संघर्ष भइरहेको हुनाले नेपालभित्र कम्युनिष्ट पार्टीको खुला कार्यालय हुने कुरै थिएन। भारतको बिहार राज्यमा पनि कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध रहेको हुनाले रक्सौल बजार छेउको गाउँमा एउटा बाँसले बारेको र चुहिने पराले छानो भएको भुईंतले झुप्रोमा एउटा कम्युनिष्ट पार्टीको कार्यालय रहेको थियो। भुईंमा पराल थियो। दुई वटा थोत्रा कम्बल थिए। डिबिया बत्ती बल्थ्यो। खोले-फाँडो पकाउने सिलवरको तसला, कराही, थाल र दुई-चार वटा गिलास थिए। कमरेड तुलसीलालसहित हामीले त्यहीं गुजारा चलाउँथ्यौं। पार्टी केन्द्रीय कमिटीको बैठक पनि त्यहीं बस्थ्यो।

खोले-फाँडोको व्यवस्था गर्न 'कम्युनिष्ट बुलेटिन'हरू रक्सौलस्थित स्टेशनमा लगी बेचिन्थ्यो। त्यसबाट जम्मा भएको दुई-चार रूपैयाँले पीठो, नून-खुर्सानी किनेर खोले पकाइन्थ्यो। त्यसबेला हाम्रो खानपिन त्यसरी नै चल्थ्यो। रातमा कमरेड तुलसीलालजी सबैलाई ओढ्ने ओढाएर सुताउनुहुन्थ्यो। र, निदाए कि निदाएका छैनन् भनी छामछाम-छुमछुम गर्ने, थमथमाउने, ओढेको लुगा मिलाई दिने गर्नुहुन्थ्यो। बाबुले छोराछोरीलाई जस्तो उहाँले हामीलाई पुत्रवत् व्यवहार गर्नुहुन्थ्यो।

मोतिहारी जेलभित्रको सेलमा हामीलाई छुट्टा-छुट्टै कोठामा राखिएको थियो। त्यो सेल नामको कालकोठरी थियो। त्यसमा एउटा मानिस मात्र सुत्न सकिन्थ्यो। नेपालमा राणा-कांग्रेसको संयुक्त सरकार बनिसकेपछि हामीहरूलाई जेलबाट छाडियो। सात महिना मोतिहारी जेलमा बस्दा हामीलाई मार्क्सवादसम्बन्धी शिक्षा कमरेड तुलसीलालजीले दिनुभयो। त्यतिखेर जेलमा तुलसीलाल अमात्य, प्रचण्ड नरसिंह राणा, गणेश श्रेष्ठ, केदार उपाध्याय र म गरी पाँच जना थियौं। तुलसीलालजीको निधनपश्चात् त अब केदार उपाध्याय र म मात्र बाँकी छौं। म फेरि पनि मेरा गुरू कमरेड तुलसीलाल अमात्यप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु।





# सुगन्धित फूल जस्तै निश्छल र निष्कपट व्यक्तित्व

रघु पन्त




*नेपाल अधिराज्यको संविधान ०४७ को निर्माणको सिलसिलामा दरबारद्वारा छुट्टै किसिमको संविधान मसैदा गर्न थालिएकोमा जनतालाई सचेत गराउँदै जननेता मदन भण्डारी र तुलसीलाल अमात्य एउटै मंचमा।*

तुलसीलाल अमात्यको सबैभन्दा विशिष्ट कुरो मलाई उहाँको निश्छलता लाग्थ्यो। निष्कपट, सरल र मनभित्र जे छ बाहिर पनि त्यही देखाउने तुलसीलाल अमात्य उमेर एवं शरीरले बृद्ध देखिए पनि आफ्नो निश्छलताका कारणले उहाँ भर्खरको बालक जस्तो स्वच्छ र प्रिय लाग्नुहुन्थ्यो। अहंकार भनेको पटक्कै नभएको, छक्का-पंजा गर्दै नगर्ने र आफ्नो स्वाभिमानको लागि कहिल्यै नझुक्ने स्वभाव तुलसीलाल अमात्यका थप विशिष्टताहरू हुन्। स्वभाव र तौरतरिका हेर्दा उहाँ साँच्चै 'त्यागी-सन्यासी'जस्तो लाग्नुहुन्थ्यो- जसलाई दुनियाँको कुनै पनि चिजको मोह छैन। वितरागी जस्तो देखिनु हुन्थ्यो उहाँ- स्वार्थ, द्वन्द्व र छलकपटबाट निकै टाढा पुगेको।

अध्ययन गर्न र लेख्न रुचाउने तुलसीलालले मार्क्सवादलाई पनि नेपाली विशिष्टता, पूर्वीय चिन्तन र मान्यताका आधारहरूलाई अघि सारेर व्याख्या एवं पुष्टि गर्न खोज्नुभयो। उहाँले मार्क्सवादी चिन्तनलाई व्याख्या गर्दा बुद्धकालीन कथा, गीता, हाम्रा पौराणिक कथा र जीवन शैलीलाई आधार बनाएर पनि व्याख्या गर्दै मार्क्सवादी चिन्तनको वैज्ञानिकतालाई देखाउन खोज्नुभयो।

हामीकहाँ मार्क्सवादको व्याख्या गर्दा वा मार्क्सवादी चिन्तनमा आधारित लेखहरू लेख्दा मार्क्स, एंगेल्स, लेनिन, स्टालिन र माओ त्से तुङका भनाइहरू जथाभावी ढंगले पंक्तिका पंक्ति उद्धृत गरेर आफ्ना कुराहरूलाई पुष्टि गर्न खोज्ने चलन अहिले पनि छ। सन्दर्भ र परिस्थिति नमिल्ने ठाउँमा पनि आफ्ना कुतर्क र जिद्धिहरूलाई पुष्टि गर्न कतिपय वामपन्थी नेताहरू अहिले पनि मार्क्सदेखि माओसम्मका भनाइहरूलाई गलत तरिकाले उद्धृत गर्दै आफूलाई सही ठहऱ्याउने प्रयत्न गर्छन्।

तुलसीलालको शैली यस्तो रहेन। उहाँ आफूले बुझेको मार्क्सवादको सारतत्वलाई नेपाली विशिष्टतामा लिएर निष्कर्ष दिने प्रयत्न गर्नुहुन्थ्यो र आफूलाई लागेको कुरो स्पष्ट भन्ने गर्नुहुन्थ्यो। जीवनभर अध्ययनशील रहनुभयो तुलसीलाल

आमात्य । तर आफ्नो अध्ययनशीलताको प्रदर्शन गर्न कहिल्यै रुचाउनु भएन । विद्वता र अध्ययनको घमण्ड देखाउने र मार्क्स, एंगेल्सका भनाइहरूलाई भाषण गर्दा जस्तो पायो उस्तै ढंगले उद्धृत गर्दै श्रोतालाई आफ्नो भाषणले थिच्न खोज्ने प्रवृत्ति तुलसीलालमा रहेन । उहाँ सरस र सरल शैलीमा स्पष्टवादी तरिकाले बोलेर श्रोताहरूसँग सम्वाद कायम गर्नुहुन्थ्यो ।

भ्वाट्ट हेर्दा पहिलो नजरमा तुलसीलालको व्यक्तित्व आकर्षक र मान्छे तान्ने लाग्दैनथ्यो । तर उहाँसँग संगत गर्दै गएपछि भने उहाँ आफ्नो निष्कपटता र सरलताको कारणले प्रिय एवं आदरणीय लाग्न थाल्नुहुन्थ्यो । राजनीतिको छलकपटले पनि विटुल्याउन नसकेको र जालझेल गर्न पटक्कै नजान्ने स्पष्टवादी उहाँ जस्तो निर्मल हृदय भएको नेता नेपाली कम्युनिष्ट आन्दोलनमा अर्को कोही थिएन र हुन पनि गाह्रो छ भविष्यमा ।

आफ्नो मान्यता, विश्वास र विचारमा अविचल रूपले अड्ने क्षमता तुलसीलाल अमात्यमा थियो । त्यही क्षमताले गर्दा जीवनमा जस्तोसुकै कठिनाई र पीडाहरूको सामना गर्नुपर्दा पनि उहाँ पछि हट्नु भएन । दुःखलाई स्वाभाविक र सरल रूपले सामना गरेरै जीवनपर्यन्त आफ्नो स्वाभिमानी शीर ठाडो पारेर उहाँ बाँच्नुभयो । मृत्युपछि आज जब तुलसीलाल अमात्यलाई सम्झिरहेका छौं भने हामीले उहाँबाट सिक्नुपर्ने केही कुराहरूलाई पनि सम्झिनै पर्ने हुन्छ ।

*आफूलाई गीताबाट केही प्रभावित भएको भन्ने तुलसीलाल अमात्य साँचो अर्थमा कर्तव्य पालन गरिरहने निष्काम कर्मयोगी हुनुहुन्थ्यो । जनताको लागि राजनीति गर्दा उहाँ आजीवन कर्मयोगी नै रहनुभयो र आफ्नो लागि केही खोज्दै वा केही माग्दै हिंड्नुभएन।*

लेखक



लेखक

राजनीतिमा हिजोआज हामी त्याग, तपस्या, मूल्य, मान्यताभन्दा पनि धेरै छलकपट, जालझेल, गुटवन्दी र षडयन्त्र प्रभावकारी भएको अनुभव गरिरहेका छौं । यसले गर्दा मुलुकका सबैजसो पार्टीको राजनीति लथालिङ्ग भएको छ र नेताहरूबीच आपसमा गुटबन्दी, बेमेल र वितृष्णा बढिरहेको छ । तुलसीलालजस्तै सरल, सहज र निष्कपट अरू नेताहरू पनि हुने हो भने गुटवन्दी कम हुन सक्छ ।

विभिन्न राजनीतिक पार्टीहरूमा बेमेल र गुटबन्दी बढ्नुको एउटा कारण नेताहरूको अहंकार र तँभन्दा म के कम भन्ने प्रवृत्ति पनि हो । फलानोलाई मैले किन टेर्ने भन्ने जस्ता अहंकारयुक्त अभिव्यक्तिहरू एउटा नेताले अर्को नेता विरुद्ध प्रयोग गरेको पटक-पटक सुन्न पाइन्छ । व्यक्तित्वको द्वन्द्व र तँछाड-मछाडले गर्दा गुटवन्दी र षड्यन्त्र बढ्न थालेको छ । राम्रा र इमान्दार मान्छेहरू पछाडि पर्न थालेका छन् भने छट्टु प्रवृत्ति भएकाहरूले मौका पाउन थालेका छन् । तुलसीलालको जस्तो अहंकारविहीन हुने हो भने अहिले विभिन्न पार्टीहरूमा देखिएका कतिपय द्वन्द्वहरू स्वतः कम भएर जानेछन् ।




तुलसीलाल अमात्यबाट हामीले





सिक्नैपर्ने कुरा त उहाँको निश्छलता र निष्कपट स्वभाव हो । निश्छलता एवं निष्कपटता जान्ने वा सिक्नेभन्दा पनि ज्यादा स्वभावजन्य कुरो हो शायद । तर पनि उहाँको निर्दोष बालकको जस्तो निश्छलताबाट हामीले थोरै पनि निश्छलता आफूमा सार्न सक्यौं भने हाम्रो आफ्नै मन धेरै सफा हुने थियो ।



कोरिया भ्रमणमा रहँदा स्व. जीवराज आश्रितका साथ कमरेड अमात्य

आफूलाई गीताबाट केही प्रभावित भएको भन्ने तुलसीलाल अमात्य साँचो अर्थमा कर्तव्य पालन गरिरहने निष्काम कर्मयोगी हुनुहुन्थ्यो । जनताको लागि राजनीति गर्दा उहाँ आजीवन कर्मयोगी नै रहनुभयो र आफ्नो लागि केही खोज्दै वा केही माग्दै हिंड्नुभएन । त्यसैले नै जनताले उहाँलाई अत्यन्त धेरै आदर र सम्मान दिए ।

यात्रामा नथाकेर निरन्तर हिंडिरहने त्यस्तो यात्रु हुनुहुन्थ्यो तुलसीलाल अमात्य, जो केवल गन्तव्यमा पुगेर मात्र रोकिन्छ । पथका जस्तासुकै अप्ठ्याराहरूलाई पनि सामना गर्दै हिंडिरहने पथिक हुनुहुन्थ्यो तुलसीलाल अमात्य । जो पथको अन्तिम टुङ्गोसम्म निरन्तर हिंडेर पुगेर मात्र रोकिन्छ । राजनीतिको मैदानमा लक्ष्यप्रति समर्पित अविराम योद्धा हुनुहुन्थ्यो- तुलसीलाल अमात्य ।

त्यसैले उहाँबाट हामीले निरन्तरता, अविचलता, समर्पण र निरन्तर सक्रियताका गुणहरू जो उहाँमा विद्यमान थिए, ती गुणहरू सिक्नुपर्दछ । तुलसीलाल अमात्यप्रति शब्दहरूका अनेकौं विशेषण मात्र चढाएर केही हुँदैन, यदि उहाँका विशिष्टता र गुणहरूबाट हामी थोरै भए पनि सिक्ने प्रयत्न गर्दैनौं भने ।

जीवनको उत्तरार्द्धतिर तुलसीलाल अमात्य अझ बढी शान्त र सुमधुर लाग्नुहुन्थ्यो । अत्यन्त सहज र सरल ढङ्गबाट प्रत्येक कुरालाई लिनसक्ने खुवी तुलसीलालमा थियो । उहाँको मृत्यु पनि उहाँको छेउमा अत्यन्त सरल र सहज ढङ्गले आयो । जीवनलाई सहज रूपले भोग्दा-भोग्दै कसैलाई अलिकति आशङ्कासम्म पनि नदिएर मृत्यु उहाँको छेउमा आयो र टपक्क उहाँलाई टिपेर लग्यो । हामी सबै हेरेको हेर्‍यै भयौं ।

धर्तिमा फुल्ने प्रत्येक फूल एक पटक झर्छन्-झर्छन् । सुगन्धित फूलहरू फुल्छन् र आफ्नो सुगन्धले मानिसहरूलाई मोहित पार्छन् । झरेर गइसकेपछि पनि ती फूलहरूको सुगन्ध यतै हावामा कतै मगमगाइरहेको हुन्छ । तुलसीलाल अमात्य त्यस्तै एउटा सुगन्धित फूल हुनुहुन्थ्यो । उहाँको शरीर नरहे पनि उहाँको गुणरुपी सुगन्ध हामीबीच अझै मगमगाइरहेको छ । अमात्यका गुणहरूबाट केही सिक्नु नै उहाँप्रति साँचो श्रद्धाञ्जलि हुनेछ । के हामी यसको लागि तयार छौं ? ❑

*धर्तिमा फुल्ने प्रत्येक फूल एक पटक झर्छन्-झर्छन् । सुगन्धित फूलहरू फुल्छन् र आफ्नो सुगन्धले मानिसहरूलाई मोहित पार्छन् । झरेर गइसकेपछि पनि ती फूलहरूको सुगन्ध यतै हावामा कतै मगमगाइरहेको हुन्छ । तुलसीलाल अमात्य त्यस्तै एउटा सुगन्धित फूल हुनुहुन्थ्यो । उहाँको शरीर नरहे पनि उहाँको गुणरूपी सुगन्ध हामीबीच अझै मगमगाइरहेको छ ।*





# तुलसीलाल : एउटा पढ्नयोग्य पुस्तक

तीर्थ कोइराला

तत्कालीन सोभियत संघमा कमरेड अमात्य

३ ०३६ साल जेठ १० गते जनमत संग्रहको घोषणापछि निर्धक्क भएर बहुदलको प्रचारमा जुटेको म बहुदलकै प्रचारमा हिंडेका डा. केशरजंग रायमाझीलाई गोर्खा र पाल्पाका आमसभाहरूबाट खेदिएको सुन्दा खुशी पनि भएको थिएँ । तर मेरो खुशी प्रत्यक्ष रुपमा बहुदलको विपक्षमा भने थिएन । त्यसताका एउटा सोह्र वर्षे ठिटो स्वतन्त्रताका पक्षमा लाग्दा आफूमाथि आइपर्ने जस्तोसुकै अप्ठ्यारो पनि सहने दृढताका साथ दौडेको थियो । तर त्यसको संसारलाई पनि केही केही विषयले अलि साँघुरो बनाएको कुरा अलि पछि मात्र महसूस भयो । जनमत संग्रहका लागि बहुदलको प्रचारमा मनमोहन अधिकारी, महेश उपाध्याय, भरतमोहन अधिकारी, कमल कोइराला, दुःखीलाल चौधरी, लव प्रधानलगायतको टोलीमा धेरैवटा आमसभामा वक्ताकै रुपमा भाग लिंदा पनि त्यो साँघुरोपन हुनुपर्ने जति फराकिलो भएको रहेनछ । किनभने म, केशरजंग र तुलसीलालहरू राष्ट्रियताविरुद्ध रुसी सेना लिएर ट्यांकहरू हाँक्दै आउँछन् भन्ने विश्वास गर्दथें । मेरा लागि त्यसबेला सूर्यबहादुर थापा र उनीहरू बराबरीको दूरीमा थिए ।

०३७ साल जाडोको बेला, त्यसमाथि पानी परिरहेको थियो । इटहरीको एउटा लजमा तुलसीलाल अमात्य बास बसेको थाहा पाएँ । भेट्ने र राजनीतिक कुरा नै गर्ने मनशायले भेट्न गएँ । सोचे जस्तो 'नेता'को ढाँचामा थिएनन् तुलसीलाल, एउटा थोत्रो स्वेटर लगाएर सिरकमा लटपटिएर बसिरहेका थिए । आफ्नो परिचय दिएँ । कुराकानी शुरु भयो । म कसैको सदस्य नभएको एउटा जिज्ञासु छात्र, राजनीति, देशको आर्थिक स्थिति र अन्तर्राष्ट्रिय परिस्थितिमाथि व्याख्या गर्दै लामो भाषण सुनें । प्रश्नोत्तर भयो- करीब दुईघण्टा । 'राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम' पुस्तिका र केही पर्चा लिएर बिदा भएँ । उनी बी.ए. कृष्णलगायतलाई भेट्न धरानतिर लागे ।

उनीसँगको कुराकानीबाट समाज विकासका क्रममा पूँजी, औद्योगिकीकरण, आर्थिक साम्राज्यवाद, राजनीतिक साम्राज्यवाद जस्ता विषयमा आफूले नयाँ जानकारी पाएको महसूस गरें । मलाई लाग्यो 'यो बूढो राजनीतिक दलहरूका लागि नेताभन्दा पनि राम्रो प्रशिक्षक बन्न सक्छ ।' मेरो सम्पर्कमा वाम राजनीतिमा सक्रिय मित्र चित्र निरौला, राजेश







बान्तवा र ओम कोइरालाहरू थिए । म झटारिएँ उनीहरूतिरै र प्रश्न तेर्स्याएँ । कोही पनि सकारात्मक थिएनन् । तुलसीलाल मेरो दिमागमा 'सोभियत संघ सबै कुरामा गलत छैन' भन्ने कुरा स्पष्ट रुपमा घुसाउन सफल भएका थिए । त्यसपछिका दिनहरूमा त्यसलाई खण्डन गरेर नयाँ कुरा भर्न कसैले पनि सकेन । अहिले पनि तुलसीलालले ०३७ सालमा मभित्र भरेको त्यो कुरा मरेको छैन ।

०४० सालतिर गोपाल शाक्य सोभियत संघका सम्बन्धमा फरक मत राखेर तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माले)बाट बाहिर बसे । त्यसपछि भएको कुराकानीबाट विषयले नयाँ बाटो लिने छ भन्ने लागेको थियो र वास्तवमा त्यो भयो पनि । यद्यपि, म जस्तो राष्ट्रियता र प्रजातन्त्रका लागि नै वामपन्थी आन्दोलनलाई समर्थन गर्ने युवकका लागि 'चौरासी वाकस' भित्रिएको रहस्य र अफगानिस्तान तथा कम्पूचियामा विदेशी सेना पसेका घटना सुपाच्य हुने कुरा थिएन । जसरी अहिले दिल्लीको इसाराबाट यहाँको रंगमंचमा हुने नाटकहरू सुपाच्य छैनन् ।

मेरो मस्तिष्कले पटक-पटक तुलसीलाल खोजिरहेथ्यो । ०४१ सालको एउटा बिहान म तुलसीलालको ललितपुरको स्वथःस्थित निवासको ढोका ढकढक्याउन पुगें । गीता पाठ गरिरहेका तुलसीलालले केही छिनपछि मलाई मार्क्सवाद-लेनिनवादको व्याख्या सुनाउन थाले । जसमा 'गीता' पनि मिसिएको थियो । त्यसमा अलिकति मन नपरेको उनको आत्मपूराण पनि मिसियो । तैपनि म 'राष्ट्रवाद' र 'अतर्राष्ट्रवाद'बारे धेरै स्पष्ट भएको थिएँ । उनका व्याख्यामा सहमति र असहमति राख्ने मेरो आफ्नो अधिकार थियो । ०३७ सालमा तुलसीलाल-लाई भेटेर फर्किएपछि घनश्याम भट्टराई 'दर्शन'सँग कुरा गर्दा 'दर्शन'ले मलाई 'पार्टीको मोटर र अन्य सम्पत्ति लगेर दिल्लीमा उनले बनाएको निजी घरबारे सोध्नु भएन ?' भनेर गरेको प्रश्नको उत्तर ०४१ सालमा उनको पाटनको घरको अवस्था हेरेर अनुमान गरेको थिएँ । मलाई लाग्छ- राजनीति गर्नेहरू यथार्थभन्दा बढी भ्रम ओकल्छन् र भ्रम नै ग्रहण गरेर बाँच्न रुचाउँछन् । राजनीतिको संसारमा नै भ्रमको मात्रा धेरै हुन्छ । यसबाट तुलसीलाल पनि अपवादमा परेनन् र अरु पनि ।

०४७ सालमा नेपाल वातावरण पत्रकार समूहको एउटा कार्यक्रमका लागि निम्ता गर्न तुलसीलालकहाँ पुगेको थिएँ । उनले प्रमुख अतिथि को छ भनेर सोधे । मैले वनमन्त्री भएका नाताले वातावरण पनि झलनाथ खनालको जिम्मा छ, उनैलाई बोलाएका छौं भनेर बताएँ । बूढा तुलसीलाल तात्तिए । 'सारा घूस खाएर मालेहरूले वन मासेका छन्, अब वातावरण पत्रकार समूह पनि खोलेछन्' उनी भन्न थाले । वास्तवमा वातावरण पत्रकार समूहको कहिल्यै कुनै राजनीतिसँग सम्बन्ध थिएन र छैन । मैले यो कुरा बुझाउन सकिनँ र त्यसै फर्किएँ ।

बहुदल आएपछि समाचारका सिलसिलामा फोन गरेको थिएँ । निम्ता पाएँ; पार्टी अधिवेशनमा आउने । उनी नेकपा (अमात्य)का महासचिव थिए । भोलिपल्ट राष्ट्रिय सभागृह पुगेको त म पत्रकारलाई अधिवेशन प्रतिनिधिको बिल्ला लगाएर भित्र छिराइदिए । पछि उनकै पार्टीका एकजना माथिल्लै तहका कार्यकर्ता नाम थाहा भएन 'गङतौला'लाई कुरा

बुझाएर विल्ला फेराएं । यो थियो उनको पार्टीको संगठनात्मक हविगत ।

समाचार वा अन्तर्वार्ताका सिलसिलामा जतिपटक मैले तुलसीलाललाई भेटें त्यसबाट मलाई के लाग्छ भने उनी एक इमान्दार, सिद्धान्तनिष्ठ र चरित्रवान् मान्छे थिए । यस अर्थमा मैले बुझेका आदर्श कम्युनिष्ट हुन् उनी । तर मानवीय कमजोरी उनीमा पनि थिए, त्यसलाई कसैले विर्सन मिल्दैन । तुलनात्मक दृष्टिले उनी अघिल्लो पंक्तिका इमान्दार, सिद्धान्तनिष्ठ र चरित्रवान् थिए । उनी आवद्ध संगठनहरूले असल प्रशिक्षकका रुपमा उनलाई ग्रहण गरेर परिचालन गर्नुपर्ने थियो । उनका कमजोरी ठम्याएर पाँच लाख र आठ लाख रकम गृह मन्त्रालयबाट दिलाएर अवमूल्यन गर्नु हुँदैनथ्यो । जुन गल्ती एमालेका जिम्मेवार नेताहरूबाट गरिएको छ । यस व्यवहारबाट भविष्यमा अरु पनि जुठीन सक्छन् । तुलसीलालको जीवनबाट उनको मृत्युपश्चात् पनि सबैले शिक्षा लिन सक्ने ठाउँहरू छन् र मलाई लाग्छ- तुलसीलाल एउटा पुस्तकको नाउँ हो । सरर पल्टाउँदा के गर्नु हुन्छ र के गर्नु हुँदैन- शिक्षा पाउन सक्छौं ।

०४१ साल जेठमा भारतका बँधुवा मजदूर मुक्ति आन्दोलनका नेता स्वामी अग्निवेशसँग भेट हुँदा नेपालका कम्युनिष्टहरू शास्त्रीय मात्रै छन् कि नेपाल जस्तो राजतन्त्रात्मक हिन्दू पहाडी मुलुक अनुकुल राजनीति गर्न सिपालु छन् भनेर प्रश्न राखें । प्रश्नले मेरो मस्तिष्कलाई धेरै घोरिएर सोच्न बाध्य बनाएको थियो । नेपालको राजनीतिमा तुलसीलाल धेरै ओझेलमा परेको भए पनि मैले गीता पाठ गर्ने मार्क्सवादी तुलसीलाललाई पढ्दा त्यसको धेरै उत्तर पाएको छु । म विश्वस्त छु मैले पाएको उत्तर सही छ, किनभने म राजनीतिमा सधैं सत्य कुरा मात्रै अघिल्लो पंक्तिमा रहन्छ भन्ने भ्रममा छैन । तुलसीलाल नेपालको प्रजातान्त्रिक आन्दोलनमा एउटा दलको स्थापनाको कार्यमा जुटेर ००७ मा मात्र होइन, संयुक्त वाम मोर्चाको नेतृत्वमा समेत लाग्दै ०४६ फागुन ७ गते आफ्नो उमेरलाई समेत ख्याल नगरी सडकमा निस्किएका नेता हुन् । शुरुका दिनदेखि अन्त्यका दिनसम्म व्यक्तिगत कठिनाइलाई वास्ता नगरी



*उनी अघिल्लो पंक्तिका इमान्दार, सिद्धान्तनिष्ठ र चरित्रवान् थिए उनी आवद्ध संगठनहरूले असल प्रशिक्षकका रूपमा उनलाई ग्रहण गरेर परिचालन गर्नुपर्ने थियो । उनका कमजोरी ठम्याएर पाँच लाख र आठ लाख रकम गृह मन्त्रालयबाट दिलाएर अवमूल्यन गर्नु हुँदैनथ्यो । जुन गल्ती एमालेका जिम्मेवार नेताहरूबाट गरिएको छ । यस व्यवहारबाट भविष्यमा अरू पनि जुठीन सक्छन् ।*



**लेखक**

अविरल रुपमा लाग्ने जातीय, भाषिक, सांस्कृतिक विषयमा समेत संकीर्णता नवोकेको, राष्ट्रिय रुपमा सम्मान दिन र शिक्षा लिन लायक पुस्तकको ठेली नै हुन् तुलसीलाले; जसलाई उनका अवसानपछि पनि पाना पल्टाएर पढ्न शिक्षा लिन सकिन्छ । ❀

*०४७ वैशाख ४ गते नयाँ संयुक्त मन्त्रिमण्डलको नामावली तयार भएपछि नेपाली कांग्रेस र संयुक्त वाममोर्चाको बैठकमा कृष्णप्रसाद भट्टराई, राधाकृष्ण मैनाली र साहना प्रधानका साथ कमरेड अमात्य ।*







कमरेड तुलसीलाल अमात्य अब हामीबीच हुनुहुन्न । तर उहाँको राजनीतिक जीवनको सम्झना सदा रहिरहने छ । केही मानेमा वहाँ बाँचेको बेला प्रेरणाको श्रोत हुनुहुन्थ्यो भने आज-भोलि वहाँ मरेर पनि प्रेरणाको श्रोत रहिरहनुहुनेछ ।

कमरेड तुलसीलालबारे केही लेख्ने अवसर पाउँदा कमसेकम वहाँ सँगसँगै राजनीतिमा संलग्न रहेको कुनै पनि कम्युनिष्टको कलम थामिन्छ होला भनी म सोच्न पनि सक्दिनँ ।

तुलसीलालको नाम लिने बित्तिकै रौतहट त्यो नामसँग गाँसिन पुग्दछ । अमात्यज्यूले रौतहटमा कहिलेदेखि र कुन ठाउँबाट राजनीति थाल्नु भयो मलाई थाहा छैन । थाहा हुनु जरुरी पनि ठान्दिनँ । यदि पत्ता नै लगाउन जरुरी हुन गएमा यो खोजबिनको विषय हुन सक्दछ कि रौतहटको कुन कुनामा वहाँ पुग्न सक्नुभएन । म कमरेड अमात्य सशरीर बारेमा कुराहरू नपुगेको सायदै कुनै घर-परिवार होला ।

अखिल नेपाल किसान संघको प्रथम राष्ट्रिय सम्मेलन रौतहटकै महम्मदपुर भन्ने गाउँमा सम्पन्न भएको थियो । ००५ सालको कुरो हो । रौतहटमा अखिल नेपाल किसान संघको संगठनात्मक अवस्था कस्तो थियो ? मलाई कुनै जानकारी छैन । तर त्यसैबेला महम्मदपुरबाटै "नाजायज तमसुक फट्टा" आन्दोलन शुरु भएको र त्यो आगो जस्तै सल्कदै जिल्लाव्यापी मात्र होइन कि बारा, सर्लाहीसम्म फैलिएको थियो । त्यसको झिल्को त सिरहासम्म पुगेको थियो । भूमिगत जीवन बिताइरहनुभएको अवस्थामा महम्मदपुर सम्मेलनमा कमरेड अमात्यले भाग लिनुभएको थियो । जुन घरमा सम्मेलन भइराखेको थियो, त्यसलाई पुलिस-दलले घेरा हालिराखेको थियो र पुलिस दललाई आमजनताले



*जनआन्दोलनको सफलतापछि पाटनको विशाल जनसभामा कमरेड अमात्य*

पुग्नुभएको बारे कुरा गर्दैछु । वहाँबाट नेपालको अनुहार फेर्ने बारेमा, खास गरेर किसान-मजदूरहरू आफैं आफ्नो भाग्य निर्माण गर्न अगाडि बढ्नुपर्ने घेराभित्र पारिराखेका थिए । पुलिस दलले तुलसीलाललगायत अन्य वारेन्टेड नेताहरूलाई समात्ने कि पुलिस-दललाई नै आम जनताले आफ्नो कब्जामा



लिने ? जनताको उर्लंदो भेलले तुलसीलालको गिरफ्तारीलाई पुलिस दलको वश बाहिरको कुरो पारिदिएको थियो । कमरेड तुलसीलाल कति दिन रौतहटमा बस्नुभयो ? वहाँ जिल्लामा छँदै तमसुक फट्टा आन्दोलन शुरु भएको हो कि ? मलाई केही थाहा छैन । तर ऐतिहासिक महत्त्वको ००९ सालको किसान आन्दोलन शुरु हुनुमा कमरेड अमात्यको प्रेरणादायी भूमिका रहेको कुरो ऐतिहासिक तथ्य भइसकेको छ । त्यो आन्दोलनका प्रत्यक्षदर्शीहरूमध्ये म पनि एक हुँ । तर कमरेड तुलसीलालसँग मेरो प्रत्यक्ष भेटघाट सायद ०१० सालमा सम्पन्न नेकपाको प्रथम महाधिवेशनमा भएको हो ।

आम जनतालाई प्रभावित गर्ने, त्यो पनि चमत्कारिक रुपमा प्रभावित गर्ने व्यक्तित्वको भूमिकालाई सामूहिक नेतृत्वको नाउँमा नजरअन्दाज गर्नु ऐतिहासिक तथ्यबाट टाढा पुग्न जानु हुन्छ । नेपाल जस्तो पिछडिएको, किसानै किसानले भरिएको समाजमा जनतालाई चमत्कारिक रुपबाट प्रभावित गर्ने व्यक्तित्वको ठूलो महत्व हुने कुरोलाई इन्कार गर्न मिल्दैन । एक समयमा कमरेड तुलसीलालको व्यक्तित्व पनि आम जनतामा चमत्कारिक प्रभाव पार्ने खालको देखिएको थियो । ०१५ सालको आम चुनावताका कमरेड तुलसीलाल सर्लाही जिल्लाको भ्रमण सकेर रौतहटको तत्कालीन ५० नं. चुनाव क्षेत्रभित्रको गरुडा भन्ने गाउँको एक पुराना पार्टी कार्यकर्ताको घरमा बास बस्न पुग्नुभयो । तुलसीलालको नाउँ सुन्ने बित्तिकै रातारात त्यस गाउँका पार्टीका पुराना प्रमुख कार्यकर्ताहरू भेला भई देश-विदेशका कुराहरू सुनाउन आग्रह गर्न थाले । त्यही सिलसिलामा आम चुनावको कुरा पनि उठ्यो । कुन पार्टीलाई भोट दिने भन्नेबारे पनि छलफल भयो । त्यस गाउँका पुराना कम्युनिष्ट कार्यकर्ताहरू कम्युनिष्ट पार्टीको पक्षमा मत दिलाउन नसक्ने स्थितिमा पुगिसकेका थिए । ०१ सालमा कृषि मजदूरहरूको मजदुरी बढाउन र मोहियानी हक कायम गराउनका लागि रौतहट जिल्लामा ००९ सालको किसान आन्दोलनपश्चात् पुनः विशाल किसान आन्दोलन भएको थियो । त्यस आन्दोलनको दौरानमा सरकारको तर्फबाट ००९ सालमा भन्दा पनि बढी दमन गरिएको थियो । त्यस दमनबाट उत्पन्न अवस्थाले सामन्ती धाक-रवाफलाई निकै बढाएको थियो । सामन्तहरूको मर्जीका खिलाफमा कुनै पार्टीको पक्षमा मतदान गर्नु-गराउनु सजिलो थिएन । नेकपा रौतहट जिल्ला समितिको सचिवको हैसियतले म स्वयंले त्यस गाउँका पुराना कार्यकर्ताहरू तथा आम किसानहरूलाई कम्युनिष्ट पार्टीको पक्षमा मतदान गर्नका लागि सहमत गराउन सकेको थिइनँ । हामी निराश भइसकेका थियौं । त्यस गाउँका कम्युनिष्ट पार्टीसँग सम्बन्धित पुराना कार्यकर्ताहरूले नेपाली कांग्रेस तथा गोरखा परिषद्का उम्मेदवारहरूबाट पैसा लिएर ती दुवै पार्टीहरूको पक्षमा मतदान गराइदिने निर्णय गरिसकेका थिए । त्यस्तो अवस्थामा कमरेड तुलसीलाल गरुडामा पुग्नुभएको थियो । तुलसीलालले भनेपछि त ती पुराना कार्यकर्ताहरूले दाँया-बाँया हेर्ने कुरै भएन । तिनीहरूलाई एउटै कुराको डर थियो कि त्यस गाउँका सामन्तहरूले तुलसीलाल त्यस गाउँमा पुगेको, राती बास बसेको थाहा पाए भने पैसा तिरिसकेपछि पनि लट्ठीको बलमा आफ्नो पक्षमा मतदान गराई छाड्थे । तुलसीलालको निर्देशन पाइसकेपछि किसान कार्यकर्ताहरूले यो विश्वास दिलाए कि त्यस गाउँको अत्यधिक मत कम्युनिष्ट पार्टीको पक्षमा नै पारिने छ । तर तिनीहरूले एउटै मात्र कुराको माग गरे कि तुलसीलालजी उज्यालो नहुँदै गाउँ छोडी अन्त गई दिनुपर्‍यो । उनी त्यस गाउँमा देखापर्नु भएन । तुलसीलालको सहमति भएपछि रातारात उनलाई किसान कार्यकर्ताहरूले त्यस गाउँभन्दा धेरै टाढाको गाउँमा पुर्‍याई दिएका थिए । मतदानपश्चात् मत गन्तीबाट के देखियो भने त्यस गाउँमा खसेको कूल मतको ९५ प्रतिशत मत कम्युनिष्ट पार्टीको पक्षमा खसेको थियो । त्यो मत कम्युनिष्ट पार्टीको पक्षमा नपरेको भए सायद त्यस क्षेत्रबाट कम्युनिष्ट पार्टीका उम्मेदवार कमरेड हरदयाल महतोलाई विजयी हुनमा गाह्रो हुने थियो होला ।

*त्यस गाउँका कम्युनिष्ट पार्टीसँग सम्बन्धित पुराना कार्यकर्ताहरूले नेपाली कांग्रेस तथा गोरखा परिषद्का उम्मेदवारहरूबाट पैसा लिएर ती दुवै पार्टीहरूको पक्षमा मतदान गराइदिने निर्णय गरिसकेका थिए । त्यस्तो अवस्थामा कमरेड तुलसीलाल गरुडामा पुग्नुभएको थियो । तुलसीलालले भनेपछि त ती पुराना कार्यकर्ताहरूले दाँया-बाँया हेर्ने कुरै भएन ।*



लेखक

कमरेड तुलसीलालबाट कार्यकर्ताहरू मात्र प्रभावित भएका थिएनन् कि आम जनतासमेतलाई उनको नाउँबाट कम्युनिष्ट पार्टीको पक्षमा मोड्न सजिलो हुन्थ्यो । यस्तो थियो, कमरेड तुलसीलालको जादुमय व्यक्तित्व । जनतामा भिजेर, उनको सुख-दुःखमा सामेल भएर कमरेड तुलसीलालले त्यसबेला आफ्नो व्यक्तित्वलाई त्यस किसिमको चमत्कारिक व्यक्तित्वको रुपमा परिणत गर्न सकेका थिए । आजका कम्युनिष्टहरूले मात्र होइन कि आफूलाई प्रजातन्त्रवादी भन्नेहरूले पनि यस तथ्यबाट प्रेरणा लिने कि नलिने ? सोच्ने वेला आएको छ ।

**(२०५४ साल साउन २३ गतेको सूर्योदयबाट)**







# कमरेड तुलसीलालको धैर्यबाट सिकौं

**कृष्णराज वर्मा**

कमरेड तुलसीलाल अमात्य नेपाल कम्युनिष्ट आन्दोलनको कहिल्यै नबिर्सने नाम हो । प्रजातन्त्रको स्थापना तथा पुनर्वहालीका आन्दोलनहरूमा जहिले पनि उहाँको महत्त्वपूर्ण भूमिका रहेको छ । यो कुरा ००७ सालमा मोतिहारी जेल यात्रा, ०१७ सालपछि भारत प्रवास तथा ०४२ र ०४६ सालमा भएका प्रजातन्त्र पुनर्वहालीका आन्दोलनमा उहाँको प्रत्यक्ष संलग्नताले देखाउँछ ।

उहाँ शोषित-पीडित जनताको संघर्षप्रति बढी आकर्षित रहने र आफ्नो साधारण र सरल जीवनशैलीले गर्दा उनीहरूबीच पुग्न सरल भएकोले ००७ सालमा किसान मजदूर संगठनको स्थापना गर्नुभएको थियो । त्यसैको परिणामस्वरूप वहाँसहित ४ जनालाई भारत सरकारले मोतिहारी जेलमा थुनेको थियो । उहाँसँग त्यसबेला साक्षात्कार नभए पनि हामीले त्यस संगठनको पर्चा रक्सौलबाट संकलन गरी राजविराजमा वितरण गरेका थियौं । शायद, कम्युनिष्ट क्रियाकलापको पहिलो थालनी पनि यही थियो ।

वहाँको सरल जीवन, जनसाधारणसँग घुलमिल गर्न सक्ने स्वभावले गर्दा वहाँलाई ग्रामीण जनसाधारणका वीच आदर्श नेतृत्वको रूपमा स्वीकार्य



गरायो । आफूसँग मत-मतान्तर भएका नेताहरूसँग पुनः सामञ्जस्य गर्न उहाँ जहिले पनि तयार देखिनुहुन्थ्यो । तर उहाँले आफ्नो निजी सोचाइप्रतिको कट्टरताले गर्दा विभिन्न समयमा अलग संगठन बनाउन वा आफ्नै नेतृत्वमा संगठनलाई स्थायित्व दिन बढी दृढ रहँदै आउनु भयो ।

हामीले एउटै पार्टीको नेतृत्वमा बसेर पनि काम गर्‍यौं । अलग-अलग संगठन बनाइ एक-अर्कामाथि आक्रामक भएर पनि काम गर्‍यौं । प्रवासबाट मुलुकभित्र आएपछि मुलुकमा प्रजातन्त्रको पुनर्स्थापनाको आन्दोलनमा र कम्युनिष्ट आन्दोलनलाई एकीकृत गर्ने प्रश्नमा हाम्रा मतहरू समान रहे । हामीले एकताबद्ध प्रयास पनि गर्‍यौं । खासगरी ०४२ र ०४६ का आन्दोलनमा काँधमा काँध मिलाएर लड्यौं । वहाँ कहिल्यै पनि स्थिर पूर्वाग्रह राख्ने व्यक्तिको रूपमा देखिनु भएन ।

मुलुकभित्र र प्रवासमा रहँदासमेत आफ्नो विचारका लागि सहनुभएको कष्टकर जीवनले उहाँलाई निष्ठावान नेताको रूपमा प्रस्तुत गरेको छ । यसले उहाँको व्यक्तित्वलाई सरल तथा चरित्रवान बनाएको छ । आफ्नै जीवनको कठिन अवस्थामा पार्टी जीवनको उतार-चढावका बेला उहाँले देखाउनुभएको धैर्यले उहाँको व्यक्तित्वलाई एउटा निखार दिएको छ । देश सेवामा लागेका कुनै पनि राजनैतिक कार्यकर्ताहरूको लागि यो अनुकरणीय आदर्श रहेको छ ।

कमरेड तुलसीलाल अमात्यको





*हामीले एउटै पार्टीको नेतृत्वमा बसेर पनि काम गर्‍यौं । अलग-अलग संगठन बनाइ एक-अर्कामाथि आक्रामक भएर पनि काम गर्‍यौं । प्रवासबाट मुलुकभित्र आएपछि मुलुकमा प्रजातन्त्रको पुनर्स्थापनाको आन्दोलनमा र कम्युनिष्ट आन्दोलनलाई एकीकृत गर्ने प्रश्नमा हाम्रा मतहरू समान रहे ।*

असामयिक निधन मुलुकको लागि अपूरणीय क्षति हो । वहाँको नाम कम्युनिष्ट आन्दोलनको लागि एउटा प्रतीक हो । र, यस आन्दोलनका केही अविष्मरणीय नामहरूमध्ये एक हो । हामी सबै उहाँको सरल स्वाभाव र चरित्रबाट प्रभावित रहेका छौं । पार्टी जीवनमा आएका उतार-चढाव र आफ्ना कष्टप्रद जीवनमा वहाँले देखाउनुभएको धैर्यबाट हामी सबै प्रभावित रहेका छौं ।

म एउटा निकटतम मित्र र सहयात्रीको नाताले उहाँको अभावमा अति दुःखी छु । उहाँको शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु । मैले थाहा पाएसम्म उहाँको राजनैतिक व्यक्तित्व निर्माणमा उहाँकी श्रीमतीको महत्त्वपूर्ण योगदान छ । नेकपा (एमाले) ले उचित सम्मान प्रकट गरी कमरेड अमात्यप्रति सही श्रद्धाञ्जलि प्रकट गर्ने नै छ ।

हामीले प्रजातन्त्रका योद्धा, कम्युनिष्ट आन्दोलनका अविस्मरणीय व्यक्तित्व तथा बुद्ध र गीताको दर्शनमा मार्क्सवादको समर्थनका लागि तर्क खोज्ने एउटा ठूलो अन्वेषक गुमाएका छौं । उहाँ जस्तो निष्कपट योद्धाप्रति शतशत अभिभादन !



# चौथो खण्ड

## सबैका लागि अनुकरणीय व्यक्तित्त्व

डीपी अधिकारी

डा. केशरजंग रायमाझी

हिक्मतसिंह भण्डारी

*समयक्रममा मार्क्सवाद र किसान आन्दोलनबाट डाढिने व्यक्तित्त्वहरू उहाँको व्यक्तित्त्वबाट अत्यन्त प्रभावित छन् । "राजनीतिमा थकाइ भन्ने शब्द हुँदैन ।" यस भनाइलाई उहाँले साँच्चै चरितार्थ गर्नुभयो । सबै मान्दछन्- कमरेड तुलसीलाल शान्तिप्रिय, मित्रप्रेमी र दलित-पीडित श्रमिकहरूको स्वार्थका लागि बोल्ने-लड्ने व्यक्तित्त्व हुनुहुन्थ्यो । उहाँ कहिल्यै पनि पूर्वाग्रही देखिनुभएन । "तुलसीलाल कर्मयोगी हुनुहुन्थ्यो । आपत-विपत जस्तै परे पनि क्षणिक विश्रामपछि फेरि आफ्नो काममा उत्तिक्कै जोश र जाँगरका साथ लाग्ने क्षमता उहाँमा थियो ।" कुनै समय उहाँसँग राजनीतिक काम गर्नेहरूको अनुभव यस्तो छ ।*




*जनआन्दोलनको पूर्व सन्ध्यामा त्रि-चन्द्र क्याम्पसमा आयोजित कार्यक्रममा*

# नेपाली राजनीतिका आदरणीय व्यक्तित्व

**डी.पी. अधिकारी**

सन् १९४९ मा भारतको कलकत्तामा तुलसीलालजीसँग मेरो पहिलोपल्ट भेट भएको थियो । म त्यतिबेला कलकत्ताको एउटा कलेजमा अध्ययनरत थिएँ । केही महिना पहिले काठमाडौं जेलमा २८ दिनसम्मको अनशनपछि जेलमुक्त भएर रक्सौल रेलवे स्टेशनमा वीपी कोइराला आइपुग्दा म गणेशमानसँगै स्वागत गर्न गएको थिएँ । काठमाडौंको जेलभित्र अनशनमा रहेका वी.पी. कोइरालालाई जेलमुक्त गर भनी धरानमा संचालित युवकहरूको आन्दोलनको नेतृत्व गरेबापत् म भारततिर भाग्न बाध्य बनेको थिएँ । गणेशमानजी त्यतिबेला रक्सौलको एउटा कुनामा खरले छाएको सानो छाप्रोमा बस्नुहुन्थ्यो । मेरो नेपाली कांग्रेसका व्यक्तिहरूसँगको सहबास यहीसम्मको लागि मात्र थियो । कांग्रेसीहरूको आपसी व्यवहारदेखि रुष्ट वनेर म कलकत्तामा कम्युनिष्टहरूको सम्पर्कमा हिंड्न शुरु गरिसकेको थिएँ । कलकत्तामा पुष्पलाल र हिक्मतसिंह भण्डारीसँग मेरो भेट भयो । त्यहाँ पढ्न आउने अरु नेपाली विद्यार्थीलाई सम्पर्कमा लिएर एउटा मार्क्सवादी अध्ययन केन्द्रको स्थापना गऱ्यौं । पुष्पलालमाथि त्यतिबेला भारतको बंगाल सरकारले पक्राउ वारेन्ट जारी गरेको हुँदा उहाँ गुप्त रुपले नै बस्ने गर्नुहुन्थ्यो । वी.पी. कोइरालालाई हाम्रो यो गतिविधि थाहा भएर वहाँ कलकत्ता आइपुग्नुभयो । त्यही मौकामा मेरो भेट तुलसीलालजीसँग पनि भयो ।

कलकत्ताको लोवर चितपुर स्ट्रिटमा डेरा गरी बसेका सत्यनारायणवहादुर श्रेष्ठको सम्पादनमा प्रकाशित हुने नेपाल टुडे भन्ने पत्रिकाको अफिसमा वी.पी. कोइरालासमेत तुलसीलालजी र हामीहरू पनि भेला भएका थियौं । त्यहाँ कुराकानीबाट थाहा भयो- तुलसीलाल पनि नेपाली कांग्रेसका व्यक्तिहरूको व्यवहारबाट रुष्ट हुनुहुन्छ । तुलसीलालजी राणा शासकहरूको विरोधी काम-कारवाहीले त्यतिबेला काठमाडौंको नवजागृत युवकहरूको बीच निकै प्रचारमा आइसक्नुभएको थियो । वहाँको सम्पर्कले हामी कम्युनिष्ट समर्थनमा काम गरिरहेका व्यक्तिहरूलाई नयाँ उर्जा प्राप्त भयो । तुलसीलालजीलाई पनि मार्क्सवादी अध्ययन केन्द्रमा सामेल गराइयो । त्यतिबेला कलकत्ताको मेडिकल कलेजमा अध्ययन गरिरहेका केशरजंग रायमाझी पनि कम्युनिज्मप्रति आकर्षित रहनुभएको हुँदा उहाँकै कोठामा हप्ताको एकपल्ट मार्क्सवादका सम्वन्धमा छलफल गर्ने गरिन्थ्यो । केही दिनपछि कलकत्ता पुलिसले मलाई पक्राउ गरेर मेरो डेराको खानतलासी लियो । मलाई बराबर पुलिस थानामा हाजिर हुने शर्तमा छाडियो । म डेरा सरेर बस्न लागें । कम्युनिष्ट संगठनसम्बन्धी यो सम्पर्कलाई कलकत्ताका विद्यार्थीबीच मात्र सीमित नराखी नेपालभित्रका आफ्ना सम्पर्कका विभिन्न ठाउँमा पुगेर नयाँ-नयाँ व्यक्तिहरूलाईसमेत सम्पर्कमा ल्याउने योजना हामीले बनायौं । त्यतिबेलासम्म मनमोहन अधिकारी पनि काठमाडौं जेलबाट छुटेर विराटनगर आइसक्नुभएको थियो । शैलेन्द्र उपाध्याय हामीसँग सम्पर्क गर्न विराटनगर आउनुभयो । नेपाली कांग्रेसमा दुई-चार वर्ष काम गरिसकेका पुष्पलाल, तुलसीलाल र मसहित मनमोहन अधिकारी र शैलेन्द्रको आपसी सम्बन्ध र मिलनले हामी कम्युनिष्ट सिद्धान्तमा वोल्ने

थोरै संख्यामा रहेका भए पनि नयां प्रेरणा र शक्तिका साथ नेपाली जनताको वीचमा कम्युनिष्ट सिद्धान्तलाई लैजाने अठोट गर्‍यौं । हामी पाँच जना- पुष्पलाल, तुलसीलाल, मनमोहन, शैलेन्द्र र म तथा भारतीय कम्युनिष्ट पार्टीवाट हामीलाई सहयोग गर्दै आउनुभएका अयोध्यासिंहसमेत मिलाएर कलकत्तामा सन् १९५० को सेप्टेम्वर १५ का दिन नेपाल कम्युनिष्ट पार्टीको पहिलो केन्द्रीय संगठन समितिको गठन भयो । र, पुष्पलालजी त्यसको महामन्त्री वनाइनुभयो ।

तुलसीलालजी शुरुदेखि नै शान्तिप्रिय, मित्रप्रेमी र दलित-पीडित श्रमिकको स्वार्थमा वोल्ने र लड्ने व्यक्तिको रुपमा देखिँदै आउनुभयो । त्यतिबेला नेपालमा कम्युनिष्ट आन्दोलनको विस्तारमा तम्सिएका व्यक्तिहरूले देशभित्र र वाहिरको स्थितिलाई पनि अध्ययन गर्नु आवश्यक थियो । द्वितीय विश्वयुद्ध फासिवादको हार सँगसँगै व्रिटिश साम्राज्यवादी शक्तिलाई पनि दुर्वल बनाउँदै अन्त भएको थियो । अर्कोतिर, सोभियत संघ, विश्वयुद्धमा विजयकारी शक्तिको रुपमा देखिन आएको थियो । त्यसको लगत्तै पछि साम्राज्यवादी शक्तिले विश्वका पछौटे र अविकसित देशहरूलाई आफ्नो उपनिवेश बनाउने होडवाजी र युद्धलाई रोकेर, विश्वमा शान्ति कायम गर्ने उद्देश्यका साथ सोभियत संघलगायत पश्चिमा सबै ठूला राष्ट्रहरूलाई समेत मिलाएर अरु शान्तिप्रेमी राष्ट्रहरूको समर्थन र सहभागितामा संयुक्त राष्ट्र संघको स्थापना भयो । द्वितीय विश्वयुद्धमा दुर्वल बनेको अंग्रेजी साम्राज्यवाद भारतलगायत एसियाका कतिपय देशहरूलाई स्वतन्त्रता दिन वाध्य भएको थियो । तर साम्राज्यवादको आडभित्र नेपालमा हुर्कंदै आएको राणाहरूको पारिवारिक हुकुमत यथावत कायम रहेको थियो । नेपालमा प्रजातन्त्रको स्थापनाका लागि सशस्त्र संघर्षको कुरा गर्दै आएका नेपाली कांग्रेसका नेताहरू कम्युनिष्टहरूको गतिविधिका विरुद्ध शुरुदेखि नै वोल्न थालेका थिए । भारतमा पनि त्यहाँको कम्युनिष्ट पार्टी प्रतिवन्धित अवस्थामा रहेको थियो । भारतको तेलगंनामा चलेको किसानहरूको सशस्त्र विद्रोहको उग्रतावाट पन्छिएको भारतीय कम्युनिष्ट पार्टी कम्युनिष्ट आन्दोलनको अगाडिको राजनैतिक वाटो पहिल्याउने वादविवादमै थियो । भारत प्रवासमा रही सानो संख्यामा संगठित नेपाली कम्युनिष्टहरूले देशभित्र पसेर जनताका बीच काम गर्न पाउनुभन्दा पहिले नै नेपाली कांग्रेसको नेतृत्वमा राणा शासकको विरुद्ध सशस्त्र संघर्ष शुरु भयो । नेपाली कम्युनिष्टहरूलाई यो संघर्षबाट पृथक राख्ने नीतिअन्तर्गत भारतमा र कांग्रेसी शासन कायम भएको नेपालभित्रका क्षेत्रहरूमा कम्युनिष्टहरूलाई पक्रेर वन्दी वनाइयो । तुलसीलालजीसहित केही साथीहरूलाई भारतीय पुलिसले रक्सौलमा पक्रेर मोतिहारी जेलमा वन्दी वनायो । सशस्त्र संघर्षद्वारा नेपालमा राणाहरूको एकलौटी सरकारको अन्त भए र राणा-कांग्रेसको संयुक्त सरकार गठन भएको पनि पछिसम्म पनि उहाँहरूलाई जेलमै राखियो । पछि तुलसीलालजी भारतीय जेलवाट मुक्त हुनुभयो । र, नेपाल प्रवेश गर्नुभयो । सशस्त्र संघर्षको समयमा विराटनगर जेलमा वन्दी वनाइएका मनमोहन अधिकारी, म, नरवहादुर कर्माचार्य, केदार खनाल र अरु साथीहरू पनि जेलवाट मुक्त भयौं ।

००७ सालको सशस्त्र संघर्षको समयमा नेपालभित्र र भारतीय भूमिमा पक्राउ परेका नेपाली कम्युनिष्टहरू जेलवाट मुक्त भएको चार-पाँच महिनापछि नै कलकत्तामा गुप्तरुपले नेपाल कम्युनिष्ट पार्टीको प्रथम सम्मेलन सम्पन्न गरियो । सम्मेलनमा नेपालको पूर्व-पश्चिमका विभिन्न क्षेत्रबाट कम्युनिष्ट पार्टीको सम्पर्कमा आएका प्रतिनिधिहरूलाई पनि सहभागी बनाइएको थियो । सन् १९५१ को सेप्टेम्वर २२ देखि ३० तारिखसम्म भएको पार्टीको यो सम्मेलनले ००७ सालको क्रान्तिको उपलब्धि र असफलताको मूल्यांकन गरेर प्राप्त प्रजातान्त्रिक अधिकारको सुदृढीकरणका र देशका मजदूर-किसानको स्वार्थका लागि अरु सबै प्रजातान्त्रिक शक्तिसँग मिलेर लड्ने अठोट गर्‍यो । र,जनवादी क्रान्तिको नारा तय गर्‍यो । यो सम्मेलनवाट शम्भुराम श्रेष्ठलाई समेत थपेर केन्द्रीय संगठन समितिमा पहिले रहेका पाँच सदस्यसहित ६ जनाको केन्द्रीय समिति चुनियो । पुष्पलाल महामन्त्री तथा मनमोहन र शैलेन्द्र पोलिटव्यूरो सदस्यमा चुनिए । सम्मेलन समाप्तिको ६ महिनापछि कलकत्तामै बसेको केन्द्रीय समितिको पहिलो बैठकले तुलसीलाल र मलाई थपेर पाँच जनाको पोलिटव्यूरो र तीन जना केन्द्रीय समितिमा थपेर ९ जनाको केन्द्रीय समिति बनायो । केन्द्रीय समितिमा थपिएका सदस्यमा पूर्ववाट केदार खनाल, पश्चिमवाट धनुषचन्द्र गौतम र विजयकुमार 'दादा' थिए ।

सशस्त्र संघर्षबाट राणाहरूको पारिवारिक शासनको अन्त भएपछि नेपालमा राजनैतिक संगठन गर्ने र भाषण तथा लेख-पढ गर्ने स्वतन्त्रता प्राप्त भएको थियो । राजा त्रिभुवनद्वारा दिल्लीमा भएको






नेपाली कांग्रेस र राणाहरूबीचको सम्झौतापछि स्वदेश फर्कंदा देशवासीको नाममा दिएको शाही घोषणामा देशमा चाँडै संविधान सभाको गठनद्वारा संविधानको निर्माण गर्ने र तदनुकूल वालिग मताधिकारको आधारमा प्रतिनिधि सभाको गठन गर्ने घोषणा गरिएको थियो । तर दिल्ली सम्झौतापछि राणा शासकसँग सम्झौतामा पुगेका कांग्रेसी नेताहरू संयुक्त सरकारको पतनपछि पनि आपसमा फुटेर सत्ताप्राप्तिको लागि दरवार धाउनमै व्यस्त रहे । ००७ पछि खुलेका सानासाना राजनैतिक पार्टीहरू पनि सत्ताप्राप्तिको खेलमा दरवारतिरको होडबाजीमा सामेल हुन पुगेका थिए । नेपाल कम्युनिष्ट पार्टी यस्तो दौडवाट पृथक थियो । दिल्ली सम्झौतापछि नेपाल कम्युनिष्ट पार्टीको प्रभाव देशव्यापी रुपमा फैलिँदै आएको थियो । यतिवेला कम्युनिष्ट पार्टीले आफ्नो संगठनको कार्यक्षेत्र शोषणकारी सामन्ती ठूलाठालूको विरुद्ध किसानहरूको अधिकारका खास मागहरूलाई राखेर किसानहरूको संगठित आन्दोलनलाई वढाउनमा विशेष जोड दिने काम गर्‍यो । साथसाथै, विद्यार्थी, महिला, मजदूर र अन्य सामाजिक र वर्गीय संगठनद्वारा जनतालाई सामाजिक-आर्थिक तथा राजनैतिक अधिकारको लागि जागरुक गराउने आन्दोलनमा पनि अत्यधिक जोड दियो ।



*रौतहट र वरिपरिका जिल्लाहरू तुलसीलालजीको अथक परिश्रमबाट सामन्ती शोषण विरूद्ध संघर्षको लाल किल्लामा प्रख्यात भए । यो संघर्षमा कतिपय किसान कार्यकर्ताले पुलिसको अत्याचारबाट ज्यान गुमाउनुपर्‍यो भने किसान आन्दोलनको आक्रोशमा कतिपय कुख्यात जाली-फटाहा, सामन्ती र अत्याचारीहरू मारिए ।*

तुलसीलालले शुरुदेखि नै किसानहरूलाई संगठित र आन्दोलित गराउने आफ्नो कार्य क्षेत्र रौतहट र वरिपरिका जिल्लाहरूलाई वनाउनुभयो । रौतहट र वरिपरिका जिल्लाहरू तुलसीलालजीको अथक परिश्रमबाट सामन्ती शोषण विरुद्ध संघर्षको लाल किल्लामा प्रख्यात भए । यो संघर्षमा कतिपय किसान कार्यकर्ताले पुलिसको अत्याचारबाट ज्यान गुमाउनुपर्‍यो भने किसान आन्दोलनको आक्रोशमा कतिपय कुख्यात जाली-फटाहा, सामन्ती र अत्याचारीहरू मारिए । ००८, ००९ र ०१० सालमा रौतहट, काठमाडौं, झापा र पाल्पामा भएका किसान आन्दोलनको उग्ररुप नेपालमा भएका वर्गीय संघर्षका सधैं संझनामा रहने घटना हुन् । तुलसीलालजीको सरल जीवन तथा किसानहरूसँग घुलमिल र सहवास गर्न सक्ने व्यवहारले पनि वहाँ किसानहरूका लागि प्यारो र आदरणीय नेताको रुपमा देखिनुभयो । किसानहरूलाई आफ्नो अधिकारप्रति जागृत गराउने काममा तल्लीन रहँदा उहाँले पार्टी केन्द्रसँग सम्वन्ध राख्ने कुरा पनि विर्सने गर्नुहुन्थ्यो । यो कुरालाई लिई पार्टी केन्द्रसँग सम्वन्ध नराखी क्षेत्रीयवादलाई अपनाएको भन्ने आरोपमा ०१० सालमा उहाँलाई पार्टीको केन्द्रीय समितिबाट निष्काशन गरिएको थियो । त्यो बैठकले मलाईसमेत पूर्व कोशी पार्टीमा व्यूरोक्रेसी चलाएको भन्ने आरोपमा पोलिटव्यूरो र केन्द्रीय समितिवाट पनि निकाल्ने निर्णय गर्‍यो । पार्टीको गुप्तवासको जीवनमा तुलसीलालजी र मेरो लागि त्यो ज्यादै कठोर र घातक निर्णय वन्न आएको थियो । पार्टीको यो निर्णयले हामी दुईवीच वन्दै आएको सम्वन्धलाई अरु आत्मीय र घनिष्ट वनाउँदै ल्यायो ।



लेखक

यतिवेला अन्तर्राष्ट्रिय स्तरमा कम्युनिष्ट आन्दोलनभित्र नयाँ नयाँ सोचाइ पनि देखा पर्दै आएका थिए । प्रतिक्रियावादी सामन्ती हुकुमत र आक्रमणकारी साम्राज्यवादी शक्तिको विरुद्ध किसानहरूको सशस्त्र संघर्ष उठाएर चीनमा जस्तै नौलो जनवादी व्यवस्थाको स्थापना गर्ने रणनीतिमा कम्युनिष्ट पार्टीले हिंड्नेभन्दा स्वतन्त्रता पाएका एसिया तथा अफ्रिकाका देशहरूका नवजागृत प्रजातान्त्रिक तथा राष्ट्रवादी शक्तिहरूसँग मिलेर किसान-मजदूरको संघर्षशील भूमिकामा राजकीय क्षेत्रको अगुवाईमा औद्योगिकीरणलाई अगाडि वढाउँदै, समाजवादको प्राप्तिको लागि कम्युनिष्ट पार्टीले संघर्षशील रहन सक्ने संभावना उत्पत्ति हुँदै आएका विचारहरू प्रचारमा देखा पर्दै आउन शुरु गरे । ०१२ सालमा नेपाल कम्युनिष्ट पार्टीमाथिको प्रतिवन्ध हट्यो । पार्टी अब खुल्ला रुपले काम गर्ने स्थितिमा पुग्यो । देशभित्रका अरु प्रजातान्त्रिक पार्टीहरू पहिलेको समान सत्ता प्राप्तिको लागि दरवार

दौडने खेलमा नै थिए । तर नेपाल कम्युनिष्ट पार्टीको प्रयासमा देशव्यापी रुपमा संचालन गरिएका किसान मजदूर र अरु जनवर्गीय संगठनका संघर्षले देश र जनताका सुधार र उत्थानका सवालहरूलाई देशका नवगठित राजनैतिक पार्टीहरूको अगाडि उजागर गर्दै ल्यायो । यही समयमा प्रजा परिपद्सँग नेपाल कम्युनिष्ट पार्टी मिलेर प्रजातान्त्रिक मोर्चा वन्यो । वर्गीय तथा जनसंगठनहरूको संघर्षवाट प्राप्त भएका अधिकार सामन्ती-भूमिपति तथा स्वार्थी तत्वको प्रत्याक्रमणवाट बचाउन आम निर्वाचनवाट आएका जनप्रतिनिधिले बनेको संस्थाको प्राप्तिको लागि जनतान्त्रिक मोर्चाबाट आवाज उठाउन देशभित्रका अरु राजनैतिक पार्टीहरूलाई पनि उत्प्रेरित गराउँदै ल्यायो । त्यतिबेला नेपाल कम्युनिष्ट पार्टीका केन्द्रीय समितिका सदस्यहरू शाही घोषणा मुताविक संविधान सभाको चुनाव गराउने वा राजावाट दिइने संविधान मुताविक संसद्को चुनावमा भाग लिने ? भन्ने कुरालाई लिई विवादमा अल्भेका थिए । नेपाल कम्युनिष्ट पार्टीको समर्थन र सहभागितासहितको अरु प्रजातान्त्रिक पार्टीहरूको संयुक्त आन्दोलनले शुरु गरेको ०१४ सालको भद्र अवज्ञा आन्दोलनको परिणामस्वरुप राजाले आफूले दिएको संविधान मुताविक ०१५ सालमा संसद्को लागि आम निर्वाचन गर्ने शाही घोषणा गर्न बाध्य भए ।

अरु राजनीतिक पार्टीहरूले संसद्को चुनाव गर्ने शाही घोषणालाई समर्थन गरिसकेका थिए । कम्युनिष्ट पार्टी एक्लोले संसद्को चुनाव गर्ने शाही घोषणाको विरुद्ध गएर संविधान सभाको चुनाव गराउने अवस्था थिएन । यतिबेला आम निर्वाचनमा पार्टीका उम्मेदवारहरूको विजयका लागि जुट्ने काममा तुलसीलालजीको भूमिका प्रशंसनीय रह्यो । वहाँले चारैतिर दौडधूप गरेर पार्टीका साथीहरूलाई एकमतमा ल्याउन अथक प्रयास गर्नुभयो र पार्टीलाई विभाजित हुनबाट जोगाउनुभयो । एसिया, अफ्रिकाका स्वतन्त्रता पाएका कतिपय देशमा जनप्रतिनिधि सभाको लागि बालिक मताधिकारको आधारमा त्यहाँको कम्युनिष्ट पार्टीले चुनावमा भाग लिई प्रजातान्त्रिक परिपाटी अन्तर्गत जनताको जनवाद र समाजवादको प्राप्तिका लागि संघर्ष गर्ने वाटो अपनाएका थिए । त्यसै अनुरुप नेपाल कम्युनिष्ट पार्टी पनि ०१५ सालको आम निर्वाचनमा भाग लिएर संसदीय वाटोलाई अपनाउने निर्णयमा पुग्यो । ०१७ साल पुष १ गते संसदको विघटन गरी पार्टी गतिविधिमाथि प्रतिवन्ध लगाउने राजा महेन्द्रको कदमपछि भारतको दरभंगामा ०१७ सालको माघ-फागुनमा सम्पन्न पार्टी प्लेनममा पनि पार्टी एकतालाई कायम राख्ने काममा तुलसीलालजीको भूमिका प्रशंसनीय रह्यो । पार्टी केन्द्रीय समितिका सदस्यहरूमा रहँदै आएको पक्ष-विपक्षको कलह त्यहाँ पनि उग्र रुपमा देखियो । केन्द्रीय सदस्यहरूका बीचको आपसी तानातानीमा तुलसीलालजीको एकपक्षीय समर्थन रहेको भए पार्टी फुट्ने अवस्थामा थियो । तर उहाँ एक-दुई साथीको सहयोग लिएर पार्टी एकतालाई यथावत बचाउन नै प्रयत्नशील रहनुभयो । केन्द्रीय समितिको महामन्त्री पदबाट केशरजंग रायमाभ्कीलाई हटाएर नौ महिनापछि पार्टीको तेस्रो अधिवेशन नभएसम्मको लागि शम्भुराम श्रेष्ठ, केशरजंग रायमाभ्की र मसमेतलाई मिलाई तीन जनाको सेक्रेटरियटको गठन भयो । नौ जना पोलिटव्यूरोमा रहे । र, दरभङ्गा प्लेनमबाट देशमा पुन: संसदीय प्रजातन्त्रको स्थापनाका लागि पार्टीले एकजुट भएर लड्ने निर्णय गऱ्यो । यस्तो निर्णय गराउनमा तुलसीलालजीको अहं र मत्त्वपूर्ण भूमिका रह्यो ।

तर दुर्भाग्य ! दरभंगा प्लेनममा भएको पार्टी निर्णय विपरीत नेतृत्वको एउटा अंग विपरित गतिविधिमा गएकोले ०१९ सालमा केन्द्रीय समितिका आधा सदस्यहरू मिलेर भारतको बनारसमा तेस्रो पार्टी अधिवेशनको आह्वान गरे । पार्टी विधिवत रुपमा विभाजित भयो । काठमाडौंमा गुप्तबास बस्नु भएका पार्टी सेक्रेटरियटका अर्का सदस्य शम्भुरामजीसँगको सल्लाहमुताविक म पार्टी अधिवेशन स्थलमा पुगेर केन्द्रीय सदस्यहरूसँग केही समयको लागि अधिवेशन स्थगन गर्ने र सबै साथीहरूको पूर्ण उपस्थितिमा अधिवेशन गराउनको लागि आग्रह गरें ।



*नेपाल कम्युनिष्ट पार्टीको समर्थन र सहभागितासहितको अरू प्रजातान्त्रिक पार्टीहरूको संयुक्त आन्दोलनले शुरू गरेको ०१४ सालको भद्र अवज्ञा आन्दोलनको परिणामस्वरूप राजाले आफूले दिएको संविधान मुताविक ०१५ सालमा संसद्को लागि आम निर्वाचन गर्ने शाही घोषणा गर्न बाध्य भए ।*



अविश्रान्त राजनायक : तुलसीलाल अमात्य

[illegible]बेला पनि तुलसीलालजी मेरो प्रस्तावप्रति समर्थनमा रहेर पार्टी एकता बचाउनमा संवेदनशील रहनुभयो । तर अरु साथीहरूको असहमतिले तेस्रो अधिवेशन सम्पन्न भयो र पार्टी टुक्रियो । यो सबै कुरा भारतीय कम्युनिष्ट पार्टीको जानकारीमा थियो । तेस्रो पार्टी अधिवेशनको तुरुन्तै पछि भारतीय कम्युनिष्ट पार्टीको केन्द्रीय नेतृत्वबाट मलाई दिल्लीमा बोलाइयो । भारतीय कम्युनिष्ट पार्टीका नेताहरूसँग भएको मेरो कुराकानीमा तुलसीलालजी पनि उपस्थित हुनुहुन्थ्यो । त्यहाँ भएको कुराकानीको सहमति अनुसार म गुप्तरुपले काठमाडौं आएर शम्भुरामजीसहित केन्द्रीय समितिका सदस्य रहनुभएका कृष्णराज वर्मा र विष्णुबहादुर मानन्धरलाई प्रस्तावित पार्टी एकताको कुरा सुनाएँ । वर्मा र मानन्धरले पार्टी एकताको कुराकानीमा सामेल हुने सहमति जनाएपछि म फर्कें । तर शम्भुरामजी प्रताबित एकताको कुराकानीमा सामेल हुन सक्नुभएन । वर्मा, मानन्धर, तुलसीलालजी र मसमेत, भारतीय कम्युनिष्ट नेताको उपस्थितिमा पार्टी एकताका लागि दुई-चारपल्ट कुराकानी गऱ्यौं । तर एउटा सर्वसम्मत निर्णय बन्न सकेन । यद्यपि, तुलसीलालजी यो एकताको पूर्ण पक्षमा हुनुहुन्थ्यो । अरु साथीहरूको अमिल्दो शर्तले गर्दा एकताको कुराकानी अगाडि बढ्न सकेन ।

तेस्रो पार्टी अधिवेशनको छेकोले तुलसीलालजी र मेरोबीचमा रहँदै आएको मैत्रिपूर्ण र आत्मीय सम्बन्धमा कुनै परिवर्तन ल्याएन । म पनि भारत प्रवासमा रहें । त्यतिबेला देशभित्र र अन्तर्राष्ट्रिय राजनीतिमा नयाँ-नयाँ घटनाका परिदृश्यहरू देखा पर्न थालिसकेका थिए । सोभियत संघ र चीनको कम्युनिष्ट पार्टीबीच उग्ररुपले सैद्धान्तिक वादविवाद उत्पन्न भयो । चीनमा शुरु गरिएको सांस्कृतिक क्रान्ति र त्यसले त्यहाँको जनजीवनमा पारेको प्रतिकूल प्रभाव पनि बाहिर आयो । भारतको नक्सलवारीबाट कम्युनिष्टको एक डफ्फाले 'वर्ग शत्रु नाशक' नामको व्यक्ति हिंसाको अभियान शुरु गऱ्यो । यी सबै कुराले नेपालका कम्युनिष्टहरूको चिन्तन र कार्यशैलीमा पनि प्रभाव पर्दै आयो । तर भारतलगायत स्वतन्त्रता पाएका अरु देशहरूका कम्युनिष्ट पार्टीहरूको मूल प्रवाह त्यहाँका प्रगतिशील तथा प्रजातान्त्रिक राष्ट्रवादी शक्तिसँग मिलेर संसदीय प्रजातान्त्रिक परीपाटी अन्तर्गत वैदेशिक-आर्थिक प्रभुत्वलाई पन्छाउने नाराका साथ देश र जनताको आर्थिक जीवनको नवनिर्माण गर्ने उद्देश्यमा जनसंघर्ष निर्माण गर्ने काममा जोड दिँदै अगाडि बढे । नेपाल कम्युनिष्ट पार्टीको तेस्रो अधिवेशनद्वारा पारित राष्ट्रिय प्रजातान्त्रिक सरकारको निर्माण गर्ने नीतिलाई अगाडि बढाउनमा अधिवेशनले चुनेको प्रधानमन्त्रीको हैसियतले तुलसीलालजी अत्यधिक रुपमा क्रियाशील रहनुभयो । तर अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा देखापरेका अनेकौं प्रकारका तानातानीप्रति केन्द्रीय नेताहरूसमेत आकर्षित भएकाले देशभित्र पार्टी संगठन प्रभावकारी बन्न सकेन । तुलसीलालजीको सरल व्यक्तित्व र पार्टीका साथीहरूलाई धेरै विश्वास गर्ने स्वाभावले पनि पार्टीभित्र उत्पन्न हुँदै आएको नयाँ विभाजनलाई वहाँले रोक्न सक्नुभएन । फलत: पुष्पलालजीको नेतृत्वमा फेरि अर्को एउटा पार्टी खडा भयो । फेरि पनि तुलसीलालजी तेस्रो पार्टी अधिवेशनले पास गरेको नीतिको समर्थनमा देशका विभिन्न भागमा रहेका समर्थकहरूसँग सम्पर्क कायम गरेर विखण्डित कम्युनिष्ट पार्टीलाई एक गराउने काममा सर्वदा प्रयत्नशील रहनुभयो ।

तुलसीलालजी किसान आन्दोलनको एक कुशल संगठनकर्ता हुनुका साथै पार्टी सिद्धान्तमा पनि अत्यधिक जोड दिने गर्नुहुन्थ्यो । उहाँले आजका ठूला राष्ट्रहरूको प्रत्येक कदमलाई शंकाको आँखाले हेर्नुहुन्थ्यो । देशमा रहेको वैदेशिक आर्थिक प्रभुत्व र लुटलाई नियन्त्रण नगरेसम्म नेपाल र नेपाली जनताको आर्थिक विकासको संभावना छैन भन्ने विश्वासमा बोल्ने गर्नुहुन्थ्यो । ०४६ सालको जनआन्दोलनमा वहाँले एक्लै पार्टीको झण्डा बोकेर काठमाडौंको नयाँ सडकमा पुलिसको ठूलो जत्थाले घेरिएको चोकमा उभिएर पार्टी झण्डा फहराउने शाहसिक कार्य गर्नुभयो । यस कुराको सबैले प्रशंसा गर्नै पर्छ । ०४६ सालमा प्रजातन्त्रको स्थापना भएपछि नेपालका राजनैतिक पार्टीहरूको गतिविधि हेरेर उहाँ सन्तुष्ट हुनुहुन्नथ्यो । नेपाल जस्तो विकासको क्षेत्रमा धेरै पछि परेको र गरीबीले अत्यधिक देशबासीलाई सताएको समस्याहरूलाई सैद्धान्तिक आधारमा नहेरी यहाँ विकासको संभावना छैन भन्ने उहाँको विश्वास थियो । आधा शताब्दीसम्म देशको राजनैतिक क्षेत्रमा सक्रिय रही प्रत्येक राष्ट्रिय उथल-पुथलमा सहभागी भई जनमानसको आकांक्षा तथा समस्यासित परिचित रहँदै आउनुभएका अनुभवपोख्त तुलसीलालजी जस्ता व्यक्तिले अचानक राष्ट्रिय राजनीतिको जीवनबाट हराउनु राष्ट्रले चाँडै परिपूर्ति गर्न नसक्ने क्षति हो । वहाँले देखाउनुभएको त्याग र सरल जीवनले देश र जनताको उत्थानमा संलग्न सबैलाई उत्प्रेरित गर्न सकेमा वहाँप्रति साँचो श्रद्धा प्रकट हुनेछ ।

★

तुलसीलाल अमात्यलाई सर्वप्रथम मैले सन् १९४६ मा कलकत्ताको वहुवजारको ओरिएण्टल होम भन्ने ठाउँमा भेटेको थिएँ । निवासमै भेट्न जाँदा त्यतिबेला उहाँले गीता पाठ गरिरहनुभएको थियो । एउटा कम्युनिष्ट भनेर भेट्न गएकोमा उहाँले गीता पाठ गरेको देख्दा आश्चर्य र विष्मात लाग्नु स्वाभाविकै थियो । मैले आफ्नो जिज्ञासा उहाँसमक्ष राख्दा उहाँले भन्नुभयो- 'गीतामा भएका सम्पूर्ण कुरा ठीक छन् भनेर म भन्दिनँ, तर हामी कम्युनिष्टहरूले गीताबाट सिक्नुपर्ने कुराहरू धेरै छन् । 'कर्म गर, तर फलको आशा नगर' भन्ने गीताको भनाइले कम्युनिष्टहरूलाई निःश्वार्थ र क्रान्तिकारी बनाउँछ । त्यसरी नै अर्जुनले सबै आफन्तहरूसँग आफू लड्न नसक्ने कुरा गर्दा कृष्णले समाजको कल्याणका खातिर आफन्तहरूसँगै पनि लड्नुपर्ने तर्क राखेर अर्जुनको चित्त बुझाएको प्रसंगबाट पनि हामी कम्युनिष्टहरूलाई आत्मबल प्राप्त हुन्छ ।'

सन् १९५९ मा चीन गणराज्यको स्थापना भएको १० औं वार्षिक उत्सवको उपलक्ष्यमा आयोजित कार्यक्रममा भाग लिन मेरो नेतृत्वमा पुष्पलाल र पी.बी. मल्ल सम्मिलित एउटा प्रतिनिधिमण्डल चीन गएको थियो । मनमोहन अधिकारी पहिलदेखि नै त्यहीं हुनुहुन्थ्यो । समारोहपछि पनि झण्डै एक महिनासम्म हामीलाई चीनको भ्रमण गराइएको थियो र त्यो भ्रमणको भिडियो चित्र तयार गरिएको थियो । अहिले आएर त्यो भिडियो चित्रको क्यासेट पाउँदा विस्मृतिमा पुगेका कतिपय कुराहरू स्मृतिमा आए । पुष्पलाल अहिले हुनुहुन्न । उहाँ भएको भएदेखि सँगै बसेर हेरिन्थ्यो र अरू छलफल गरिन्थ्यो । गएको सप्ताहभरि हप्ताभरि मलाई यस्तै लागिरह्यो । त्यो क्यासेटको प्राप्तिले मलाई एक किसिमको खुशीको अनुभूति भइरहेको थियो । तर, गएको शुक्रबारको एउटा समाचारले त्यो खुशीलाई क्षणभंगुर बनाइदियो । सन् १९४६ देखिका मित्र तुलसीलाल अमात्यको निधनको समाचारले त्यस दिन मलाई स्तब्ध बनाइदियो ।



# उहाँ शान्तिपूर्ण आन्दोलनका हिमायती हुनुहुन्थ्यो

डा. केशरजंग रायमाझी

पछिल्ला दिनहरूमा गम्भीर किसिमका रोगहरूबाट सताइनुभएका तुलसीलाल अमात्यले देहत्याग गर्नुभन्दा अघिल्लो दिनसम्म पनि समाजको लागि केही न केही सन्देश दिएर जानुभयो ।

कलकत्ताको पहिलो भेटमा उहाँले आफूहरूले राजा त्रिभुवनलाई नारायणहिटी दरबारको उत्तरपट्टिको पर्खालनिर भेटघाट गर्ने गरेको, त्यस्तो भेटघाटको व्यवस्था एक जना भान्से बाहुनले मिलाउने र कहिले







तर, तुलसीलालले भने एक जना मानिस मरेको नभई घोडा मरेको हो भनेर वक्तव्य निकाल्नुभयो । प्रधानमन्त्रीले स्वीकारिसकेको कुरा काट्नुभएकोले उहाँलाई सार्वजनिक अपराध ऐनको आधारमा समाएर नख्खु जेलमा हालियो । पछि चीनका प्रधानमन्त्री चाउ एन लाइ नेपाल आउने बेलामा 'गलत सूचनाका आधारमा बोलिएको' भन्ने वक्तव्य दिन लगाएर छुटाइयो ।

पर्खालभित्रै गएर र कहिले पर्खालभित्र र बाहिर भएर कुराकानी गर्ने गरेको कुरा बताउनुभयो । राजाले जहिले पनि आफ्ना माइला छोरा हिमालयलाई साथमा लिएर आउने र 'राणाहरूलाई हटाएर प्रजातन्त्र ल्याएपछि मैले गद्दारी गरें भने यही छोराको कसम लागोस्' भन्दै छोराको टाउकोमा हात राख्ने गरेको प्रसङ्ग पनि उहाँले सुनाउनुभयो । त्यसबाट प्रजातन्त्रका निम्ति राजाको धेरै पहिलेदेखि नै आत्मीय रूपबाट प्रयास भइरहेको रहेछ भन्ने हामीलाई लाग्यो र ००७ सालको क्रान्तिमा राजालाई साथ दिनुपर्छ भन्ने प्रवल भावना हामीमा उत्पन्न भयो ।

त्यसपछिका दिनहरूमा हाम्रो मित्रता र भावना नजिक हुँदै गयो । हामी एउटै यात्राका सहयात्री भयौं । तुलसीलाल अमात्यको बानी-व्यवहार अत्यन्त सोझो प्रकृतिको थियो । त्यसले गर्दा सबै साथीहरूले उहाँलाई मन पराउँथे । तर कहिलेकाहीं उहाँको त्यही सोझो बानीले अप्ठेरोमा पार्‍यो । ००७ सालको क्रान्तिका निम्ति कांग्रेस र कम्युनिष्टको संयुक्त मोर्चा बनाउने प्रस्ताव राख्दा वी.पी. कोइरालाले नमानेपछि उहाँ अत्यन्त क्रुद्ध हुनुभयो र नेपाली कांग्रेसलाई गाली गर्न थाल्नुभयो । त्यसले गर्दा उहाँ राणाविरोधी हुँदाहुँदै पनि कांग्रेससँग नजिक रहेका भारतका नेता र पार्टीहरूले उहाँका बारेमा गलत अर्थ लगाए । उहाँसहित ६ जनालाई समाएर जेलमा हाले । उहाँमा राणाविरोधी भावना प्रवल थियो । तर मोतिहारी जेलमा रहनुभएकोले उहाँले ००७ सालको क्रान्तिमा भाग लिन पाउनुभएन ।

पार्टीको पहिलो महाधिवेशनमा म, हिक्मतसिंह र तुलसीलाल अमात्य तीन जनाले संयुक्त रुपमा अध्यक्षता गर्‍यौं । त्यसबेलासम्म पोलिटब्यूरो तहमा बसेर काम गर्नुभएकाले उहाँलाई पोलिटब्यूरो सदस्य हुने चाहना थियो । तर उहाँलाई ल्याइएन । त्यसपछि पार्टी प्रतिबन्धित भएको अवस्थामा गठन गरिएको राष्ट्रिय जनमोर्चाको म संयोजक र उहाँ सदस्य रहनुभयो । दोस्रो महाधिवेशनमा मैले प्रस्तुत गरेको राजतन्त्रात्मक प्रजातन्त्रको पक्षमा रहेर उहाँले सहयोग गर्नुभयो र पछि उहाँलाई पोलिटब्यूरो सदस्यमा पनि ल्याइयो ।

०१५ सालको निर्वाचनमा चुनावी घोषणापत्र बनाउन पनि तुलसीलाल अमात्यले मलाई सहयोग नै गर्नुभयो । उहाँ आफैंले पनि पाटनबाट चुनाव जित्नुभएकाले उहाँलाई नै संसदीय दलको नेता बनाइयो । लक्ष्मण राजवंशीले संसदीय दलको सचिव भएर काम गर्नुभयो । त्यसबेला कम्युनिष्ट पार्टीले गण्डक संझौताको विरोध गर्‍यो । संसद्मा त्यस्तो विरोधको प्रभावकारी भूमिका निर्वाह गर्ने काममा तुलसीलालको ठूलै योगदान रहन गयो । त्यसबेला संसद् सदस्यले पाउने तलबको आधा रकम पार्टीलाई बुझाउने निर्णय भएको थियो । उहाँले १८ महिनासम्म त्यो निर्णयको पूर्ण रूपले पालना गर्नुभयो । यस अर्थमा उहाँ पार्टीको निर्णय र अनुशासनको कट्टर पक्षपाती हुनुहुन्थ्यो ।

उहाँको सोझो बानीले गर्दा पटक-पटक उहाँ स्वयंलाई नै अप्ठेरो परेको छ । ०१६ सालमा दलाई लामा तिब्बतबाट भागिसकेका थिए र पञ्चेन लामालाई चीनले अघि सारेको थियो । खम्पाहरूको विद्रोह पनि यथावतै थियो । त्यहीबीचमा नेपाल-चीन सीमा क्षेत्रमा एउटा अप्रिय घटना घट्यो । चिनियाँ सेनाद्वारा नेपालीहरूमाथि आक्रमण भयो र एक जना नेपाली मारिए । यो कुरालाई चीन सरकारले स्वीकारेर असावधानीबस गल्ती भएको भन्दै क्षमा माग्यो । हर्जाना पनि दिने भयो । नेपालका तत्कालीन प्रधानमन्त्री वी.पी. कोइरालाले सदनमा यसबारेमा जानकारी गराउनुभयो । तर, तुलसीलालले भने एक जना मानिस मरेको नभई घोडा मरेको हो भनेर वक्तव्य निकाल्नुभयो । प्रधानमन्त्रीले स्वीकारिसकेको कुरा काट्नुभएकोले उहाँलाई सार्वजनिक अपराध ऐनको आधारमा समाएर नख्खु जेलमा हालियो । पछि चीनका प्रधानमन्त्री चाउ एन लाइ नेपाल आउने बेलामा 'गलत सूचनाका आधारमा बोलिएको' भन्ने वक्तव्य दिन लगाएर छुटाइयो ।

दरभङ्गा प्लेनममा पार्टीभित्र मतभेद देखिंदा पनि तुलसीलाल अमात्य संसदीय व्यवस्था पुनर्स्थापनाकै पक्षमा देखिनुभयो । विवादको समाधान भइसकेपछि अरू दुई जना सह-महामन्त्री थप्ने भन्ने कुरा हुँदा डी.पी. अधिकारी, तुलसीलाल अमात्य र शम्भुराम श्रेष्ठको नाम आयो । आफू चुनिने कुरामा तुलसीलाल विश्वस्त जस्तै हुनुहुन्थ्यो । तर चुनिन सक्नुभएन । त्यसपटक उहाँले चित्त पनि दुखाउनुभयो । सम्भवतः त्यही कारणले हुनुपर्छ पछि उहाँ पुष्पलालपट्टि

लाग्नुभयो र बनारसमा उहाँहरूले गर्नुभएको तेस्रो महाधिवेशनमा उहाँ महामन्त्रीमा चुनिनुभयो । त्यसपछि उहाँ र मेरो राजनीतिक बाटो नै विभाजित भयो । र, बीचमा केही कटुताहरू पनि उत्पन्न भए ।

यसभन्दाअघि तुलसीलाल मुटुसम्बन्धी बिरामी हुनुभएकोले पार्टीले उहाँलाई उपचारका लागि बम्बई पठायो । त्यहाँबाट फर्केर आएपछि उहाँले हामीलाई धेरै कुरा सुनाउनुभयो । बम्बईमा रहँदा कम्युनिष्ट पार्टीका नेता एस.ए. डाँगेसँग उहाँको भेट भएछ । आफूसँग खर्चपर्च सिद्धिएपछि डाँगेसँग उहाँले ८/१० रूपैयाँ माग्दा डाँगेले भनेछन्- 'कामरेड ! बम्बईजस्तो ठाउँमा ८/१० रूपैयाँले काम चल्दैन ।' त्यति भन्दै २ सय रूपैयाँ दिएकोले आफ्नो खर्च चलेको कुरा उहाँले बताउनुभयो । त्यसरी डाँगेको व्यवहारबाट प्रभावित हुनुभएका तुलसीलालको पछि गएर डाँगे र उहाँले नेतृत्व गरेको पार्टीसँग राम्रो सम्पर्क हुनगयो । त्यो पार्टीले शान्तिपूर्ण बाटो अपनाएकोले पनि तुलसीलालमा त्यसको राम्रो प्रभाव परेको अनुभव मैले गरेको थिएँ ।

पछिल्ला दिनहरूमा मुलुकभित्रै रहेर शान्तिपूर्ण ढंगले प्रजातन्त्र प्राप्तिको आन्दोलनमा जाने विचारले उहाँ मुलुकभित्रै रहनुभयो र उहाँको वारेण्ट पनि रद्द भयो । ०४६ सालको जनआन्दोलन र 'नेपाल अधिराज्यको संविधान: ०४७' निर्माणका क्रममा तुलसीलाल अमात्यको योगदानलाई कसैले बिर्सन सक्दैन । राजपरिषद्को सदस्य र परिपक्व विचारका आधारमा पनि पछिल्ला दिनहरूमा हामी धेरै नजिक भयौं । यद्यपि, राजनीतिक विचार र पार्टीप्रतिको सम्बद्धता भने अलग छँदै थियो । राजदूत भई चीनमा बसेर यहाँ फर्केपछि मैले उहाँबाट चीनबारे धेरै जानकारीहरू लिएँ । चीनमा कम्युनिष्ट पार्टीको सरकार भनिए तापनि ४० प्रतिशत मात्र पार्टीका व्यक्तिहरू र ६० प्रतिशत अरू पार्टी र तहका मान्छेहरू सरकारमा रहेका र माओवादी विचारधाराबाट चीन धेरै मुक्त भइसकेको कुरा उहाँले बताउनुभयो । मिलिजुली जस्तो सरकार र आर्थिक उदारीकरणको बाटो लिएर चीनले गरेको प्रगतिबाट उहाँ प्रभावित हुनुभएको थियो ।



लेखक



हामीले पनि त्यसका राम्रा पक्षहरूको अनुकरण गर्नुपर्ने विचारबाट उहाँ टाढा हुनुहुन्नथ्यो ।

आर्थिक नीतिको कुरामा शुरूदेखि अन्तिमसम्म पनि तुलसीलाल र मेरो विचार मिल्थ्यो । उहाँ विदेशी सहयोग र ऋणले देशलाई नव उपनिवेशतिर लैजाने हुँदा त्यसलाई पूर्ण रूपमा अस्वीकार गर्नुपर्छ भन्ने पक्षमा हुनुहुन्थ्यो । यस अर्थमा उहाँ कट्टर राष्ट्रवादी हुनुहुन्थ्यो । केही महिनाअघि महाकाली सन्धिका सम्बन्धमा 'कसरोड' साप्ताहिकलाई अन्तर्वार्ता दिँदै उहाँले भन्नुभएको थियो- 'गण्डक दियौं, कोशी दियौं, महाकाली दिन खोज्दैछौं । यसरी उनीहरूले माग्दै जाने र हामीले दिँदै जाने हो भने एक दिन यो देशै दिनुपर्नेछ । त्यसैले यस्ता सन्धिहरू गर्दा पार्टीको पनि दुई तिहाई मत चाहिन्छ ।'

संयोगवश निधन भएको लगत्तैपछि उहाँलाई श्रद्धाञ्जलि र परिवारलाई सान्त्वना दिन पाइयो । खबर थाहा पाउनासाथ म, डी.पी. अधिकारी र रामचन्द्र महर्जन त्यहाँ पुग्यौं । मर्माहत हुनुभएकी उहाँकी धर्मपत्नीलाई मैले 'तपाईंले जीवनसाथी गुमाउनुभयो, देशले राष्ट्रवादी नेता गुमायो र हामीले असल मित्र गुमायौं । यतिबेला हामी सबैले उहाँको आत्मशान्तिको कामना गरौं ।' भन्दा उहाँ केही शान्त हुनुभयो । वास्तवमै तुलसीलाल अमात्यको निधनबाट देशले एउटा राष्ट्रवादी व्यक्तित्व र मैले एउटा असल मित्र गुमाएको छु । दिवंगत मित्र अमात्यप्रति श्रद्धाका शब्द सुमन ! □



# कमरेड तुलसीलालसँग बितेका केही क्षणहरू

हिक्मतसिंह भण्डारी



मानिसले जन्मेपछि एक दिन मर्नैं पर्छ । यो कुरा थाहा पाउँदा-पाउँदै आफ्ना स्वजन र आत्मीय मित्र मर्दा ठूलो पीडा हुँदो रहेछ । त्यसैले होला, मानिसले कुनै व्यक्तिको मृत्युपछि उसको असल कार्यहरू वा गुणहरू त्यस दुःखद घडीमा सम्झी दिवंगत व्यक्तिलाई जिवन्त बनाउन खोज्दा रहेछन् । आज तुलसीलालजी हामीबीच हुनुहुन्न । तर उहाँको त्यो शान्त, बाल-सुलभ अनुहार, सधैं केही न केही पढ्ने वा लेख्ने गरेको सौम्य र लगनशील छवी आज पनि उभरिएर आँखा अगाडि आइरहेको छ । वहाँसँगै देशभित्र र प्रवासमा बितेका क्षणहरू एक-एक गरेर अहिले मेरो स्मृतिपटलमा आइरहेका छन् ।

म उहाँको मृत्युलाई एउटा 'असामयिक निधन' भन्ने उक्तिबाट अभिव्यक्त गर्दिनँ । त्यसको सट्टा, उहाँको निधनलाई एउटा रणभूमिको योद्धाले लड्दा-लड्दै वीरगति प्राप्त गरे जस्तै ठान्दछु । उहाँसँग मेरो पहिलो भेट ००४ सालमा प्याफलमा सम्पन्न प्राइभेट स्कूलका शिक्षकहरूको बैठकमा भएको थियो । त्यसबेला वहाँले नेपाल बैंकको स्थायी जागीर परित्याग गर्नुभएको थियो । त्यहाँ उहाँको त्यो उपस्थिति एक प्रकारले राजनैतिक मैदानमा उत्रने घोषणा थियो । त्यस बैठकमा उपस्थित भएकामध्ये प्रायःजसो सबै राणा शासनका विरोधी नै थिए । त्यो जमघटमा हामीमध्ये वहाँ नै सबभन्दा उच्च अध्ययन हासिल गरेको व्यक्तित्व हुनुहुन्थ्यो ।

पछि ००७ सालको प्रारम्भतिर हाम्रो भेट कम्युनिष्ट कार्यकर्ताका रुपमा कलकत्तामा भयो । धेरै दिन हामी सँगै बस्यौं, पार्टी क्लास पनि सँगसँगै लियौं । यसरी मैले नजिकबाट वहाँको व्यक्तित्वको अध्ययन गर्ने मौका पाएँ । वहाँ अत्यन्त अध्ययनशील, निष्ठावान र मार्क्सवादको बारेमा छिटै र गहन ज्ञान हासिल गर्ने तीव्र तृष्णा भएको व्यक्तिको रुपमा प्रस्तुत हुनुहुन्थ्यो । वहाँ नित्य 'गीता' पाठ गर्नुहुन्थ्यो । न्यास-ध्यान गर्नुहुन्थ्यो । वहाँ महात्मा गान्धीको सदाचारिता, सरलता र सादगीपनबाट वहुतै प्रभावित हुनुहुन्थ्यो । वहाँलाई कर्मयोगी बन्नमा 'गीता'ले नै ठूलो प्रेरणा दिएको हुनुपर्छ भन्ने मलाई लाग्दछ ।

यसरी तुलसीलालजी र मेरो सम्पर्क तथा सहयात्रा करीब-करीब आधा शताब्दीको रह्यो । उहाँका बारेमा स्मरण गर्न सकिने अनेकौं घटनाहरू छन् । ती सबै आज मेरो मस्तिष्कमा चलचित्रको रिल झैं तरोताजा भएर संझनामा, आइरहेका छन् । तर ती सबै कुराहरू यो छोटो लेखमा व्यक्त गर्न असंभव छ । त्यसमा कति तीता पनि छन् त कति मीठा पनि । त्यसमध्ये उहाँको कर्तव्यनिष्ठता र साथीहरूसँगको प्रेमबारे केही स्मरणहरू प्रस्तुत गर्न उचित संझन्छु ।

०१८ सालको कुरा हो । हाम्रो पार्टीभित्रको विवाद चर्केर पार्टी टुक्रने अवस्थामा पुगेको थियो । हामी तुलसीलालजीलाई भेटन दरभङ्गा गयौं । उहाँ त्यसबेला दरभङ्गामै बस्नुहुन्थ्यो । हामी त्यहाँ पुग्दा उहाँको जेठो छोरा लडेर मस्तिष्कमा रक्तश्राव भई मृत्यु भएको मात्र केही दिन भएको रहेछ । वहाँकी श्रीमती कमला भाउजु अलाप-विलाप गरिरहनुभएको थियो । तर तुलसीलालजीले ठूलो संयम धारण गर्नुभएको थियो । वहाँ आफ्नो नियमबमोजिम



आउने साथीभाइहरूसँग त्यतिकै तल्लीनताका साथ पार्टीसम्वन्धी वाद-विवाद र छलफल गर्ने तथा क्लास लिने काम गरिरहनुभएको थियो । यसको अर्थ यो होइन कि उहाँलाई पुत्र-शोकको पीडा थिएन, वहाँले त्यस्ता अनेकौं शोक भोग्दै आउनुभएको थियो । बरु यस्ता घटनाहरूलाई संघर्षकै अङ्गको रुपमा लिने र आफ्नो क्रान्तिको बाटोबाट विचलित नहुने बानी उहाँले बनाइसक्नुभएको थियो ।

तुलसीलालजी कर्मयोगी हुनुहुन्थ्यो । आपतविपत जस्तै परे पनि क्षणिक विश्रामपछि फेरि आफ्नो काममा उत्तिकै जोश र जाँगरका साथ लाग्ने क्षमता वहाँमा थियो । यसको निम्ति वहाँलाई गीताले पनि प्रेरणा दिएको रहेछ भने त्यसलाई अनुचित सम्झनु म बुद्धिमत्ता ठान्दिनँ । यसैलाई निंहु बनाएर उहाँको क्रान्तिकारी छबीमा दाग देखाउन खोज्नु आफ्नै मुर्खताको परिचय दिनु मात्र हो ।



०१८ सालपछि पार्टीको तेस्रो महाधिवेशन सम्पन्न भयो । महाधिवेशन आयोजना गर्न म, तुलसीलाल र पुष्पलाल गरी तीन जना राजनीतिक समितिका प्रमुख थियौं । महाधिवेशनपछि बेला-बखत यस्ता अनेकौं जटिल परिस्थितिहरू पनि उत्पन्न भए । जसमा मैले बाध्य भएर राजनैतिक रुपमा तुलसीलालजीसँग मतभेद राख्नुपर्‍यो । तुलसीलालजी ज्यादै सरल व्यक्ति हुनुहुन्थ्यो । राजनैतिक जटिलतालाई पनि उहाँले त्यस्तै सरल तरिकाले संचालन गर्न चाहनु हुन्थ्यो । त्यसबेला पुष्पलालको कार्यनीतिक चतुर्‍याई सही लागेको हुनाले मैले त्यसको समर्थन गरें । यसरी हाम्रो उहाँप्रति विश्वास, सद्भावना हुँदाहुँदै पनि तुलसीलाल र पुष्पलालको बीचको मेल गराउने कडी म आफू स्वयम् बन्नुपर्ने महत्त्व संझदा सम्झदै पनि मतभेदमा एकापट्टि लागें ।

म जस्तै एकदेव आले र अन्य केही केन्द्रीय कमिटीका सदस्यहरूले पनि उहाँसँग मतभिन्नता राख्नुभयो । तर उहाँको हामीप्रतिको व्यवहारमा भने कहिल्यै पनि फरकपन आएन । एउटा राजनेतामा हुनुपर्ने गुण र सहिष्णुता वहाँमा थियो । पछि एकदेव आले दरभङ्गामा विरामी पर्नुभयो । त्यो खबर पाएर म बनारसबाट दरभङ्गा पुग्दा तुलसीलालजी अस्पतालमा आलेजीको बेड नजिकै हुनुहुन्थ्यो । त्यसबेला वहाँले आलेजीलाई पुष्पलालको समर्थकको रुपमा नभएर एउटा सच्चा कम्युनिष्टकै रुपमा हेरर सेवा गर्नुभयो । यही भावना आफूलाई महान कहलाउनेहरूमा मैले भेटिनँ । केही दिनपछि आलेजी बित्नुभयो । हामी दुवैले आलेजीको अन्त्येष्टि गर्‍यौं ।

लेखक



वहाँ अनेकौं पटक मेरो सुझाव मान्नुहुन्थ्यो । एक पटक पुष्पलाल, म, तुलसीलालजी दरभङ्गा भएको बेलामा डा. राममान श्रेष्ठ पनि दरभङ्गा आउनुभएको थियो । वहाँको समेत सहयोग लिएर मैले तुलसीलाललाई पुष्पलालसँग बसी बितेका घटनाहरूबारे आलोचना-समालोचना गर्न र मनमुटाव मेट्न जिद्दी गरें । उहाँ राजी पनि हुनुभयो । बैठक गरेर एउटा समझदारीमा पुग्ने काम सफल भयो । तर पछि कारणबस कुरा अगाडि बढ्न सकेन । तुलसीलालजी दिल्ली जानुभयो । यहाँ यो कुरा उल्लेख गर्नुको तात्पर्य, तुलसीलालजी हठवादी हुनुहुन्नथ्यो र पार्टीको हितका लागि समझदारी बनाउन सधैं तत्पर रहनुहुन्थ्यो भन्ने नै हो ।

तुलसीलालजी कर्मयोगी हुनुहुन्थ्यो । आपतविपत जस्तै परे पनि क्षणिक, विश्रामपछि फेरि आफ्नो काममा उत्तिकै जोश र जाँगरका साथ लाग्ने क्षमता वहाँमा थियो । यसको निम्ति वहाँलाई 'गीता'ले पनि प्रेरणा दिएको रहेछ भने त्यसलाई अनुचित सम्झनु म बुद्धिमत्ता ठान्दिनँ । यसैलाई निंहू बनाएर उहाँको क्रान्तिकारी छबीमा दाग देखाउन खोज्नु आफ्नै मुर्खताको परिचय दिनु मात्र हो । तुलसीलालजी त्यो युगको प्रतिनिधित्व गर्नुहुन्थ्यो- जुनबेला क्रान्तिकारीहरूको ठूलो प्रेरक तत्व 'गीता' नै थियो । 'गीता'कै प्रेरणाले गर्दा निःस्वार्थ मनले त्यसबेला क्रान्तिकारीहरूले आफूलाई हाँसी-हाँसी बलीवेदीमा आहुति दिन्थे । यो सब ऐतिहासिक कुरा हो । जुन अति कठोरतम् परिस्थितिमा क्रान्तिकारीहरूले भोग्नुपरेको जीवन र उनका मर्मका कुराहरू हुन् । आजका युवा कम्युनिष्टहरूले जान्नुपर्ने कुरा यही हो । मेरो दृष्टिमा तुलसीलालजी अथक क्रान्तिकारी हुनुहुन्थ्यो । उहाँ पचास वर्षको लामो संघर्षमय राजनैतिक जीवन बिताई चिरनिन्द्रामा लीन हुनुभयो । उहाँको निधनमा मलाई दुःख लागेको छ; तर संघर्षशील राजनीतिक जीवनप्रति गौरव पनि छ । म तुलसीलालजीलाई अन्तष्करणबाट अभिवादन गर्दछु ।



# पाँचौं खण्ड

# पहिलो किसान नेता तथा सशक्त विधायक

शम्भुराम श्रेष्ठ

कमलराज रेग्मी

लक्ष्मण राजवंशी

*कमरेड तुलसीलाल नेपालको पहिलो संसदीय निर्वाचनद्वारा संसद्मा पुग्नुभएको थियो । उहाँले तत्कालीन संसद्मा ललितपुरबाट प्रतिनिधित्त्व गर्नुभएको थियो । रौतहटको किसान आन्दोलनमा उहाँले खेल्नुभएको भूमिकाकै कारण त्यस जिल्लाबाट पनि दुई जना कम्युनिष्टहरू संसद्मा पुगेका थिए । त्यसबेला धेरैजसो समय उहाँ मार्क्सवाद र किसान आन्दोलनबाहेक अरु कुरा गर्नुहुन्नथ्यो । नेपालमा किसान आन्दोलनको शुरुवात नै तुलसीलाल अमात्यले गर्नुभएको थियो ।*

# राष्ट्रलाई नै क्षति भयो



**शंभुराम श्रेष्ठ**

कमरेड तुलसीलाल अमात्यसँग मेरो पहिलो भेट ००८ सालमा मात्र भएको हो । उहाँहरूले भारत स्वतन्त्र भएको खुशियालीमा काठमाडौंमा 'हरे राम' जुलुस निकाल्नुभयो । त्यतिखेर म गोलघरमा थिएँ । मैले त्यो कुरा आफैंले नदेखी सुनेको मात्र हुँ । जुलुस निकालेकोमा प्रहरीले उहाँहरू सबैलाई समातेर पुऱ्यो । झण्डै चार-पाँच महिना उहाँहरूलाई जेलमा राखियो । जेलबाट छुटेपछि उहाँ भारततिर लाग्नुभयो । राणा शासनको अन्त्य भएपछि म जेलबाट छुटें । उहाँ चाहिं मोतिहारी जेलमा हुनुहुन्थ्यो । मैले बुझेसम्म ००७ सालको क्रान्ति चलिरहेको बेला उहाँहरू रक्सौलस्थित प्लेटफर्ममा बस्नुहुन्थ्यो । उहाँहरूलाई कम्युनिष्ट भएकोले केही उत्पात मच्चाउलान् भनेर उनीहरू सरकारले मोतिहारी जेल हालेको थियो ।

मोतिहारी जेलमा तुलसीलाल अमात्यलगायतका साथीहरू रहनुभएको कुरा थाहा पाएपछि हामीले ००८ सालमा काठमाडौंस्थित भारतीय राजदूतावास घेऱ्यौं । र, उहाँहरूको रिहाइको माग गऱ्यौं । त्यसपछि मोतिहारी जेलमा रहनुभएका सबै साथीहरू छुट्नुभयो । अनि कमरेड तुलसीलाल काठमाडौं आउनुभयो । र, काठमाडौंमा नै उहाँसँग मेरो पहिलो भेट भयो ।

उहाँ अखिल नेपाल किसान संघको संस्थापक नेता हुनुहुन्छ । साँच्चै भन्ने हो भने, उहाँ नै नेपालको किसान आन्दोलन शुरु गर्ने नेता हुनुहुन्छ । रौतहटमा बसेर किसान आन्दोलनको शुरुवात उहाँले नै गर्नुभएको हो । र, त्यो काम पार्टीले खटाए अनुसार नै थाल्नुभएको थियो । म जेलबाट छुटेको दुई तीन दिनमै कमरेड पुष्पलाल मलाई भेट्न आउनुभयो । त्यसपछि म नेपाल कम्युनिष्ट पार्टीमा प्रवेश गरें । कम्युनिष्ट पार्टीमा लागेपछि म पनि अखिल नेपाल किसान संघ उपत्यका कमिटीको सेक्रेटरी भएँ । तत्पश्चात् कमरेड तुलसीलाल र म सधैं सँगै रहेर एउटै आन्दोलनमा लागिपऱ्यौं ।

००८ सालमा नेपाल कम्युनिष्ट पार्टीको पहिलो राष्ट्रिय सम्मेलन कलकत्तामा सम्पन्न भयो । त्यसमा म काठमाडौंबाट प्रतिनिधि चुनिएर गएको थिएँ । कमरेड तुलसीलाल पार्टी केन्द्रीय कमिटीको सदस्य हुनुहुन्थ्यो । त्यसबखत् मनमोहन अधिकारी, शैलेन्द्रकुमार उपाध्यायलगायतका थोरै साथीहरू मात्र केन्द्रीय नेतृत्वमा हुनुहुन्थ्यो । म चाहिं शुरुदेखि नै केन्द्रीय कमिटीको आमन्त्रित सदस्यको रुपमा उपस्थित रहने गर्दथें । त्यसकारण पनि पार्टीभित्रसमेत उहाँसँग मेरो निकटता बढ्दै गयो । एकातिर किसान संगठनमा दुवै जना संलग्न थियौं भने पार्टीमा पनि एउटै कमिटीमा कार्यरत रहेको हुनाले हामीबीच झन् निकट र घनिष्ट सम्बन्ध रह्यो ।

कलकत्ताको सम्मेलनबाट म केन्द्रीय कमिटीमा चुनिएँ । जतिबेला म पार्टी प्रवेश गरेको केवल छ महिना पुगेको थियो । उहाँ भने पोलिटब्यूरो सदस्यमा चुनिनुभयो । ००८ सालमा अखिल नेपाल किसान संघको पहिलो राष्ट्रिय महाधिवेशन हुने भयो । महाधिवेशन आयोजना गर्ने क्रममा बाहिर निस्कँदा म पक्राउ परें । त्यतिबेला डा. के आई सिंहले दिल्ली सम्झौताको विरुद्ध विद्रोह गर्नुभएको थियो । त्यसमा संलग्न भएको आरोपमा मलाई पक्राउ गरिएको थियो । तैपनि, निर्धारित समयमै अधिवेशन सम्पन्न भयो । महाधिवेशनबाट उहाँ अध्यक्ष र म

महासचिव पदमा चुनियौं। यी सबै कारणले गर्दा हामीबीचमा अझ घनिष्ट सम्वन्ध कायम रहन गयो।

कमरेड तुलसीलाल अमात्य ज्यादै साधारण स्वभाव र जीवन शैली भएको नेता हुनुहुन्थ्यो। कुनै कुरा पनि उहाँले बनावटी रुपमा गर्न सक्नुहुन्नथ्यो। जोसुकैका अगाडि भए पनि आफ्नो कुरा खुल्ला र खुलस्त रुपमा राख्नुहुन्थ्यो। एक दृष्टिकोणले यो स्वभावलाई एकदम राम्रो मान्नुपर्छ। तर अर्को दृष्टिकोणबाट भने यो एक खालको खरावी र कमजोरी पनि हो। किनभने विरोधी पार्टीका नेताहरूसँग पनि सबै कुरा खुल्ला-खुलस्त रुपमा गर्नु राम्रो होइन। विरोधीहरूसँग त कुटनीतिक रुपमा प्रस्तुत हुन सक्नुपर्छ। तर त्यस्तो ठाउँमा पनि उहाँले सम्पूर्ण कुरा सिधैं र खुलस्त रुपमै भन्नुहुन्थ्यो। अर्थात् चलाखी र कुटनीतिसँग उहाँलाई कुनै मतलब थिएन। उहाँ पार्टीको काममा चाहिं सधैंभरि साह्रै मन लगाएर लाग्नुभयो। त्यसैले त्यागको लागि उहाँ पार्टीका अरु कुनै नेताभन्दा कम हुनुहुन्नथ्यो। सिधा-साधापनमा त उहाँ सबैभन्दा अगाडि नै हुनुहुन्थ्यो। उहाँलाई कसैले गीताबाट प्रभावित मान्छे पनि भने। उहाँले आफैं पनि त्यसो भन्नुभयो, लेख पनि लेख्नु भयो। कतिपय मानिसले उहाँलाई कम्युनिष्ट नेता भएर पनि गीता पढ्ने भनेर गिज्याए। तर म भन्छु- धर्म-कर्म जस्ता कुरा कैयौं वर्षदेखि हाम्रो दिमागमा संस्कारका रुपमा रहेका छन्। कोही मान्छे कम्युनिष्ट हुने बित्तिकै त्यो संस्कार तरुन्तै बदलिदैन। यस्तो यथार्थका बावजुद अरु-अरुले हामी शतप्रतिशत भौतिकवादी हौं भनेर ढाँट्न पछि पर्दैनन्। मुखले भन्दैमा त्यस्ता सबै मान्छे साँच्चिकै भौतिकवादी भइहालेका हुँदैनन्। तर उहाँले म यति हदसम्म त गीताको दर्शन पनि मान्छु भनेर आफ्नो सादापन र इमान्दारिता प्रदर्शन गर्नुभयो। जुन धेरै राम्रो पक्ष हो। किनभने धार्मिक संस्कार र विश्वास पूर्णतः समाप्त भएको छैन भने पूरै भौतिकवादी हुँ भन्ने ढोंग गर्नु भन्दा साँचो कुरा भनिदिनु राम्रो हो। यस अर्थमा गीताको दर्शनबाट प्रभावित छु भनेर पनि उहाँले आफ्नो इमान्दारिता प्रकट गर्नुभएको छ। कसैलाई ढाँटेर सत्य कुरा लुकाउने प्रयत्न उहाँले कहिल्यै गर्नुभएन।

किसान संघको दोस्रो महाधिवेशनबाट हामी दुवै जना अध्यक्ष र महासचिवको पदमा नै छानियौं। बीचको यो बखतसम्म आइपुग्दा हामीबीच एक खालको 'टिम स्परिट' बनिसकेको थियो। पार्टीमा पनि दुवै जना पोलिटव्यूरोमा रहेका थियौं। यसरी पार्टी र किसान संघ दुवैको काम गर्दा हामीबीच कहिल्यै र कुनै पनि प्रकारको मतभेद रहेन।

०१७ सालको काण्डपछि भने हामी अलिकति टाढा हुन पुग्यौं। दरभङ्गा प्लेनमले मलाई पार्टी केन्द्रीय कार्यालयमा खटायो। कमरेड पुष्पलाल पनि यहाँको प्रान्तीय कमिटीमा बस्नुपर्ने भयो। तर काठमाडौंमा बस्नु असाध्यै खतरनाक थियो। हामीलाई कसैले आश्रय दियो भन्ने थाहा भएपछि आश्रय दिने मान्छे जागिरे भए, जागिर खोसेर सर्वश्वहरण गर्ने र जागिरे नभई व्यापारी वा अरु कोही रहेमा सर्वश्वहरण गर्ने घोषणा राजा महेन्द्रले गरिसकेका थिए। जसले गर्दा कमरेड पुष्पलाल र मैले काठमाडौंमा बस्दा असाध्यै दुःख पायौं। तर कमरेड तुलसीलाल भने दरभङ्गामै बस्नुभयो।

काठमाडौंमा रहँदा हाम्रो कुनै सुरक्षा भएन। हामीले कसैको घरमा आउने जानकारी दिंदा सिधै नआउनुस् भन्दैनथे। तर विभिन्न खालको समस्या र खतरा देखाएर घुमाउरो पाराले नआइदिए हुन्थ्यो भन्थे। हामी बिना सूचना गयौं भने चाहिं जनताले लुकाएर राख्थे। त्यसैले हामी विहान सबैरै घरमा पुगेर ढोका ढकढकाउथ्यौं अनि हाम्रो मुख देखेपछि कसैले पनि फिर्ता पठाउँदैनथे। पछि पुष्पलाल निर्वासनतिरै जानुभयो। म चाहिं जबसम्म पार्टीले यो जिम्मेवारीबाट मुक्त गरी नयाँ जिम्मेवारी दिएन, तवसम्म जसरी पनि काठमाडौंमै रहें। त्यसैक्रममा ०१९ सालको शुरुमा म जेल परे र, ०२६ सालसम्म जेलमै बस्नुपऱ्यो।

भारतमा रहँदा उहाँहरूको केही काम थिएन। उहाँहरूले बनारसबाट तीन महिने अल्टिमेटम दिई पार्टीको महाधिवेशन गर्ने मागसहितको चिठ्ठी केन्द्रीय हेडक्वार्टरमा पठाउनु भयो। दरभङ्गा प्लेनमबाट १० महिनाभित्रै पार्टी महाधिवेशन गर्ने र राजा महेन्द्रको कदमको देशव्यापी रुपमा विरोध गर्ने निर्णय हुँदा पनि संकटकालीन समयमा महाधिवेशन गर्नु हुँदैन, देशव्यापी रुपमा आन्दोलन गर्नुपर्छ भन्ने कुरामै मैले जोड दिएको थिएँ। किनभने देशभित्र पार्टी महाधिवेशन गर्न संभव थिएन। देशबाहिर गर्दा पनि प्रतिनिधि तथा पर्यवेक्षकहरू चुन्न सजिलो थिएन। फेरि पार्टी महाधिवेशनको मिति र स्थान तोक्ने काम केन्द्रीय कमिटीको अधिकार क्षेत्रभित्रै पर्थ्यो। तर उहाँहरूले पार्टी केन्द्रीय कार्यालयसँग त्यस्तो माग गर्नुभयो। पार्टी कार्यालयले त केन्द्रीय कमिटीले गरेको निर्णय अनुसार मात्र काम गर्न सक्थ्यो। मैले यस्तै जवाफ लेखेर पठाएँ। र, सोधें- महाधिवेशन गराउनै परे पनि तपाईंहरू पोलिटव्यूरो र केन्द्रीय कमिटीका सदस्यहरूले पहिला निर्णय गर्नुहोस् अनि अन्य सबै व्यवस्था गर्न लाग्नुपर्छ। उल्टै पार्टी हेडक्वार्टरलाई अल्टिमेटम दिएर के गर्न खोज्नुभएको हो ?



किसान संघको दोस्रो महाधिवेशनबाट पनि हामी दुवै जना अध्यक्ष र महासचिवको पदमा नै छानियौं। बीचको यो बखतसम्म आइपुग्दा हामीबीच एक खालको 'टिम स्परिट' बनिसकेको थियो। पार्टीमा पनि दुवै जना पोलिटव्यूरोमा रहेका थियौं। यसरी पार्टी र किसान संघ दुवैको काम गर्दा हामीबीच कहिल्यै र कुनै पनि प्रकारको मतभेद रहेन।







...विमानस्थलको अति विशिष्ट कक्षमा एमाले अध्यक्ष ... अधिकारी एवं स्व. जीवराज आश्रितका साथ कमरेड अमात्य

तर उहाँहरूले पार्टीको तेस्रो महाधिवेशन गराई छाड्नु भयो। निर्वाचित प्रतिनिधि-पर्यवेक्षक र कार्यक्रम बिना नै सबै काम गर्नुभयो। त्यसबाट नै पार्टीमा विभाजन आयो। डा. केशरजंग रायमाझी जस्तो बदमास मान्छे एउटा समूहको नेता भएर पदमा रहिरहन पायो। त्यसले गर्दा राजा महेन्द्रको निरंकुश कदम विरुद्धको घोषित संघर्ष कमजोर बन्यो। कमसेकम कांग्रेसले त्यतिखेर भारतको सहयोग लिएर भए पनि सशस्त्र आन्दोलन गरेको थियो। तर कम्युनिष्ट पार्टीको तर्फबाट त एउटा माखोसम्म पनि मार्ने काम भएन। यसले गर्दा कार्यकर्ताहरूमा रहेको पुरानो नेतृत्वप्रतिको विश्वास टुट्न गयो। त्यो ठीक वा बेठीक जे भए पनि तेस्रो महाधिवेशनमा कमरेड तुलसीलालले राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम प्रस्तुत गर्नुभयो। त्यो कार्यक्रम अत्यधिक बहुमतबाट पारित पनि भयो। जसमा उहाँले पछिसम्म अडान लिइरहनु भयो।

अर्कोतिर पुष्पलालले नौंलो जनवादको कार्यक्रम प्रस्तुत गर्नुभयो। मलाई लाग्छ, राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम आधारभूत रुपमा नै संशोधनवादी कार्यक्रम थियो। यो कार्यक्रमको प्रस्ताव पहिले मस्कोमा सम्पन्न विश्व कम्युनिष्ट सम्मेलनमा खुश्चेभले ल्याएको थियो। जुन नौलो जनवादको विरुद्धमा थियो। तर तेस्रो महाधिवेशनमा त्यस्तो संशोधनवादी कार्यक्रम पारित भयो। पार्टीको अधिवेशनपछि कमरेड पुष्पलाल पनि सन्तुलित हुन सक्नुभएन। ठीक वा बेठीक जे भए पनि पार्टीको महाधिवेशनले पारित गरेपछि उहाँले पारित कार्यक्रमलाई मानेर काम-कारवाही गर्दै जानुपर्दथ्यो। त्यसो नगरी उहाँले फेरि अर्को समूह खोल्नुभयो। यसले गर्दा माझीहरूको हातमा रहेको समूहले पुरानो नेपाल कम्युनिष्ट पार्टी यही नै हो भन्ने दावी गर्न पायो। फेरि पुष्पलालले पनि अर्को समूह खोल्नु भएपछि त कम्युनिष्ट पार्टी नै तीन टुक्रामा विभाजित हुन पुग्यो। त्यो बहुतै नराम्रो स्थितिको तस्वीर थियो। जसले गर्दा यो आन्दोलनमा लागेका धेरै साथीहरूमा निराशा उत्पन्न भयो। जेहोस्, कमरेड तुलसीलाल आजीवन कम्युनिष्ट नेता भएर नै क्रियाशील रहनुभयो। आफ्नो तन, मन र धनले भ्याएसम्म उहाँ आन्दोलनको लागि समर्पित हुनुभयो। पार्टीको नेतृत्वमा बसेर नेपाली क्रान्तिको लागि लड्नु भयो। यसर्थ उहाँ एक इमान्दार कमरेड हुनुहुन्थ्यो। उहाँको निधनबाट नेपालको कम्युनिष्ट आन्दोलनलाई साह्रै ठूलो नोक्सान भएको छ, केवल एमालेलाई मात्र होइन।

सिंगै नेपालको कम्युनिष्ट आन्दोलन, नेपाली जनता र क्रान्तिलाई उहाँको अवसानबाट ठूलो नोक्सान पुगेको छ। हुनतः हरेक मान्छे जन्मेपछि एक पटक अवश्य मर्नुपर्छ। तर देश र जनताको निमित्त लड्दा-लड्दै मर्ने कि आफ्नो व्यक्तिगत स्वार्थको लागि मर्ने ? फरक यत्ति मात्र हो। कमरेड तुलसीलालले आजीवन देश र जनताको लागि लडाइँ लड्नुभयो। तसर्थः पछिसम्म पनि उहाँको सम्झना नेपाली जनताले गरिरहने छन्। इतिहासले उहाँको उचित्त मूल्यांकन गर्ने नै छ।


लेखक



❑

# नेपालको प्रथम संसद्मा तुलसीलाल अमात्य

**कमलराज रेग्मी**



कमरेड तुलसी-लाल अमात्य वयासी वर्षको वृद्ध उमेर र दुईटै मृगौला नष्ट भएको अती अस्वस्थ शारीरिक स्थिति हुँदा पनि निरन्तर सक्रिय रहेर राजनीतिक चिन्तन गर्दागर्दै दिवंगत हुनुभयो । तुलसीलालजीसँग मेरो पहिलो भेट ००७ सालको क्रान्ति परि-सन्दर्भमा वीरगंजको मोर्चामा भएको थियो । हामी बनारसका छात्रहरू पटना-स्थित नेपाली कांग्रेसको क्रान्ति-कालीन हेडक्वार्टरमा रहेका क्रान्ति डिक्टेटर मातृकासँग भेटेर वीरगंज पुग्दा प्रतिक्रान्ति भइसकेको थियो; थिरबम मल्ल शहीद भइसकेका थिए । वीरगंज पुनः राणाशाहीको सैनिक कब्जामा परिसकेको थियो । त्यहाँ हाम्रो आगमन वीरगंजलाई पुनः मुक्त गराउन सकिन्छ कि भन्ने विचार र प्रयाससँग सम्बन्धित थियो । वीरगंज पारी रक्सौलको नजिकै सीमा क्षेत्रमा क्रान्ति संचालकहरूका शिविरहरू थिए । नेपाली कांग्रेसको छुट्टै शिविर थियो भने वामपन्थीहरूको पनि छुट्टै । वामपन्थी शिविरको इन्चार्ज तुलसीलालजी हुनुहुन्थ्यो । सरल स्वभाव, सादा रहन-सहन र निरन्तर क्रियाशील तुलसीलालजीको शिविर भन्नु एउटा गोठ जस्तै किंचित फराकिलो फुसको छाप्रो थियो । भोक-भोकै आइपुगेका हामीलाई भाण्टाको तरकारी र उसिना चामलको भात तुरुन्तै उपलब्ध भयो । सबैलाई खुवाएर मात्र उहाँ आफू खानुहुन्थ्यो । यसरी तुलसी-लालजीबाट म तुरुन्तै आकर्षित भएँ । पुष्प-लालजी र दादा भन्ने अग्ला कमरेड पनि यहाँ आउनुभयो । शैलेन्द्रकुमार उपाध्याय समेत हामी बनारसबाट पटना हुँदै विहानै आइपुगिसकेका थियौं । यो गोठे-शिविरमा जो-जति जे जस्ता भए पनि तुलसीलालजी भने सबैका निम्ति आमा जस्तै हुनुहुन्थ्यो ।

तुलसीलालजी शुरुदेखि नै अखिल नेपाल किसान संघको सभापति हुनुहुन्थ्यो । मैले पनि शुरुदेखि नै किसान फाँटमा काम गरेको थिएँ । म पहिले पाल्पा जिल्लाको सभापति र पछि केन्द्रीय उपसभापतिमा चुनिएँ । तुलसीलालजीले रौतहटको किसान क्षेत्रमा पनि धेरै काम गर्नुभएको हो । त्यो बेला रौतहट, झापा, पाटन र पाल्पाको क्रान्तिकारी किसान आन्दोलनले नै नेपाल कम्युनिष्ट पार्टीको प्रतिष्ठालाई माथि उठाएको थियो । किसान आन्दोलन र किसान संगठनको सन्दर्भले मलाई तुलसीलालजीको अझ नजिक पुऱ्याएको थियो ।

किसान आन्दोलन प्रवल भएका जिल्लाहरू पाटन, पाल्पा र रौतहटका किसानहरूको भोट पाएर नै ०१५ सालको आम चुनावमा पाटनबाट तुलसीलाल, रौतहटबाट शेख फर्मान र हरदयाल महतो अनि पाल्पाबाट मसमेत गरी चार जना कम्युनिष्ट उम्मेदवारहरू प्रतिनिधि सभामा निर्वाचित भएका थियौं । हुनतः





त्यसवेला १ सय ९ सिटमध्ये जम्मा ४९ सिटमा नेपाल कम्युनिष्ट पार्टीले उम्मेदवार उठाएको थियो । तर चार सिट जित्यो । दश सिटमा दोस्रो स्थान आएको थियो र कतिमा असाध्यै कम अन्तरले हारेको थियो । जे भए पनि तुलसीलाल जस्तो अर्थशास्त्रका विद्वान् र किसान आन्दोलनमा चुर्लुम्म डुबेर समस्या बुझेका कार्यकर्ताहरू थोरै थिए । त्यसैले उहाँको उपस्थितिले नेपालको निर्वाचित प्रथम प्रतिनिधि सभामा कम्युनिष्ट पार्टीको प्रतिष्ठालाई उल्लेखनीय पारेको थियो ।

तुलसीलालजी नेपाल कम्युनिष्ट पार्टी संसदीय दलको नेता हुनुहुन्थ्यो । अर्थशास्त्रका एम.ए., बोल्दाखेरि जहिले पनि आर्थिक तथ्यांकलाई प्रस्तुत गरेर विषयवस्तुलाई चमत्कृत, आकर्षक, र स्मरणीय पारिदिनु हुन्थ्यो । संसदमा तुलसीलालजी बोल्दा सबैले ध्यान दिन्थे । अति शान्त वातावरण रहन्थ्यो । त्यस्तै शान्ति र ध्यानाकर्षण संयुक्त प्रजातन्त्र पार्टीका काशीप्रसाद श्रीवास्तवले बोल्दा पनि रहेको हुन्थ्यो । तर श्री वास्तवजीको वचन, शैली र प्रस्तुति मधुर र मनोहारी रहन्थ्यो, चमत्कारिक दृष्टान्त र कथानकहरूले सर्वाङ सिंगारिएको हुन्थ्यो, उहाँले जति बोले पनि 'सुनिरहुँ' जस्तो लाग्थ्यो सबैलाई । तर तुलसीलालजीको प्रस्तुतिमा रहने इतिहासको प्रमाण, अन्तर्राष्ट्रिय घटना र परिस्थितिको सन्दर्भ तथा आर्थिक तथ्यांकले श्रोता वर्गलाई झन्-झन् जिज्ञासु बनाइदिन्थ्यो; प्रेरणा प्रदान गर्दथ्यो । हुनतः त्यो बेलाको संसदमा नेपाली कांग्रेसका ७४, नेपाल राष्ट्रवादी गोर्खा परिषद्का १९, संयुक्त प्रजातन्त्र पार्टी अर्थात् के.आई.सिंहको पार्टीका समेत ५ जना सांसद् थिए, यी सबै पार्टीमा आ-आफ्ना एकसे एक बोलक्कड र विद्वान् कार्यकर्ताहरू पनि थिए । नेपाली कांग्रेसका स्वयं विश्वेश्वरप्रसाद कोइराला, विश्वबन्धु थापा, श्रीभद्र शर्मा, श्रीकान्त शर्मा, मीनवहादुर गुरुङ, योगेन्द्रमान शेरचन, गणेशकुमार शर्मा आदि अनेकानेक, त्यस्तै गोर्खा परिषद्का भरत शमशेर, मृगेन्द्र शमशेर, वेनीवहादुर कार्की, ताराप्रसाद उपाध्याय आदि, के.आई. सिंहको पार्टीका काशीप्रसाद श्रीवास्तव, वासुदेव तिवारी र त्रिवेणी जस्ता बोलक्कड र प्रभावशाली व्यक्तित्वहरू थिए । नेपाल कम्युनिष्ट पार्टीका जम्मा चार जनामा दुई जना शेख फर्मान र हरदयाल महतो कोरा किसान कार्यकर्ता हुनुका बावजुद पनि संसदमा नेपाल कम्युनिष्ट पार्टीको उपस्थितिको अनुभूति प्रमुख प्रतिपक्षी दलको जस्तै मानिन्थ्यो । यस्तो हुनुमा तुलसीलाल जस्तो नेता संसदमा हुनु एउटा प्रमुख कारण थियो । तुलसीलालजीले राष्ट्रका कुनै पनि समस्या र आवश्यकताका विषयलाई संसद्मा बहसको मुद्दा बनाउने कुरामा अग्रणी भूमिका खेल्नुहुन्थ्यो । त्यसबखत नेपाल कम्युनिष्ट पार्टीको संसद्मा विशेष भूमिका रहनुमा पार्टीले संसदबाहिर चलाएको आन्दोलनको प्रभाव संसद्भित्र पुऱ्याउनु पनि एउटा कारण थियो । त्यो बेला बिर्ता उन्मूलन र प्रगतिशील मालपोत, गण्डक संझौता र भारतबाट वनस्पति घिउको आयात तथा उत्तरी सीमामा भारतीय चेकपोष्ट आदि कुरालाई लिएर नेपालमा राष्ट्रव्यापी बहस, विरोध र आन्दोलनहरू चलाइएको थियो । नेपाली कांग्रेसले हिम्मतका साथ, स्पष्टसँग भूमिसुधार लागू गर्ने दिशामा कदम बढाउन सकेको थिएन । नेपाली कांग्रेस पार्टीभित्र ठालु, जिम्मवाल, मुखिया, पटवारी र जमिन्दारहरूको व्यापक जमघट भइसकेको थियो । भूमि समस्या समाधान गर्न र किसानहरूको माग पूरा गर्दा ती उच्च वर्गको हितमा धक्का लाग्दथ्यो । अर्कोतिर भारतको दवाबमा भारतकै हित निम्ति 'गण्डक संझौता' गरिदैथियो । त्यस्तै भारतीय उद्योगपतिको मुनाफाका निम्ति वनस्पति घिउको पैठारी गर्न लागिएको थियो । आम चुनाव जित्न ती भारतीय उद्योगपतिहरूसँगबाट कांग्रेसले चन्दा पाएको र त्यही ऋण चुक्ता गर्न खोजेको भन्ने आरोपसमेत नेपाली



*नेपाल कम्युनिष्ट पार्टीका जम्मा चार जनामा दुई जना शेख फर्मान र हरदयाल महतो कोरा किसान कार्यकर्ता हुनुका बावजुद पनि संसद्मा नेपाल कम्युनिष्ट पार्टीको उपस्थितिको अनुभूति प्रमुख प्रतिपक्षी दलको जस्तै मानिन्थ्यो । यस्तो हुनुमा तुलसीलाल जस्तो नेता संसद्मा हुनु एउटा प्रमुख कारण थियो । तुलसीलालजीले राष्ट्रका कुनै पनि समस्या र आवश्यकताका विषयलाई संसद्मा बहसको मुद्दा बनाउने कुरामा अग्रणी भूमिका खेल्नुहुन्थ्यो ।*




*लेखक*

कांग्रेसमाथि लगाइएको थियो । तर गण्डक संभौताको विरोधमा ठूल-ठूला प्रदर्शन र विरोध सभाहरूको क्रम चलिरहेको थियो ।

संसद् चलिरहेकै बेलामा तुलसीलालजीलाई नेपाली कांग्रेसको सरकारले सुरक्षा-कानून अन्तर्गत गिरफ्तार गरेर नजरबन्दमा राख्यो । 'गण्डक संभौता' र 'वनस्पति घिउको पैठारी'विरुद्ध संसद्मा जनताको आवाज पुऱ्याउन एउटा विशाल विरोध प्रदर्शन गर्ने र सिंहदरबारस्थित संसद् भवन घेर्ने योजना बनेको थियो । बाहिर त्यसैका निम्ति व्यापक तयारी हुँदै थियो । कोण सभाहरू यत्रतत्र भइरहेका थिए । यी कार्यक्रममा पनि तुलसीलालजी खटिरहनुभएको थियो । यसै सिलसिलामा तुलसीलालजी गिरफ्तारीमा पर्नुभयो । संसद्मा मैले कुरा उठाएँ 'संसद् चलिरहेको बेला हाम्रो संसदीय दलका नेतालाई किन थुनिएको हो ? यसरी थुन्न पाइँदैन ।' त्यो बेलाका गृहमन्त्री सूर्यप्रसाद उपाध्यायले कुनै उचित जवाफ र स्पष्टीकरण दिन सकेनन् । बरु 'नेता भनेर के गर्ने ? ढुंगामूढा गरेर अशान्ति मच्चाउनेलाई पुलिसले पक्रन्छ । जनप्रतिनिधि भन्दैमा कानूनभन्दा माथि कोही हुँदैन, सुरक्षा- कानून लागू गर्नु कुनै अनुचित छैन' भने । उहाँको गिरफ्तारीको विरोधमा संसद्मा अध्यक्षले अरुलाई बोल्न नदिएकोमा सबै विरोधी सभासदहरूले बैठक बहिष्कार गरे । बाहिर एउटा विशाल विरोध प्रदर्शनले सिंहदरबारअगाडि आएर धर्ना दिएको थियो । त्यहाँ तुलसीलालजीको सट्टा मैले चलिरहेको संसद्बाट गएर प्रदर्शनकारीहरूबीच भाषण गरेको थिएँ । त्यसपछि जनताको आवाजलाई संसद्मा पुऱ्याएको थिएँ । यो कार्यक्रम सकिएपछि तुलसीलालजी छुट्नुभयो । यसैबाट बुझिन्छ कि तुलसीलालजीको सक्रियता, विद्वता र क्षमताबाट उहाँका विरोधीहरू कतिसम्म आत्तिन्थे ?

पहिलो संसद्का अध्यक्ष कृष्णप्रसाद भट्टराई अहिले पनि उस्तै रसिलो बोलीले आफूसँग भेट हुनेहरूसँग रमाउन खोज्नुहुन्छ । त्यो बेलाको प्रतिपक्ष गोर्खा परिषद् नेपाली कांग्रेसमा एकाकार भएपछि पनि प्रतिपक्षी नेता भरत शमशेर घोर असन्तुष्ट भई कांग्रेसबाहिरै बस्नुभयो । रामनारायण मिश्र, गणेशकुमार शर्मा, काशीप्रसाद श्रीवास्तवलगायत धेरै प्रथम संसद्का सांसद्हरू दिवंगत भइसक्नुभएको छ । कांग्रेसका चार स्तम्भमध्ये बी.पी., सुवर्णशमशेर र सूर्यप्रसाद उपाध्याय अहिले हामीबीच हुनुहुन्न । गणेशमान जीवनको उत्तरार्धमा सिंह नेपाली कांग्रेस परित्याग गरेर शारीरिक रुपमा समेत अति अस्वस्थ र उदासीन हुन पुग्नुभयो । यता त्यो बेलाको संसद्मा विजयी कम्युनिष्ट नेता तुलसीलालजी आजीवन र निरन्तर कम्युनिष्ट योद्धा रहँदा-रहँदै पनि ०४८ को संसदीय निर्वाचनमा अर्को समूहका कम्युनिष्ट प्रतिस्पर्धीद्वारा नै पराजित हुनुभयो । पछि उहाँ चीनका निम्ति राजदूत हुनुभयो । अहिले प्रथम संसद्का एक हस्ती तुलसीलालजी पनि दिवंगत हुनुभयो । नेपाली समाजको पीडा र व्यथा उस्तै-उस्तै रहे पनि, प्रथम संसद्को भवनमै आजको संसद् चलिरहेको छ । तर राजनीतिक दलहरूको अवस्था र सांसद्हरूको चरित्रमा भने अपरिकल्पनीय फरक आएको छ । ❑



*नेपाली प्रधानमन्त्रीको चीन भ्रमणको अवसरमा तुलसीलाल*




अविश्रान्त राजनायक : तुलसीलाल अमात्य



*स्व. जननेता मदन भण्डारीको अन्तिम संस्कारको क्षणमा आर्यघाटमा अन्य नेताहरूका साथ कमरेड अमात्य*

# मैले चिनेजानेको गिरिदाइ

लक्ष्मण राजवंशी

तुलसीलाल अमात्यलाई कसैले राजनीतिक व्यक्तित्वका रुपमा चिने, कसैले गीताका अनुयायी त कसैले गान्धीवादी । अनि कोही नेपाली कांग्रेसको नेताका रुपमा पनि उहाँलाई चिन्दछन् । उहाँको विविध व्यक्तित्व छ । सबैले धेरैपछि मात्र आधिकारिक रुपमा लिने गरेको नाम हो- तुलसीलाल अमात्य । उहाँलाई नजिकबाट चिन्ने मानिसहरूका लागि परिचयको नाम हो- गिरिदाइ । मैले पनि आजीवन गिरिदाइकै रुपमा उहाँलाई चिने, बुझें र संगत गरें । पार्टीभित्र उहाँको नाम गिरिदाई नै हो, तुलसीलाल त हाम्रा लागि अस्वाभाविक जस्तो तर आधिकारिक चिनारी मात्रै हो । उहाँलाई मैले गिरिदाइको रुपमा चिनेको ००८ सालमा हो; जतिखेर म भर्खर नेपाल कम्युनिष्ट पार्टीमा प्रवेश गरेको थिएँ । त्यो बेलादेखि नै मैले उहाँलाई गिरीदाइको नामले चिनें, संगत गरें र निकट रहेर काम गरें ।

उहाँ पहिले गान्धीवादी हुनुहुन्थ्यो; गान्धीको दर्शनबाट ज्यादै प्रभावित हुनुहुन्थ्यो । यो विद्यार्थी जीवनकै समयको कुरा हो । पछि उहाँले अर्थशास्त्रमा एम.ए. पास गर्नुभयो । भारतको राजनीतिक चहल-पहलबाट प्रभावित रहेको कारण त्यो बेला गान्धीको दर्शनबाट प्रभावित नभएको नेता पाउनै गाह्रो पर्दथ्यो । तर तुलसीलालले गान्धीवादलाई जीवनको आध्यात्मिक दर्शनको रुपमा मात्र लिनुभयो; राजनीतिक दर्शन होइन । उहाँ भित्र र बाहिर एउटै खालको मान्छे हुनुहुन्थ्यो । अहिलेका अधिकांश नेताहरूमा द्वैध चरित्र देखिन्छ । बाहिर र भित्र को के हो ? भनी चिन्नै सकिन्न । अझ विरोधाभाष भेटिन्छ । तर तुलसीलालको जीवनमा कहिल्यै द्वैध चरित्र फेला परेन । मेरो घरमा उहाँ करीब तीन वर्ष बस्नुभयो; जतिबेला उहाँ

भूमिगत हुनुहुन्थ्यो । पुष्पलाल र मनमोहन अधिकारी पनि धेरै वर्ष मकहाँ बस्नुभयो । तीनै जना नेताहरू नै उबेलादेखिकै नेपाल कम्युनिष्ट पार्टीका हस्ती हुनुहुन्थ्यो । त्यतिखेर पार्टीको सदस्य संख्या जम्मा दश हजार पुगेको थियो । मनमोहन अधिकारीलाई घरमा हामीले कमरेड पुण्यको नामबाट चिन्थ्यौं । पछि एम.एम. मात्र पनि भनियो । पुष्पलालको परिचय कमरेड गुरुङको नामले हुन्थ्यो । नेपाल कम्युनिष्ट पार्टीका चार व्यक्तित्वभित्र मनमोहन, पुष्पलाल, तुलसीलाल र डा. रायमाझी पर्नुहुन्थ्यो । काठमाडौंको नेतृत्वदायी हैसियतमा भने शंभुराम श्रेष्ठ पनि हुनुहुन्थ्यो । यी पाँच जना नेताहरू नै त्यो बेला कम्युनिष्ट पार्टीका ब्रेन थिए । दोस्रो पंक्तिमा, शैलेन्द्रकुमार उपाध्याय, डी.पी. अधिकारी, विराटनगरका राधाबाबु र मदनमणि दीक्षित 'माडसाव' पनि चर्चित हुनुहुन्थ्यो । नेपाली कम्युनिष्ट आन्दोलनका यी सबै व्यक्तित्वको त्यो बेला आ-आफ्नो खालको चिनारी थियो । तर ती सबैमा तुलसीलाल चाहिं सधैंभरि 'इगो'बाट टाढा रहनुभयो; उहाँमा कहिल्यै अहं देखापरेन । पार्टीको अनुशासन कहिल्यै मिच्नुभएन । उहाँलाई छ महिनासम्मका लागि केन्द्रीय समितिबाट निलम्बन गरियो, कारवाही भयो । तर अन्तर पार्टी संघर्षको घडीमा पार्टीको विरुद्ध उहाँले एक शब्द पनि बाहिर बोल्नुभएन । आफ्नो भनाइमा सधैं अडान लिनुभयो । पछि उहाँमाथिका आरोपहरू गलत साबित भए र पुनः केन्द्रीय समितिमा लगिनुभयो ।



*तुलसीलाल गीताको अनुयायी हो, ऊ मार्क्सवादी हुन सक्तैन, कम्युनिष्ट थिएन- भन्ने चर्चा पनि केही मान्छेले चलाएका छन् । तर म भन्छु, काठमाडौंका अधिकांश कम्युनिष्ट कार्यकर्ताहरूलाई मार्क्सवादको बारेमा पढाउने, प्रशिक्षण दिने मान्छे त्यसबखत् कोही थियो भने, त्यो गिरिदाइ नै थियो ।*



*लेखक*

अहिले तुलसीलाल गीताको अनुयायी हो, ऊ मार्क्सवादी हुन सक्तैन, कम्युनिष्ट थिएन- भन्ने चर्चा पनि केही मान्छेले चलाएका छन् । तर म भन्छु, काठमाडौंका अधिकांश कम्युनिष्ट कार्यकर्ताहरूलाई मार्क्सवादको बारेमा पढाउने, प्रशिक्षण दिने मान्छे त्यसबखत् कोही थियो भने, त्यो गिरिदाइ नै थियो । वटु टोलमा राजभाइ भन्ने लिलाकृष्णको घरमा भूमिगत बसेर तीन महिना लामो प्रशिक्षण उहाँले नै चलाउनुभएको थियो । काठमाडौंमा कहिलेकाहीं पुष्पलाल आएर क्लास लिनुहुन्थ्यो । तर द्वन्द्वात्मक भौतिकवाद, ऐतिहासिक भौतिकवाद, चिनियाँ कृषि क्रान्ति जस्ता विषयमा पार्टी कार्यकर्ताले बुझ्ने भाषामा प्रशिक्षण दिने काम सधैं गिरिदाइबाटै हुन्थ्यो । हामी जस्ता त्यो बेलाका अल्लारे केटा-केटीहरूलाई बुझ्ने भाषामा प्रशिक्षण दिने पनि उहाँ नै हुनुहुन्थ्यो । त्यसैले उहाँमा मार्क्सवादको गहन अध्ययन र बुझाइ थियो । उहाँ जे भन्नुहुन्थ्यो- त्यो गर्नुहुन्थ्यो र जे गर्नुहुन्थ्यो त्यो मात्रै भन्नुहुन्थ्यो । यही आदर्शका कारणले उहाँले जिन्दगीभर दुःख पाउनुभयो । मलाई लाग्छ- यही कारणले उहाँले एक दिन पनि आनन्द र सुखको सास फेर्न पाउनुभएन ।

मैले देखे अनुसार उहाँले ठूला ठूला अक्षर लेख्नुहुन्थ्यो । हामीले एक पेजमा अटाउने कुरा लेख्न उहाँका लागि आठ-नौ पेज कागज चाहिन्थ्यो । तसर्थ पार्टीको सम्बन्धमा कुनै कुरा लेख्नुपरे उहाँलाई ठेलीका ठेली कागज चाहिन्थ्यो । उहाँले एउटा पंक्ति पनि सोझो लेख्नुहुन्नथ्यो । एक पटक लेखेको कुरालाई कहिल्यै पनि दोहोऱ्याउनुहुन्नथ्यो; जे लेखियो, लेखियो । त्यसैले उहाँको अभिव्यक्तिको प्रष्फुटनमा कुनै नक्कल वा अभिनय थिएन । अहिले अधिकांश मान्छेहरू कुनै कुरा लेखेर पछि त्यसलाई सिंगार्ने गर्छन् । मनमा जे सुकै भए पनि उल्टो-पाल्टो कुरा लेखेर सिंगार्छन् । वास्तवमा यस्तो कुराले मान्छेको चरित्रलाई प्रतिविम्बित गर्छ । उहाँको नेपाली भाषामा त्यति दख्खल थिएन, त्यसैले नेपालीमा बोल्दा पनि नेवारी शब्द घुसेको थाहा पाउनुहुन्नथ्यो, यही कमजोरीलाई लिएर कतिले उहाँको खिल्ली पनि उडाए ।

मैले शुरुमा उहाँलाई एउटा किसान कार्यकर्ता र नेताको रुपमा देखें । नेपालको वाम राजनीति पक्षधर किसान आन्दोलनमा कसैको इतिहास छ भने तुलसीलालको मात्र छ । उहाँको यो पक्षलाई कसैले नकार्न सक्तैन । किसानहरूलाई संगठित गर्ने क्रममा उहाँको अधिकांश समय रौतहटमा बित्यो । रौतहटको 'तमसुक फट्टा' आन्दोलनको उहाँले जुन नेतृत्व





थियो, त्यो नेपालकै लागि अविस्मरणीय र ऐतिहासिक ...ा थियो । त्यति ठूलो आन्दोलन अरु कसैले ...न सकेका थिएनन् । त्यसको प्रभाव पछि ...मा पऱ्यो । पाल्पामा कमलराज रेग्मीलगायतका कम्युनिष्ट नेता र कार्यकर्ताहरूले सामन्त र जाली ...हाहरूका जाली कागज र तमसुकहरू जलाउने काम गरे । भीमदत्त पन्तले पनि यही तमसुक फट्टा आन्दोलनको क्रममा नै सूदुर पश्चिममा शहादत ... गर्नुपऱ्यो । ०१५ सालको संसदीय चुनावको ...लमा तुलसीलालको कर्मक्षेत्र रौतहट थियो । तर ...ाव पाटनबाट लड्नुभयो । उहाँले रौतहटका किसानहरूलाई संगठित गर्न जति समय बिताउनुभयो, ...नका जनतालाई संगठित गर्न थोरै पनि समय दिन ...नुभएको थिएन । रौतहटमा उहाँले गर्नुभएको संगठनकै कारण त्यतिबेला कम्युनिष्ट पार्टीका चार जनाले जितेकोमा रौतहटबाट मात्रै दुई जनाले जितेका थिए । शेख फर्मान र हरदयाल महतो केही थाहा नभएका भोलाभाला किसान थिए । उनीहरूले लुगा लगाउन पनि जानेका थिएनन् । किलागलका चन्द्रानन्द ...को घरमा ल्याई उनीहरूलाई शेरवानी र चुरीदार पाइजामा तथा जुत्ता लगाउन पार्टीले सिकाएको थियो । त्यस्ता निरक्षर र पूरै ग्रामीण किसानलाई संसदमा जिताएर ल्याउने तुलसीलाल नै हुनुहुन्थ्यो । त्यतिखेर रौतहटका जनताले कसलाई भोट दिए भन्ने कुराको कुनै मतलब थिएन । तर कसको कारणले भोट दिए ? यो निकै महत्त्वपूर्ण थियो । तुलसीलालले नै किसानहरूलाई भोट खसाल्ने कुरा बुझाउनु भएको थियो । मार्क्सवाद नबुझेका वा मार्क्सवाद नमान्ने मान्छे भएको भए उहाँ त्यति गहिराइमा पुग्नै सक्नु हुन्थेन ।

काठमाडौंको किसान आन्दोलनमा पनि उहाँको संझना गर्नैपर्छ । त्यतिबेला काठमाडौंको ३२ वटा टोलका किसानहरू संगठित थिए । मलाई पनि पार्टीले ३ वर्ष किसान संघमा खटाएको थियो । त्यो बखत नै मैले उहाँ सँगसँगै रहेर काम गर्ने मौका पाएँ । त्यो बेलाका किसान नेताहरू थिए- नाती महर्जन, जसलाई नातिदाइ भनिन्थ्यो, सानु महर्जन जसलाई सानुदाइ भनिन्छ । देवनारायण महर्जन पनि हुनुहुन्थ्यो । यद्यपि, देवनारायण उहाँहरूको समकालीन हुनुहुन्नथ्यो । तर अहिलेसम्म पनि उहाँ निरन्तर र इमान्दारितापूर्वक आन्दोलनमा खटिरहनुभएको छ । त्यस्तै पकनाजोलका चन्द्रदाइ, मरुटोलका द्वारिकादाइसमेत काठमाडौंको आन्दोलनको नेतृत्वमा हुनुहुन्थ्यो । तर यी सबै किसान नेताहरूको ब्रेन र स्पिरिट भनेको तुलसीलाल हुनुहुथ्यो । तुलसीलालले कम्युनिष्ट पार्टी र किसान आन्दोलनबाहेक अन्य कुरा गरेको प्रायः भेटिंदैनथ्यो ।

०१५ सालको चुनाव जितेर आएपछि संसदीय दलको नेतामा पनि तुलसीलाल अमात्य नै छानिनुभयो । म संसदीय दलको सदस्य-सचिव भएँ ।

*०४६ साल चैत २९ गते पाटनको विशाल आमसभामा अन्य विशिष्ट नेतागणहरूका साथ कमरेड अमात्य*





उमेरले म सानै थिएँ । फेरि सदस्य-सचिवका लागि वासुदेव ढुंगाना र मेरो नाम आएको थियो । तर पछि पार्टी केन्द्रीय कमिटीले मलाई छान्यो । त्यसबेला बिहान आठबजेदेखि दिउँसो बाह्र बजेसम्म महासभा र दुई बजेदेखि पाँच बजेसम्म प्रतिनिधि सभाको बैठक चल्थ्यो । मैले दुवै सदनमा उपस्थित हुनुपर्थ्यो । किनभने त्यहाँको सबै कुरा मैले पार्टीलाई जानकारी गराउनुपर्थ्यो र जनतामा पुऱ्याउने विषय पार्टीको मुखपत्र 'मशाल'मा छापिन्थ्यो । मैले अनुभव गरेसम्म त्यतिबेला महासभामा शंभुरामजीले बडो कुटनीतिक र राम्रो भूमिका खेल्नुभयो । तर उहाँ छिटो उत्तेजनामा आउने र रिसाउने गर्नुहुन्थ्यो । तल्लो सदनका चार जनामध्ये तर्क गर्ने कुरामा कमलराज रेग्मी अगाडि हुनुहुन्थ्यो । शेख फर्मान र हरदयाल महतोको काम खाली हात उठाउने मात्र हुन्थ्यो । तर जब-जब किसानहरूको सम्बन्धमा तुलसीलाल बोल्नुहुन्थ्यो, सबैले उहाँको कुरा ध्यान दिएर सुन्थे । कसैले पनि खण्डन गर्दैनथे । एकपटक त उहाँले बोल्नुभएपछि सत्तापक्षले ल्याएको भूमिसम्बन्धी विधेयक ध्वनिमतद्वारा पारित गर्न खोज्दा असफल भयो । दुई तिहाई बहुमत हुँदा हुँदै सत्तापक्षले ल्याएको विधेयक नै पारित हुन नसकेको त्यस्तो घटना शायद संसदीय प्रजातन्त्र भएका मुलुकहरूमा विरलै पाइन्छ होला । विधेयकको छलफलका क्रममा तुलसीलालले बोल्नुभएपछि कांग्रेसकै सांसदहरूले त्यसको विरुद्धमा मत जाहेर गरेपछि सूर्यप्रसाद उपाध्यायले हात उठाएर पारित गर्ने कुरा राखे । अनि पार्टीको ह्वीप पनि जारी गरियो । त्यसपछि बल्ल विधेयक पारित भयो । त्यसबखत् सांसदहरूले पाउने सुविधाको केही अंश पार्टीलाई लेवीको रुपमा बुझाउनुपर्थ्यो । शेख फर्मान र हरदयाल महतोले दुई महिनापछि लेवी बुझाउन छोडे । तर तुलसीलालले संसद्बाट पैसा बुझ्ने बित्तिकै पार्टी कार्यालयमा गएर लेवी बुझाइहाल्नु हुन्थ्यो । संसद्मा बोल्ने कुराको बारेमा पनि उहाँ आफूले हरेक विधेयकका अध्ययन गर्न र पार्टीका साथीहरूसँग छलफल गरेपछि राम्रो तयारी पूरा गरेर मात्र बोल्नुहुन्थ्यो । आफूलाई जानकारी नभएको कुरा सोध्न उहाँ कहिल्यै हिचकिचाउनु भएन । यसरी एउटा नेताको रुपमा मात्र होइन, सधैं नयाँ कुरा सिकारु र जिज्ञासु विद्यार्थीका रुपमासमेत उहाँ प्रस्तुत हुनुहुन्थ्यो ।

०१७ सालमा संसद् भंग हुँदा पुष्पलाल, डी.पी. अधिकारी र कमर साह काठमाडौंमा हुनुहुन्थ्यो । केन्द्रीय कमिटीका बाँकी सदस्यहरू कोही जिल्लातिर थिए भने धेरैजसो रुस र चीनमा थिए । काठमाडौंमा पार्टीको इमरजेन्सी बैठक बस्नुपर्ने भयो । तर खतरनाक अवस्था हुनाले उपयुक्त ठाउँको समस्या पऱ्यो । त्यो बेला भाइदाइ, हंशराज, अमिर राम र म चार जनालाई केन्द्रीय स्तरका नेताहरूको बसोबास र खानपिनको व्यवस्था गर्ने जिम्मा दिइएको थियो । त्यो संकटको बेला हामीले तुलसीलाललाई जहाँ राखे पनि उहाँ दायाँ-बायाँ गर्नुभएन । एउटा ऊलनको खास्टो, बाक्लो लुगा, सुइटर र माकल टोपी लगाएर जहाँ राख्यो उहाँ त्यही बस्नुहुन्थ्यो । मैले आजीवन उहाँलाई साधारण भेषभूषामै देखें; सांसद् हुँदा पनि । उहाँको यस्तो साधारण र सोझोपनमा मानिसहरूले धेरै मजाक पनि उडाएका छन् ।

एक दिन भूमिगतकालमा उहाँ आफ्नै घरमा लुकिरहनुभएको थियो । कमला भाउजु लुगा धुँदै हुनुहुन्थ्यो । एकजना पार्टीकै जिम्मेवार सदस्य, जो अहिले मन्त्री पनि हुनुहुन्छ, भाउजुलाई सुनाउनुभयो- घरबाहिर पुलिसले घेरा हालिसकेको छ । त्यो दिउँसोको समय थियो । उहाँ घरबाट निस्केर भाग्नुभयो । यदि पुलिसले साँच्चिकै घर घेरा हालेको भए उहाँ त्यो बेला नै खत्तम हुन सक्नुहुन्थ्यो । यो कस्तो मजाक थियो ? जबकि पुलिसले घेरा हाल्ने काम गरेकै थिएन । उहाँको सोझोपनमाथि मजाक गरिएको परिणामस्वरुप उहाँ दिउँसो घरबाट निस्केर भाग्नुपऱ्यो । तर साथीले भनेपछि उहाँ कुनै अविश्वास





गर्नुहुन्नथ्यो । कसैमाथि शंका र अविश्वास गर्ने बानीको चलन थिएन ।

निर्वासनबाट काठमाडौं फर्कनुभएपछि पनि मैले उहाँसँग बीच-बीचमा भेटिरहें । यद्यपि, त्यहाँसम्म आइपुग्दा मेरो पार्टीसँग कुनै संलग्नता थिएन । तेस्रो महाधिवेशनमा उहाँले ल्याउनुभएको राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम पारित भयो । तर त्यसको उहाँले राम्रो व्याख्या गर्न सक्नुभएन । उहाँको व्याख्या कता-कता बुर्जुवा प्रजातन्त्रसँग नै मिल्न जान्थ्यो । त्यसको आर्थिक पक्षलाई समाजवादी अर्थतन्त्रतर्फ लैजानुहुन्थ्यो । तर राजनीतिक रुपमा पश्चिमा प्रजातन्त्रको कुरा गर्ने र अर्थतन्त्र समाजवादी हुने भन्ने उहाँको व्याख्यामा स्पष्टतः विरोधाभाष देखिन्थ्यो । समयक्रममा पार्टीभित्र मतभेद हुँदा उहाँलाई राष्ट्रिय रुपमा नभई नेवार सम्प्रदायको नेताको रुपमा चिनाउन खोजिन्थ्यो । नेवार समुदायमा बोल्नुपर्दा तुलसीलाललाई नै खटाइन्थ्यो ।

एक पटक उहाँलाई वटुटोलस्थित सूर्यभक्तको घरमा लुकाइएको थियो । पहिले पाटनमा पुलिसले घेरा हालेको भनी मजाक गरिएको थियो । तर यसपटक त्यहाँ वास्तवमै पुलिसले घेरा हाल्यो । बिहान ११ बजेतिर मासङ गल्लीदेखि वटुसम्म पुलिसले घेरा हालेको खबर मैले पाएँ । म सरासर उहाँ बसेको ठाउँमा गएँ र सबै कुरा बताएँ । उहाँ स्वभावैले अलिक हडबडाउनु हुन्थ्यो । हामीले टोलमा निस्केर तुलसीलाल अन्यत्र लुकेको तर बिहानै भागिसकेको भन्ने हल्ला चलायौं । हामीले वटुमा नेताहरूलाई लुकाउने मुलसमान चौकभित्रका घरहरूमा हो । त्यहाँ पन्ध्र-बीस जना पुलिसले कसैलाई पक्रन सक्छन् भनेर कल्पनासम्म पनि गर्न सकिन्नथ्यो । त्यतिखेर उहाँ एक्कासि जोसमा आएर म भाग्दिनँ, यहीं बसेर संघर्ष गर्छु भन्नुभयो । यस्तो लिंढेढिपी मैले उहाँमा पहिलोपटक पाएँ । तर पछि सम्झाएर घरको छानैछाना मासं गल्ली पुऱ्यायौं र पर्खाल चढाएर भगायौं । यी सबै उहाँसँग निकट रहेर काम गर्दाखेरिका संस्मरणहरू हुन् ।



नेपाली राजदूतका रुपमा कमरेड अमात्य

तुलसीलाल अमात्य चीनका लागि राजदूत नियुक्त हुनुभयो भन्ने कुरा सुनेपछि मैले उहाँलाई टेलिफोन गरी एकपटक भेट्ने इच्छा प्रकट गरें । म उहाँसँग भेट गरी राजदूत हुन किन स्वीकार्नुभयो भनी झगडा गर्न चाहेको थिएँ । घरमा पुगेर एकछिन कुराकानी गरें । एकैछिनमा कमला भाउजुले स्टिलको कचौरामा चिया ल्याउनुभयो । अनि झगडा गर्ने मुडमा त्यहाँ गएको मान्छे म बोल्नै सकिनँ । एकैचोटि नर्भस र किंकर्तव्यविमूढ भएँ । उहाँ अरु नेताहरू जस्तो भएको भए राजदूत हुन मान्नुहुने थिएन । सधैं पार्टीको अनुशासनमा रहने, पार्टीले खटाएको कामलाई कहिल्यै अस्वीकार नगर्ने उहाँको स्वाभाव थियो, त्यसमाथि पनि त्यस्तो दरिद्रताले गर्दा नै उहाँ राजदूत भएर जानुभयो । मैले यति मात्र भनें- चीन र नेपालको सम्बन्धलाई तपाईंले राजकीय स्तरमा मात्र नभई, जनस्तरमा पनि विस्तार गर्ने दिशामा केही गर्न सक्नुभयो भने राजदूत भए पनि केही गरेर देखाउनु हुनेछ । उहाँले मेरो कुरालाई दिमागमा राखेर काम गर्ने विश्वास दिलाउनुभयो । चीनमा गएपछि मलाई टेलिफोन गरी 'मैले यहाँको मन्त्रीसँग कुरा राखें । तपाईंले विस्तृत प्रस्ताव पठाउनुहोला' भन्नुभयो । उहाँले अरनिकोको बारेमा सन्दर्भ-सामग्री पठाइदिनोस, मैले अध्ययन गर्छु पनि भन्नुभयो । तर एकाएक एमालेको सरकार ढल्यो । नयाँ सरकार बनेपछि उहाँ फिर्ता हुनुभयो । चीनबाट फर्कंदा उहाँका दुइवटै किडनी खत्तम भइसकेका थिए । तर औषधि गर्ने पैसा थिएन । जिन्दगीभर तुलसीलालले कहिल्यै पनि आफूलाई ढाँट्नुभएन । जीवनको अन्तिम क्षणसम्म पनि उहाँले आफ्नो अडान छोड्नु भएन । यसलाई उहाँको एकोहोरोपन वा जेसुकै भने पनि हुन्छ । कुटनीतिक रुपमा उहाँको स्वाभावले धेरै ठाउँमा अप्ठेरो पारेको हुनसक्छ । तर उहाँको इमान्दारिताको त सबैले प्रशंसा गर्नैपर्छ । म त भन्छु- चरित्रको मामिलामा उहाँलाई आजसम्म कसैले खोट लगाउन सक्तैनन् । दिल्लीमा रहँदा अनुवाद गरेर जिविका चलाउनु भयो । तर राजदूतावासको हण्डी उहाँले कहिल्यै खानुभएन ।

आफ्नो जीवनमा संगत गरेका नेपाली कम्युनिष्ट आन्दोलनका चार प्रमुख नेताहरूमध्ये म सबैको भाइजस्तो थिएँ । तीमध्येकै एक जना हुनुहुन्थ्यो- गिरिदाइ । उहाँलाई भेट्दा सधैंभरि तुलसीलाल भन्ने नाम मेरो मुखबाट उच्चारण गर्नै गाह्रो पऱ्यो । मैले बुझेसम्म राजनीतिक अडानबाहेक सबै कुरामा उहाँले म जस्ता साथीहरूको भनाइलाई सधैंभरि कदर गर्नुभयो । उहाँले कहिल्यै न चुरोट खानुभयो, न त रक्सी नै पिउनुभयो । कुनै पनि चिजको अम्मल उहाँमा रहेन ।



*०४६ साल फागुन ७ गते कम्युनिष्ट पार्टीको रातो झण्डा फहराउँदै पुलिसतिर बढिरहनुभएका वयोवृद्ध कम्युनिष्ट नेता तुलसीलाल अमात्य*

नसाँध्ने असल साथी थियो । उसलाई कसै-कसैले बुद्धु भनेर मजाक पनि उठाउँथे । धुर्तहरूको बोलवाला भएको ठाउँमा उसको व्यक्तित्व देखिन्न । तर, इतिहासले तुलसीलाललाई बिर्सन सक्तैन । अरु क्षेत्रमा नभए पनि किसान आन्दोलनमा उहाँले निर्वाह गर्नुभएको क्रान्तिकारी भूमिकालाई इतिहासले बिर्सने छैन । पाटनको च्यासल टोल र काठमाडौंको ज्याठा टोलमा नै तुलसीलालको अधिकांश समय बित्यो । त्यसैले उहाँको चरित्र वास्तवमै किसान नेता भएर बित्यो । यसरी मूल्यांकन गर्दा उहाँको निधनबाट इतिहासको एउटा ठूलो अध्याय सकियो । तुलसीलालको अभाव अबको नेपालमा कोबाट पूरा होला ? यो सोचनीय विषय हो ।

पछि उहाँ किसानहरूबीच मात्र सीमित रहनुभएन । कम्युनिष्ट पार्टीमा विभाजन आएपछि आफ्नै छुट्टै पार्टी खोल्नुभयो । त्यो चाहिं उहाँले ठीक गर्नुभएन । उहाँले त्यसो नगरेको भए हुन्थ्यो । यद्यपि, धेरै टुक्राहरूमध्ये एउटा टुक्राको नेता भएर रहन उहाँले हुँदैनथ्यो । तर नेपालको राजनीतिमा धेरै नेताहरूले आफ्नो र आफ्ना कार्यकर्ताको आधार के हो भन्ने कुरा बिर्सँदै आएका छन् । यो हाम्रो देशको बिडम्बना नै हो । यदि नेताहरूले मेरो आधार कार्यकर्ता हुन् र कार्यकर्ताको आधार जनता हुन् भन्ने यथार्थलाई नबिर्सिदिने हो भने तुलसीलाल जस्तो अपमानित भएर कसैले पनि मर्नुपर्ने छैन । हुनतः बितेको ३६ वर्षयता म शिक्षण पेशामा छु । तर तुलसीलालको जस्तो अवस्था अरु कुनै नेताहरूको देखेको छैन । कुनै नेताले पनि त्यस्तो बिडम्बना भोग्नु नपरोस् । यसैको लागि हामी सबैले तुलसीलालको राजनीतिक जीवनबाट पाठ सिकौं ।

पुष्पलालको पनि इतिहास निर्माणको अवस्थामै अकालमा मृत्यु भयो । उहाँको स्मृतिमा पुष्पलाल स्मृति प्रतिष्ठान स्थापना भएको छ । तर अहिलेका मान्छेहरूले कहिल्यै मर्नुपर्दैन जस्तो ठानेर काम गरिरहेका छन् । त्यसकारण तुलसीलालको मृत्युले हाम्रा बाँचेका नेताहरूको आँखा खोलिदेओस् कि त्यो रुपमा अपमानित र दरिद्र राजनीतिक जीवन बिताउन कसैलाई नपरोस् । यदि त्यसो हुन सक्यो भने हामी जस्ता मान्छेहरूलाई पनि सन्तोष मिल्ने छ । तर भन्नै पर्छ सिद्धान्तका लागि तुलसीलालले जस्तो आजीवन कठोर र संघर्षशील जीवन जीउने गौरव अबका थोरै नेताहरूले मात्र प्राप्त गर्ने छन् ।

अहिले खोज्दै जाने हो भने यस्ता मान्छे पाउन गाह्रो पर्छ । त्यसैले कम्युनिष्ट पार्टीमा हावी भएको असहिष्णुता र व्यक्तिवादी प्रवृत्तिको गिरिदाइ सधैं अपवाद हुनहुन्थ्यो; उहाँमा मैले कहिल्यै पनि असहिष्णुता र व्यक्तिवादी प्रवृत्ति भेट्टाइनँ । उहाँको मुखबाट 'म' भन्ने शब्द बिरलै निस्कियो, सधैं 'हामी' भन्नुभयो । जसलाई नेवारीमा 'झी' भनिन्छ ।

अहिले उहाँ बितिसक्नुभएको छ । तर उहाँको राजनीतिक जीवनको साँगोपाँगो समीक्षा गर्ने कि नगर्ने ? पार्टीले उहाँलाई कुन स्थानमा राखेर हेर्ने ? यो कुरालाई हामी जस्ता उहाँका मित्रहरूले अत्यन्तै विचारणीय ठानेका छौं । मान्छेको मृत्युमा समवेदनाका दुई शब्द व्यक्त गरेर मात्र कर्तव्य निर्वाह हुँदैन । तुलसीलाल शुरुमा सम्पन्न परिवारको मान्छे हुनुहुन्थ्यो । उहाँको शिक्षा-दीक्षा सम्पूर्ण कुरा काकाबाट भएको थियो । स्वाँठटोलको सिंगै चौक उहाँको थियो । त्यही चोकको एउटा कोठामा बसेर उहाँले कम्युनिष्ट पार्टी, मार्क्सवाद र किसान आन्दोलनका कुरा गरेर धेरैलाई शिक्षित र जानकार गराउनुभयो । कहिलेकाहीं त अन्य कुरा गर्न आएका मान्छेहरू उहाँसँग दिक्क भएर फर्कन्थे । किनभने उहाँ मार्क्सवाद र किसान आन्दोलनबाहेक अर्को कुरै गर्नुहुन्नथ्यो । मलाई लाग्छ, नेपालमा मजदूर आन्दोलनको शुरुवात मनमोहन अधिकारीले गर्नुभयो भने, किसान आन्दोलनको शुरुवात तुलसीलाल अमात्यले नै गर्नुभएको हो । आज किसान आन्दोलनको कुन दशा छ ? यदि तुलसीलाल अमात्यलाई संझने हो भने किसान आन्दोलनलाई माथि उठाउनै पर्छ ।

मैले देखेको तुलसीलाल एउटा इमान्दार पति थियो, जसले आफ्नी पत्नीको कुरा पनि कहिल्यै काटेन । साथीहरूको लागि ऊ कहिल्यै पूर्वाग्रह

❑



# छैठौं खण्ड

# लेखक र विचारकका रूपमा कमरेड तुलसीलाल अमात्य

## तृतीय महाधिवेशनको राजनीतिक प्रस्ताव

# राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमः

*नेपाल कम्युनिष्ट पार्टीको तेस्रो महाधिवेशनमा "राजनीतिक प्रस्ताव"का प्रस्तोता हुनुहुन्थ्यो- कमरेड तुलसीलाल । त्यतिखेर उहाँ पार्टीको अन्तरजोन सामञ्जस्य समितिका मन्त्री हुनुहुन्थ्यो । ०१९ साल वैशाख ४ गतेदेखि १५ गतेसम्म भारतको बनारसमा भएको तेस्रो महाधिवेशनद्वारा पारित उक्त ऐतिहासिक दस्तावेजमा पंचायत विरुद्ध संयुक्त पहल गर्नुपर्ने कुरामा जोड दिइएको थियो "निश्चय पनि पूँजीवादी पार्टीलाई संघर्ष नगरी हामी एक्लै प्रजातन्त्रको निम्ति संघर्ष गर्ने छौं भनी संकुचित विचार लिन सकिन्न । प्रजातान्त्रिक क्रान्तिमा पूँजीवादी पार्टीहरूको पनि आफ्नो भूमिका रहनेछ । यसै निम्ति उनीहरूको सामन्तवाद, साम्राज्यवाद तथा विदेशी शक्ति पक्षका कमजोर चरित्रको विरोधमा संघर्ष गर्दागर्दै प्रजातान्त्रिक संघर्षमा यथासम्भवै संयुक्त भएर जानु पनि परेको छ ।"*



## तृतीय महाधिवेशनको राजनीतिक प्रस्ताव

# राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम



**साथीहरू**

हाम्रो द्वितीय महाधिवेशन भएको पाँच वर्ष नाघी, छ वर्ष लागिसकेको छ । पार्टी विधान अनुसार महाधिवेशन दुई-दुई वर्षमा हुनुपर्ने हो । यो तृतीय महाधिवेशनको निम्ति हाम्रो पार्टीका साधारण सदस्यहरूले धेरै समयदेखि आवाज उठाउँदै आएका हुन् । यसबाहेक हाम्रो पार्टीको केन्द्रीय समितिका बैठकहरू, पार्टीको केन्द्रीय सम्मेलनहरू तथा प्लेनमहरूले पनि बराबर पार्टी महाधिवेशनको निर्णय लिंदै आएका हुन् । २०१७ सालको फागुन महिनामा भएको प्लेनमले नौ महिनाभित्र पार्टीको तृतीय महाधिवेशन बोलाउनै पर्छ भन्ने एक रायले निर्णय गरेको हो । तर पुरानो केन्द्रीय नेतृत्वको अवसरवादी अंगले पार्टी महाधिवेशन बारम्बार टाल्दै नै आयो र अन्तमा फेरि पनि विभिन्न जिल्लाहरू र जोन कमिटीहरूले अलग-अलग तथा संयुक्त रूपले माग गर्दागर्दै पनि बेवास्ता गरी चुप रहँदा पार्टीका बहुसंख्यक सदस्यहरूको प्रतिनिधित्व हुने गरी विभिन्न जिल्लाहरूद्वारा आफ्नै सक्रियतामा 'अन्तर जोन सामन्जस्य समिति'को गठन भयो । यस समितिद्वारा बोलाइएको यो तृतीय महाधिवेशन सफलताका साथ हुँदैछ ।

२००७ सालपछि, खास गरेर हाम्रो पार्टीको द्वितीय महाधिवेशनपछि विश्व-राजनीतिमा र हाम्रो राष्ट्रिय जीवनमा ठूलो परिवर्तन आएको छ । विश्वमा समाजवादी व्यवस्थाको प्रभाव र शक्ति द्रुत-गतिले अगाडि बढेको छ । २०१७ सालमा मस्कोमा भएको संसारका कम्युनिष्ट तथा मजदूर पार्टीहरूको सम्मेलनले अन्तर्राष्ट्रिय स्थितिको विश्लेषण गर्दै सही रूपमा भनेको छ, 'हालसालका वर्षहरूको खास परिणाम, विश्व समाजवादी व्यवस्थाको शक्ति र अन्तर्राष्ट्रिय प्रभावको द्रुत विकास, राष्ट्रिय मुक्ति आन्दोलनको

प्रभावले गर्दा औपनिवेशिक व्यवस्थाको तीव्र गतिले भइरहेको पतन, विश्व व्यवस्थामा वर्ग संघर्षको तीव्रता र विश्व पूँजीवादी व्यवस्थाको निरन्तर रूपमा भइरहेको ह्रास र पतन नै हो। साम्राज्यवादी शक्तिहरूको दाँजोमा समाजवादी शक्तिहरू, युद्धका शक्तिहरूको विरूद्ध शान्तिका शक्तिहरूको श्रेष्ठता विश्व रंगमंचमा झन् स्पष्ट रूपमा देखिँदै आएको छ।'

आजको संसारमा विश्व समाजवादी व्यवस्था निर्णायक शक्तिको रूपमा देखा पर्दैछ तथा सोभियत संघ विश्व राजनीतिको केन्द्रको रूपमा परिणत हुन आएको छ। सन् १९१७ को अक्टोबर क्रान्तिपछि यस पैंतालीस वर्षको अवधिमा सोभियत संघ, एउटा पछौटे अवस्थाबाट उठेर संसारको सबभन्दा उन्नत तथा विकसित मुलुक हुँदैछ। एकातिर सर्वसाधारण जनताको जीवनस्तर विश्वमा सबभन्दा उच्च हुन लागेको छ भने अर्कातिर कामको घण्टा सबभन्दा कम हुने भएको छ। हजारौं वर्षदेखि मानव समाजका विभिन्न विचारक तथा दार्शनिकहरूले मानव समाजमा व्याप्त गरीबी, घृणा, द्वेष र युद्धबाट मुक्त एक सुन्दर समाजको कल्पना गरेका थिए, जुन समाजमा, सही मानेमा सबै प्रकारका प्राकृतिक साधनहरू र मानवीय शक्तिहरूको उपयोग सारा समाजको हितमा हुनेछ। पहिलो पटक, महान् विचारक मार्क्स र एंगेल्सले यस्तो सुन्दर समाज श्रेष्ठ व्यक्तिहरूको मस्तिष्कको कोरा कल्पनाको कुरा मात्र नभई हाम्रै विश्वमा आउने वास्तविक व्यवस्था हो भनी यसका वैज्ञानिक आधारहरू खडा गरेका थिए। यो सुन्दर समाज, साम्यवादी व्यवस्थाको स्थापना गर्ने कम्युनिष्ट पार्टीको नृतृत्वमा महान् सोभियत जनता अघि बढिरहेका छन्। यही आउँदो बीस वर्षभित्रै साम्यवादी समाज स्थापना गर्ने व्यापक र वैज्ञानिक योजना तयार गरिएको छ। सोभियत कम्युनिष्ट पार्टीको बाइसौं महाधिवेशनले दृढ निश्चयका साथ घोषणा गरेको छ कि सोभियत संघको यसै पुस्ताले साम्यवादी व्यवस्थाको उपभोग गर्न पाउने छन्।

२००६ सालमा मात्र साम्राज्यवादी तथा सामन्तवादी व्यवस्थाबाट मुक्त भएको, कैयौं वर्षको युद्धबाट जरजरित हाम्रो छिमेकी जनवादी चीन कम्युनिष्ट पार्टी तथा का. माओको कुशल नेतृत्वमा विश्वलाई चकित पार्ने रूपमा द्रुत गतिले अघि बढिरहेछ। जनताको जीवन स्तर अद्भुत रूपले उठिरहेछ। भर्खरै स्वतन्त्र भएको तिब्बत पनि कम्युनिष्ट पार्टी तथा का. माओको कुशल नेतृत्वमा तीव्र गतिले चौतर्फी विकास गरिरहेछ। दासताको काँचुली फ्याँकी तिब्बतका जनता नयाँ तथा समुन्नत तिब्बतको निर्माण गर्न अघि बढिरहेछन्। तिब्बतमा कृषि र पशुपालनको विकासको साथै उद्योग, सञ्चार परिवहन, संस्कृति र सार्वजनिक स्वास्थ्यको कार्य आदि निर्माण कार्य अत्यन्त तेजका साथ हुँदैछ। युरोपमा चेकोस्लोभाकिया, पोल्याण्ड, पूर्वी जर्मनी, रूमानिया, हंगेरी, अल्बानिया, बुल्गेरिया र एसियामा जनवादी चीनबाहेक उत्तर कोरिया, उत्तरी भियतनाम र मंगोलिया पनि कम्युनिष्ट पार्टीको नेतृत्वमा द्रुतगतिले सुखी र समृद्ध समाजको निर्माणतिर अग्रसर भइरहेछन्। यसबाहेक ल्याटिन अमेरिकामा क्यूबाले मार्क्सवादी-लेनिनवादी सिद्धान्त ग्रहण गरी यति छोटो अवधिमा नै पछौटे, कृषि प्रधान तथा अमेरिकाली साम्राज्यवादमाथि आश्रित आफूलाई क्रान्तिकारी भूमिसुधार गरेर विदेशी पूँजीको राष्ट्रियकरण गरी अदम्य वेगले औद्योगिकीकरण गरिरहेछ। जनताको जीवनस्तर उठाइरहेछ र समाजवादको निर्माणमा अघि बढिरहेछ।

*ल्याटिन अमेरिकामा क्यूबाले मार्क्सवादी लेनिनवादी सिद्धान्त ग्रहण गरी यति छोटो अवधिमा नै पछौटे कृषि प्रधान तथा अमेरिकाली साम्राज्यवादमाथि आश्रित आफूलाई क्रान्तिकारी भूमिसुधार गरेर विदेशी पूँजीको राष्ट्रियकरण गरी अदम्य वेगले औद्योगिकीकरण गरिरहेछ। जनताको जीवनस्तर उठाइरहेछ र समाजवादको निर्माणमा अघि बढिरहेछ।*

समाजवादी देशहरूको अद्वितीय विकासले पूँजीवादमाथि समाजवादको श्रेष्ठतालाई सिद्ध गर्नाको साथै विकासको बाटोमा लम्किरहेका देशहरूलाई अपूँजीवादी विकासको बाटो नै सही बाटो हो भन्ने सिद्ध गरेको छ। विकासतर्फ अग्रसर देशहरूलाई आर्थिक सहयोग प्रदान गरी तथा अनुकूल अन्तर्राष्ट्रिय वातावरणको सिर्जना गरी यी देशहरूको विकासमा ठूलो मद्दत पुऱ्याइरहेछ। विश्व पूँजीवादी व्यवस्था आज एउटा ठूलो संकटमा परेको छ। यस संकटबाट मुक्ति पाउन पूँजीवादी व्यवस्थाको अन्त मात्र एक उपाय हुन आएको छ। पूँजीवादी अर्थतन्त्रको अस्थिरता बढ्दो छ। पूँजीवादभित्रको अन्तर्द्वन्द्व चरम सीमामा पुगिरहेछ। पूँजीवादी देशहरूमा वर्गसंघर्ष तीव्र रूपले बढिरहेछ। एकाधिकार पूँजीको विकासले



राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम : तृतीय महाधिवेशनको राजनीतिक प्रस्ताव

श्रमिक वर्गको शोषण चरम सीमामा छ। हरेक साल लाखौं मानिस बेरोजगार हुँदैछन्। पूँजीवादी देशहरूको आपसी अन्तर्द्वन्द्व, पूँजीवादी देशभित्रको वर्ग संघर्षको तीव्रता, समाजवादी देशहरूको बढ्दो शक्ति र तेजका साथमा उपनिवेशवादको अन्त भइरहेकोले विश्व पूँजीवादी व्यवस्थाले आजसम्म नदेखेको सर्वव्यापी संकटको सामना गरिरहनुपरेको छ। यसले पूँजीवादी व्यवस्थाको अन्तलाई सारै नै नजिक ल्याएको छ।

यसबाहेक, आज अफ्रिका, एसिया र ल्याटिन अमेरिकाका देशहरू स्वतन्त्र भई आफ्नो विकासतिर लम्किरहेका छन्। विश्व औपनिवेशिक व्यवस्था तीव्र रूपले भत्किँदैछ। भर्खरै स्वतन्त्र भएका कतिपय राष्ट्रहरू थोत्रिसकेको पुरानो पूँजीवादी पद्धतिभन्दा भिन्न प्रकारले विकासतर्फ बढिरहेका छन्।

एकताका आफूलाई प्रजातन्त्रवादको ठेकेदार हुँ भन्ने दावा गर्ने साम्राज्यवादी मुलुकहरू खास गरी अमेरिका तथा ब्रिटिश साम्राज्यवाद आज संसारमा बढ्दै गएको प्रजातान्त्रिक आन्दोलनबाट अत्यन्त घबराउन लागेका छन्। यी साम्राज्यवादी मुलुकहरू ठाउँ-ठाउँमा घटित हुन लागेको प्रतिक्रियावादी फौजी हुकुमशाहीको पक्षमा खडा हुन थालेका छन्। ठाउँ-ठाउँमा आफ्नै सक्रियतामा प्रजातान्त्रिक व्यवस्थामाथि फौजी हमला गराई फौजी तानाशाही व्यवस्था कायम गर्न लागिरहेछन्। आज साम्राज्यवादीहरू आफ्नो शोषण र अत्याचार कायम राख्नको निम्ति नयाँ उपनिवेशवादी पद्धतिको उपयोग विभिन्न रूपमा गरिरहेछन्।

साम्राज्यवादीहरूद्वारा नयाँ उपनिवेशवादको रूपमा विभिन्न चालहरू रचिएतापनि अन्तर्राष्ट्रिय क्षेत्रमा निर्णायक शक्तिको रूपमा समाजवादी तथा प्रजातान्त्रिक शक्तिहरू देखा पर्दै गइरहेका छन्। हाम्रो देशभित्र प्रजातान्त्रिक शक्तिहरूमाथि प्रहार गर्न प्रतिक्रियावादी, दरबारिया र सामन्तवादी शक्तिहरू केही रूपमा सफल भएतापनि देशका निर्णायक शक्ति श्रमजीवी जनता र क्रान्तिकारी वर्गहरू हुन्, जसमा किसान, मजदूर, युवक, विद्यार्थी, प्रगतिशील बुद्धिजीवी र राष्ट्रिय पूँजीपतिहरू सामन्तवादको विरोध तथा प्रजातान्त्रिक व्यवस्थाका पक्षमा छन्।

२००७ सालदेखि यता नेपाली जनताको राजनीतिक चेतना धेरै नै अगाडि बढेको छ। यस बाह्र वर्षको अवधिमा नेपाली जनता अनेकौं जन तथा वर्ग संघर्षहरूमा उत्रिसकेका थिए। जिल्ला-जिल्लामा व्यापक रूपमा किसान आन्दोलनहरू भएका थिए। कतिपय ठाउँमा किसानहरूले आफ्ना मागहरू हासिल गरिसकेका थिए। ००७ सालपछि भएका जनवर्गीय संघर्षको नेतृत्व मुख्यतः कम्युनिष्ट पार्टीले नै गरेको थियो। यसरी कम्युनिष्ट पार्टी नेपालका क्रान्तिकारी तत्वहरूको अगुवाको रूपमा देखा पर्दै आइरहेको थियो। २०१५ सालमा भएको साधारण चुनावपछि नेपाली कांग्रेस सत्तारूढ भएको समयमा जनतामा कम्युनिष्ट पार्टीको प्रभाव बढ्दै नै गइरहेको थियो। नेपाली कांग्रेसको वैकल्पिक शक्तिको रूपमा कम्युनिष्ट पार्टी बढिरहेको थियो। कम्युनिष्ट पार्टीको नेतृत्वमा भएका आन्दोलनहरूमा व्यापक जनसहयोग तथा विभिन्न नगरपालिकाहरूको चुनावमा कम्युनिष्ट तथा कम्युनिष्ट समर्थित उम्मेदवारको विजयले जनतामा बढ्दो कम्युनिष्ट प्रभावलाई देखाएको थियो।

विभिन्न कमजोरीहरू भएतापनि नेपालमा संसदीय व्यवस्था चलिरहेको थियो। सर्वसाधारण जनताको चेतना बढिरहेको थियो। सामन्त विरोधी प्रजातान्त्रिक शक्तिहरूको प्रभाव बढ्दै गएको थियो। जनतामा बढ्दो प्रजातान्त्रिक चेतना र सामन्तवाद विरोधी भावनाले प्रतिक्रियावादी तथा सामन्तहरूको मटुमा ढ्याँग्रो ठोक्यो र यसैको परिणामस्वरूप राजा महेन्द्रले २०१७ सालको पौष एक गतेको काण्ड गरे। आजको यस्तो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थितिमा राजा महेन्द्रले प्रजातान्त्रिक व्यवस्थामाथि हमला गरी नेपालको इतिहासलाई पछि धकेल्ने काम गरेका छन्। यस घटनाले यस कुरालाई स्पष्ट गरिदिएको छ, राजा महेन्द्र र नेपालका सामन्तहरूलाई साधारण खालको प्रजातन्त्रसम्म सैह्य छैन।

*आजको यस्तो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थितिमा राजा महेन्द्रले प्रजातान्त्रिक व्यवस्थामाथि हमला गरी नेपालको इतिहासलाई पछि धकेल्ने काम गरेका छन्। यस घटनाले यस कुरालाई स्पष्ट गरिदिएको छ, राजा महेन्द्र र नेपालका सामन्तहरूलाई साधारण खालको प्रजातन्त्रसम्म सैह्य*

**साथीहरू,**

प्रजातान्त्रिक आन्दोलनको पक्षमा भएको आजको अन्तर्राष्ट्रिय स्थितिको पृष्ठभूमिमा हामीले हाम्रो राष्ट्रिय समस्याहरूको विश्लेषण गर्नुपरेको छ। आज तपाईं-हामी यहाँ भेला भएका साथीहरूले, देशको स्थितिको मार्क्सवादी-लेनिनवादी विश्लेषण गरी देशमा प्रजातन्त्रको स्थापना गर्न, देशका किसान, मजदूर तथा शोषित-पीडित जनताको हितको निम्ति कम्युनिष्ट पार्टीको ऐतिहासिक जिम्मेवारी

पूरा गर्नुछ । कम्युनिष्ट पार्टीको ठोस भूमिका विना देशमा प्रजातन्त्र सवल र दिगो हुन सक्दैन भन्ने कुरा हामी सबैले महसूस गरेका नै छौं । तसर्थ: देशप्रतिको यो जिम्मेवारी पूरा गर्न हामीले सही नीतिको निर्माण गर्नुछ र आफ्नो जिम्मेवारी पूरा गर्नुछ । साथै साथीहरू, आज हाम्रो पार्टीभित्र गलत विचारधाराहरूले प्रश्रय पाएका छन् । हामीले गलत अवसरवादी तत्वबाट पार्टीलाई मुक्त गरी पार्टीलाई सही मानेमा मार्क्सवादी-लेनिनवादी सर्वहारा वर्गको पार्टीको रूपमा खडा गर्नुपरेको छ, अनि मात्र हामीले देशप्रतिको हाम्रो ऐतिहासिक जिम्मेवारीलाई पूरा गर्न सक्नेछौं ।

**पौष १ गतेको फौजी कारवाहीको पृष्ठभूमि**

२००७ सालको क्रान्तिपछिको देशमा प्रजातन्त्रलाई सवल र दिगो पार्ने काम भएन । यो निर्विवाद सत्य हो, सामन्ती व्यवस्थाको पूर्ण अन्त र देशमा देखापरेका साम्राज्यवादी तथा विदेशी हस्तक्षेपबाट देशलाई पूर्ण मुक्त नगरेसम्म प्रजातन्त्र दिगो हुन सक्तैन । साथै ००७ सालको क्रान्तिबाट प्राप्त संविधान सभाको चुनाव गराई पूर्ण शक्ति जनताको हातमा हस्तान्तरण गर्नु अत्यन्त आवश्यक थियो । देशमा प्रजातन्त्रलाई विकाशोन्मुख र स्थायित्व प्रदान गर्न उपरोक्त कुराहरू अत्यन्त आवश्यक थिए । तर सामन्ती व्यवस्थाको अन्त, साम्राज्यवादी तथा विदेशी हस्तक्षेपबाट देशलाई मुक्त र तमाम शक्ति जनताको हातमा हस्तान्तरण गर्ने कुरा दिनहुँ पन्छिदै गयो ।

यसको विपरीत राणाशाहीबाट खोसिएको शक्ति राजाको हातमा संचित गराउने कामहरू हुँदै गए । ००७ सालको नेतृत्व गर्ने नेपाली कांग्रेसले राजालाई देशको संवैधानिक नायकको रूपमा मात्र स्वीकार नगरी वास्तविक शक्ति राजाको हातमा निहित गराउने काम गर्‍यो । मन्त्रिमण्डल भंग गर्ने, पुनर्गठन गर्ने, सल्लाहकार राख्ने, भंग गर्ने र अन्तरिम विधानमा स्वेच्छाचारी रूपमा संशोधन गर्नेलगायत तमाम राजनीतिक अधिकारहरू राजाकै हातमा सुम्प्यो । यसले गर्दा प्रजातन्त्रमाथि खेल्ने पूरा छुट राजाले पाए । अन्तरिम व्यवस्थाको रूपमा राजालाई सबै शक्ति दिएतापनि त्यस बेलाको नेपाली कांग्रेसको सरकारले ००७ सालको क्रान्तिद्वारा जनताले प्राप्त गरेको संविधान सभाको चुनाव गराउनेतर्फ कुनै सक्रियता लिएन । मातृका सरकारबाट राजाको हात अझै मजबूत पार्न विभिन्न कामहरू भए । त्यसपछि गठित भएका विभिन्न सरकारहरूले राजालाई एकपछि अर्को जनताले प्राप्त गरेका अधिकारहरू खोसिने काममा प्रत्यक्ष-अप्रत्यक्ष दुवै रूपले मद्दत गर्दै आए ।

यो त निर्विवाद सत्य हो कि आफ्नो अधिकारप्रति जनता पूर्ण सजग नहुँन्जेलसम्म ती अधिकारहरूको कुनै सुरक्षा हुँदैन । नेपाली कांग्रेसलगायत विभिन्न पूँजीवादी पार्टीहरू जनतालाई सचेत गर्ने र आफ्नो अधिकारहरूको निम्ति व्यापक जनआन्दोलन गराउने कुनै पनि काम भएन । यसको विपरीत यी पूँजीवादी पार्टीहरू जनताबाट पर-पर भाग्दै गए र नेपालको राजनीतिलाई जनताको राजनीति बनाउनुको सट्टा मन्त्रिमण्डलको हेरफेरलाई मुख्य कुरा ठानी दरबार धाउन थाले । यसले गर्दा यी पार्टीहरूको जनतासँगको सम्बन्ध छुट्दै गयो र राजाले यसको फाइदा उठाउँदै गए ।

*संविधान सभाको चुनाव रद्द गराउनमा भूतपूर्व प्रधानमन्त्री टंकप्रसाद आचार्य र डा.के.आई. सिंहले ठाडो रूपमा राजालाई मद्दत गरे भने नेपाली कांग्रेसले संसद्को चुनावलाई तुरुन्त मानी राजाद्वारा मनोनित संविधान मस्यौदा समितिमा भाग लिन स्वीकार गरी राजाको षड्यन्त्रलाई पूरा गर्न मद्दत पुर्‍यायो ।*

अर्कोतिर ००७ सालको क्रान्तिपछि नै राजा र देशका ठूलाठूला सामन्तहरू क्रान्तिको फलस्वरूप साधारण जनतामा आएको चेतनाबाट आत्तिन थालेका थिए र जनताले पाएका अधिकारहरू खोस्न विभिन्न षड्यन्त्रहरू रच्न थाले । आफ्नो शक्तिलाई अक्षुण्य राख्न र अझ बढी शक्ति संचित गर्न राजाले विभिन्न पार्टीहरूमा फूट गराउन थाले । फलस्वरूप राष्ट्रिय प्रजा पार्टीको गठन, जनतान्त्रिक संयुक्त मोर्चाबाट प्रजा परिषद् अलग्गिनु र विभिन्न समानान्तर पार्टीहरूको गठन नेपालको राजनीतिमा देखापर्दै आउन थाल्यो । राजाद्वारा जनताको अधिकारमाथि गरिएको हमला, न्यायालयको अधिकार हनन्, किताबखाना, भ्रष्टाचार विभाग, गुप्तचर विभाग र कौसितोसाखाना आफ्नो अधिकारमा लिनु, संविधान सभाको चुनावलाई रद्द गरी आफ्नो स्वार्थ सुहाउँदो प्रतिक्रियावादी संविधानको घोषणा गर्नु आदि प्रमुख हुन् । संविधान सभाको चुनाव रद्द गर्न सक्नु राजा र देशका प्रतिक्रियावादी सामन्तहरू आफ्नो षड्यन्त्रमा एक हदसम्म सफल भएका हुन् । संविधान सभाको चुनाव रद्द गराउनमा भूतपूर्व प्रधानमन्त्री टंकप्रसाद आचार्य र डा.के.आई. सिंहले ठाडो रूपमा राजालाई मद्दत गरे भने नेपाली कांग्रेसले संसद्को चुनावलाई तुरुन्त मानी राजाद्वारा मनोनित संविधान मस्यौदा





समितिमा भाग लिन स्वीकार गरी राजाको षड्यन्त्रलाई पूरा गर्न मद्दत पुर्‍यायो । नेपाल कम्युनिष्ट पार्टीको दोस्रो महाधिवेशनले संविधान सभाको नारा दिए तापनि तत्कालीन पार्टीको नेतृत्वले यसका पक्षमा व्यापक जनमत तयार पार्न सक्रियता लिएन । अझ, संविधान सभाको नारा अस्वाभाविक भनी अवसरवादी नेतृत्वले संविधान सभाको चुनाव रद्द हुनु प्रतिक्रियावादी शक्तिको प्रजातान्त्रिक शक्तिमाथि प्रहार हो भन्ने तथ्यलाई अस्वीकार गरे ।

संविधान सभा खाइसकेपछि राजा र देशका प्रतिक्रियावादी सामन्तहरूले संसद्को चुनावको सम्बन्धमा आलटाल गरी पर पन्छाउने षड्यन्त्र गर्न थाले । राजा र देशका सामन्तहरू जनताको एकपछि अर्को अधिकारको हरण गर्दै पौष १ गतेको फौजी काण्ड गराउने षड्यन्त्रको पृष्ठभूमि तयार पार्ने रूपमा अविरल रूपले लागिरहेका थिए । कम्युनिष्ट पार्टीले यो आउन लागेको संकटबाट जनगण र विभिन्न प्रजातान्त्रिक पार्टीहरूलाई सचेत गराउँदै आउनुका साथै दरबारी र सामन्ती शक्तिको सामना गर्न व्यापक संयुक्त मोर्चाको आह्वान गर्दै आएको हो । तर यी पार्टीहरूले दरबार धाउने मनोवृत्ति त्याग्न सकेनन् । यो नारा कम्युनिष्टहरूको चाल भनी प्रतिक्रियावादी शक्तिहरूसित मुकाबिला गर्न देशका लागि आवश्यक व्यापक संयुक्त मोर्चा गरी ज्यादाभन्दा ज्यादा जनतालाई प्रजातान्त्रिक आन्दोलनमा उतार्ने कामलाई कहिल्यै कार्यान्वित हुन दिएनन् ।

यसै सिलसिलामा नेपालमा भारत सरकारले गर्दै आएका कामहरूको पनि उल्लेख गर्नु नितान्त आवश्यक छ । ००७ सालको क्रान्तिपछि भारत सरकारले नेपाललाई आफ्नो प्रभाव क्षेत्रमा राख्न र विशेष आर्थिक फाइदा उठाउन भर्खरै फस्टाउन लागेको प्रजातन्त्र कमजोर पार्ने विभिन्न कामहरू गर्न थाल्यो । देशमा राजनीतिक अस्थिरता कायम राख्न, प्रतिक्रियावादी शक्तिलाई उचाल्न, प्रजातान्त्रिक शक्तिहरूमा फूट ल्याउन र राजालाई शक्ति संचय गर्न प्रत्यक्ष या अप्रत्यक्ष दुवै रूपले मद्दत पुर्‍यायो । आफूमाथि आश्रित कमजोर सरकारलाई कायम राखी हाम्रो राष्ट्रहित विपरीत कामहरू गराउन सफल रह्यो ।

२०१५ सालको संसद्को चुनावपछि जनप्रतिनिधित्व गर्ने सरकार कायम भए तापनि मुख्य राजनीतिक शक्ति राजाकै हातमा रहन गएको थियो । राजा महेन्द्र र देशका प्रतिक्रियावादी सामन्तहरूलाई यस्तो संसदीय व्यवस्थासम्म पनि रहन दिनमा मंजुर थिएन र यिनीहरूले संसदीय व्यवस्थाको अन्त गर्न षड्यन्त्र गर्दै नै रहे । प्रतिक्रियावादी र प्रतिक्रान्तिकारीहरूलाई संगठित गर्ने काम शुरू भयो । राजा महेन्द्रले आफ्नो शाही रक्षक सेनामा वृद्धि गरी प्रजातान्त्रिक शक्तिहरूमा फूट ल्याएर संसदीय व्यवस्थालाई नै बदनाम गर्नका निमित्त देशमा अशान्तिपूर्ण वतावरण छ भनी हस्तक्षेप गर्नको निमित्त ठाउँ ठाउँमा आफ्ना भरौटेहरूद्वारा गोर्खा काण्ड आदि जस्ता उत्पात मच्चाइयो । आखिरमा २०१७ साल पौष १ गतेका दिन संसद्को विघटन गरी आफूलाई फौजी तानाशाहको रूपमा खडा गरे । यसरी राजा र देशका प्रतिक्रियावादी सामन्तहरू जनताको पूर्ण अधिकारहरू खोसी देशमा एक फौजी सामन्ती शासन व्यवस्था कायम राख्न गर्दै आएको षड्यन्त्रमा सफल भए ।

२०१५ सालको साधारण चुनावपछि गठित भएको संसद्मा ७४ सीट प्राप्त गरी सरकारमा गएको नेपाली कांग्रेस पनि जनताका मूल समस्याहरू समाधान गर्न असमर्थ नै रह्यो । निश्चय पनि संसदीय व्यवस्था अन्तर्गत स्थापना भएको नेपाली कांग्रेसको सरकार अन्तरिम कालमा गठन भएका विभिन्न सरकारहरू र राजाको प्रत्यक्ष शासनभन्दा क्रियाशील र सुव्यवस्थित थियो । संसदीय व्यवस्थामा चुनाव जित्न तथा सरकारमा जानको निमित्त जनताको मतदान नै चाहिएको हुँदा राजाको प्रत्यक्ष अथवा अन्तरिम सरकारहरू भन्दा यस सरकारको जनतासित सम्पर्क र सरोकार हुनु स्वाभाविकै हो । सामन्ती बिर्ता खारेज गर्नु र १५ बिघाभन्दा माथिका जग्गाहरूमा क्रमश: बढ्ने कर लगाउनु यस सरकारको प्रगतिशील कदम थियो । यसका विपरीत नेपाली कांग्रेसको सरकारले जनविरोधी तथा राष्ट्रहित विपरीत कतिपय कामहरू पनि गर्‍यो । सामन्त र किसानको बीच भएको बेदखली आदिको संघर्षमा नेपाली कांग्रेसको सरकारले किसानको मोहियानी हक सुरक्षित गर्नुको सट्टा

*००७ सालको क्रान्तिपछि भारत सरकारले नेपाललाई आफ्नो प्रभाव क्षेत्रमा राख्न र विशेष आर्थिक फाइदा उठाउन भर्खरै फस्टाउन लागेको प्रजातन्त्र कमजोर पार्ने विभिन्न कामहरू गर्न थाल्यो. देशमा राजनीतिक अस्थिरता कायम राख्न, प्रतिक्रियावादी शक्तिलाई उचाल्न, प्रजातान्त्रिक शक्तिहरूमा फूट ल्याउन र राजालाई शक्ति संचय गर्न प्रत्यक्ष या अप्रत्यक्ष दुवै रूपले मद्दत पुर्‍यायो ।*

सामन्तहरूको पक्ष लिई, किसानहरूमाथि गोली चलायो। विदेशी पूँजीलाई निम्त्यायो। देशमा भइरहेको साम्राज्यवादी तथा विदेशी प्रभावबाट मुक्त गर्न ठोस कदम उठाउनुको सट्टा विभिन्न सहुलियत प्रदान गर्ने काम गरिनै रह्यो। देशको द्रुतगतिले विकास गर्नाको निमित्त किसानहरूमा जमिन बाँड्ने कुरा त परै जाओस् किसानहरूको मोहियानी हकको व्यवहारिक रूपमा सुरक्षा गर्ने काम, किसानहरूलाई ऋणबाट मुक्त गरी सस्तो ब्याजमा ऋणको व्यवस्था र गाउँघरमा चलिरहेको विभिन्न प्रकारको जमिन्दार र सामन्तहरूको मध्ययुगीन शोषणलाई रोक्ने काम भएन, न त मजदूरहरूको हक र हितको सुरक्षा हुने काम नै भयो। साना-साना व्यापारीहरू र मध्यम वर्गीय जनताहरूलाई फाइदा हुने कुनै ठोस कदम चालिएन। विद्यार्थी तथा युवकहरूको स्वार्थ हितको निमित्त केही काम भएन। अझ आफ्नै पार्टी स्वार्थलाई सर्वोपरि राखी तमाम सरकारी यन्त्रलाई कांग्रेसीकरण गर्ने नीति अपनाइयो। यसबाहेक, अनेकौं कमजोरीहरू नेपाली कांग्रेसबाट हुन गए, जुन कारणले गर्दा देशका मुख्य-मुख्य समस्याहरू जिउँका तिउँ अल्झिएर रहे। जनजीविकामा कुनै ठोस नयाँ परिवर्तन आउन सकेन। यसरी नेपाली कांग्रेसले सत्तारूढ भएको बेलामा एकातिर सामन्ती व्यवस्थालाई कमजोर पार्ने काम गर्‍यो। त्यसको फलस्वरूप राजा र प्रतिक्रियावादी सामन्तहरूले यसको दक्षिणपन्थी प्रतिक्रियावादको विरोध शुरू गरे भने अर्कातिर यसले केही जनहित विपरीत नीतिको अनुशरण गरेकोले यसबाट असन्तोष भई आम जनताले प्रजातान्त्रिक तवरले विरोध गर्न थाले। जनताको आशा र आकांक्षाको विपरीत नेपाली कांग्रेस-सरकारको कारवाहीले गर्दा प्रतिक्रियावादी तथा प्रतिक्रान्तिकारी तत्वहरूले प्रजातान्त्रिक व्यवस्थाकै बदनाम गर्ने मौका पाए। यसले राजाको षड्यन्त्र सफल हुनुमा ठूलो मद्दत दियो। यति मात्र होइन, नेपाली कांग्रेसको कम्युनिष्ट विरोधी हौवाले गर्दा देशको र प्रजातन्त्रको मुख्य दुश्मनलाई नेपाली कांग्रेसले ठम्याउन सकेन। राजा र प्रतिक्रान्तिकारी सामन्तहरूबाट संसदीय व्यंवस्थाको नाश गर्न षड्यन्त्र भइरहेको समयमा नेपाली कांग्रेसले कम्युनिष्ट पार्टीलाई मुख्य दुश्मन ठानी कम्युनिष्ट पार्टीमाथि हरबखत् प्रहार गरी नै रह्यो। अर्कातिर राजा र सामन्तहरूसित सम्झौतापरस्त नीति कायमै राख्यो। संसदीय व्यवस्थाको सुरक्षा गर्न नेपाली कांग्रेस तथा कम्युनिष्ट पार्टीलगायत तमाम प्रजातान्त्रिक शक्तिहरूको संयुक्त मोर्चा बनाउनतिर अग्रसर हुनुपर्ने बेलामा ठीक यसको उल्टो कार्य गर्दै गयो। अरू अवसरवादी पार्टीहरूले कांग्रेस सरकारको प्रजातान्त्रिक प्रद्धति अनुसार विरोध गर्नुको सट्टा राजालाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपले पौष १ गतेको फौजी काण्ड गर्न मद्दत पुऱ्याए।

*जनकपुरमा बसेको कम्युनिष्ट पार्टीको विस्तारित केन्द्रीय समितिको बैठकले राजा र प्रतिकृयावादी सामन्तहरू अझै बलवान् छन्, तसर्थः नवगठित संसद्लाई अझै बलियो पार्न व्यापक जनआन्दोलन गर्ने आह्वान गरेको थियो। तर अवसरवादी नेताहरूले त्यस विस्तारित केन्द्रीय समितिको बैठकको निर्णयलाई उल्लंघन गरी संसद्को पक्षमा व्यापक जनआन्दोलन गर्ने कुरा त परै जाओस्, संसद् विघटन गरिनुपर्छ भन्ने अप्रत्यक्ष रूपले प्रचार गर्न थाले।*

यसै सिलसिलामा हाम्रो पार्टीलाई हेर्‍यौं भने अनेक कमजोरीहरू रहन गएको पाउने छौं। हाम्रो पार्टीले अनेकौं संघर्ष गर्‍यो। तर हाम्रो संघर्ष आर्थिक संघर्षमा नै सीमित रहन गएको छ। केही राजनीतिक र जनसंघर्ष गरिए तापनि देशका विभिन्न राजनीतिक समस्याहरूलाई लिएर देशव्यापी आन्दोलनहरू व्यापक रूपमा नभए सरह नै छ। खास गरी दोश्रो महाधिवेशनपछि महाधिवेशनले तत्कालीन आर्थिक तथा राजनीतिक समस्याहरूमा व्यापक जनआन्दोलन गर्ने निर्णय लिए तापनि त्यसबेलाको पार्टी नेतृत्वमा रहेको अवसरवादी अंगले ती निर्णयलाई मात्र होइन, विगत कालमा पार्टीले गर्दै आएका जन तथा वर्ग संघर्षहरूलाई समेत त्याग्दै जान थाल्यो। पार्टीलाई संघर्षबाट विमुख राख्ने विभिन्न प्रयत्नहरू हुन लागे। जन तथा वर्ग संघर्ष गरी सर्वसाधारण जनतालाई प्रजातन्त्रको पक्षमा राजनीतिक चेतना बढाउने काम गर्दै आएको एकमात्र नेपाल कम्युनिष्ट पार्टी दोश्रो महाधिवेशनपछि नेतृत्वमा हावी भएको अवसरवादी गुटको संघर्षबाट भाग्ने प्रवृत्तिले गर्दा निष्कृय हुँदै गयो। यसरी नेपाली जनतालाई प्रजातन्त्रको पक्षमा समेत र सुसंगठित गर्ने काममा कमजोरी हुन गयो।

०१५ सालको चुनावपछि गठित भएको नेपाली कांग्रेसको सरकारले आफ्ना विभिन्न क्रियाकलापबाट दुई प्रकारको विरोध देख्नुपर्‍यो।





एउटा, प्रतिकृयावादी सामन्तहरूको दक्षिणपन्थी विरोध, अर्को सर्वसाधारण जनताको प्रजातान्त्रिक विरोध। जनकपुरमा बसेको कम्युनिष्ट पार्टीको विस्तारित केन्द्रीय समितिको बैठकले राजा र प्रतिकृयावादी सामन्तहरू अझै बलवान् छन्, तसर्थः नवगठित संसद्लाई अझै बलियो पार्न व्यापक जनआन्दोलन गर्ने आह्वान गरेको थियो। तर अवसरवादी नेताहरूले त्यस विस्तारित केन्द्रीय समितिको बैठकको निर्णयलाई उल्लंघन गरी संसद्को पक्षमा व्यापक जनआन्दोलन गर्ने कुरा त परै जाओस्; संसद् विघटन गरिनुपर्छ भन्ने अप्रत्यक्षरूपले प्रचार गर्न थाले। यसै समयमा तलका पार्टी समितिहरूको सक्रियता र मागले गर्दा पार्टीको नेतृत्वमा डाल्डा घिऊको विरोधमा तथा गण्डक सम्झौताको विरोधमा जनआन्दोलनहरू भए। मोहियानी हकको निमित्त त्यस्तै बेठ-बेगारी र बेदखली खत्तम गर्नको निमित्त संघर्षहरू गरिए। तर यी संघर्षहरू तत्‌तत् समस्याहरूमै सीमित रहन गएकाले यी संघर्षहरूको आधारमा राजनीति दिने अथवा अथवा संघर्षको सिलसिलामा नै राजनीतिक चेतना बढाउदै लैजाने ठोस काम हुन सकेन। जसले गर्दा पूँजीवादी प्रजातन्त्रका कमजोरीहरू जनतामा जाहेर भएतापनि यसको विकल्प के हो भन्ने चेतना दिन पार्टी असफल रह्यो। नेपाली कांग्रेसको गलत नीतिको परिणामस्वरूप असन्तुष्ट भएका जनतालाई पार्टीको नेतृत्वमा सुसंगठित गरी प्रतिकृयावादी र सामन्ती तत्वहरूको विरोधमा व्यापक जनआन्दोलन गर्ने कुनै काम भएन। पूँजीवादी प्रजातन्त्रको कमजोरी र असफलताको चेतना दिइन्छ भने यसको विकल्प के हो भन्ने चेतना पनि साथै जानुपर्दछ। पार्टीले व्यापक रूपमा साम्राज्यवाद र सामन्तवाद विरोधी जनआन्दोलन गर्नुपर्नेमा पार्टीको ठूलो कमजोरी रहन गएको छ। पूँजीवादी प्रजातन्त्रको विकल्प अझै दिगो र दरिलो जनवादी प्रजातन्त्र हो भन्ने व्यापक प्रचार गर्नुको सट्टा हाम्रो पार्टीका अवसरवादी नेताहरूले पूँजीवादी प्रजातन्त्रको सही विकल्पलाई पन्छाई राजावादी भ्रम दिन थाले। यसरी हाम्रो पार्टीले त्यसबेला देखापरेका दुई खाले विरोधलाई स्पष्ट रूपमा ठम्याई जनतन्त्रको पक्षमा र प्रतिकृयावादी सामनाको विरोधमा व्यापक जनआन्दोलन गर्न नसक्नु हाम्रो एउटा ठूलो भूल थियो। यसबाट राजा महेन्द्रले फाइदा उठाए। प्रतिक्रियावादीहरूले राजालाई पूँजीवादी प्रजातन्त्रको विकल्पको रूपमा देखाउन सफल भए।

यसरी पौष १ गतेको फौजी कारवाहीको पृष्ठभूमिमा राजाले २००७ सालदेखि एकपछि अर्को गरी जनअधिकार खोस्तै देशमा फस्टाउन लागेको प्रजातान्त्रिक व्यवस्थालाई खतम गरी आफ्नो शाही एकतन्त्री हुकुमत कायम गर्नको निम्ति रचेको षड्यन्त्र मुख्य भए पनि यसको साथै विभिन्न पूँजीवादी पार्टीहरूको जनताबाट पर भाग्दै जाने र दरबार धाउने नीति खास गरी साधारण चुनावपछि गठित भएको नेपाली कांग्रेस सरकारले सामन्तपरस्त तथा साम्राज्यवादलाई सहुलियत प्रदान गर्ने नीतिले गर्दा जनताको मूल समस्या समाधान गर्न नसक्नु र विभिन्न प्रजातान्त्रिक शक्तिहरूको बीचमा व्यापक संयुक्त मोर्चा हुन नसक्नु अनि खुद हाम्रो पार्टीले पनि पूँजीवादी प्रजातन्त्रको असफलतामा यसको विकल्पको रूपमा सामन्त तथा साम्राज्यवाद विरोधी सही मानेमा जनतको स्वार्थको पूर्ण प्रतिनिधित्व गर्ने र जनतन्त्रको निम्ति व्यापक जनआन्दोलन गर्न नसक्नु तथा यसको विपरीत पार्टी नेतृत्वमा राजावादी झुकाउले प्रश्रय पाउँदा राजाको प्रजातन्त्र विरोधको षड्यन्त्रको विरूद्ध सजग र सक्रिय भई संसदीय व्यवस्थालाई बलियो पार्न जनआन्दोलन उठाउन नसक्नु पनि पौष १ गतेको कारवाही गराउनमा सहायक हुन गएको छ।

**प्रजातन्त्रको हत्या र जनजीवनमा यसको असर**

राजा महेन्द्रको फौजी कारवाहीले देशमा एउटा ठूलो संकट पैदा गरिदिएको छ। यस कारवाहीको असर जनताको राजनीतिक जीवनमा मात्र होइन, उनीहरूको आर्थिक तथा सांस्कृतिक जीवनमा पनि उत्तिकै परेको छ। कमरेड माओले भन्नुभएको थियो- देशको अर्थ-व्यवस्था त्यस देशको राजनीतिक व्यवस्थाको विस्तृत रूप हो। त्यो देशको संस्कृति राजनीतिक-आर्थिक व्यवस्थाको प्रतिबिम्ब हो, साथै संस्कृतिले आफ्नो असर सो देशको राजनीतिक एवं आर्थिक व्यवस्थामा उत्तिकै पारेको हुन्छ। हाम्रो देशमा सामन्ती उत्पीडनलाई कायम राख्न राजनीतिक क्षेत्रमा फौजी तानाशाही खडा गरिदिएको छ। सामन्ती व्यवस्था र फौजी

*तलैबाट प्रजातन्त्र मजबूत पार्ने नाउँमा स्थापना गरिएको पञ्चायतको मुख्य काम तमाम जनताको गतिविधिमाथि नजर राखी सरकारमा रिपोर्ट दिने आदेश दिएको छ। यतिले नपुगी तमाम जनताले आफ्नो गाउँमा आए-गएका व्यक्तिहरूको रिपोर्ट पञ्चायतमा दिनुपर्ने गरी समस्त जनतामा एउटा आतंकको राज कायम*

तानाशाही सुहाउँदो कला र संस्कृतिको प्रचार गर्ने काम पनि शुरू भएको छ ।

राजा महेन्द्रले सामन्ती व्यवस्थालाई दिगो राख्न र आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्न एउटा फौजी तानाशाही कायम गरी आम जनतालाई तमाम अधिकारहरूबाट वंचित गरेका छन् । आज राजा मेहन्द्रले जनताको लेख्ने, बोल्ने, संगठन र वैधानिक संघर्ष गर्ने जस्ता समस्त अधिकारहरू खोसेका छन् । राजनीतिक कार्य एवं यस फौजी तानाशाहीको अलिकति पनि विरोध गर्ने व्यक्तिहरूलाई जेलमा सडाई नाना प्रकारका यातनाहरू दिइँदैछ । केन्द्रमा राजाको हुकुमत के शुरू भयो, गाउँघरका सामन्तहरू, जालीफटाहहरू तथा पुलिसको मनमानी अत्याचार चल्न थालेको छ । आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्न कसैमाथि पनि राजनीतिको आरोप लगाउन सजिलो भएको छ । गाउँघरमा सामन्त र पुलिसद्वारा राजनीतिक आरोप लगाई सोझा किसानहरूको शोषण र उत्पीडन गर्ने क्रम प्रशस्त मात्रामा शुरू भएको छ । शाही सेनालाई देशको आन्तरिक, राजनीतिक र सामाजिक जीवनमा क्रियाशील गराइएको छ । जनताको असन्तोष दबाउन देशव्यापी रूपले गुप्तचरको जाल बिच्छाइएको छ । तलैबाट प्रजातन्त्र मजबूत पार्ने नाउँमा स्थापना गरिएको पञ्चायतको मुख्य काम तमाम जनताको गतिविधिमाथि नजर राखी सरकारमा रिपोर्ट दिने आदेश दिएको छ । यतिले नपुगी तमाम जनताले आफ्नो गाउँमा आए-गएका व्यक्तिहरूको रिपोर्ट पञ्चायतमा दिनुपर्ने गरी समस्त जनतामा एउटा आतंकको राज कायम गरिदिएको छ । पुलिस, फौज, सि.आई.डी. र अरू दमनकारी यन्त्रलाई सुसंगठित गरी आफ्नो तानाशाही हुकुमतलाई दिगो राख्ने चाल राजाले गरेका छन् । यसरी राजा महेन्द्रको हुकुमी शासन अन्तर्गत व्यापक रूपले एउटा आतंकको राज कायम भएको छ ।

देशको आर्थिक स्थिति सुध्रिनुको साटो झन् झन् बिग्रदै गएको छ । सामन्ती उत्पीडनलाई दिगो राख्न र आफ्नो तानाशाहीलाई कायम राख्न राजा महेन्द्रले राष्ट्रिय आम्दानीको आधाभन्दा बढी भाग फौज, पुलिस र गुप्तचरको देशव्यापी जाल फिजाउन खर्च गरिरहेका छन् । बढ्दो आतंककारी शासनको खर्च बेहोर्न सर्वसाधारण जनतामा नाना किसिमका करहरू लगाइँदैछ । राष्ट्रिय संचित कोष धमाधम खत्तम गरिदैछ । यतिसम्म कि सरकारी कर्मचारीहरूको पाँच-पाँच, छ-छ महिनाको तलब रोक्ने स्थितिमा सरकार पुगिसकेको छ भने अर्कोतिर राजा महेन्द्रको दरबारी र व्यक्तिगत खर्च देशले बेहोर्न नसक्ने स्थितिमा हुँदा-हुँदै पनि अझ बढाइँदैछ । साधारण जनताको दैनिक उपभोगका सामानहरूको भाउ चर्किदै गइरहेको छ र गरीब एवं मध्यम वर्गीय जनताको जीवनमा ठूलो संकट उत्पन्न भएको छ ।

राजा महेन्द्र देशको पञ्चवर्षीय योजनालाई रद्द गरी योजना भन्नै नसुहाउँदो तथाकथित तीन वर्षे योजना जनताको आँखामा छारो हाल्न ल्याएका छन् । राजा मेहन्द्रको तानाशाही व्यवस्था चलेको पनि पुग-नपुग डेढ वर्ष भई सक्यो । तर देशमा विकासको एउटा सानो कामसम्म पनि भएको छैन । उल्टै शिक्षण तथा जनकल्याणकारी कामहरूमा सरकारी खर्च घटाइँदैछ ।

राजा महेन्द्रले सामन्तहरूलाई जनतामाथि शोषण र दमनचक्र चलाउने खुला छुट दिएका छन् । राजाको सामन्ततिर झुकेको नीति त उनको कर नीतिबाट नै स्पष्ट हुन्छ । संसदीय व्यवस्था छँदा ५ विघाभन्दा माथि बढ्दै जाने करलाई खारेज गरी तमाम जमिनमा एकै दरको कर बढाउने नीति लिई तराईको जमिनमा पच्चीस प्रतिशत र पहाडको जमिनमा दश प्रतिशत बढाई ठूलाठूला सामन्तहरूमाथिको करको बोझ हटाएर गरीब जनताको काँधमा थोपर्ने काम भएको छ । यसरी सामन्ती व्यवस्थालाई टुटाउँदै लैजानबाट रोकेको छ । किसान संघ आदि सामाजिक संगठनहरूलाई अवैध गरी गरीब जनताहरूलाई आफ्नो उत्पीडनको विरूद्ध संघर्ष गर्ने र बोल्ने आदि जस्ता नागरिक हकहरूबाट पूर्णरूपेण बंचित गरिएको छ भने अर्कोतिर सामन्तहरूलाई नाना किसिमले गरीब जनताको शोषण गर्न खुल्ला मौका दिइएको छ ।

यस फौजी तानाशाहीले हाम्रो नेपाली समाजमा एक आतंकपूर्ण स्थिति पैदा गरेको छ । नातावाद-कृपावाद र भ्रष्टाचारले उग्ररूप लिंदै चाकरी र चुक्ली प्रथाले चिहानबाट फेरि टाउको उठाइ आएका छन् । लोकसेवा आयोगलाई पूर्ण स्थगित गरिएको छ । कुनै पदमा नियुक्ति र प्रोत्साहन योग्यताको आधारमा नभई चाकरी र चुक्लीको आधारमा भइरहेछ । देशका युवक तथा विद्यार्थीहरूलाई आफ्नो उन्नति र विकासतर्फ स्वच्छन्द गतिले

☭ ☭ ☭

*राजा महेन्द्रले सामन्तहरूलाई जनतामाथि शोषण र दमनचक्र चलाउने खुला छुट दिएका छन् । राजाको सामन्ततिर झुकेको नीति त उनको कर नीतिबाट नै स्पष्ट हुन्छ ।*





क्रियाशील हुनबाट प्रतिबन्ध लगाइ दवाव, भय र प्रलोभनद्वारा राजाको प्रचार गर्न लगाइदैछ । यसरी विभिन्न प्रकारले हाम्रो सामाजिक वातावरणलाई दूषित पारिदैछ ।

यस फौजी तानाशाहीले हाम्रो शैक्षिक र सामाजिक जीवनलाई पनि उत्तिकै आघात पुऱ्याएको छ । शिक्षाको विकासतर्फ कुनै गहकिलो कदम चालिएको छैन र प्रतिक्रियावादी एवं विद्यार्थी वर्गको हक र हित विरोधी नीतिको अनुशरण गरिदैछ । देशका विभिन्न पब्लिक शिक्षण संस्थाहरूको संचालन गर्ने काम जनताबाट खोसी सरकारले मनोनित गरेका व्यक्तिहरूको हातमा सुम्पी जनताको शिक्षा प्रचारप्रति प्रष्फुटित अपार उत्साह र सक्रियतालाई कुण्ठित पार्ने काम गरेको छ । विद्यार्थी वर्गमा अद्भुत सक्रियता देश, समाज र उन्नतिको निमित्त उत्साह, उमंग र जोश खत्तम पार्ने विभिन्न कामहरू हुँदैछन् । भर्खरै विकास गर्न अँटिको पत्रकारिताले पनि स्वच्छन्द वातावरण पाउन सकेको छैन । डर र त्रासको आधारमा राजाको स्तुतिगान गाउन वाध्य तुल्याइएको छ । हाम्रो जीवनमा, कविता, गीत, नाटक आदिमा पनि राजाकै कीर्तिगान गराइएको छ । हाम्रो विकासशील साहित्यमा यसरी ठूलो अवरोध पैदा गरिएको छ ।

राजा महेन्द्रले आफ्नो संकुचित स्वार्थको निमित्त राजनीतिक संकट मात्र ल्याएका होइनन्, देशको सामाजिक-सांस्कृतिक एवं शैक्षिक जीवनमा समेत ठूलो आघात पुऱ्याइरहेछन्, अनि देशलाई एउटा ठूलो आर्थिक संकटमा पारी नेपालको उन्नति र तमाम नेपाली जनताको जीवनलाई अन्धकारमय बनाएका छन् ।

**पंचायती प्रजातन्त्र धोका हो**

राजा महेन्द्रले आफ्नो फौजी तानाशाही कायम राख्न र मक्काइसकेको सामन्ती व्यवस्थालाई टेवा दिन पंचायती प्रजातन्त्रको सिर्जना गरेका छन् । राजा महेन्द्रको मुख्य तर्क यो छ कि संसदीय व्यवस्था हाम्रो देशको हावा, पानी र माटो सुहाउँदो नभएको हुनाले उनले हाम्रो राष्ट्रिय वातावरण सुहाउँदो पंचायती प्रजातन्त्रको सिर्जना गरेका हुन् । योभन्दा हास्यास्पद तर्क अरू के हुन सक्छ र ? वस्तुस्थिति यो हो कि संसदीय व्यवस्था राजा महेन्द्रको महत्त्वाकांक्षा र सामन्ती व्यवस्था सुहाउँदो भएन । तसर्थः वर्ग संघर्ष र जनचेतनालाई कुंठित पारी आफ्नो तानाशाही निरंकुश शासनको जग मजबूत पार्न तथा सामन्ती उत्पीडन कायम राख्न थोत्रो वर्ग समन्वयको आधार लिई पंचायती प्रजातन्त्रको दर्शन ल्याइएको छ । यो पंचायती दर्शन- प्रतिक्रियावादी सामन्ती दर्शन हो र समयभन्दा धेरै पछौटे हो भन्ने कुरा स्पष्ट भइसकेको छ ।

यो निश्चय पनि सही हो, विगत संसदमा नेपाली कांग्रेसको प्रबल बहुमत भएकोले यो संसद जनताको आशा र आकांक्षा बमोजिमको हुन सकेन । नेपाली समाजको पूर्णरूपले प्रजातान्त्रिकीकरण र शक्तिको विकेन्द्रीकरण हुन सकेन; न त जनताका मूलभूत समस्याहरूको समाधान नै हुन सक्यो । संसदीय व्यवस्थालाई दिगो पार्न सामन्ती व्यवस्थाको अन्त आवश्यक थियो । राजनीतिक क्षेत्रमा शक्तिको विकेन्द्रीकरण गरी सारा नेपाली समाजको पूर्ण प्रजातान्त्रिकीकरण गर्नु आवश्यक थियो । स्वतन्त्र न्यायालय र लोकसेवा आयोगको निष्पक्षता कायम गरी कानूनी राज्यको सिर्जना गर्नु पनि नितान्त आवश्यक थियो । नेपाली कांग्रेस सरकारको गलत नीति र राजा महेन्द्रको षड्यन्त्रलगायत अरू अनेकौं कारणले गर्दा संसद्लाई दिगो पार्न माथि भनिएका कुराहरू हुन सकेनन् ।

हाम्रो देशमा केही कालसम्म चलेको संसदीय व्यवस्थामा निश्चय नै कमजोरीहरू थिए । तथापि, त्यो संसदीय व्यवस्था रहँदा देशमा तीव्र गतिले जनचेतना बढिरहेको थियो । सरकारका गलत नीतिहरूको विरोधमा संघर्षहरू भइरहेका थिए । देशका विभिन्न वर्गहरूमा वर्गीय चेतनाको अभिवृद्धि भई आफ्नो वर्ग स्वार्थको निम्ति लड्ने भावना बढिरहेको थियो । कम्युनिष्ट पार्टीलगायत अरू प्रजातान्त्रिक शक्तिहरूले जनताको पीर-मर्का हटाउन संघर्ष गरिरहेका थिए । यी सबै कुराहरूले गर्दा संसदीय व्यवस्थाको समयमा देशका मूल समस्याहरूको समाधान नभएतापनि प्रजातन्त्रलाई दिगो पार्न र जनताको पीर-मर्का खत्तम गर्न व्यापक रूपमा जनचेतना बढिरहेको थियो । राष्ट्र हितमा यो एउटा ठूलो कुरा थियो । अझै जनताको मत प्राप्त गरेर नै शासनमा अड्न पाउने हुँदा त्यस बेलाको सरकारले जनताप्रति पूर्ण बेवास्ते नीति लिई रहन सक्तैनथ्यो । चुनाव, जुलुस, सत्याग्रह आदि जनआन्दोलनद्वारा जनताले सरकारमाथि दवाब डाल्न सक्तथे । चुनावका माध्यमबाट जनविरोधीहरूलाई हराउन र आफ्ना सही प्रतिनिधिहरूलाई पठाउन सकिन्थ्यो । जति

☭ ☭ ☭

*संसदीय व्यवस्थामा रहेका कमजोरीहरूलाई हटाउन जनताबाट सम्पूर्ण अधिकार खोस्ने होइन, जनतालाई अझ बढी अधिकार प्रदान गर्नु र जनचेतनालाई अझ बढाउनु आवश्यक थियो ।*

व्यापक रूपमा जन संघर्ष बढ्दै जान्थ्यो, उति जनताका सही प्रतिनिधिहरू संसद्मा चुनिंदै जान्थे र उत्तिकै मात्रामा सरकारको नीति-निर्माणमा प्रभाव पार्न सकिन्थ्यो । संसद् एउटा राष्ट्रिय मंच थियो, जहाँ देशका विभिन्न वर्गका प्रतिनिधिहरूले आफ्नो वर्गीय स्वार्थलाई व्यक्त गर्द पाउँदथे । संसद्को माध्यमद्वारा जनताको आवाज राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा व्यापक रूपमा लैजान सकिन्थ्यो । संसदीय व्यवस्थामा रहेका कमजोरीहरूलाई हटाउन जनताबाट सम्पूर्ण अधिकार खोस्ने होइन, जनतालाई अझ बढी अधिकार प्रदान गर्नु र जनचेतनालाई अझ बढाउनु आवश्यक थियो । राजा महेन्द्रले संसदीय व्यवस्थाको विकल्पको रूपमा जनताबाट सबै अधिकारहरू खोसी पंचायती व्यवस्थाको सिर्जना गरेका छन् । यस प्रकार संसदीय व्यवस्थामा रहँदाको जनताले पाएका अधिकारसम्म खोसिएको छ । बढिरहेको जनचेतना र जनसंघर्षलाई कण्ठित गर्ने चाल चलिंदैछ । राजा महेन्द्रले आफैंले दिएको संविधानसम्मको मर्यादाको उल्लंघन गरेका छन् । यसै विधानको धारा ५३ अनुसार संसद्को दुवै सदनको दुई तिहाई मतले स्वीकृति प्रदान गरेर मात्र नै विधानमा कुनै परिवर्तन ल्याउन सकिन्छ । तर राजा महेन्द्रलाई यही संविधान पनि आफ्नो स्वार्थको निम्ति एउटा ठूलो तगारो हुन गयो । उनले संसदीय व्यवस्थामा तानाशाह हुन नसकिने देखे । तसर्थः संविधानको सार तत्वलाईसम्म कसैको स्वीकृतिविना नै उल्लंघन गर्ने काम राजा महेन्द्रले गरेर पंचायती प्रजातन्त्रको सिर्जना गरे ।

देशको शासनभार मुख्य त जनताको हातमा भएको बेलामा शक्तिको विकेन्द्रीकरणको आधारमा गाउँघरमा खडा हुने पंचायतको खास एउटा माने हुन्छ । देशमा मौलिक अधिकारको उपभोग जनताले गरिरहेको बेलामा, विभिन्न राजनीतिक पार्टीहरू, जन तथा सामाजिक संगठनहरूको अस्तित्व भएको बेलामा यस्ता पंचायतहरूबाट जनताले फाइदा उठाउन सक्तछन् । आफूले नरूचाएको व्यक्तिको विरोध गर्नु, जनताका सही प्रतिनिधिहरूलाई पंचायतमा पठाउनु र जनहितका विभिन्न विषयलाई लिइकन संघर्ष गर्नु- यी सबै कुराहरू देशमा प्रजातन्त्र हुँदा मात्र संभव हुन्छ । तर आज जस प्रकारले पंचायतहरूको गठन भइरहेको छ; त्यसबाट जनताले कुनै फाइदा उठाउन सक्तैनन् । देशमा फौज, पुलिस र सामन्तहरूको आतंक भएको बेलामा राजनीतिक पार्टीहरू, जन तथा सामाजिक संगठनहरू प्रतिबन्धित भएको बेलामा, त्यसमा पनि खुला मैदानमा हात उठाएर पंचायतको चुनाव गराइएकोमा यस्तो पंचायतमा जनताका प्रतिनिधिहरू चुनिएर जान सक्तैनन् । मुख्यतः सामन्त जालीफटाहाहरू नै चुनिन्छन् । एकाध असल मानिसहरू चुनिएतापनि तिनीहरूको आवाज अरण्यरोदन मात्र हुनेछ । आज जनताले प्रजातान्त्रिक व्यवस्था अन्तर्गत खडा हुने पंचायत र यस तानाशाही अन्तर्गत खडा गरिएको पंचायतको फरकलाई बुझ्नु अत्यन्त आवश्यक छ ।

*सनातनदेखि चलिआएको या पंचायती व्यवस्थाको नाममा पंचायती प्रजातन्त्रको सिर्जना जनताको आँखामा छारो हाल्न एक चोटि राणाशाहीले पनि गर्ने कुचेष्टा गरेको थियो । अहिले राजा महेन्द्र त्यही चाल चल्दैछन् ।*

गाउँ र नगर पंचायतद्वारा चुनेर गठन हुने जिल्ला पंचायतहरू र जिल्ला पंचायतहरूद्वारा चुनेर गठित हुने अञ्चल पंचायतमा झन्-झन् निखारिएका प्रतिक्रियावादी, प्रतिक्रान्तिकारी सामन्तहरू र औसरवादीहरू नै पुग्दछन् । राष्ट्रिय पंचायतमा अंचल पंचायतहरूबाट खारिएका सामन्त, अवसरवादीहरू र राजाको शाही जनवर्गीय संगठनहरूबाट लिइएका तिनै तत्वहरूकै जमघट हुनेछ । यस्तो संस्थाको सल्लाह अनुसार चलाइने शासन कति भयंकर हुने हो त्यसको कल्पनासम्म पनि गर्न सकिन्न । अझै अनौठो कुरा त यो छ कि राष्ट्रिय पंचायत एउटा सल्लाहकार सभा मात्र हो । यसले मन्त्रिमण्डलको निर्माण अथवा खारेज गर्न पाउने छैन । यसरी हामी देख्दछौं कि यो पंचायती प्रजातन्त्र राजा महेन्द्र र देशका सामन्तहरूको मेलमिलापबाट गरिएको षड्यन्त्रको नै फल हो । यस पंचायती प्रजातन्त्रले ढल्न आँटिको सामन्ती व्यवस्थालाई टेवा दिने काम गरेको छ । सामन्तहरूलाई खुल्ला लुट गर्ने मौका प्रदान गरेको छ । सामन्ती कब्जामा भएका यी पंचायतहरूले सामन्ती अन्यायमा परेका किसानहरूलाई न्याय गर्ला भन्नु बाघले बाखालाई न्याय दिन्छ भन्नुसरह नै हो । अर्कोतिर तह-तह गरी सिर्जना गरिएको पंचायतले राजा महेन्द्रलाई शक्तिशाली फौजी तानाशाह बनाउन मद्दत गर्नेछ । यतिमात्र होइन, यी पंचायतहरूको माध्यमद्वारा राजा महेन्द्रले जनचेतनालाई कुण्ठित गर्ने, बढिरहेको जनअसन्तोषलाई दबाउने र सदाका लागि जनतालाई अधिकारबाट बञ्चित राख्ने षड्यन्त्र गरिराखेका छन् । यी पंचायतहरूद्वारा गाउँघरमा प्रत्येक व्यक्तिको गतिविधिमा नजर राखी गाउँहरूमा आतंक र त्रासको





वातावरण सिर्जना गरिनेछ ।

सनातनदेखि चलिआएको पंचायती व्यवस्था मैले चलाउन लागेको हुँ भनी राजा महेन्द्रले प्रचार गरेतापनि यो कुरा आज स्पष्ट छ कि राजा महेन्द्रले घडीको सुई उल्टो घुमाउने चेष्टा गरिरहेछन् । बढी अधिकारको लागि संघर्ष गर्ने जनताबाट उपभोग गर्दै आएको अधिकार खोसेका छन् । ढल्न आँटेको सामन्ती व्यवस्थालाई एक धक्का दिएर ढाल भन्ने जनआवाज उठेको बेलामा सामन्ती व्यवस्थालाई टेवा दिने काम गरेका छन् । शक्तिको विकेन्द्रीकरण गरी सारा नेपाली समाजलाई पूर्ण प्रजातान्त्रिकीकरण गर भन्ने आवाज उठेको बेलामा शक्तिको अझ बढी विकेन्द्रीकरण गरी आफूलाई तानाशाह बनाएका छन् । राजा महेन्द्रको पंचायती प्रजातन्त्रको सारतत्व यही हो । समयको प्रवाहलाई कसैले रोक्न सक्ने छैन । सनातनदेखि चलिआएको या पंचायती व्यवस्थाको नाममा पंचायती प्रजातन्त्रको सिर्जना जनताको आँखामा छारो हाल्न एक चोटि राणाशाहीले पनि गर्ने कुचेष्टा गरेको थियो । अहिले राजा महेन्द्र त्यही चाल चल्दैछन् । हिजो जनताले राणाशाहीको चाललाई असफल पारे भने एक चोटि फेरि त्यही व्यवस्थामा जनताको आँखा छल्ने राजा महेन्द्रलाई पनि असफल तुल्याउने छन् ।

**राजा महेन्द्रको हुकुमशाही व्यवस्था र राष्ट्र निर्माणको प्रश्न**

नेपाल जस्तो पछौटे र अविकसित देशलाई त द्रुतगतिले राष्ट्र निर्माण नगरी बाँच्ने अरू कुनै बाटो छैन । हाम्रो देशको राष्ट्रिय आम्दानी दुनियाँमा शायद सबभन्दा कम होला । त्यसमा पनि आर्थिक विषमताको राज्यमा देशको आम्दानीको ठूलो भाग मुठ्ठिभर सामन्त र राजा महेन्द्रको दरबारमा भित्रिन्छ । जनताको भागमा पर्ने राष्ट्रिय आम्दानीको आधारमा आम जनताको प्रति व्यक्ति आम्दानी दुनियाँमा सबभन्दा कम भएका देशमध्ये नेपाल पनि एउटा हो । बहुसंख्यक जनतालाई दुई साँझको खानासम्म प्राप्त छैन । हाम्रो राष्ट्रिय जीवनको आधार कृषि मात्र छ । कृषि क्षेत्रको अवस्था अत्यन्त दयनीय छ । सामन्ती रजाई प्रचुर मात्रामा व्याप्त नै छ । कृषिमा आधुनिकीकरणको अभावमा प्रति बीघा उत्पादन पनि अत्यन्तै कम छ, देशमा उद्योग-धन्दा नभएतुल्य छ । केही नगण्य उद्योगहरू पनि रूग्ण अवस्थामा छन् । देशको बाटोघाटोको अवस्था त अत्यन्तै दयनीय छ । राष्ट्रिय बन्द व्यापार नभएतुल्य छ । देशको सरकारी आम्दानीले प्रशासनको खर्चसम्म बेहोर्न नसक्ने अवस्थामा छ ।

यस बदलिंदो परिस्थितिमा द्रुतगतिले विकास गरी उन्नतशील देशहरूको दाँजोमा पुग्नुपर्ने बेलामा देश निर्माणतर्फ कुनै ठोस पाइला चालिएको छैन । देशको सम्पूर्ण अर्थतन्त्र उन्नतितर्फ होइन, अवनतिको बाटोतिर लागिरहेछ । जनतामा व्याप्त छिटोभन्दा छिटो देश निर्माण गरौं भन्ने भावनाबाट फाइदा उठाउन र जनताको आँखामा छारो हाल्न राजा महेन्द्रको निश्चय नै राष्ट्र निर्माणको नारा कति खोक्रो छ भन्ने कुरा त विगत अठार महिनाको तानाशाही व्यवस्था अन्तर्गत भएका कामहरूले नै स्पष्ट रूपमा देखाएका छन् । श्री ५ को सरकारद्वारा प्रकाशित गरिएको पुस्तिकामा २०१७ साल पौष १ गतेदेखि २०१८ साल पौष १ गतेसम्ममा सरकारले गरेका विभिन्न कामहरूको उल्लेख गर्दै भनिएको छ- 'टुँडिखेल वरिपरिको वार, काठमाडौंको फूटपाथ तथा किङ्गस हाइवेको विस्तार र सालिकहरूको स्थान्तरण गरिएको छ । अमेरिकाबाट पाठ्यपुस्तक लेख्न तालिमप्राप्त कर्मचारीहरू फर्किसकेका छन् । वीर पुस्तकालयको पुस्तकहरूको सूची प्रकाशन गरिएको छ, एल.एस.सी. पास भएका विद्यार्थीहरूमध्ये ९ जनालाई छात्रवृत्ति क्रमशः मासिक १ सय र १ सय २० रुपैयाँ प्रदान गरिएको छ । अफिसरहरूका छोराहरूलाई सैनिक तालिम दिन शुरू गरिएको छ । नर्सहरूको ट्रेनिङ्ग भएको छ । करीब ६ लाख बीघा र ६ लाख रोपनीको नाप नक्सा तयार गरिएको छ । पाँच वटा डकुमेण्टरी फिल्महरू तयार गरिएको छ । रोपवे योजना यु.एस.ओ.एम.द्वारा चलाउने निधो गरिएको छ । इजरायल कम्पनीसँग साझा भई गोचर हवाई ग्राउण्डको विस्तार गर्ने सम्झौता भएको छ र पनौती योजना अन्तर्गत योजना स्थलमा जाने बाटो तयार पारिंदैछ ।'

*यो कति दुःखलाग्दो कुरा हो कि समाजवादी मुलुकहरूको यस्तो निःस्वार्थपूर्ण मद्दतलाई ग्रहण गर्न आलटालको नीति सरकारले देखाउँदैछ । अर्कोतिर व्यापरिक संस्थानहरू रोपवे, बहन संचारण आदिलाई अमेरिकालीहरूको जिम्मामा सुम्पने काम गरिंदैछ । विदेशी एकाधिकार पूँजीलाई हाम्रो अर्थतन्त्रभित्र पसी खुल्ला रूपमा लुट्ने मौका दिइँदैछ ।*

राजा महेन्द्रले गरेको राष्ट्र निर्माण त उपरोक्त कामको सुचीले नै स्पष्ट गर्दछ । क्रान्तिकारी भूमिसुधार गरी द्रुतगतिले औद्योगिकीकरण गर्ने ठोस तथा वैज्ञानिक योजनाहरू तयार पार्नुको साटो भएका पंचवर्षीय

योजनालाईसम्म राजा महेन्द्रले खत्तम गरेका छन् । राष्ट्रिय वन्द व्यापारलाई आघात पुग्ने गरी विदेशी तथा साम्राज्यवादीहरूलाई सहुलियत प्रदान गरी नै रहेका छन् । यति मात्र होइन, देशमा चलिरहेका केही विकासका कामहरू आज बन्दप्रायः नै छन् । सर्वसाधारण जनतालाई पीरमर्का पर्ने करहरू लगाईंदैछ । यसरी जनताको पेट काटी बटुलिएको पैसा राष्ट्र निर्माणको काममा होइन, राजा महेन्द्रको फौजी तानाशाहीलाई कायम राख्न फौज, पुलिस र गुप्तचरहरूमा अन्धाधुन्द प्रकारले खर्च गरिंदैछ । अझै विभिन्न बेलामा प्राप्त भएको वैदेशिक सहायताको रकमलाईसम्म बढ्दो दमनकारी यन्त्रहरूको खर्च बेहोर्न लगाईंदैछ । यसमा पनि सरकारको साधारण बजेटमा घाटा नै छ । यसले जनतामा नयाँ-नयाँ करको बोझ बढ्दै जानेछ भन्ने कुराको संकेत गर्दछ । यसरी राष्ट्र निर्माणका लागि राजा महेन्द्रले केही काम गरेका छैनन्, बरू जनताबाट पेट काटी बटुलेको रकम र नेपालको उन्नतिका लागि विदेशी राष्ट्रहरूले प्रदान गरेको आर्थिक सहायताको उपयोग राजा महेन्द्र आफ्नो तानाशाही कायम राख्न गरिरहेका छन् । यतिमात्र होइन, राष्ट्र निर्माणका लागि चाहिने विभिन्न कुराहरूमध्ये देशमा शान्ति-सुव्यवस्था, आम जनतामा आफ्नो विकासप्रति जोश र उमंग पनि आवश्यक हुन् । राजा महेन्द्रले देशको शान्ति-सुव्यवस्था खत्तम गरेका छन्, जनताको जोश र उमंगलाई कुण्ठित पारेका छन् र आज सारा देश आतंकको स्थितिमा परेको छ ।

निश्चय नै हाम्रो देशमा समाजवादी देशहरूको सहयोगबाट केही उद्योगधन्दाहरू र अस्पतालको निर्माण भइरहेको छ । यो निश्चय नै राम्रो कुरा हो । समाजवादी देशहरूको यो खास विशेषता हो कि उनीहरूले आज अविकसित देशहरूलाई निःस्वार्थ भावले मद्दत गरिरहेका छन् । तर यो कति दुःखलाग्दो कुरा हो कि समाजवादी मुलुकहरूको यस्तो निःस्वार्थपूर्ण मद्दतलाई ग्रहण गर्न आलटालको नीति सरकारले देखाउँदैछ । अर्कोतिर व्यापरिक संस्थानहरू रोपवे, बहन संचारण आदिलाई अमेरिकालीहरूको जिम्मामा सुम्पने काम गरिंदैछ । विदेशी एकाधिकार पूँजीलाई हाम्रो अर्थतन्त्रभित्र पसी खुल्ला रूपमा लुट्ने मौका दिइंदैछ ।

यसै सिलसिलामा पूर्व-पश्चिमको बाटोको उल्लेख गर्नु पनि आवश्यक छ । हाम्रो देशको अर्थतन्त्रलाई गरीबी र अधोगतिको चक्रबाट उठाउनको लागि पूर्व-पश्चिमको बाटोको निर्माण अत्यावश्यक छ । यतिमात्र होइन, नेपालका विभिन्न जातिहरूका बीचमा सामाजिक, राजनीतिक, आर्थिक र सांस्कृतिक सम्बन्धलाई अझै गाढा पारी राष्ट्रिय एकता सुदृढ गर्नमा पनि यो बाटोको ठूलो योगदान रहनेछ । तसर्थः यो बाटोको निर्माण गर्ने कुरामा दुईमत हुन सक्तैन । साथै यसको निर्माणका लागि प्रचुर मात्रामा जनसहयोग अपेक्षित छ भन्ने कुरा निर्विवाद छ । तर राजा महेन्द्रले यस बाटोको निर्माणको नारा दिई करकापको आधारमा बटुलेको धनराशि कहाँ गइरहेछ भन्ने प्रश्न आज जनताका सामु आइरहेछ ।

*ल्हासा-काठमाडौं बाटो नेपाल-चीनको व्यापारलाई फस्टाउने छ । दुई देशका जनताहरूको बीचको मैत्री र सांस्कृतिक आदान-प्रदानलाई सुविधा प्रदान गरी एक-अर्को देशका जनताहरूलाई नज़िकै ल्याई आपसी मैत्रीलाई गहिरो पार्न मद्दत गर्नेछ ।*

जुन राजा महेन्द्रले जनतालाई पिरमर्का पार्ने गरी नयाँ कर लगाई बटुलेको धनराशि र विदेशी सहायता अन्तर्गत प्राप्त भएको रकमलाई बढ्दो दमनकारी यन्त्रको खर्च बेहोर्नेतर्फ लगाइरहेका छन । यस्तो स्थितिमा यस तानाशाही व्यवस्थामा के यो आशा गर्न सकिन्छ कि यस बाटोको निर्माणार्थ उठाइएको पैसाको दुरूपयोग हुनेछैन ? राजा महेन्द्रले बाटोको निर्माणार्थ जनसहयोगको आह्वान गरेका छन् । जुन राज्यमा जनतालाई मौलिक अधिकारबाट बंचित गरिन्छ, आतंक र दमनको राज्य कायम गरिन्छ, मुठ्ठिभर सामन्तलाई खुल्ला लुट गर्ने मौका दिइन्छ र अझै जनतालाई पीरमर्का पार्ने गरी नाना प्रकारका करहरू लगाइन्छ- यस्तो राज्यमा जनसहयोग भएन भनेर भन्नु एक ठूलो मुर्खयाइँ हो । जनताको अग्रगामिता, उत्साह र उमंगलाई कुण्ठित पारी जनसहयोग प्राप्त गर्न सकिन्न । देशका कतिपय ठाउँहरूमा यस सरकारले राष्ट्र निर्माणको नाममा भय र आतंक देखाई गरीब जनतालाई बेगारी अर्थात् महेन्द्रशाहीको श्रमदान लगाइँदैछ ।

राष्ट्र निर्माण पनि प्रजातन्त्रसँग सम्बन्धित सवाल हो । जनतालाई सामन्ती, विदेशी र साम्राज्यवादी उत्पीडनबाट मुक्त गरी सबै अधिकारले सुसज्जित गराएर मात्र द्रुतगतिले राष्ट्र निर्माण हुन सक्ने छ । विश्वको इतिहासले बताइसकेको छ कि सामन्ती उत्पीडनलाई कायम राखी हुकुमी तानाशाही अन्तर्गत कुनै पनि देशको निर्माण हुन सक्तैन । त्यसै गरी यो





# राजनीति आयोगको भनाइ

अन्तर जोन सामाञ्जस्य समितिका मन्त्री का. तुलसीलाल अमात्यले तेस्रो पार्टी महाधिवेशनमा राजनीतिक रिपोर्ट पेश गर्नुभएको थियो । उक्त रिपोर्टमा सबै प्रतिनिधिहरूले आफ्नो विचार प्रकट गर्न सकुन् भन्ने उद्देश्यले प्रतिनिधिहरूको विभिन्न डफ्फा पार्टी महाधिवेशनले बनाएको थियो । यी विभिन्न डफ्फा-बैठकहरूमा सबै साथीहरूले भाग लिए । संशोधन, थप-घट आदिका सुझावहरू आए ।

डफ्फा बैठकबाट आएका विभिन्न सुझावहरूलाई एकत्रित गर्न महाधिवेशनले ९ जनाको एउटा आयोग खडा गऱ्यो । सो आयोगले डफ्फा बैठकहरूबाट आएका सुझावहरूलाई एकत्रित गरी महाधिवेशनमा पेश गऱ्यो । औपचारिक रुपबाट तेस्रो पार्टी महाधिवेशनले रिपोर्टमा आएका सुझावहरूलाई स्वीकृति, अस्वीकृति, नयाँ थप सुझाव आदि दिने काम गरी राजनीतिक रिपोर्टलाई पारित गऱ्यो ।

त्यसपछि, पारित गरिएका विभिन्न सुझावहरूको आधारमा रिपोर्टमा संशोधन गरी प्रकाशित गर्न पार्टी महाधिवेशनले ५ जनाको एउटा राजनीतिक आयोगको गठन गऱ्यो । तेस्रो पार्टी महाधिवेशनको सो आदेश बमोजिम, मूल रिपोर्टमा संशोधन गरी यस रुपमा राजनीतिक रिपोर्ट तयार गरेका छौं ।

काठमाण्डू ।
२०१९ साल, आषाढ ।

**राजनीतिक आयोग,**
**तेस्रो पार्टी महाधिवेशन,**
**नेपाल कम्युनिष्ट पार्टी।**

आजै स्पष्ट छ कि राजा महेन्द्रको तानाशाही व्यवस्थामा राष्ट्रको निर्माण हुने त होइन राष्ट्रको अधोगति नै हुनेछ ।

**ल्हासा-काठमाडौं सडक र चीन-नेपाल सीमा सन्धि**

२५०० वर्षअघि गौतम बुद्धको बेलामा पनि नेपाल- भारत र चीनको बीच व्यापार केन्द्र थियो । त्यस बेला भारत तथा चीन दुवै देशसँग यातायातको कठिनाई थियो । समयको परिवर्तनले गर्दा भारतसँग यातायातलाई सजिलो पार्दै ल्यायो, अब चीनसँगको यातायात पनि सुविधाजनक हुन्छ भने आपत्ति किन ? चीनको तिब्बती क्षेत्रसँग हजारौं वर्षदेखि राम्रो व्यापार चल्दै आइरहेछ । यातायातको असुविधा हटाउन र पुरानो गोरेटोलाई आधुनिकीकरण गर्न धेरै वर्षदेखि नेपाली जनताले माग गर्दै आएका हुन् । जनभावनाको अनुकुल नै त्यस बेलाका प्रधानमन्त्री टंकप्रसाद आचार्यले नेपाल-कोदारी बाटोको सूत्रपात गरिसकेका थिए । नेपाल कम्युनिष्ट पार्टीलगायत प्रजातान्त्रिक जनताहरूले यस बाटोको यथाशीघ्र निर्माण होस् भन्ने आवाज बारम्बार घन्काउँदै आएका हुन् । यस ल्हासा-काठमाडौं बाटोले नेपाल-चीनको व्यापारलाई फस्टाउने छ । दुई देशका जनताहरूको बीचको मैत्री र सांस्कृतिक आदान-प्रदानलाई सुविधा प्रदान गरी एक-अर्को देशका जनताहरूलाई नजिकै ल्याई आपसी मैत्रीलाई गहिरो पार्न मद्दत गर्नेछ । यस बाटोले हाम्रो अर्थतन्त्रलाई सुदृढ गर्न एउटा ठूलो मद्दत गर्नेछ । यस बाटोको निर्माणमा जति ढिलो भयो उति देशलाई नोक्सान नै छ । तसर्थः नेपाल कम्युनिष्ट पार्टी आफूले धेरै पहिलेदेखि भन्दै आएको कुरालाई एक चोटि फेरि दोहोऱ्याई भन्दछ, यो बाटोको यथाशीघ्र निर्माण गर । यसै सम्बन्धमा यस बाटोप्रति नेपाली कांग्रेसले राष्ट्रहित विपरीत लिएको नीतिको कम्युनिष्ट पार्टीले बारम्बार आलोचना गर्दै आएको हो ।

*सामन्त र किसानहरूको बीचको संघर्षलाई खत्तम गरी सामन्ती उत्पीडन यथावत कायम राखी यिनीहरूको बीचमा प्रेम र सद्भावना बढाउने प्रचार गर्नुको सोझो माने हो- किसानहरूको हक र हितको विपरीतमा सामन्तहरूलाई मद्दत गर्नु ।*

यसैगरी चीन-नेपाल सीमा सन्धि पनि नेपाली जनभावनाको अनुकुल भएको छ । संसदीय प्रजातन्त्रकै बेलामा कोइराला मन्त्रिमण्डले चीनसँगको सीमा सन्धिमा एउटा गहकिलो पाइला चाली सीमा-सम्झौता गर्न शुरु गरेको थियो । नेपाल कम्युनिष्ट पार्टी यो सीमा-संझौताको हार्दिक स्वागत गर्दछ ।

यी दुई कुराहरूसँगै सम्बन्धित नेपालको राजनीतिको पनि चर्चा यहाँ हुनु आवश्यक छ ।

यिनै दुई कुराहरूको आधारमा राजा महेन्द्रलाई प्रगतिशील र राष्ट्रियताको संरक्षक हुन् भन्ने व्यापक प्रचार चलाईदैछ । यो एउटा विचारणीय प्रश्न हो कि कुनै सरकारको एकाध कामको आधारमा मूल्यांकन हुन्छ कि त्यस सरकारले गरेका विभिन्न कामहरूको समष्टिलाई आधार मानी मूल्यांकन गरिन्छ ? राजा महेन्द्रको एकाध कामको आधारमा मूल्यांकन गरिने होइन, यसको साटो उनले गरेका कामहरूको समष्टिको आधारमा मूल्यांकन हुनुपर्दछ । यस बदलिदो दुनियाँमा समाजवादी देशहरूको बढ्दो तागतको बेलामा घोर प्रतिक्रियावादी सरकारहरूले पनि राम्रै सम्बन्ध राख्नुपरेको छ । जेहोस् यी दुई राम्रा कुराहरू भएका छन् । राजा महेन्द्रले आज अंग्रेज अमेरिकाली साम्राज्यवादीहरूलाई हिजोदेखि प्रदान गरिआएको सुविधालाई मात्र कायम राखेका होइनन्, अझ बढी प्रदान गरेका छन् । विदेशी दवावबाट देशलाई पूर्ण मुक्त गर्ने कुनै काम गरेका छैनन् । जनताको सम्पूर्ण अधिकारको हरण गरी मक्काइसकेको सामन्ती व्यवस्थालाई टेवा दिने काम गरेका छन् । देशमा फौजी तानाशाही कायम राखी सारा देशलाई आतंकित पारी राखेका छन् । राजा महेन्द्रका यी कामहरूले के कुराको संकेत गर्दछ ? राजालाई प्रगतिशील भन्नेहरूको सामु हाम्रो यो सोझो प्रश्न हो । नेपाल कम्युनिष्ट पार्टी ल्हासा-काठमाडौं सडक र चीन-नेपाल सीमा सन्धिको समर्थन गर्दा गर्दै पनि राजाको प्रतिक्रियावादी, प्रतिक्रान्तिकारी, सामन्तपरस्त, साम्राज्यवादी र विदेशीहरूलाई सहुलियत प्रदान गर्ने तानाशाही चरित्रलाई बिर्सेर राजालाई प्रगतिशील र राष्ट्रियताको संरक्षक मान्न तयार छैन; न त राजाको तानाशाही हुकुमी व्यवस्थाको विरोधमा हुने संघर्षबाट मुख मोड्ने अथवा संघर्षलाई पन्छाउने पक्षमा नै छ ।

**शाही जनवर्गीय संगठन र तानाशाही व्यवस्था**

राजा महेन्द्रले आफ्नो तानाशाही व्यवस्थालाई सुदृढ गर्न पंचायती व्यवस्थाको सिर्जना गरे भने अर्कोतिर त्यसै व्यवस्था अनुरूप विभिन्न जन तथा वर्गीय संगठनहरूको स्थापना गरिरहेका छन् । जनताको अग्रसरतामा खडा भएका विभिन्न जन तथा वर्गीय संगठनहरूलाई अवैध घोषणा गरेका छन् । राजा महेन्द्रको सरकारको सिधा रेखदेखमा विभिन्न शाही जन तथा वर्गीय संगठनहरूको गठन भइरहेछ । यी संगठनहरूको विधान पनि राजा महेन्द्रको सरकारले नै तयार पारेको छ । यी संगठनहरूका विभिन्न स्तरीय समितिका मुख्य पदाधिकारी जस्तै मन्त्री र कोषाध्यक्ष सिधा सरकारबाट मनोनित हुन्छन् । त्यसमा पनि अझै प्रत्येक समितिको कार्यकारिणीमा दुई व्यक्ति सभापतिले मन्त्रीको सल्लाहबाट मनोनित गर्दछ । विभिन्न स्तरीय समितिमा राजाद्वारा मनोनित सदस्यहरूकै रजाई चल्दछ ।

*राजा महेन्द्र आफ्नो हुकमशाही व्यवस्थालाई कायम राख्न, सामन्ती उत्पीडनलाई यथावत राख्न र आफ्नो जनविरोधी कारवाहीलाई ढाक्नको लागि जनतामा व्याप्त राष्ट्रिय भावनाको दुरूपयोग गर्ने चाल गरिरहेका छन् । राजा र राष्ट्रियता पर्यावाची अर्थात् समान अर्थ बुझाउने शब्द हुन् भन्ने प्रचार चलाइँदैछ ।*

फौज, पुलिस र सामन्तहरूको आतंकको स्थितिमा, मौलिक अधिकार जनताबाट खोसिएको बेलामा र यस्तो विधानद्वारा बाँधिएको बेलामा यी संगठनहरूले के काम गर्नेछन् भन्ने कुरा स्पष्ट छ । त्यसमा पनि थोत्रो वर्गीय सामञ्जस्यताको सिद्धान्तको सरकारी प्रचार भइरहेछ । सामन्तहहरूको उत्पीडनबाट आज देशका बहुसंख्यक किसानहरू शोषित भएको बेलामा वर्गीय सामञ्जस्यताको सिद्धान्तको के माने रहन्छ ? सामन्त र किसानहरूको बीचको संघर्षलाई खत्तम गरी सामन्ती उत्पीडन यथावत कायम राखी यिनीहरूको बीचमा प्रेम र सद्भावना बढाउने प्रचार गर्नुको सोझो माने हो- किसानहरूको हक र हितको विपरीतमा सामन्तहरूलाई मद्दत गर्नु । पूँजीपतिहरूद्वारा मजदूरमाथि गरिएको शोषण र अत्याचारप्रति बेवास्ते नीति लिइकन यिनीहरूको बीचमा हुने संघर्षलाई दबाइ सद्भावना बढाउन खोज्नु सोझो रूपमा शोषकहरूलाई साथ दिनु हो । जबसम्म समाज विभिन्न वर्गमा विभाजित रहन्छ र एउटा वर्गले अर्को वर्गको शोषण गरिरहेको हुन्छ, त्यसबेला वर्गीय सामञ्जस्यताको सिद्धान्तको प्रचार गर्नुको माने सो शोषक वर्गलाई खुल्ला रूपमा साथ दिनु, अझै यस्तो बेलामा वर्गीय सामञ्जस्यताको सिद्धान्तले शोषित वर्गको वर्ग चेतना र वर्ग संघर्ष गर्ने भावनालाई कुण्ठित पार्ने कुचक्र गरेको हुन्छ ।

आम जनताको अग्रसरतामा खडा भएका संगठनहरूलाई प्रतिबन्धित गरी शाही जनवर्गीय संगठनहरू खडा गरी किसान, मजदूर, युवक, विद्यार्थी, महिला, बालक आदिहरूमा व्याप्त उत्साह, उमंग र अग्रसरतालाई कुण्ठित गर्ने कुचक्र गरिएको छ । यी शाही जनवर्गीय संगठनहरूले वर्गीय चेतना र वर्ग





संघर्षलाई कुण्ठित गर्ने कुप्रयास गर्ने छन् । राजा महेन्द्र र सामन्तहरूकै पिछलग्गूहरूको यी संगठनहरूमा प्रधानता हुने हुनाले यी संगठनहरूले आफ्नो वर्गीय हित र हकको लागि लड्न सक्ने छैनन् । कोही एकाध असल मानिस भएतापनि तिनीहरूले केही गर्न सक्ने छैनन् ।

यी शाही जन तथा वर्गीय संगठनहरूको गठन गरी राजा महेन्द्रले आफ्नो फौजी तानाशाही व्यवस्थालाई र सामन्ती व्यवस्थालाई टेवा दिन दुनियाँका अरू तानाशाहले गरेझैं एउटा सामाजिक आधार खडा गर्ने षड्यन्त्र गरेका हुन् । यी संगठनहरूको मुख्य काम राजाको यशोगान गर्नु, जनतालाई संघर्षबाट विमुख पार्नु र बढ्दो जन असन्तोषलाई दबाउन मुख्य भूमिका हुनेछ । राजा महेन्द्रले आम जनताको गतिविधिमाथि निगरानी राख्न यी संगठनहरूको उपयोग गर्नेछन् । यसरी हामी देख्दैछौं कि राजा महेन्द्रले फौजी तानाशाह र सामन्ती व्यवस्थाको पक्षमा संगठित प्रतिक्रियावादी शक्ति तयार पार्ने कुचक्र गरिरहेका छन् । यो प्रजातान्त्रिक शक्तिहरूमाथिको एउटा ठूलो चुनौती हो । बेलामा नै राजाको यस षड्यन्त्रलाई असफल गर्न कम्मर कसी अघि बढ्नुपरेको छ ।

**राजा महेन्द्र र राष्ट्रियताको प्रश्न**

विश्वको रंगमंचमा उपनिवेशवाद धमाधम खत्तम भइरहेछ । हिजोका उपनिवेशहरू आज स्वतन्त्र राष्ट्रको रूपमा देखा परिरहेछन् र हिजोका साम्राज्यवादी र विदेशी दवावमा परेका देशहरू मुक्त भई आज बढी मात्रामा स्वतन्त्र भूमिका खेल्दै आइरहेका छन् । सबै जसो अविकसित र पछौटे देशहरू कुनै न कुनै रूपबाट विदेशी साम्राज्यवादीहरूको हस्तक्षेपको शिकार भएकै छन् । तसर्थः यी देशहरूका सामु विदेशी र साम्राज्यवादीहरूको सबै प्रकारको हस्तक्षेपबाट देशलाई पूर्ण मुक्त गरी देशको द्रुतगतिले विकास गर्नुछ ।

हाम्रो नेपालले पनि विदेशी तथा साम्राज्यवादीहरूको दवावबाट पूर्ण मुक्ति प्राप्त गरिसकेको छैन । अरू गंभीर समस्याहरूका साथै यो पनि धेरै कालदेखि हाम्रो उन्नति र विकासमा बाधक भएर आइरहेछ । देशको द्रुतगतिले विकास गर्नको निमित्त सबै प्रकारका विदेशी र साम्राज्यवादीहरूको दवावबाट पूर्ण मुक्त भई सबल राष्ट्रियताको विकास गर्नु उत्तिकै आवश्यक छ । नेपाली राष्ट्रियतालाई सबल र दिगो पार्न चाहिने आवश्यक कुराहरू यी हुन् । क्रान्तिकारी भूमिसुधार, द्रुतगतिले देशको औद्योगिकीकरण, तमाम असमान सन्धिहरूको अन्त, कोशी, गण्डक र भारतसँग व्यापारिक सन्धिमा हाम्रो राष्ट्रिय हितलाई प्रतिनिधित्व गर्ने गरी संशोधन गर्नु, भारतीय चेकपोष्टलाई फिर्ता पठाउनु, गोर्खा भर्तिकेन्द्रको स्थापना गराउन दिने घृणित सन्धिहरूलाई तुरून्त खारेज गर्नु, भारतीय र अरू विदेशी आर्थिक दवावबाट पूर्ण मुक्ति प्राप्त गरी राष्ट्रिय बन्द व्यापारलाई फस्टाउनु, आफ्नो देशको कला, साहित्य र संस्कृतिको प्रचुर मात्रामा वृद्धि गर्नु, समाजवादी देशहरूसँग आर्थिक, सांस्कृतिक र कुटनैतिक सम्बन्धलाई गाढा पार्नु र सबै देशहरूसँग क्रियाशील पञ्चशीलको आधारमा मैत्री सम्बन्ध कायम गर्नु आदि प्रमुख हुन् ।

नेपाल कम्युनिष्ट पार्टीले आफ्नो जन्मकालदेखि नै उपरोक्त कुराहरूलाई व्यवहारिक रूप दिलाउनको लागि संघर्ष गर्दै व्यापक रूपमा जनचेतना बढाउँदै आएको हो । विगत १२ वर्षको इतिहास साक्षी छ, कोशी, गण्डक असमान व्यापार सन्धिहरूको विरोधमा, भारतीय मिलिटरी मिशन र चेक पोष्टको फिर्ताका लागि, गोर्खा भर्तिकेन्द्रलाई बन्द गराउन तथा तमाम विदेशी र साम्राज्यवादी दवावबाट देशलाई पूर्ण मुक्त गर्नको लागि नेपाल कम्युनिष्ट पार्टी नै पहिलो पार्टी हो, जुन पार्टीले पहिलो चोटि आवाज घन्काएको थियो । यसले गर्दा कम्युनिष्ट पार्टीले देशका र विदेशका प्रतिक्रियावादीहरूको आक्रमणको सामना गर्नुपऱ्यो, तर कम्युनिष्ट पार्टी देशप्रतिको यो ऐतिहासिक जिम्मेवारीलाई पूरा गर्नमा कहिल्यै विचलित भएन । नेपाली कांग्रेसलगायत अरू पार्टीहरूले उपरोक्त कुराहरूको लागि लड्नुको साटो विदेशी र साम्राज्यवादीहरूलाई सहुलियत प्रदान गर्ने नीतिकै अनुशरण गरिराखे र यी प्रश्नहरू कम्युनिष्टहरूको चाल हो भन्ने प्रचार नै चलाइराखे ।

विश्वको बदलिंदो परिस्थितिले गर्दा र खास गरी नेपाल कम्युनिष्ट पार्टी तथा वामपन्थी र प्रजातान्त्रिक शक्तिहरूको भगीरथ प्रयत्नले गर्दा विदेशी थिचोमिचोको विरोधमा राष्ट्रियताको भावना हाम्रो जनतामा आएको छ ।

*तिब्बती जनताको मुक्तिले हामीले विस्तारै ग्रहण गर्दै आएको तटस्थ वैदेशिक नीतिलाई बल पुऱ्याउन ठूलो मद्दत गऱ्यो, रूस, चीन र अमेरिकाको राजदूतावास नेपालमा खुल्यो ।*

राजा महेन्द्र आफ्नो हुकमशाही व्यवस्थालाई कायम राख्न, सामन्ती उत्पीडनलाई यथावत् राख्न र आफ्नो जनविरोधी कारवाहीलाई ढाक्नको लागि जनतामा व्याप्त राष्ट्रिय भावनाको दुरूपयोग

गर्ने चाल गरिरहेका छन्। राजा र राष्ट्रियता पर्यावाची अर्थात् समान अर्थ बुझाउने शव्द हुन् भन्ने प्रचार चलाईदैछ। सारा नेपालीको प्रतिनिधि हुँ भन्ने प्रचार गरी तथाकथित वर्गीय सामञ्जस्यताको सिद्धान्त खडा गरी उत्पीडित किसानहरूलाई सामन्ती शोषणको विरोधमा लड्नबाट रोक्ने षड्यन्त्र गरिरहेका छन्।

राजा कति रूपमा राष्ट्रियताका हिमायती हुन् भन्ने कुरा त यसबाट नै स्पष्ट हुन्छ कि राष्ट्रियतालाई सवल र दिगो पार्न माथि भनिएका कुनै काम राजाबाट भएको छैन। आजसम्म गण्डक, कोशी, सम्झौता र असमान व्यापार सन्धि यथावत् नै छ। भारतीय पूँजीलाई हाम्रो देशमा लुट गर्ने खुला मौका दिइँदैछ। यतिमात्र होइन, अझै बढी सहुलियत प्रदान गरी विदेशी अमेरिकाली र ब्रिटिश एकाधिकार पूँजीलाई निम्त्याइँदैछ। गोर्खा भर्तिकेन्द्रलाई रहन मात्र दिएको होइन, ब्रिटिश साम्राज्यवादीहरूलाई अझै बढी फौज खडा गर्ने सहुलियत प्रदान गरिंदैछ। विभिन्न बहानाहरूको आधारमा प्रशासन यन्त्रमा र सामाजिक जीवनमा असर पार्न अमेरिकाली साम्राज्यवादलाई विभिन्न सुविधाहरू प्रदान गरिरहेका छन्। देशको उद्योग धन्दा, यातायातका साधनहरू, शिक्षण संस्था तथा स्वाथ्य केन्द्रहरूमा बढी मात्रामा अमेरिकालीहरूको प्रवेश गराइँदैछ। अरू देशहरूको अनुभवले स्पष्ट गरिसकेको छ बढ्दो अमेरिकालीहरूको प्रवेश देशको स्वतन्त्रतामा एउटा खतरा हो।

देश सबैको साझा हो। देशमा राष्ट्रियतालाई सवल र दिगो पार्न आम जनताको अधिकार खोसेर सकिंदैन। यसको विपरित आम जनतालाई बढीभन्दा बढी अधिकार प्रदान गरेर नै राष्ट्रियता फस्टाउन सक्दछ। देशका बहुसंख्यक जनता किसान समुदायमाथि सामन्ती उत्पीडन कायम राखी राष्ट्रियताको विकास हुँदैन, यसको साटो क्रान्तिकारी आमूल भूमिसुधार गरी किसानहरूलाई शोषणबाट मुक्त गर्नाले नै राष्ट्रियता दिगो हुन्छ। तर राजा महेन्द्रले मक्किसकेको सामन्ती व्यवस्था दिगो राख्ने विभिन्न चाल गरिराखेका छन्। विदेशी हस्तक्षेप र दवाबबाट राष्ट्रिय बन्द व्यापारलाई मुक्त गर्नाले नै राष्ट्रियता बलियो हुन्छ। तर राजा महेन्द्र विदेशीहरूलाई खुल्ला लुट गर्न सहुलियत प्रदान गरिरहेका छन्। युवक तथा विद्यार्थीहरूले स्वछन्द वातावरणमा आफ्नो र देश हितको कुरातर्फ अग्रसरता, उत्साह र उमंग देखाएमा नै राष्ट्रियता सुदृढ हुन्छ। तर राजा महेन्द्रले युवक, विद्यार्थीहरूका तमाम संगठनहरूलाई अवैध गरी, उनीहरूको अग्रसरता, उत्साह र उमंगलाई मारी देशमा राष्ट्रिय चेतनाको सही अभिवृद्धिलाई रोकेका छन्। राजाको एकोहोरो गुणगान गराएर मात्र राष्ट्रियता फल्न-फुल्न सक्दैन।

> *अरू देशहरूको अनुभवले स्पष्ट गरिसकेको छ- बढ्दो अमेरिकनहरूको प्रवेश देशको स्वतन्त्रतामा एउटा खतरा हो। हाम्रो देशका विभिन्न क्षेत्रहरूमा बढिरहेको अमेरिकाली प्रवेशप्रति नेपाली नागरिकहरूले बेवास्ते नीति लिन सक्दैनन्।*

आफ्नो तानाशाही व्यवस्थालाई सुदृढ गर्न र देशका मूलभूत समस्याप्रति जनतालाई क्रियाशील हुनबाट वन्चित गर्न राजा महेन्द्रले केही भावात्मक नारा दिएका छन्। संसदीय व्यवस्था अराष्ट्रिय र पंचायती व्यवस्था राष्ट्रिय भन्ने हाँसोउठ्दो तर्कसम्म पनि उनी दिइरहेका छन्। कुनै व्यवस्था राष्ट्रिय हुने र अर्को व्यवस्था अराष्ट्रिय हुने होइन। राष्ट्र हितको लागि चाहिने कुराहरू भए/भएनन् भन्ने प्रश्न नै मुख्य हो। साँच्चै भन्ने हो भने तमाम अधिकार जनताबाट खोसी एक जना व्यक्तिको हातमा सुम्पिनु निश्चय नै राष्ट्रियताको निम्ति खतराको कुरा हो। यो पनि कटु सत्य हो कि प्रजातान्त्रिक शक्तिहरूको कमजोरी, यतातिर राष्ट्र हितका केही प्रश्नहरूमाथि नेपाली कांग्रेसले देखाएको कमजोर पक्षहरू र हाम्रो पार्टीमा यतातिर सक्रियताको कमीले गर्दा जनतामा ब्याप्त राष्ट्रिय भावनालाई केही हदसम्म दुरूपयोग गर्न राजा महेन्द्र सफल भएका छन्। तसर्थ: प्रजातन्त्रको विकास र राष्ट्रियतालाई फष्टाउन राजा महेन्द्रको यो चालबाट जनतालाई सावधान गरी प्रजातन्त्रको विस्तारमा राष्ट्रियता सुदृढ र दिगो हुन्छ। कम्युनिष्ट पार्टीको यो दृढ संकल्प छ, यसले एकातिर स्वार्थपूर्ण जन विरोधी कारवाहीहरूको भण्डाफोड गर्दै जानेछ भने अर्कोतिर राष्ट्रियता र राष्ट्र हितका प्रश्नहरूका निमित्त निरन्तर संघर्ष गरिनै रहनेछ।

## राजाको हुकुमी शाही व्यवस्था र परराष्ट्र नीति

चिनियाँ कम्युनिष्ट पार्टीको नेतृत्वमा महान् चिनियाँ जनताको मुक्ति, भारतीय स्वतन्त्रता प्राप्त गर्नु, विश्वको रंगमञ्चमा साम्राज्यवादी शक्तिहरूको ह्रास र समाजवादी शक्तिहरूको अभिवृद्धि र खास गरिकन हाम्रो देशमा २००७ सालको क्रान्तिद्वारा राणाशाहीको अन्त भई व्यापक रूपमा जनचेतनाको वृद्धि आदिले विगत दश-बाह्र वर्षको इतिहासमा





नेपालको वैदेशिक सम्बन्धमा ठूलो परिवर्तन ल्याएको छ। राणा शासनकालमा ब्रिटिश साम्राज्यवादीसँग मात्र वैदेशिक सम्वन्ध राख्ने नेपाल आज विस्तारै-विस्तारै विश्वको रंगमंचमा महत्त्वपूर्ण स्थान प्राप्त गरिरहेछ। २००७ सालको क्रान्तिले हाम्रो ब्रिटिश साम्राज्यवादमाथिको पूर्ण निर्भरतालाई तोड्यो भने अर्कोतिर भर्खरै स्वतन्त्र भएको भारतले उही पुरानो ब्रिटिश-इण्डियाले उपयोग गर्दै आएको अधिकारलाई यथावत् कायम राखी नेपाललाई आफ्नो प्रभाव क्षेत्रमा राख्ने चाल चल्यो।

तर नेपालका प्रजातान्त्रिक जनशक्तिलाई यो कुरा मान्य थिएन। नेपाल कम्युनिष्ट पार्टीलगायत नेपालका तमाम जनवादी शक्तिहरूले नेपालको वैदेशिक सम्वन्धमा आधारभूत परिवर्तन हुनुपर्छ भन्ने कुराको दृढ मार्ग गर्दै व्यापक आन्दोलन गरे। जनवादी चीन र अरू समाजवादी मुलुकहरूसँग तुरून्तै मैत्रीपूर्ण सम्बन्ध गर भन्ने आवाज देशभरि घन्कियो। साम्राज्यवादी र विदेशी प्रभावबाट देशलाई मुक्त गर्न जनता व्यापक रूपमा संगठित भई मैदानमा उत्रन थाले। यस्तो जनताको आवाज र विश्व राजनीतिमा आइरहेको परिवर्तनले गर्दा नेपालको वैदेशिक सम्वन्धमा पनि परिवर्तन आउन थाल्यो। नेपाल संयुक्त राष्ट्र संघको सदस्य हुनु, जनवादी चीनसँग दौत्य सम्बन्ध कायम हुनु- नेपालको वैदेशिक नीतिमा देखापरेका अत्यन्त महत्त्वपूर्ण घटनाहरू हुन्। श्री टंकप्रसाद आचार्यको शासनकालमा नेपालले तटस्थ वैदेशिक नीतिको केही हदसम्म क्रियाशील रूपमा उपभोग गर्न आरम्भ गरेको हो। जनवादी चीन र सोभियत संघलगायत अरू समाजवादी देशहरूसँग पंचशीलको आधारमा दौत्य सम्बन्ध र अनेकौं राष्ट्रहरूसँग मैत्रीपूर्ण सम्बन्ध कायम गर्दै गयो। यतातिर तिब्बती जनताको मुक्तिले हामीले विस्तारै ग्रहण गर्दै आएको तटस्थ वैदेशिक नीतिलाई बल पुऱ्याउन ठूलो मद्दत गऱ्यो। रूस, चीन र अमेरिकाको राजदूतावास नेपालमा खुल्यो। आम चुनावपछि गठित भएको कोइराला सरकारले तटस्थ वैदेशिक नीतिलाई कायम नै राख्यो। तिब्बतको मामलामा संयुक्त राष्ट्र संघमा यस सरकारले देखाएको नीति, छिमेकी चीनसँग सीमा सम्झौता, शान्ति र मैत्रीको सम्झौता गर्न र आर्थिक सहयोग बढाउन गरेको अग्रसरताले उपरोक्त कुराको पुष्ट्याई गर्छ। यस्तो भन्नुको माने यो कदापि होइन कि नेपाली कांग्रेसको सरकारले वैदेशिक मामलामा कमजोर पक्ष देखाएन। नेपाललाई स्वतन्त्र राष्ट्रको रूपमा क्रियाशील गराउनतर्फ नेपाली कांग्रेसको सरकार सक्रिय देखिएको थियो भने अर्कोतिर राष्ट्रहित विपरीतका विभिन्न सम्झौताहरू भारतसित गरियो।

यसरी हामी देख्दछौं, विदेशी र साम्राज्यवादी प्रभावबाट देशलाई पूर्ण मुक्त गर्ने प्रश्न यथावत् रहेता पनि, विभिन्न सरकारहरूले राष्ट्रहित विपरीत केही काम गरेता पनि प्रजातान्त्रिक सरकारहरूकै बेलामा तटस्थ वैदेशिक नीतिको प्रादुर्भाव भयो, यसलाई ठोस र क्रियाशील पार्ने गहकिला केही प्रयत्नहरू भए। यसै बेलामा नै विश्वको रंगमंचमा नेपालले आफ्नो औचित्य स्थान प्राप्त गर्न अघि बढिरहेको थियो। समाजवादी देशहरूसँग आर्थिक, सांस्कृतिक र कुटनैतिक सम्बन्ध बढिरहेथ्यो।

राजा महेन्द्रको स्तुतिगान गर्नेहरू राजा महेन्द्रलाई नेपालको असंलग्न परराष्ट्र नीतिको प्रतीक हुन् भन्ने प्रचार गर्दछन्। अझै पौष १ गतेको काण्डपछि नै क्रियाशील तटस्थ नीतिको पूर्ण अनुशरण नेपालले गरिरहेछ र विदेशी र साम्राज्यवादी प्रभावबाट नेपाललाई राजा महेन्द्रले मुक्त गरेका छन् भन्ने प्रचार चलाईदैछ। यस्तो प्रचारको आधारमा राजा महेन्द्रको हुकुमशाही अत्याचारमाथि पर्दा हाल्ने कोशिश भइरहेछ। आज सबैले विचार गर्नुपर्ने प्रश्न यो छ- के यो असंलग्न परराष्ट्र नीति राजाकै देन हो? श्री ५ को सरकार राष्ट्रिय निर्देशन मन्त्रालय प्रचार तथा प्रसार विभागबाट प्रकाशित भएको २०१८ साल पौष १ गतेसम्मका मुख्य कामहरू नामक प्रचार-पुस्तिकामा यो कुराको स्वयम् स्वीकार गरिएको छ कि- '२०१७ साल पौष १ गतेको शाही कदमपछि नेपालको परराष्ट्र नीतिको सिद्धान्तमा कुनै मौलिक अदल नभई हाम्रो असंलग्न परराष्ट्र नीतिमा ठूलो गतिशीलता आएको छ।' स्पष्ट छ, यो असंलग्न परराष्ट्र नीति राजा महेन्द्रको देन होइन। यो आजको समयको प्रभाव हो। राष्ट्रिय-अन्तर्राष्ट्रिय शक्तिको क्रिया-प्रतिक्रियाकै फलस्वरूप तटस्थ नीति देखापरेको छ।

> *नेपाली कांग्रेसको साम्राज्यवाद, सामन्तवाद र विदेशी हस्तक्षेपको विरोधी संघर्षमा के भूमिका रहन्छ भन्ने कुरा नेपालको ठोस वस्तुस्थिति र यस पार्टीको इतिहासको आधारमा नै निर्भर गर्दछ।*

अब हेरौं राजा महेन्द्रले देशलाई विदेशी र साम्राज्यवादी प्रभावबाट मुक्त गरी हाम्रो असंलग्न परराष्ट्र नीतिमा ठूलो गतिशीलता ल्याएका छन् भन्ने प्रचार कहाँसम्म सत्य छ। भारतसँग भएका तमाम हाम्रा राष्ट्रहित विपरीतका सम्झौताहरूलाई पूर्ण आदर

गर्नेछु भन्ने घोषणा गरेकै छन् । ब्रिटिश गोर्खा भर्तिकेन्द्र खत्तम मात्र नगरिएको होइन, वढी सहुलियत प्रदान गरी ब्रिटिश साम्राज्यवादीहरूलाई मलायाको जनआन्दोलनलाई दवाउन नेपालका होनहार युवकहरूको रगतसँग राजा महेन्द्रले व्यापार गरिरहेका छन् । यतिमात्र होइन, अमेरिकनहरूलाई हाम्रो प्रशासनयन्त्रमा प्रभाव पार्न विभिन्न सुविधाहरू प्रदान गरिरहेका छन् । देशका उद्योग-धन्दा, यातायातका साधनहरू, शिक्षण संस्था तथा स्वास्थ्य केन्द्रहरूमा बढी मात्रामा अमेरिकनहरूको प्रवेश गराइँदैछ । अरू देशहरूको अनुभवले स्पष्ट गरिसकेको छ, बढ्दो अमेरिकनहरूको प्रवेश देशको स्वतन्त्रतामा एउटा खतरा हो । हाम्रो देशका विभिन्न क्षेत्रहरूमा बढिरहेको अमेरिकाली प्रवेशप्रति नेपाली नागरिकहरूले बेवास्ते नीति लिन सक्दैनन् । राजा महेन्द्रले विदेशी तथा साम्राज्यवादी विभिन्न खालका शोषणबाट देशलाई पूर्ण मुक्त गर्ने दिशातर्फ कुनै ठोस कदम चालेका छैनन् । यी सब कुराहरूले के कुराको संकेत गर्दछ ? राजालाई असंलग्न परराष्ट्र नीतिका प्रतीक र देशलाई साम्राज्यवादी तथा विदेशी प्रभावबाट मुक्ति दिने भन्ने राजावादीहरूले यस कुराको जवाफ दिऊन् ।

यो निश्चय पनि सत्य हो कि अहिले हाम्रो जनवादी चीनलगायत अरू समाजवादी देशहरूसँग सम्बन्ध राम्रो छ । समाजवादी देशहरूबाट आर्थिक सहयोग प्राप्त भइरहेछ । के यत्तिकैको आधारमा राजालाई तटस्थ वैदेशिक नीतिको प्रवर्तक भनी उनले गरेका जनविरोधी कामहरूलाई विर्सन सकिन्छ ? साँच्चै भन्ने हो भने एकजना व्यक्तिको फौजी तानाशाही व्यवस्थामा तटस्थ वैदेशिक नीतिको कुनै सुनिश्चितता रहँदैन, किनभने फौजी तानाशाहीमा तमाम नीतिको निर्माण तानाशाहको स्वार्थ अनुकुल नै गरिन्छ ।

हाम्रो देशको तटस्थ नीतिको ठोकुवा गर्ने हो र यसलाई अझै क्रियाशील बनाउने हो भने यसको पक्षमा व्यापक जनमत तयार पार्नुपर्दछ । आम जनताले यसतर्फ सदा सतर्क रहनुपर्दछ । अनि मात्र तटस्थ वैदेशिक नीतिको सुनिश्चितता रहन सक्दछ । नेपालको तटस्थ वैदेशिक नीतिलाई क्रियाशील गराउनको लागि अझै जनताले महत्वपूर्ण भूमिका खेल्नुछ । भारतसँग भएका तमाम राष्ट्रहित विपरीतका सन्धिहरूलाई हामो राष्ट्र अनुकूल संशोधन गराउनुपर्दछ । ब्रिटिस गोर्खा भर्तिकेन्द्र जस्ता घृणित कामहरूको तुरून्त अन्त हुनुपर्दछ । हाम्रो राष्ट्रका विभिन्न क्षेत्रहरूमा बढ्ने अमेरिकन प्रवेशलाई तुरून्त रोकिनुपर्दछ । समाजवादी तथा अन्य शान्तिप्रिय देशहरूसँगको समानता र आपसी फाइदाको आधारमा मैत्रीपूर्ण सम्बन्ध अझै गाढा पार्दै लैजानुपर्दछ । सबै देशहरूसँग क्रियाशील पंचशीलको आधारमा आपसी फाइदाको ख्याल राखी मैत्री हुनुपर्दछ । यी कुराको अभावमा तटस्थ नीति सही मानेमा क्रियाशील मात्र नहुने होइन कि यस नीतिको परित्यागको खतरा रही नै रहन्छ । आज सारा देशवासीहरूले उपरोक्त कुराको प्राप्तिको लागि व्यापक जनसंघर्ष गर्नुपरेको छ । कम्युनिष्ट पार्टीको यो दृढ निश्चय छ कि आफूले अंगाल्दै आएको तटस्थ वैदेशिक नीतिलाई क्रियाशील गराउने कामतर्फ व्यापक संघर्ष गर्दै जाने छ । यता केही वर्षदेखि देखिंदै आएको तटस्थ वैदेशिक नीतिलाई दिगो पार्न सामन्ती व्यवस्थाको अन्त्य गरी देशको द्रुतगतिले आद्योगिकीकरण गर्नु आवश्यक छ । विदेशी साम्राज्यवादीमाथि जबसम्म हाम्रो अर्थतन्त्र निर्भर रहन्छ; तबसम्म तटस्थ वैदेशिक नीतिको कुनै ठोकुवा हुँदैन ।

> *ठीक हो, पश्चिम युरोपका कतिपय देशहरू र संयुक्त राज्य अमेरिकाले पूँजीवादी पद्धतिद्वारा देशको औद्योगिकीकरण गरे । के आज हामीहरू पनि उनीहरूकै बाटोको अनुशरण गर्न सक्छौं ?*

**नेपाली कांग्रेस र जनआन्दोलन**

हामीले हाम्रो देशको नेपाली कांग्रेसको पनि वैज्ञानिक लेखाजोखा गर्नु आवश्यक छ । नेपाली कांग्रेसले स्वतः आफूलाई समाजवादी पार्टी भन्दछ तर वास्तवमा यो पूँजीवादी विचारधाराको प्रधानता भएको पार्टी हो । यो पार्टी उदारवादी तथा निम्न सामन्त, व्यापारी, धनी किसान, राष्ट्रिय पूँजीपति, युवक, विद्यार्थी आदिको मिश्रित पार्टी हो । यस पार्टीमा पूँजीवादी विचारधाराकै प्रधानता छ र यस पार्टीका तमाम नीतिहरूको निर्माण नेपालमा पूँजीवादको विकास गराउने उद्देश्यले नै हुन्छ भन्ने कुरा त विगत वर्षहरूमा यसले गरेको काम र यसले लिएका नीतिहरूबाट नै स्पष्ट हुन्छ ।

नेपाली कांग्रेसको साम्राज्यवाद, सामन्तवाद र विदेशी हस्तक्षेपको विरोधी संघर्षमा के भूमिका रहन्छ भन्ने कुरा नेपालको ठोस वस्तुस्थिति र यस पार्टीको इतिहासको आधारमा नै निर्भर गर्दछ । नेपाल सामन्ती उत्पीडनबाट शोषित छ । विदेशी तथा साम्राज्यवादी शोषणहरूबाट नेपाल शिकार भएकै छ,





देशभित्रको वर्ग संघर्ष त्यति तीव्र रूपमा पुगिसकेको छैन, कम्युनिष्टलगायत वामपन्थी शक्तिहरू निर्णायक रूपमा विकास भई ठोस रूपमा देशको राजनीतिलाई प्रभाव पार्ने किसिमका भइसकेका छैनन् । नेपालको पूँजीपति वर्ग अत्यन्त कमजोर छ र यहाँको पूँजीपति र व्यापारिक पूँजीपतिहरूको जमिनसँग सिधा साइनो छ । आज जनताको चेतनास्तर पनि त्यति उठिसकेको छैन । यिनै ठोस देशको वस्तुस्थितिको आधारमा नेपाली कांग्रेसको भूमिकाको विश्लेषण हुनुपर्दछ ।

नेपाली कांग्रसले २००७ सालको क्रान्तिको नेतृत्व गरी राणाशाहीको उन्मूलन गर्नमा एउटा ऐतिहासिक भूमिका खेलेको छ र यसको व्यापक असर आम जनतामा परेको छ । तर देशबाट सामन्ती व्यवस्थाको पूर्ण उन्मूलन गर्ने कुरामा देशमा भएका विदेशी र साम्राज्यवादी प्रभावबाट देशलाई मुक्त गर्ने कुरामा नेपाली कांग्रेसले कमजोर पक्ष देखायो । साम्राज्यवादी सामन्ती र विदेशी तत्वहरूलाई सहुलियत प्रदान गर्ने नीतिको अनुशरण गरिनै राख्यो । संविधान सभाको चुनावको लागि केही सालसम्म डटेतापनि अन्तमा गएर त्यस कुरालाई छोड्यो । आम चुनावपछि गठित भएको नेपाली कांग्रेसको सरकारले सामन्ती व्यवस्थालाई धक्का दिने कामहरू गरेतापनि अर्कोतिर विदेशीहरूलाई सुविधा प्रदान गर्ने काम गरिनै राख्यो । कति जनविरोधी नीतिहरूको अनुशरण गरिनै राख्यो । देशको मूलभूत समस्याको समाधान गर्न गहकिला र क्रान्तिकारी कदम चाल्न सकेन । । यो त सर्वविदितै कुरा हो । तीव्र गतिले औद्योगिकीकरण गरी देशको छिटो र चौतर्फी विकास गर्नका लागि क्रान्तिकारी भूमिका सुधार गरी सामन्ती व्यवस्थाको उन्मूलन हुनु आवश्यक छ । विगत वर्षहरूका अनुभवले यो कुरालाई स्पष्ट गरेको छ कि सामन्ती व्यवस्थालाई खत्तम गर्न व्यापक रूपमा किसानहरूलाई संगठित गर्नु आवश्यक छ, क्रान्तिकारी भूमि सुधारको कार्यक्रमले नै किसानहरूलाई व्यापक रूपमा संगठित गर्न सकिन्छ । देशको ठोस रूपमा औद्योगिकरण गर्न पनि क्रान्तिकारी भूमि-सुधार आवश्यक छ । तर नेपाली कांग्रेसको क्रान्तिकारी भूमि सुधार गर्ने कार्यक्रम नै छैन । त्यस्तै प्रकारले देशको विकास गर्ने साम्राज्यवादी र विदेशी प्रभावबाट पूर्ण मुक्त गर्नु आवश्यक छ । तर नेपाली कांग्रेसको यस दिशातर्फ ठोस कार्यक्रम छैन ।

यस प्रकार हामी देख्दछौं कि देशको मूलभूत समस्याको समाधान गर्न सामन्ती व्यवस्थाको अन्त गर्ने कुरा, विदेशी र साम्राज्यवादीहरूबाट मुक्त गर्ने कुरामा नेपाली कांग्रेसको ढुलमुल नीति रहँदै आएको छ । आफू वलियो भएको वेलामा साम्राज्यवादी र विदेशीहरूलाई सहुलियत प्रदान गर्ने नीति कायम राख्दाराख्दै पनि राष्ट्रिय स्वार्थलाई केही हदसम्म अगाडि बढाउने नेपाली कांग्रेसले काम गरेको देख्दछौं भने अर्कोतिर आफू कमजोर भएको बेलामा यसले विदेशी र साम्राज्यवादीहरूसँग साइनो अझ बढाएको पनि पाउँदछौं । कोइराला मन्त्रिमण्डलको बेलामा नेपाली कांग्रेसको सरकारले वैदेशिक मामलामा देखाएका नीति र हाल ल्हासा-काठमाडौं बाटोप्रति देखाएको नीतिले यसको पुष्ट्याईं गर्दछ । हिजो नेपाली कांग्रेस राष्ट्रिय थियो र आज अराष्ट्रिय भएको छ भन्नु वैज्ञानिक र तर्कसंगत ठहर्दैन । हिजोको र आजको दुवै कार्य यसको वर्ग चरित्र मुताविक भएर आएको छ । नेपालमा पूँजीवादको विकास गर्नेतर्फ अग्रसर भएतापनि नेपाली कांग्रेसले सामन्तहरूलाई सुविधा प्रदान गर्ने नीति कायम नै राख्दछ र विस्तारै-विस्तारै सामन्ती व्यवस्थालाई परिवर्तन गर्ने काम गर्दछ ।

त्यसो हुँदा आजको परिस्थितिमा राजा महेन्द्रको तानाशाही व्यवस्थाको विरोधको संघर्षमा नेपाली कांग्रेसको क्रान्तिकारी भूमिका देखिन्छ भने अर्कोतिर सामन्ती व्यवस्थाको क्रान्तिकारी तरिकाले उन्मूलन गर्ने कुरामा यसको कमजोर पक्ष देखिएको छ । यसरी सामन्ती व्यवस्थाको पूर्ण अन्त गरी, विदेशी र साम्राज्यवादी प्रभावबाट देशलाई पूर्ण मुक्त गरी द्रुतगतिले देशको औद्योगिकीकरण गर्ने आजको ऐतिहासिक जिम्मेवारीलाई नेपाली कांग्रेसले पूरा गर्न सक्दैन । नेपाली कांग्रेसले राजाको फौजी तानाशाहीको विरोधमा क्रान्तिकारी भूमिका खेल्दछ र साथै साम्राज्यवादी, विदेशी र सामन्ती तत्वहरूलाई सुविधा प्रदान गर्ने नीतिको अनुशरण गर्दा गर्दै पनि यिनीहरूको विरूद्ध संघर्ष बेला-बेलामा गरिनै रहन्छ । नेपाली कांग्रेसको यो दोहोरो चरित्रलाई बुझ्नु नितान्त आवश्यक छ । आजको नेपालको जनक्रान्तिमा नेपाली कांग्रेसको क्रान्तिकारी भूमिका छ भने यस क्रान्तिलाई अन्तिम लक्ष्यसम्म पुऱ्याउने कुरामा नेपाली कांग्रेस असमर्थ छ । यी दुवै कुरालाई विचारमा राखेर नै नेपाली कांग्रेसप्रतिको नीतिको निर्माण हुनुपर्दछ ।

> *राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम नै एकमात्र यस्तो कार्यक्रम हो, जसले हाम्रो राष्ट्रको विभिन्न अंगको समुचित विकास गर्न सक्ने छ ।*

**राष्ट्रिय प्रजातन्त्र नै मूलभूत समस्या समाधान गर्ने कार्यक्रम**

एकातिर राजा

महेन्द्रको पंचायती प्रजातन्त्रको कार्यक्रमले देशको मूलभूत समस्या समाधान गर्नुको साटो देशलाई अझै अवनतिको बाटोतिर लान्छ । राष्ट्रिय पूँजीको विकास गरी देशको द्रुतगतिले औद्योगिकीकरण गर्नुको साटो विदेशी पूँजीलाई खुला लूट गर्न दिन्छ । सामन्ती व्यवस्थाको पूर्ण उन्मूलन गरी क्रान्तिकारी भूमि सुधार गर्नाको साटो समयभन्दा धेरै पछाडि परिसकेको सामन्ती व्यवस्थासँग पूरा साँठगाँठ राख्दछ । प्रजातन्त्रको विस्तार गरी सारा नेपाली समाजको विभिन्न पक्षलाई पूर्ण प्रजातान्त्रिकीकरण गर्नुको साटो देशका आम जनतालाई साधारण प्रजातान्त्रिक अधिकारबाट पनि बंचित राख्दछ । अर्कोतिर, नेपाली कांग्रेसको कार्यक्रमले राजा महेन्द्रको तानाशाहीको विरोधमा संघर्ष गरेतापनि देशको मूलभूत समस्या समाधान गर्ने कार्यक्रम नहुँदा क्रान्तिको अन्तिम लक्ष्यसम्म पुग्ने गरी यसले व्यापक रूपमा जनतालाई संगठित गर्न सक्दैन । तसर्थः देशको मूलभूत समस्याको समाधान गर्न ठोस र वैज्ञानिक कार्यक्रमको आवश्यकता छ, जसले यस अवस्थाको तमाम् क्रान्तिकारी तत्वहरूलाई व्यापक रुपमा एकतावद्ध गर्न सकोस् र तमाम् क्रान्तिकारी वर्गहरूको अथवा आम जनताको समस्याहरू समाधान गर्न सकोस्- जसले समाजवादमा लम्कने बाटो खोलोस् र आम जनताको जीवन सुनिश्चित गरी उनीहरूको जीवनस्तरमा उत्तरोत्तर वृद्धि गर्न सकोस् । यसै कार्यक्रमले देशका मजदूर, किसान, वुद्धिजीवी, शहरिया मध्यम वर्ग तथा राष्ट्रिय पूँजीपति वर्ग जस्ता तमाम् क्रान्तिकारी वर्गहरूलाई संगठित पनि गर्न सकिनेछ । यो त निर्विवाद सत्य हो, हाम्रो विकासको अवरोधक सामन्ती व्यवस्था छ । यो सामन्ती व्यवस्थाको अन्त गरी कुन व्यवस्थाको सिर्जना गर्ने हो, यो एउटा प्रमुख प्रश्न भएर आएको छ । देशको विकास गर्ने बाटो पूँजीवादी पद्धति नै हो या अरू कुनै तरिका छ भन्ने कुरालाई आज प्रत्येक देशवासीले गम्भीरतापूर्वक मनन् गर्नु जरूरी छ । ठीक हो, पश्चिम युरोपका कतिपय देशहरू र संयुक्त राज्य अमेरिकाले पूँजीवादी पद्धतिद्वारा देशको औद्योगिकीकरण गरे । के आज हामीहरू पनि उनीहरूकै बाटोको अनुशरण गर्न सक्छौं ? आज विश्व पूँजीवाद एउटा ठूलो संकटमा परेको छ । ठूला-ठूला पूजीवादी र विकसित देशहरू पनि आज आर्थिक संकटबाट ग्रसित छन् । ठूला-ठूला पूँजीवादी र विकसित देशहरूमा नै पूँजीवादी व्यवस्थाको अस्तित्व राख्न ठूलो गाह्रो परेको छ । एक जमानामा प्रगतिशील ठहरिएको पूँजीवाद आज समयभन्दा धेरै पछाडि परिसकेको छ ।

आजको यस बदलिंदो जमानाको आवश्यकतालाई पूँजीवादले पूरा गर्न सक्दैन । त्यसमा पनि अझै पूँजीवादी बाटो एउटा धेरै समय लाग्ने बाटो हो र आम जनताको दुःख, पीडा, बेकारी, गरीबी आदिको आधारमा देशको औद्योगिकीकरण गर्ने बाटो हो । अझै, जस्तो कि हामीले अघिल्लो अध्यायमा भनिसकेका छौं- राष्ट्रिय-अन्तर्राष्ट्रिय खास परिस्थितिले गर्दा हाम्रो देशको पूँजीवादी पार्टीले देशको पूर्ण औद्योगिकीकरण गर्ने काम पूरा गर्न सक्दैन । तसर्थः तमाम अविकसित र पछौटे देशहरूका जनता आज पूँजीवादी पद्धतिभन्दा भिन्दै देश विकासको बाटोलाई पहिल्याइरहेका छन् ।

> *पूँजीपति वर्गको प्रतिक्रियावादी अंगले आफ्नो स्वार्थी, संकुचित वर्गीय स्वार्थलाई नै राष्ट्रिय स्वार्थको रूपमा गरेको प्रदर्शनको कम्युनिष्टहरूले भण्डाफोर गर्दछन् र सोही नै उद्देश्यको प्राप्तिको लागि पूँजीवादी राजनीतिहरूले समाजवादी नाराहरूको शब्दाडम्वरको रूपमा प्रयोग गरेको पनि कम्युनिष्टहरूले पर्दाफास गर्दछन् ।*

आजको विश्वमा देखापरेका नौला परिवर्तनहरूले देश विकास गर्न एउटा उज्वल, सुखद र छोटो पद्धतिलाई तमाम् अविकसित र पछौटे देशहरूका सामु एउटा आशाको किरणको रूपमा देखापरेको छ । जस्तो कि ८१ देशका कम्युनिष्ट तथा मजदूर पार्टीहरूको वक्तव्यले भन्दछ, 'आजको वर्तमान ऐतिहासिक परिस्थितिमा स्वतन्त्र राष्ट्रिय प्रजातन्त्र, भनाइको तात्पर्य यस्तो राज्य जो निरन्तर रूपमा आफ्नो आर्थिक र राजनीतिक स्वतन्त्रतालाई कायम राख्दछ, साम्राज्यवाद र यसका सैनिक संगठनहरूको विरोधमा संघर्ष गर्दछ, आफ्नो देशभित्र भएका सैनिक केन्द्रहरूको विरोधमा संघर्ष गर्दछ, यस्तो राज्य जसले उपनिवेशवादका नयाँ पद्धतिहरूको र साम्राज्यवादी पूँजीको देशभित्र घुस्नुको विरोध गर्दछ, यस्तो राज्य जसले तानाशाही र निरंकुश शासन प्रणालीलाई अस्वीकार गर्दछ, यस्तो राज्य जहाँ जनताको प्रजातान्त्रिक अधिकार र स्वतन्त्रताको सुनिश्चतता हुन्छ । अर्थात् वाक, प्रेस, सभा, प्रदर्शन, राजनीतिक पार्टीहरू र सामाजिक संगठनहरू गठन गर्ने स्वतन्त्रता प्राप्त हुन्छ । भूमि सुधारलाई कार्यान्वित गराउन र अरू प्रकारका प्रजातान्त्रिक र सामाजिक परिवर्तन





गराउन र सरकारको नीति-निर्माणमा हिस्सा लिन मौका पाइन्छ ।'

यस्तो राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम हाम्रो मूलभूत समस्याको समाधान गर्नलाई ऐतिहासिक आवश्यकताको रूपमा देखापरेको छ । नेपालको स्थितिमा राष्ट्रिय प्रजातन्त्रका मूख्य बुँदाहरू यी हुन्:-

*(१) 'क' सामन्ती व्यवस्थाको निर्मूल गरी किसानहरूको हितमा हुने खालको भूमिसुधार गर्ने ।*

*'ख' जनतालाई सामन्ती शोषणबाट मुक्त गर्ने ।*

*'ग' गाउँ घरमा किसानहरूलाई, सामन्तहरू तथा जाली फाटाहाहरूको मुद्दा-मामिला, नाजायज ऋण आदिबाट मुक्त गर्ने ।*

*(२) विदेशी पूँजी तथा अन्य सबै प्रकारका साम्राज्यवादी तथा विदेशी स्वार्थ र प्रभावबाट मुक्त गरी राष्ट्रिय उद्योग तथा व्यापारलाई स्वतन्त्ररूपले विकास गर्ने । देशको द्रुतगतिले औद्योगिकीकरण गर्ने ।*

*(३) गोर्खा भर्ती केन्द्र जस्तो साम्राज्यवादी केन्द्रलाई खत्तम गर्ने ।*

*(४) तमाम् असमान सन्धिहरूलाई आपसी सद्भावना, मित्रता, समानता र आपसी फाइदाको आधारमा संशोधन गर्ने ।*

*(५) समाजवादी देशहरूसँग घनिष्ट मित्रता कायम गर्ने । अन्तर्राष्ट्रिय मामलामा साम्राज्यवाद र उपनिवेशवादको विरोध गर्ने । विश्व शान्तिको निम्ति अथक प्रयास गर्ने । सबै देशहरूसँग शान्ति, मित्रता र आपसी सहयोगको आधारमा मैत्रीपूर्ण सम्बन्ध कायम गर्ने ।*

*(६) देशको सार्वभौमिकता र स्वतन्त्रताको रक्षा गर्ने*

*(७) राष्ट्र हितलाई ध्यानमा राखी देशका विभिन्न जातिहरूको भाषा, साहित्य तथा संस्कृतिको विकास गर्ने ।*

*(८) देशको चौतर्फी विकास गरी आम जनताको जीवस्तर बढाउने । देशमा देखापर्न लागेका शिक्षित वा अशिक्षित, पूर्ण या आंशिक सबै प्रकारका बेकारीको समस्या अन्त गरी काम र मामको सुनिश्चित गर्ने । शिक्षा र स्वास्थ्य आदिको सस्तो र समुचित प्रबन्ध गर्ने । समाजमा व्याप्त तमाम् कुरीतिहरूको अन्त गर्ने । मजदूरहरूको हित हुने गरी कल-कारखानाहरूको बन्दोबस्त गर्ने ।*

*(९) राष्ट्रका तमाम् अंगहरूको प्रजातान्त्रिकीकरण गर्ने।*

*(१०) कुनै पनि प्रकारको हुकुमशाही तथा एकतन्त्री हुकुमतको विरोध गरी देशका जनताको निमित्त तमाम अधिकार र स्वतन्त्रता अर्थात् भाषण, छापाखाना, सभा संगठन, जुलुस प्रदर्शन, राजनीतिक पार्टीहरू र जनवर्गीय संगठन तथा अन्य सामाजिक संगठनहरूको स्वतन्तालाई सुनिश्चित गर्ने । र, सरकारको नीति निर्धारण गर्नमा भाग लिन जनतालाई विभिन्न काम गर्ने मौका प्रदान गर्ने ।*

माथि भनिएका कुराहरू नै हाम्रा देशका मूलभूत समस्या हुन् र यिनीहरूको समाधानद्वारा मात्र नै हाम्रो देशले गरिबी अशिक्षा र पछौटेपनको काँचुलीलाई फेरी विकासतर्फ लम्कन सक्ने छ । कृषिको उन्नति गर्न होस् वा देशमा कल-कारखाना स्थापना गर्न होस्, देशबाट गरिबी हटाउन होस् वा शिक्षा र स्वास्थ्यको सुप्रबन्ध गर्न होस्- राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम नै एकमात्र यस्तो कार्यक्रम हो, जसले हाम्रो राष्ट्रको विभिन्न अंगको समुचित विकास गर्न सक्ने छ । किसान, मजदूर, युवक, विद्यार्थी, राष्ट्रिय पूँजीपति, बुद्धिजीवी, व्यापारी, मध्यम वर्ग आदि सबैको हितको प्रतिनिधित्व गर्ने कार्यक्रम राष्ट्रिय प्रजातन्त्रकै कार्यक्रम हो । यो कार्यक्रम लागू नहुञ्जेलसम्म माथि भनिएका वर्गहरूको समुचित विकास हुन सक्दैन ।

आजको वर्तमान कालका सबै क्रान्तिकारी तत्वहरूको हित समावेश भएको हुनाले पनि यस कार्यक्रमलाई पूरा गर्नको लागि एउटा व्यापक राष्ट्रिय मोर्चा बनाउनु आवश्यक छ । जसमा किसान, मजदूर, युवक, विद्यार्थी, राष्ट्रिय पूँजीपतिहरूको समावेश हुनेछ । यस्तो राष्ट्रिय मोर्चा बनाइ राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमलाई पूरा गराउन व्यापक जन संघर्ष गर्नुपर्दछ, व्यापक रूपमा विभिन्न वर्ग र आम जनतालाई सुसंगठन गरिनुपर्दछ । राष्ट्रिय प्रजातन्त्रको पक्षमा व्यापक रूपमा जन-चेतना उठाउनुपर्दछ, आम जनतालाई पाएर अधिकारप्रति सचेत र अरू बढी अधिकार प्राप्त गर्नाको लागि क्रियाशील गराउनुपर्दछ । तसर्थः नेपाल कम्युनिष्ट पार्टी सामन्त विरोधी, साम्राज्यवाद विरोधी प्रजातन्त्रीयपक्षी तमाम

> *सर्वशक्ति सम्पन्न सार्वभौम संसद्को माग गणतन्त्रको माग होइन, कम्युनिष्ट पार्टीको यो स्पष्ट मत छ । आजको संघर्ष राजतन्त्र र गणतन्त्रको होइन, आजको संघर्ष राजाबाट शक्ति हस्तान्तरण गरी जनतामा निहित गराइ देशमा प्रजातान्त्रिक व्यवस्थाको स्थापना गराउनु हो ।*

देशभक्तसंग यस्तो कार्यक्रमलाई पूरा गराउन व्यापक रूपमा आम जनतालाई सुसंगठित गर्न एउटा राष्ट्रिय मोर्चा बनाउन अघि बढ्ने आह्वान गर्दछ ।

**सर्वशक्ति सम्पन्न सार्वभौम संसद्को *स्थापना गर्न विशाल जनमत तैयार गर***

देशलाई गरीवीको कुचक्रवाट उठाइ जनजीवनलाई सुखी र समृद्धि गर्ने काम राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमबाट मात्र संभव हुन सक्दछ । यो राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमलाई कार्यान्वित गर्न व्यापक रूपमा जनचेतना उठाउनुपर्दछ । तमाम् क्रान्तिकारी तत्वहरूलाई वर्ग संघर्षमा उतार्नुपर्दछ, अनि देशका सबै क्रान्तिकारी तत्वहरूले अविरल रूपमा सामन्ती, प्रक्रियावादी र विदेशी साम्राज्यवादीहरूको विरोधमा संघर्ष गरिरहनुपर्दछ । व्यापक जनचेतना, व्यापक जनसंगठन र क्रान्तिकारी तत्वहरूको व्यापक संयुक्त मोर्चाको अभावमा राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम लागू हुन सक्दैन, यो केवल कामको योजना मात्र रहन जाने छ । राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम प्रजातन्त्रको अभाव होइन, यो प्रजातन्त्रको अझ बढी विस्तार हो । राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमले पूँजीवादको सीमित प्रजातन्त्रलाई नपुग भनी हाम्रो समाजको पूर्ण प्रजातान्त्रिकीकरण हुनु पर्दछ भन्दछ ।

१९६० मा मस्कोमा भएको ८१ कम्युनिष्ट तथा मजदूर पार्टीहरूको घोषणाले भनेको छ- "साम्राज्यवाद विरोधी, सामन्तवाद विरोधी प्रजातान्त्रिक क्रान्ति पूर्ण रूपले पूरा गर्न र आम जनताको जीवनस्तरमा क्रान्तिकारी सुधार गर्न, राष्ट्रिय प्रजातन्त्र कायम गर्न कम्युनिष्ट पार्टीहरू क्रियाशील भई काम गरिरहेका छन् । राष्ट्रिय प्राप्तिलाई संगठित गर्ने र साम्राज्यवादीहरूलाई कमजोर तुल्याउने र राष्ट्रिय सरकारका नीतिहरूलाई यिनीहरूले समर्थन गर्दछन् । यसको साथै अप्रजातान्त्रिक, जनहित विपरीतका कामहरू र राष्ट्रिय स्वतन्त्रतालाई आघात पुऱ्याउने सरकारी कदमहरूको यिनीहरूले तीव्र रूपले विरोध गर्दछन् । पूँजीपति वर्गको प्रतिक्रियावादी अंगले आफ्नो स्वार्थी, संकुचित वर्गीय स्वार्थलाई नै राष्ट्रिय स्वार्थको रूपमा गरेको प्रदर्शनको कम्युनिष्टहरूले भण्डाफोर गर्दछन् र सोही नै उद्देश्यको प्राप्तिको लागि पूँजीवादी राजनीतिहरूले समाजवादी नाराहरूको शब्दाडम्बरको रूपमा प्रयोग गरेको पनि कम्युनिष्टहरूले पर्दाफास गर्दछन् । सामाजिक जीवनको पूर्ण प्रजातान्त्रिकीकरण गर्न कम्युनिष्टहरूले काम गर्दछन् र निरंकुश शासनको विरोध गर्न र निरंकुश व्यवस्था कायम गर्न देखाइएका रूझानहरूलाई कुंठित पार्न यिनीहरूले सबै प्रगतिशील तत्वहरूलाई एकतावद्ध गर्ने काम गर्दछन् ।"

*सारांशमा सर्वहारा वर्गको नेतृत्वमा मजदुर-किसान एकताको आधारमा तमाम क्रान्तिकारी वर्गहरूको व्यापक संयुक्त मोर्चा बनाएर नै हामीले सामन्ती तथा साम्राज्यवादी, प्रतिक्रियावादी र प्रतिक्रान्तिकारी शक्तिहरूसँग मुकाबिला गरी विजय हासिल गर्न सक्ने छौं ।*

राष्ट्रिय प्रजातन्त्र कायम गर्न कम्मर कसेको हाम्रो पार्टीले उपरोक्त ८१ कम्युनिष्ट तथा मजदूर पार्टीहरूको भनाइलाई राम्ररी मनन् गर्नु जरूरी छ । उपरोक्त भनाइलाई ध्यानमा राख्दै हामीले हाम्रो राष्ट्रिय परिस्थितिको राम्रो विश्लेषण गरी हाम्रो नेपाली समाजको राष्ट्रिय प्रजातन्त्रको बाटोलाई पैल्याउनु छ । हाम्रो देशमा राजा महेन्द्रले प्रजातन्त्रको हत्या गरेका छन् । देशमा फौजी तानाशाही कायम गरेका छन् र आम जनतालाई साधारण खालको अधिकारहरूबाट पनि वञ्चित गरेका छन् । २००७ सालको जनक्रान्तिको फलस्वरूप देशका जनताले उपभोग गर्दै आएका सीमित प्रजातन्त्रलाईसम्म खोसेका छन् । जनचेतना र वर्ग संघर्षलाई अझै बढाउनुपर्ने ठाउँमा, यिनीलाई कुष्ठित गर्ने कुचक्र गरेका छन् । व्यापक जनसंगठन गर्नुपर्ने ठाउँमा भएका जन संगठनहरूलाई प्रतिवन्धित गरेका छन् । अझ बढी प्रजातान्त्रिकीकरण गर्नुपर्ने ठाउँमा फौजी तानाशाही कायम गरेका छन् । यसरी नेपाली समाजको विकासमा एउटा ठूलो अवरोध राजा महेन्द्रले पौष १ गतेको काण्ड गरी खडा गरेका छन् ।

आजको देशको यस परिस्थितिलाई हेर्दा राष्ट्रिय प्रजातन्त्र कायम गर्न सर्वप्रथम राजा महेन्द्रको फौजी तानाशाही खतम गर्नु आवश्यक छ । हाम्रो नेपाली समाजको विकासमा राजाद्वारा खडा गरिएको अवरोधलाई पन्छाउनु आवश्यक छ । जनताबाट अपहरण गरिएका सबै अधिकारलाई फिर्ता गराउनु आवश्यक छ । प्रजातान्त्रिक आन्दोलनलाई नामञ्जुर गरी हुकुमशाही राजाको मातहतमा राष्ट्रिय प्रजातन्त्र विषम् ज्वरको कल्पना मात्र साबित हुनेछ । राष्ट्रिय प्रजातन्त्र, प्रजातन्त्रको अभाव होइन, प्रजातन्त्रको विस्तार हो । प्रजातान्त्रिक परिपाटीको अभावमा राष्ट्रिय प्रजातन्त्र कायम हुन सक्दैन । तसर्थः राष्ट्रिय प्रजातन्त्र कायम गराउने श्रृंखलाको रूपमा आज राजाको फौजी तानाशाहीको विरोध गर्नुपरेको छ,





जनताबाट अपहरण गरिएका तमाम अधिकारहरूलाई फिर्ता गराउनुपर्दछ । प्रजातन्त्रको स्थापनार्थ गरिने संघर्षलाई पछि राष्ट्रिय प्रजातन्त्र कायम गर्ने संघर्षको रूपमा विकसित गराउनुपर्दछ । प्रजातन्त्र राष्ट्रिय प्रजातन्त्रको लागि पहिलो शर्त हो, यो हामीले बिर्सिनु हुँदैन ।

साथै आज राजा महेन्द्रको फौजी तानाशाहीको विरोध देशका विभिन्न प्रजातान्त्रिक तत्वहरूले गरिरहेका छन् । फौजी तानाशाहको विरोधमा संघर्षशील यी विभिन्न तत्वहरूका बीच देशका मूल समस्याहरूको समाधान गर्ने कार्यक्रममा एकता होइन, विरोध छ । कम्युनिष्ट र वामपन्थी शक्तिहरू राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमको पक्षमा छन् । पूँजीवादी पार्टीहरू पूँजीवादी कार्यक्रमको पक्षमा छन् । आज कार्यक्रमको मतभेदलाई प्राथमिकता दिने बेला छैन । आज मिलनको ठाउँ खोज्नुपर्ने बेला छ । राजा महेन्द्रको फौजी तानाशाहीको विरोध गर्ने र जनताबाट अपहरण गरिएका अधिकारहरूको फिर्ता गराउने कुरामा आज सबै प्रजातान्त्रिक तत्वहरूमा एकता छ र यही नै हाम्रो संघर्षको नारा हुनुपरेको छ । पूँजीवादी बाटो राम्रो हो वा राष्ट्रिय प्रजातन्त्रको बाटो राम्रो हो, यो कुरा प्रजातान्त्रिक संघर्षको दौरानमा जनताले टुंगो लगाउने कुरा हो ।

तर साथसाथै, हामीले २००७ सालपछिको हाम्रो ऐतिहासिक कटु अनुभवलाई बिर्सनु हुँदैन । २००७ सालको जनक्रान्तिपछि राणाशाहीको १ सय ४ वर्षको "फौलादी किल्ला" ढलेर गयो । सबै शक्ति जनतामा निहित गराउने कुरा टारिँदै गयो । राजालाई प्रजातन्त्रको संरक्षक भनी सबै शक्ति राजामा निहित गरियो । तर यो एउटा मिठो कल्पना मात्र सावित भयो । राजाले यसै मौकाबाट फाइदा उठाइ एकपछि अर्को अधिकार खोस्दै गए । २०१५ सालमा चुनाव गराउन जनताले संघर्ष गर्नुपर्‍यो, तर १०१७ साल पौष १ गतेको काण्ड गरी सो संसद् पनि राजाले भंग गरे । यो हाम्रो राष्ट्रिय जीवनको एउटा ऐतिहासिक कटु अनुभव हो, राजा प्रजातन्त्रको संरक्षक होइनन्, बरू राजाको हातमा शक्ति रहुन्जेल प्रजातन्त्रको कुनै ग्यारेण्टी हुदैन । राजाको हातमा शक्ति राखी संविधान सभाको कुरा गर्नु, राष्ट्रिय प्रजातन्त्रकै कुरा गर्नु अथवा संसदीय व्यवस्थाकै कुरा गर्नु राजनीतिक मुर्खता मात्र हुनेछ । आजको प्रजातान्त्रिक आन्दोलन चलाउँदा हामीले यो कटु अनुभवलाई बिर्सिनु हुँदैन । आजको प्रजातान्त्रिक आन्दोलनको कर्तव्य हिजोका अधिकारहरूको फिर्ता मात्र नभई सबै शक्ति जनतामा हस्तान्तरण गराउनु हुन आएको छ ।

तसर्थः कम्युनिष्ट पार्टी आजको ऐतिहासिक आवश्यकतालाई जनसमक्ष राख्दै माग गर्दछः-

*(क) राजाबाट सबै शक्ति जनतामा हस्तान्तरण गर*

*(ख) सर्वशक्ति सम्पन्न सार्वभौम संसद्को स्थापना गर*

सर्वशक्ति सम्पन्न सार्वभौम संसद्को माग गणतन्त्रको माग होइन, कम्युनिष्ट पार्टीको यो स्पष्ट मत छ । आजको संघर्ष राजतन्त्र र गणतन्त्रको होइन, आजको संघर्ष राजाबाट शक्ति हस्तान्तरण गरी जनतामा निहित गराइ देशमा प्रजातान्त्रिक व्यवस्थाको स्थापना गराउनु हो ।

विगत संसदीय व्यवस्था रहँदाको सीमित प्रजातन्त्र र उक्त व्यवस्थाले जनताको मूलभूत समस्याहरूको समाधान गर्न नसकेको कुरा सर्वविदितै छ । नेपाली जनता एकातिर राजाको फौजी तानाशाहीको विरोधी छन् भने अर्कोतिर सीमित पूँजीवादी प्रजातन्त्रबाट पनि संतुष्ट छैनन् । तसर्थः कम्युनिष्ट पार्टीको मत छ- सर्वशक्ति सम्पन्न सार्वभौम संसद्को स्थापना गर्ने संघर्ष राष्ट्रिय प्रजातन्त्र कायम गर्ने संघर्षको एक अभिन्न अंग हो । सर्वशक्ति सम्पन्न सार्वभौम संसद्को स्थापनार्थ गरिने संघर्षको बेलामा नै देशका तमाम क्रान्तिकारी तत्वहरूले नै व्यापक एकता बनाइ यस संघर्षलाई राष्ट्रिय प्रजातन्त्रसम्म लान अठोट गर्नुपर्दछ । कम्युनिष्ट पार्टी यसतर्फ सधैं क्रियाशील रहनेछ ।

न त सर्वशक्ति सम्पन्न सार्वभौम संसद्को माग राष्ट्रिय प्रजातन्त्रको माग हो । ग्रेट ब्रिटेनमा सर्वशक्ति सम्पन्न सार्वभौम संसद् छ । तर ग्रेट ब्रिटेन न त समाजवादी राष्ट्र हो, न त्यहाँ राष्ट्रिय प्रजातन्त्र नै छ । पूँजीवादी प्रजातन्त्रको अवलम्बन गर्ने होस् वा राष्ट्रिय प्रजातन्त्रको पक्षपाती होस्- दुवैको लागि सर्वशक्ति सम्पन्न सार्वभौम संसद्को आवश्यकता छ । सबै शक्ति जनताबाट निर्वाचित संसद्मा रहुंजेल हाम्रो नेपालमा न पूँजीवाद कायम हुन सक्छ, न त राष्ट्रिय प्रजातन्त्र । यस अर्थमा सर्व शक्ति सम्पन्न सार्वभौम संसद् एउटा ऐतिहासिक आवश्यकता हो र भिन्नाभिन्नै कार्यक्रमको अनुशरण गर्ने प्रजातान्त्रिक

*आजको प्रजातान्त्रिक आन्दोलनको दौरानमा पूँजीवादी प्रजातन्त्र स्थापना हुने हो या राष्ट्रिय प्रजातन्त्र स्थापना हुन्छ भन्ने कुरा संघर्षको दौरानमा कम्युनिष्ट पार्टी तथा मेहनतकश जनताले लिएको भूमिकामा नै निर्भर हुनेछ।*

शक्तिहरूको मिलनको विन्दु पनि हो । यसकारण आजको प्रजातान्त्रिक आन्दोलनको नारा हो- 'सर्वशक्ति सम्पन्न सार्वभौम संसद्‌को चुनाव गराऊ ।'

आज देशका तमाम प्रजातान्त्रिक तत्वहरूले सर्वशक्ति सम्पन्न सार्वभौम संसद्‌को स्थापना गराउन व्यापक एकता कायम गर्नुपरेको छ । देशमा प्रजातन्त्रलाई सुदृढ, स्थायी र विकसित गर्न व्यापक प्रजातान्त्रिक एकता बनाइ सर्वशक्ति सम्पन्न सार्वभौम संसद्‌को चुनाव गराउन अघि बढ्नु परेको छ ।

**संयुक्त मोर्चा**

संयुक्त मोर्चाको सवाल एक विशेष बलवान शत्रुलाई हराउनको निमित्त र प्रतिक्रान्तिकारीहरूको प्रतिक्रान्तिलाई असम्भव पार्नको निमित्त एक अचूक हतियार हो । चिनियाँ क्रान्तिको लामो इतिहासले यस कुराको अनुभव गरी भनेको छ- 'सर्वहारा वर्गको नेतृत्वमा, मजदूर, किसान एकताको आधारमा, ती तमाम शक्तिहरूसँग एकता र जोसँग एकता गर्न सकिन्छ र यसरी जनताको व्यापक प्रजातान्त्रिक संयुक्त मोर्चाको निर्माण गर ।' २०१७ सालमा मस्कोमा भएको ८१ देशका कम्युनिष्ट तथा मजदूर पार्टीहरूको सम्मेलनले पनि संयुक्त मोर्चाको आवश्यकतालाई उत्तिकै जोड दिएर भनेको छ- राष्ट्रिय स्वतन्त्रता प्राप्त गर्न र यसको रक्षा गर्नको निम्ति धेरै हदसम्म उन्नत प्रजातान्त्रिक परिवर्तन ल्याउनुको निम्ति र सामाजिक प्रगतिलाई सुनिश्चित पार्नको निम्ति मजदूर वर्ग र किसानको एकता सबैभन्दा महत्त्वपूर्ण शक्ति हो । मजदूर, किसानको सुदृढ एकता नै तमाम क्रान्तिकारी वर्गहरूको व्यापक संयुक्त मोर्चाको आधार बन्नुपरेको छ । राष्ट्रिय पूँजीपति वर्गले स्वतन्त्रता र प्रजातन्त्रको संग्राममा कतिहदसम्म हिस्सा लिनेछ भने कुरो पनि धेरै हदसम्म मजदूर-किसान एकताको शक्ति र स्थायित्वमा निर्भर गर्दछ ।

**स्पष्टतः संयुक्त मोर्चाको सवालमा तीन कुरा देखापरेको छः**

*(क) देशको सबभन्दा क्रान्तिकारी वर्ग मजदूर वर्गको नेतृत्व ।*

*(ख) देशको सबभन्दा क्रान्तिकारी वर्ग मजदूर वर्ग भएर पनि हाम्रो देशको जनसंख्याको सबभन्दा ठूलो अंग अर्थात् ९५ प्रतिशत जनता किसान नै भएको र यी किसानहरूमा अत्यधिक संख्या शोषित र पीडित, खेतहीन तथा गरीब किसान भएकोले हाम्रो क्रान्तिको मुख्य ताकत किसानहरू नै हुन् ।*

*सबभन्दा क्रान्तिकारी वर्ग मजदूर वर्ग तथा क्रान्तिको मूल ताकत किसान भएको हुँदा मजदूर किसान एकता नै हाम्रो संयुक्त मोर्चाको मुख्य आधार बन्नुपरेको छ ।*

*(ग) मजदूर, किसान, शहरिया मध्यम वर्ग, क्रान्तिकारी बुद्धिजीवीहरू तथा राष्ट्रिय पूँजीपतिहरूसहित तमाम क्रान्तिकारी वर्गहरूको व्यापक संयुक्त मोर्चा ।*

*नेपाली काङ्ग्रेस जमीनसँग सम्बन्ध भएको व्यवसायिक पूँजीपति वर्ग हुँदा, साथै नेपालको व्यवसायिक पूँजीमा भारतीय व्यापारीहरूको कब्जा हुँदा यो पार्टी भारतीय पूँजीपति वर्गको पार्टी हो भन्ने कसैको भनाइ छ ।*

सारांशमा सर्वहारा वर्गको नेतृत्वमा मजदूर-किसान एकताको आधारमा तमाम क्रान्तिकारी वर्गहरूको व्यापक संयुक्त मोर्चा बनाएर नै हामीले सामन्ती तथा साम्राज्यवादी, प्रतिक्रियावादी र प्रतिक्रान्तिकारी शक्तिहरूसँग मुकाविला गरी विजय हासिल गर्न सक्ने छौ । र, राजाको हातबाट शक्ति हस्तान्तरण गराइ देशमा सर्वशक्ति सम्पन्न सार्वभौम संसद्‌को स्थापना गर्न सक्ने छौं ।

तसर्थः देशका राजनीतिक परिवर्तन ल्याउनमा संयुक्त मोर्चाको सवाल एक महत्त्वपूर्ण सवाल हो ।

**संयुक्त मोर्चामा एक प्रश्न**

संयुक्त मोर्चाको दौरानमा एउटा भ्रम बारबार देखिन आएको छ "आजको मुख्य दुश्मन राजाको हुकुमीशासन भएको हुँदा यसको बिरूद्धमा संघर्ष गर्ने तमाम प्रजातान्त्रिक शक्ति र पार्टीहरूलाई मान्य नारा नै हाम्रो तात्कालिक नारा हुनुपर्दछ ।" यस व्याख्या अनुसार तात्कालिक नारा जहिले पनि ढुलमुल चरित्र अपनाउने पूँजीवादी पार्टीको ढुलमुल नाराको तहमा उतार्न जरूरी हुन जान्छ । यो कुरा निर्विवाद छ कि हाम्रो देशका पूँजीपति वर्ग हुकुमशाहीको विरोधमा क्रान्तिकारी भएर पनि यसले आफ्नै कमजोर वर्ग चरित्रले गर्दा ढुलमुल चरित्र राख्दछ र सामन्त तथा साम्राज्यवादीहरूसँग संभौतापरस्त नीति अख्तियार गर्दछ, जसले गर्दा प्रजातान्त्रिक क्रान्तिलाई पूरा गर्ने क्षमता राख्दैन । अब सवाल उठ्दछ, हामीले पनि उनीहरूकै नीति अपनाएर क्रान्ति अधुरो छोड्ने बाटो खुला राख्ने हो वा प्रजातान्त्रिक क्रान्तिलाई पूरा गर्ने विशेष जिम्मेदारी बहन गर्ने हो ? यस स्थितिमा प्रजातान्त्रिक क्रान्तिलाई पूरा गर्ने खास जिम्मेवारी देशको सर्वहारा वर्गको नेतृत्वमा नै निर्भर गर्दछ । यसै निम्ति प्रजातान्त्रिक क्रान्तिलाई पूरा गर्ने खास





जिम्मेवारी कम्युनिष्ट पार्टीको पूर्ण या आंशिक नेतृत्व भएको व्यापक राष्ट्रिय मोर्चाको जिम्मामा छ र पूँजीपति वर्गलाई मान्य नारालाई नै हाम्रो नारा बनाएर हामीले इतिहासले हाम्रो काँधमा राखेको जिम्मेवारीलाई पूरा गर्न सक्ने छैनौं । आज क्रान्तिको मूल ताकत पूँजीपति वर्ग नभई मजदूर, किसान क्रान्तिकारी बुद्धिजीवीहरू, शहरिया मध्यम वर्ग आदि हुन् । जो क्रान्तिलाई पूरा गर्ने पक्षमा छन् । कम्युनिष्ट पार्टीमा रहेका यी वर्गहरू पनि धेरैहदसम्म क्रान्तिलाई पूरा गर्ने पक्षमा हुनु स्वभाविकै हो । यस कारण क्रान्तिलाई पूरा गर्ने नाराले नै तमाम् क्रान्तिकारी वर्गहरूलाई व्यापक रूपले अंगाल्न सक्दछ, न कि त्यो नारा- जुन नारा ढुलमुल पूँजीवादी पार्टीहरूलाई पनि मञ्जूर हुनेछ । लेनिनले यस बारेमा स्पष्ट भनेका थिए, "हामीहरू प्रजातन्त्रवादी, क्रान्तिकारी, गणतान्त्रिक पूँजीपति वर्गसँगसँगै उनीहरूसँग बिलीन नभइकन अगाडि बढ्न चाहन्छौं, जब कि तिनीहरू (मेन्सेविक) उदारवादी, राजापरस्त पूँजीपति वर्गसँग तथा उनीहरूसँग विलीन भइकन नै, सँगसँगै अगाडि बढ्न चाहन्छन् ।" यहाँ लेनिनले जारशाहीसँगको अन्तर विरोध नै सबभन्दा मुख्य अन्तर विरोध भनी जारशाहीसंग एक हदसम्म संघर्ष गर्न चाहने उदारवादी पूजीपतिहरूसँग पनि संयुक्त मोर्चा बनाउनु आवश्यक छ भनेर त्यस उदारवादी पूँजीपति वर्गको राजनीतिक नारालाई आफ्नो तात्कालिक नारा कदापि बनाएनन् । हामीले आजको क्रान्तिको मुख्य काम पहिल्याएर नै आफ्नो राजनीतिक नारा तय गर्नुपरेको छ ।

पूँजीवादी पार्टीको कमजोर चरित्रले गर्दा र उसको प्रजातन्त्रले जनताको मूल समस्याहरू समाधान गर्न नसक्ने प्रजातान्त्रिक व्यवस्थाप्रति नै राजाले भ्रम दिन सफल भएको कुरा स्पष्ट छ ।

जनता यस्तो प्रजातान्त्रिक व्यवस्थाको पक्षमा छन्, जो जनताको मूल समस्या समाधान गर्नमा सफल होस् । आजको सामाजिक स्थितिले निश्चय पनि समाजवादको नारा स्वीकार गर्न सक्ने छ । तर आजको सामाजिक स्थितिले प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने तथा सामन्ती शोषण व्यवस्था र साम्राज्यवादी तथा विदेशी एकाधिकार पूँजीको होडबाट देशलाई मुक्त गरी स्वतन्त्र राजनीतिक तथा आर्थिक विकासको कार्यक्रम आजको समाजको स्थिति अनुकूलको नारा हो ।

यसै निम्ति मजदूर वर्गको नेतृत्वमा मजदुर-किसान एकताको आधारमा तमाम क्रान्तिकारी वर्गहरूको व्यापक संयुक्त मोर्चालाई प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने राजनीतिक नारा तथा स्वतन्त्र राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम स्वीकार हुन नसक्ने कुनै कारण छैन ।

आज हाम्रो राष्ट्रभित्रको वर्गीय स्थिति तथा अन्तर्राष्ट्रिय स्थितिले गर्दा राष्ट्रिय प्रजातन्त्रको सम्भावना धेरै हदसम्म बढेको छ । हाम्रो देशको मजदुर, किसान, मध्यवर्ग, क्रान्तिकारी बुद्धिजीवीहरू तथा राष्ट्रिय पूँजीपतिहरूलगायतको वर्ग स्वार्थको अनकूल पूँजीवादी प्रजातन्त्र होइन, राष्ट्रिय प्रजातन्त्र नै हो । पूँजीवादी प्रजातन्त्रले पूँजीपति वर्गको स्वार्थसम्म पनि रक्षा गर्न सक्तैन भन्ने कुरा निर्विवाद सत्य सावित भएको छ । राष्ट्रिय प्रजातन्त्र नै हाम्रो देशको निम्ति सबभन्दा अनुकूल प्रजातन्त्र हो । तर आजको प्रजातान्त्रिक आन्दोलनको दौरानमा पूँजीवादी प्रजातन्त्र स्थापना हुने हो या राष्ट्रिय प्रजातन्त्र स्थापना हुन्छ भन्ने कुरा संघर्षको दौरानमा कम्युनिष्ट पार्टी तथा मेहनतकश जनताले लिएको भूमिकामा नै निर्भर हुनेछ । पूँजीपति वर्गको नेतृत्वमा क्रान्तिकारी वर्गहरूको व्यापक संयुक्त मोर्चा भएर पनि सो प्रजातन्त्र कमजोर पूँजीवादी प्रजातन्त्र नै हुनेछ । यस प्रजातान्त्रिक आन्दोलनको दौरानमा मजदुर वर्गको पार्टी कम्युनिष्ट पार्टीको नेतृत्वमा क्रान्तिकारी वर्गहरूको व्यापक संयुक्त मोर्चा हुन्छ र यस संयुक्त मोर्चाले प्रजातान्त्रिक आन्दोलनलाई पूरा गर्दछ भने यस प्रजातान्त्रिक आन्दोलनको फल पूँजीवादी प्रजातन्त्र नभई राष्ट्रिय प्रजातन्त्र नै हुनेछ ।

संयुक्त मोर्चाको कुरा गर्दा हामी दुई किसिमको संयुक्त मोर्चालाई सोच्दछौं :

*(क) तमाम क्रान्तिकारी वर्गहरूको संयुक्त मोर्चा ।*

*(ख) प्रजातान्त्रिक पार्टीहरूबीचको संयुक्त मोर्चा ।*

*हाम्रो पार्टी नेतृत्वको एक अंगले दक्षिणपन्थी अवसरवादी नीतिलाई अपनाएर प्रजातन्त्रलाई तिलाञ्जलि दिई राजाको समर्थन गरी सेवामा हाजिर भए । जसले गर्दा देशको राजनीतिमा धोखा हुनुको साथै हाम्रो पार्टीको एकतामा समेत ठूलो धक्का पुऱ्याए ।*

नेपाल कम्युनिष्ट पार्टीले आफ्नो अग्रसरतामा मजदुर-किसानको दृढ एकता कायम गरी मजदुर, किसान, शहरिया, मध्यमवर्ग, क्रान्तिकारी बुद्धिजीवीहरू तथा राष्ट्रिय पूँजीपतिहरूसहित विभिन्न क्रान्तिकारी वर्गहरूको व्यापक संयुक्त मोर्चा गठन गरी यसलाई व्यापक बनाएर लैजानु छ । यस्तो संयुक्त मोर्चा खासगरी ठोस

राजनीतिक नारा र ठोस राजनीतिक तथा आर्थिक कार्यक्रमको आधारमा नै बन्न सक्तछ । यसैनिम्ति राजाको हातबाट शक्ति हस्तान्तरित गराएर सर्वशक्ति सम्पन्न सार्वभौम संसदको स्थापना गर्ने राजनीतिक नारा तथा 'स्वतन्त्र राष्ट्रिय प्रजातन्त्र'को कार्यक्रमलाई परिलक्षित गर्दै यी विभिन्न क्रान्तिकारी वर्गहरूको संयुक्त मोर्चाको गठन गर्नु आवश्यक छ र साथै संभावना पनि छ ।

जहाँसम्म प्रजातान्त्रिक पार्टीहरूको सवाल छ, यी विभिन्न प्रजातान्त्रिक पार्टीहरूका आ-आफ्ना वर्ग चरित्र अनुरूप प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने नारा लिएर अर्थात् राजाको हातबाट शक्ति हस्तान्तरित गराई सर्वशक्ति सम्पन्न सार्वभौम संसद्को स्थापना गर्ने कुरामा मञ्जुर पनि गर्न सक्तछ । यस्तै राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम अपनाउने कुरामा मञ्जुर गर्न पनि सक्तछ, नगर्न पनि सक्तछ । हुनतः प्रजातान्त्रिक क्रान्ति सफल गर्ने कुरा तथा राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम लागु गर्ने कुरा देशको पूँजीपति वर्गको स्वार्थको विपरितको कुरा होइन । राष्ट्रिय पूँजीपतिहरूको स्वार्थसमेत प्रतिनिधित्व हुने गरेर नै राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम बनेको छ । सामन्ती व्यवस्थाको जड-मूल उखेलेर साम्राज्यवादी स्वार्थ तथा विदेशी पूँजीको प्रभावबाट मुक्त गरेर नै देशको स्वतन्त्रता तथा सार्वभौमिकताको सुरक्षा हुनुका साथै देशको अर्थ व्यवस्था स्वतन्त्र रूपले विकास हुन सक्नेछ । यो राजनीतिक नारा र कार्यक्रम आज देशको वस्तुस्थिति अनुकूलको नारा र कार्यक्रम हो र पूँजीपति वर्गको स्वार्थ विपरीतको नारा होइन ।

तर पनि पूँजीवादी पार्टीको ढुलमुल चरित्रले गर्दा राजाको हुकुमशाहीको विरूद्ध संघर्ष गर्दा-गर्दै पनि यी कामहरू पूरा गर्न पूँजीवादी पार्टीले नामञ्जुर गर्न सक्तछ । यस्तो स्थितिमा हामीले राजनीतिक नारा र कार्यक्रम स्वतन्त्र रूपले जनतामा लैजाने गरी मिल्नसक्ने बुँदामा मिलेर संयुक्त रूपले हुकुमशाहीको विरोधमा संघर्ष अगाडि बढाउनुपर्ने हुन्छ । यस्तो स्थितिमा राजाको विरूद्धको संघर्ष नै प्रजातान्त्रिक पार्टीहरूबीच एकताको विन्दु हुन सक्तछ । हाम्रो आफ्नो मूल राजनीतिक उद्देश्य र कार्यक्रममा धक्का नपुग्ने गरी जुन बुँदामा जोसँग जति समयसम्म मिल्न सकिन्छ, मिलेर आन्दोलनलाई तिब्र पार्दै लैजानुपरेको छ ।

**नेपाली कांग्रेससँग संयुक्त मोर्चा**

नेपाली कांग्रेससँग संयुक्त मोर्चा गर्नेबारे विभिन्न मत देखिन्छ । एकातिर कसैको भनाइ छ कि नेपाली कांग्रेसका पुराना गल्तीहरूलाई आधार बनाएर नेपाली कांग्रेससँग संयुक्त मोर्चा बनाउनु हुन्न भने र अर्कोतिर, अर्कोथरिको भनाइ अनुसार नेपाली कांग्रेस नै आजको निर्णायक क्रान्तिकारी शक्ति भएको हुँदा नेपाली कांग्रेसले स्वीकार गर्ने राजनीतिक नारा नै हाम्रो तात्कालीन राजनीतिक नारा हुनुपरेको छ ।

*हामीले चाहेको प्रजातन्त्र इच्छा ग... प्राप्त हुँदैन, न त ... तमाम क्रान्तिकारी... व्यापक संगठन सजिलैसँग बन्नेछ । ... दुवै कुरा लामो स... र अथक प्रयासले ... सफल हुनेछन् ।*

नेपाली कांग्रेसको वर्ग चरित्रलाई राम्रो याद नगर्दा नै नेपाली कांग्रेसको गल्तीहरूको मात्र कुरा गरी नेपाली कांग्रेससँग संयुक्त मोर्चा बनाउन हुन्न भन्ने भनाइ कसैको छ भने अर्कोतिर, नेपाली कांग्रेस जमीनसँग सम्बन्ध भएको व्यवसायिक पूँजीपति वर्ग हुँदा, साथै नेपालको व्यवसायिक पूँजीमा भारतीय व्यापारीहरूकै कब्जा हुँदा यो पार्टी भारतीय पूँजीपति वर्गको पार्टी हो भन्ने कसैको भनाइ छ ।

नेपाली कांग्रेस पूँजीवादी पार्टी अवश्य हो । तर यो सिधै भारतीय पूँजीपति वर्गको पार्टी नभई नेपालीकै पूँजीपति वर्गको पार्टी हो । नेपाल एक अविकसित देश हुँदा यहाँको पूँजीपति वर्ग कमजोर पूँजीपति वर्ग हो र यस्तो पूँजीपति वर्गको सम्बन्ध जमीनसँग पनि रहनु स्वाभाविक कुरो हो । साथै यसको सम्बन्ध साम्राज्यवादीहरू तथा विदेशी एकाधिकार पूँजीपति वर्गहरू तथा भारतीय पूँजीपति वर्गसँग पनि रहेर आएको छ । यसै निम्ति यसको दोहोरो चरित्र छ भन्ने कुरा मानिएकै कुरो हो ।

(क) पूँजीवादी पार्टी भएको हुँदा एकतन्त्री हुकुमशाहीको विरोधमा क्रान्तिकारी पार्टी हो भने अर्कोतिर,

(ख) यस पार्टीको सम्बन्ध विदेशी साम्राज्यवाद तथा भारतीय पूँजीसँग पनि रहेर आएको हुँदा प्रजातान्त्रिक क्रान्तिलाई पूरा गर्ने तथा सामन्तवादी अवशेष र साम्राज्यवादी स्वार्थ र विदेशी पूँजी तथा भारतीय पूँजीको कुचक्र र प्रभावबाट देशलाई मुक्त गर्ने कुरामा यो पार्टी क्षमता राख्दैन भन्ने कुरा पनि स्पष्ट छ । संयुक्त मोर्चा निश्चय पनि पार्टी सिद्धान्त र पार्टी कार्यक्रमलाई छाडी दुई पार्टीको बिलिनीकरण होइन । जहिले पनि आफ्नो रानजीति र कार्यक्रमलाई स्वतन्त्र नै राखेर संयुक्त मोर्चा गरिन्छ भने हाम्रो तमाम कार्यक्रम यस पार्टीले मञ्जुर नगर्ने भएकोले यस पार्टीसँग मोर्चा गर्नु हुन्न भन्ने सवाल उठदैन ।





...यसैकारण संयुक्त मोर्चा गर्नु जरूरी छ । यसैले ...राजनीतिक नारा र कार्यक्रम उनीहरूलाई पनि ...राजनीतिक नारा र कार्यक्रम हुनुपर्दछ भन्ने ...गलत सवाल हो । संयुक्त मोर्चाको सवाल ...ता र संघर्षको सवाल हो । जुन कुरामा मिल्दछ ...ता, जहां मिल्दैन सैद्धान्तिक र संगठनात्मक ...र्ष । यसैनिम्ति नेपाली कांग्रेसले गल्ती गर्दछ भने ...युक्त मोर्चा बनाएर पनि हामीले उही गल्ती ...र्याउनु पर्दछ, अथवा नेपाली कांग्रेसले सामन्त ...था साम्राज्यवादी विदेशी एकाधिकार पूँजीसँग ...म्झौतापरस्त नीति लिन्छ भने हामीले पनि ...नीहरूसँग सम्झौतापरस्त नीति नै लिनु पर्दछ भन्ने ...वाल नै उठ्दैन । यसैनिम्ति नेपाली कांग्रेसले गरेको ...ल्ति अथवा सम्झौतापरस्त नीतिलाई नै लिएर ...युक्त मोर्चा नगर्ने सवाल उठ्दैन, एकता र संघर्ष, ...संयुक्त मोर्चाको सही नीति हुँदा नेपाली कांग्रेसका ...्रान्तिकारी भावनासा एकता र त्यस पार्टीको विदेशी ...साम्राज्यवाद तथा विदेशी एकाधिकार भारतीय ...पूँजीसँग सम्झौतापरस्त नीतिमा सैद्धान्तिक संघर्ष, ...सै निम्ति नेपाली कांग्रेससँग संयुक्त मोर्चा हुनुहुन्न ...भन्ने भनाई गलत हो भने संयुक्त मोर्चाको नाममा ...हाम्रो स्वतन्त्र राजनीति, कार्यक्रम र संगठनको ...जरूरीलाई महसुस नगर्नु पनि अर्को गल्ति हो । ...आफ्नो राजनीति र कार्यक्रमलाई स्वतन्त्र रूपले ...जनतामा लगि सैद्धान्तिक तथा संगठनात्मक संघर्षलाई ...जारी राख्दै राजा महेन्द्रको हुकुमशाही व्यवस्थासँग ...लड्न संयुक्त मोर्चा हुनु अत्यन्त जरूरी छ ।

**...अन्य पार्टीहरूसँग संयुक्त मोर्चाको सवाल**

निश्चय पनि अन्य पार्टीहरूले राजाका ...अगाडि आत्मासमर्पण गरी सकेका छन् । तर ...वास्तिकैमा ती पार्टीहरू र राजाको बीच अब सबै अन्तर ...विरोध खतम भइसकेको छ भन्ने सवाल छैन । ती ...पार्टीहरू प्रजातान्त्रिक व्यवस्थालाई खत्तम गरी आफू ...शक्तिमा जान चाहन्छन् त राजा महेन्द्र प्रजातान्त्रिक ...व्यवस्था खत्तम गरी आफ्नो मनमानी हुकुमत ...चलाउन चाहन्छन् । यो अन्तर विरोध साधारण अन्तर ...विरोध होइन । यसैकारण ती पार्टीहरू जो धेरै नै ...कमजोर छन्, यसै निम्ति राजाको अगाडि आत्मसमर्पण ...पनि गरेका छन् । बढ्दो जनआन्दोलनको दौरानमा ...प्रजातान्त्रिक आन्दोलनमा सरीक हुँदैनन् भन्ने सवाल उठ्दैन । यसैनिम्ति यस्तो पार्टीसँग संयुक्त मोर्चाको ...सवालै उठ्दैन भन्न सकिन्न ।

कुनै पनि पार्टी र व्यक्तिको आज जुन ...भूमिका छ, उही भूमिका हर हालतमा रहने छ भनेर ...भन्न सकिन्न, यस्ता व्यक्तिहरू कमै होलान् जसले तमाम प्रजातान्त्रिक अधिकार गुमाएर अत्याचारी शासन ठीक छ भनेर सधैं भनिरहने छन् । राजा महेन्द्र जुन भ्रम दिन शुरूमा सफल भएका थिए, आज धेरै हदसम्म ती भ्रम हट्न गएको छ । निश्चित छ, राजा महेन्द्रले जतिसुकै भ्रम दिए पनि राजा महेन्द्रको हुकुमशाही अन्तर्गत देशको मूल समस्या समाधान हुन सक्ने छैन भनी आज राजाको भ्रमजालमा परेका पार्टीहरू भोलि पनि उही भ्रममा कदापि रहने छैनन् । अनि अन्य पार्टीहरूसँग संयुक्त मोर्चाको सवाल उठ्दैन भन्ने कसरी ?

निश्चय पनि कुनै पार्टीको अङ्गसँग संयुक्त मोर्चा बनाउँदा हामीले आफ्ना राजनीतिक नारा र कार्यक्रमलाई उनीहरूले स्वीकार गरेमा, उनीहरूको साथमा, उनीहरूले नगरेमा पार्टीले स्वतन्त्र रूपले जनतामा लैजाने र पार्टीको अग्रसरतामा यसको निम्ति संघर्ष नगर्ने सवाल उठ्दैन ।

जो हाम्रो राजनीतिक नारा र कार्यक्रममा सरिक हुन सक्दैनन्, उनीहरूसँगको संयुक्त कारवाही नै सफा काम हुनेछ । राजा महेन्द्रको हुकुमशाही व्यवस्थाको विरोधमा सा-साना मागहरूदेखि लिएर पूर्ण प्रजातन्त्रसम्मको लागि हरप्रकारको जन संघर्ष उठाउनु ।

यसैनिम्ति संयुक्त मोर्चाको सवालमा जोसँग राजनीति र कार्यक्रममा मेल हुन सक्दछ, उनीहरूसँग साझा राजनीतिक नारा र कार्यक्रमलाई अपनाएर जोसँग पूर्ण कार्यमा बेमेल भए पनि राजनीतिक नारामा मेल हुन सक्छ, उनीहरूसँग साझा राजनीतिक नारा जसलाई यी दुवै कुरा नामञ्जूर छन् उसलाई मिल्न सकिने अरू कुरामा मिलेर संयुक्त रूपले अगाडि जानुपर्दछ ।

**साथीहरू**

हाम्रो तृतीय महाधिवेशन हाम्रो देशको गम्भीर राजनीतिक स्थितिमा हुँदैछ । यस्तो बेलामा हाम्रो पार्टी नेतृत्वको एक अंगले दक्षिणपन्थी अवसरवादी नीतिलाई अपनाएर प्रजातन्त्रलाई तिलाञ्जलि दिई राजाको समर्थन गरी सेवामा हाजिर भए । जसले गर्दा देशको राजनीतिमा धोखा हुनुको साथै हाम्रो पार्टीको एकतामा समेत ठूलो धक्का पुऱ्याए । देशको यस्तो संकटमा यदि वहाँहरूलाई आफ्नो राजनीतिक विचारमाथि विश्वास भएमा, कमसेकम महाधिवेशनमा भाग लिएर प्रतिनिधि साथीहरूका अगाडि आफ्नो विचार राख्ने काम गर्न सक्नुहुन्थ्यो । वहाँहरूको विचार सही ठहरिएमा यसलाई स्वीकार नगर्ने सवाल पनि थिएन । तर वहाँहरूले आफ्नो पार्टी र साथीहरूमाथि विश्वास गर्न सक्नुभएन र पार्टी कंग्रेसलाई असफल

पार्न हरसम्भव काम गरे । पार्टी कंग्रेसमा आउने साथीहरूलाई जेल नेल र सर्वस्व हरणको धम्कि र त्रास देखाउने काम गरे । यसको बावजुद आज हाम्रो पार्टी सदस्यताको ८५ प्रतिशत साथीहरू भेला हुनमा सफल भएका छन् । हुनत: पहिलो अथवा दोश्रो महाधिवेशनमा पनि हाम्रो देशको भौगोलिक स्थिति र यातायातको कठिनाइले गर्दा सबै सदस्यहरूको पूर्ण प्रतिनिधित्व कहिल्यै हुन सकेन । देशको आजको संकटको बेलामा जेल नेल र सर्वस्व हरणको पर्वाह नगरी सरकारको पुलिस र सी.आई.डी.हरूको आँखामा धुलो छरी राजावादी साथीहरूको आँखा बचाएर जुन यहाँ तपाई साथीहरू भेला हुनुभयो, यसले हाम्रो पार्टीको क्रान्तिकारी परम्परालाई कुनै पनि क्रुर शक्तिले दवाउन सक्ने छैन भन्ने कुरालाई सावित गरेको छ ।

**साथीहरू**

हामीले आफ्नो देशमा तमाम जनताको जीवन सुनिश्चित र सुरक्षित गर्नको निम्ति समाजवादी व्यवस्थालाई स्थापना गर्नुछ । तर जहाँ प्रजातान्त्रिक व्यवस्था छैन, वहाँ यस व्यवस्थाको निम्ति चाहिने लाखौं जनताको क्रान्तिकारी ताकतलाई संगठित गर्न सकिदैन । यो कुरा महान लेलिनले हामीलाई सिकाएका हुन् । अनि ८१ देशका पार्टीहरूको वक्तव्यले पनि भनेको छ "प्रजातन्त्रको निम्ति हुने संघर्ष समाजवादको निम्ति हुने संघर्षको अभिन्न अंग हो ।" प्रजातन्त्रको निम्ति हुने संघर्षको दौरानमा नै हामी जनतासँग घनिष्ट सम्पर्क राखी समाजवादको निम्ति चाहिने शक्तिको पनि सञ्चय गर्नेछौं ।

तसर्थः आजको प्रजातान्त्रिक संघर्ष सिधै पुरानो किसिमको पूँजीवादी पार्टीको नेतृत्वमा उनीहरूको पिछलगुवा भई पूँजीवादी प्रजातन्त्रलाई स्थापना गर्ने प्रजातन्त्र होइन । निश्चय पनि पूँजीवादी पार्टीलाई संघर्ष नगर, हामी एक्लै प्रजातन्त्रको निम्ति संघर्ष गर्ने छौं भनी संकुचित विचार लिन सकिन्न । प्रजातान्त्रिक क्रान्तिमा पूँजीवादी पार्टीहरूको पनि आफ्नो भूमिका रहनेछ । यसै निम्ति उनीहरूको सामन्तवाद तथा साम्राज्यवाद तथा विदेशी शक्ति पक्षका कमजोर चरित्रको विरोधमा संघर्ष गर्दा-गर्दै प्रजातान्त्रिक संघर्षमा यथासम्भव संयुक्त भएर जान पनि परेको छ । पूँजीवादी पार्टी अथवा वर्गले देशमा कुनै क्रान्तिकारी भूमिका खेल्न सक्दछ भने मजदुर वर्ग र अन्य क्रान्तिकारी वर्गहरूसँग संयुक्त भएर नै खेल्न सक्नेछ । यसैनिम्ति नेपाल कम्युनिष्ट पार्टीले यस प्रजातान्त्रिक संघर्षमा क्रान्तिकारी भूमिका खेल्नुपरेको छ र मजदुर वर्गको नेतृत्वमा मजदुर किसान एकताको आधारमा तमाम ... वर्गहरूको व्यापक संयुक्त मोर्चा बनाएर ... आफ्नो देशमा राष्ट्रिय स्वार्थको प्रतिनिधि... स्वस्थ्य प्रजातन्त्र अर्थात् राष्ट्रिय प्रजातन्त्रको ... गर्न सक्नेछौं, जुन राष्ट्रिय प्रजातन्त्रमा ... तमाम प्रजातान्त्रिक अधिकारहरूको सुरक्षा ... साथै देशको आर्थिक तथा राजनीतिक व्यवस्था... साम्राज्यवादी विदेशी स्वार्थ र प्रभावबाट मुक्त ... आफ्नो देशको राजनीतिक तथा आर्थिक व्यवस्था... स्वतन्त्र रुपले विकास गर्न सक्ने छौं र भविष्य... समाजवादतिर लम्कने मार्गलाई विकास गर्न सक्नेछौं ।

यसै निम्ति राष्ट्रिय प्रजातन्त्रलाई परिभाषित गर्दै देशका तमाम प्रजातन्त्रवादी क्रान्तिकारी ... तथा शक्तिहरूलाई संगठित गरेर नै हामीले आफ्नो प्रजातान्त्रिक आन्दोलनलाई अगाडि बढाउनुपर्ने छ । निश्चय नै हामीले चाहेको प्रजातन्त्र इच्छा गरी ... प्राप्त हुँदैन, न त यी तमाम क्रान्तिकारीहरूको व्याप... संगठन सजिलैसँग बन्नेछ । यी दुवै कुरा लामो स... र अथक प्रयासले नै सफल हुनेछन् ।

यो सघर्ष लामो र थकाइलाग्दो अवश्य ... छ, यसनिम्ति हाम्रो संघर्ष सिधा बाटो लिएर जान्छ भनेर भन्न सकिदैन । हामीले धेरै नै टेढामेढा बाटोबाट गुज्रनुपर्ने छ । कुनै देशको राजनीतिक क्रान्ति एउटै सिधा बाटोबाट तय भएको छैन । बीचबीचमा आइपर्ने अनेक राजनीतिक समस्याहरूलाई मिलाउँदै हामीले आफ्नो लक्ष्यतिर अगाडि बढ्नुपर्ने छ । लक्ष्य हाम्रो स्पष्ट छ । तर यस लक्ष्यलाई प्राप्त गर्न कुन बेला कस्तो राजनीतिक स्थितिबाट गुज्रनुपर्ने हो आज अठोट गरेर भन्न सकिन्न । अन्धो गल्लीमा गएको ... भएर पनि काम चल्दैन । तर कुनै बाटो जाउँ हामीले आफ्नो लक्ष्यलाई स्पष्ट राखौं । कुनै बाटो जाउँ हामी सबैले राम्रो समझदारी लिई हरेक कुराका छानबिन गरी एक राय भएर जाउँ । अनि निश्चय नै हामीले आफ्ना गल्तीबाट पनि सिक्दै क्रान्तिकारी ताकतलाई संगठित गरेर आफ्नो लक्षलाई प्राप्त गर्न सक्ने छौं । हाम्रो उद्देश्य पवित्र छ र हाम्रो शक्ति अजय छ ।

*इन्क्लाब जिन्दावाद ।*
*नेपाल कम्युनिष्ट पार्टी- जिन्दावाद ।*
*विश्व शान्ति-अमर रहोस् ।*
*किसान-मजदुर-एक होऊ ।*
*अन्तर्राष्ट्रिय कम्युनिष्ट भाइचारा-अमर रहोस् ।*

Tulsi Lal Amatya




# सातौं खण्ड

# अब संझना मात्र बाँकी छ

*कमरेड तुलसीलाल अमात्यले बाँचुन्जेल व्यक्तिगत स्वार्थ र परिवारको हितका खातिर कुनै चिन्ता गर्नुभएन । छोरा-छोरीको लालन-पालन र पढाइ-कही कुराप्रति वहाँले वास्ता गर्नुभएन । ०१३ सालमा दोस्रो विवाह गरेपछि वहाँकी धर्मपत्नी कमला अमात्य (राजभण्डारी)ले दाम्पत्य जीवनको लामो अवधिमा भोग्नुभएका अनेक समस्या, पीडा, अभाव र व्यवधानहरूबाट यही कुरा थाहा पाउन सकिन्छ । छोराहरू दिवस र संजय अमात्य तथा छोरीहरू प्रतिमा श्रेष्ठ र रश्मी अमात्यले साँच्चै भन्ने हो भने एउटा बाबुबाट पाउनुपर्ने स्वाभाविक स्नेहसमेत पाउनुभएन । तर पनि, कमरेड तुलसीलाल अमात्यले बाँचुन्जेल पार्टी राजनीतिमा गर्नुभएको योगदानप्रति वहाँकी धर्मपत्नी कमला अमात्य र छोरा-छोरीको कुनै गुनासो छैन । त्यसैले त तुलसीलाल अमात्य भौतिक रूपमा नरहे पनि कम्युनिष्ट आन्दोलनमा जिवित हुनुहुन्छ । उहाँको निधनपश्चात् उहाँप्रति प्रकट भएको श्रद्धाबाट यही कुरा स्पष्ट हुन्छ ।*

# अब त संझना मात्र बाँकी छ

श्रीमती कमला अमात्य



पार्टीको नेताका रूपमा मैले उहाँलाई धेरै अगाडिदेखि चिनेकी थिएँ । तर हाम्रो विवाह चाहिँ ०१३ सालमा भएको हो । त्यतिखेर उहाँ काकाको घरमा बस्नुहुन्थ्यो । र, अधिकांश समय पार्टीको काममा लगाउनुहुन्थ्यो । पटक-पटक काकाहरूले उहाँसँग कमाई न समाई हिंडेको भनी कचकच गरेको सुन्थें । उहाँ भने भोकै-प्यासै भए पनि पार्टीको काम गर्नुहुन्थ्यो ।

मेरो सानो दाजु अमीरबहादुर राजभण्डारी पनि कम्युनिष्ट पार्टीमै हुनुहुन्थ्यो । हामीले सानैदेखि महिला संघ र किसान संघको गतिविधिमा भाग लिने र साथीहरूलाई सघाउने काम गर्‍यौं । सम्मेलनहरूमा धेरै साथीहरू जम्मा हुन्थे । र, हामीले सहभागी नेता-कार्यकर्ताहरूको लागि खानपीनको व्यवस्था गर्‍यौं । तर बुवा, आमाले मलगायत बहिनीहरू कसैलाई पनि सकभर त्यस्ता गतिविधिहरूमा जान दिनुहुन्नथ्यो । दाजुको आडमा हामीहरू लुकिछिपी जान्थ्यौं । मेरी बहिनी डा. विमला पनि जान्थिन् ।

एकदिन बहिनीहरू महिला संघको कार्यक्रममा गएछन् । म भने भागेर जान सकिनँ । घरमै थिएँ । तर बहिनीहरू पक्राउ परे । पुलिसले घर नजिकैबाट उनीहरूलाई गाडीमा राखेर ल्यायो । वाङ्गे मुढामा महिला संघको अफिस थियो । हाम्रो घर नघलमा पर्थ्यो । अमीर दाइ पनि जेलमा पर्नुभयो । छ वर्षसम्म उहाँले जेलमै विताउनुभयो । हामी दिदी-बहिनीहरूले उहाँलाई जेलमा साँझ-बिहान खाना पुऱ्याउनुपर्थ्यो । छ वर्षसम्म हामीले तिहारमा पनि जेलमै गएर टीका लगाइदियौं । अमीर दाजुले बाणाको छोरीसँग प्रेम विवाह गर्नुभयो । बहिनीले पनि धरानका लक्ष्मीबहादुर हलुवाईसँग विहे गरिन् । यसबाट बुवा-आमाहरू खुशी हुनुहुन्थेन । मेरो विवाह तुलसीलाल अमात्यसँग नै गरिदिने भनी दाजुले नै कुरा टुंग्याउनुभएको रहेछ । गुह्येश्वरीमा गएर हाम्रोबीचमा विवाह सम्पन्न भयो ।

विवाह भएपछि उहाँ पार्टीको काममा पूर्ववत् रूपमा लाग्नुभयो । मरुहिटीमा पार्टी कार्यालय थियो, उहाँ प्रायः त्यहीं जानुहुन्थ्यो । यसैक्रममा काकाहरूले उहाँसँग अझ बढी कचकच गर्न थाले । अनि म घरमै आएर बस्न थालें । एउटा छोरा जन्मिसकेको थियो । मैले दिउँसो रोटी पकाउने र धुपबत्ति कात्ने गर्न थालें । त्यसको कमाइबाट नै हाम्रो गुजारा चल्न थाल्यो । काकाहरू भने निरन्तर कुरा काटिरहन्थे ।

त्यसपछि उहाँ तीन महिना लामो दौडाहामा उपत्यकाबाहिर जानुभयो । देशका विभिन्न जिल्ला घुम्नुभयो । मैले मंगलबजारमा रहेको पसल बेंचे । ०१५ सालको चुनावमा उहाँले त्यही पैसा खर्च गर्नुभयो । चुनाव पनि जित्नुभयो । त्यसपछि संसद्बाट पैसा आउँथ्यो । आधा पार्टीलाई दिनुपर्थ्यो, आधा पैसाले हाम्रो परिवारको खर्च टर्दथ्यो । ०१७ सालको काण्ड हुनुअघि उहाँहरू संसदीय टोलीसहित रुस जानुभयो । रुसबाट फर्केपछि गाउँतिर लाग्नुभएको थियो । केवल १५ दिनमात्र बितेका थिए । सैनिक शासन लागू भयो भन्दै सिद्धिलाल सिंह घरमा आउनुभयो । तत्पश्चात् पुष्पलाल र उहाँ दुई-तीन महिनासम्म उपत्यकामै भूमिगत रहनुभयो । घरमा आउनुभएन ।

भारततर्फ जानुअघि एक दिन रातमा उहाँ आउनुभयो । तर भोलिपल्ट दिउँसो प्रहरीले घर घेरा हाल्यो । मैले दुई-तीन महिनादेखि आउनुभएको छैन भनें । उहाँलाई घरको स्टोरमा ताल्चा लगाएर राखेकी थिएँ । साँझ परेपछि उहाँ आउँदा लगाउनुभएको ज्यापुहरूले लगाउने लुगा र बर्को नै ओढेर किसानहरूको साथमा गल्ली-गल्लीको बाटो भारततर्फ लाग्नुभयो । केही समयपछि मेरो बुबाले सबै नेताहरू यहीं छन्, उहाँ मात्र किन बाहिर बस्ने ? यहीं बोलाऊ भन्नुभयो । तर मैले फर्किनका लागि

उहाँलाई कहिल्यै पनि केही कुरा भनिनँ ।

एक पटक दरभंगाबाट उहाँले मलाई भेट्न आउने खबर पठाउनुभयो । म ठूलो छोरा र सानो छोरीलाई लिएर दरभंगा पुगेँ । उहाँ मोतिहारीमा बैठक छ भनी जानुभयो । त्यसै दिन छोरा प्रवीण खाटबाट खसेर घाइते भयो । औषधी उपचार गर्ने पैसा थिएन । अस्पताल पुऱ्याएँ । हात भाँचिएको रहेछ । भोलिपल्ट प्लाष्टर गर्न बोलायो । मलाई हिन्दीमा कुरा गर्न पनि आउँदैनथ्यो । मैले द्रव्यमानलाई साथ लिएर प्लाष्टर गराएँ । र, छोरालाई लिएर घरमा आएँ । तीन दिनपछि उहाँ आउनुहुँदा छोरालाई १ सय ५ डिग्री ज्वरो आएको थियो । भोलिपल्ट शनिवार पऱ्यो । उपचार गर्नु सम्भव भएन । परिणाम छोरालाई बचाउन सकिएन । अनि हाम्रो परिवार बसिरहेको ठाउँ छाडी एउटा झुपडीमा बस्न थाल्यो । पाँच रुपैयाँ तिर्नुपर्ने झुपडीमा झ्याल थिएनन्, फुसले छाएको थियो । छोरो मरेको दश दिन सकिएपछि उहाँ फेरि पार्टीको काममा कलकत्तातिर लाग्नुभयो । त्यसैक्रममा हिक्मतसिंह त्यसपछि भने उहाँहरू अलग-अलग हुनुभयो । हामीहरू दरभंगामै बस्दा एकदेव आलेको निधन भयो । उहाँले नै एकदेव आलेको शवमा रातो झण्डा ओढाई जीपमा राखेर घाटमा पुऱ्याउनुभयो । र, दागवत्ति दिनुभयो ।

बनारसमा बसिरहेको बेला हाम्री सानी छोरी जन्मी । अस्पतालबाट रिक्सामा फर्केर घरमा आउँदा रिक्साको भाडा तिर्नेसम्म पैसा थिएन । सुत्केरी अवस्थामै म कैयौं दिन भोक-भोकै परेँ । एकदिन तेजबहादुर गुरुङ हामीकहाँ आउनुभयो र उहाँसँग भन्नुभयो "यस्तै स्थिति हो भने अब दिदी पनि मर्नुहुन्छ, भोलि नै दिल्लीतिर जाउँ ।"

भोलिपल्ट एकजना मान्छे लिएर फेरि उहाँ आउनुभयो । हामीले भएको सर-सामान बिक्री गऱ्यौं र जम्मा भएको सय रुपैयाँ लिएर दिल्लीतर्फ लाग्यौं । रेलवे स्टेशनमा हामी पक्राउ पऱ्यौं । किनभने हामीसँग भएको पैसाले रेलको भाडा तिर्न पुगेन । पछि उहाँले 'म निर्वासनमा रहेको छु । नेपालको भूतपूर्व सांसद् हुँ' भन्ने कागज लेखिदिएपछि पुलिसले छाडिदियो र हामीहरू दिल्ली आउनुभयो । केही समयपछि हामीहरू सपरिवार बनारसतिर लाग्यौं ।

०१९ सालमा पार्टीको महाधिवेशन हुँदा हाम्रो डेरामा साथीहरूको ठूलै भीड लागिरहन्थ्यो । मैले साँझ-बिहान उन्नाइस-बीस जनालाई पकाएर खुवाउने गर्थें । पुष्पलाल, उहाँ, हिक्मत सिंह र म चार जना त झण्डै दुई-तीन वर्ष सँगै बस्यौं ।

पछि पार्टीभित्र झैंझगडा शुरु भयो । के कारणबाट झगडा भयो भन्ने कुरा त मलाई थाहा छैन । पुग्यौं । त्यहाँ भीमप्रसाद उपाध्यायहरूले ठूलो मद्दत गर्नुभयो । मैले सिलाईको काम गर्न थालें । उहाँले कार्यकर्ताहरूलाई प्रशिक्षण दिनुहुन्थ्यो । कार्यकर्ताहरूले दश-दश रुपैयाँ उठाएर दिएको पैसाले हामीले जिविका चलाउथ्यौं ।

यसरी दरभंगामा चार वर्ष, बनारसमा चार वर्ष र दिल्लीमा करिब दश वर्ष गरी पुग-नपुग अठार वर्ष उहाँ निर्वासनमा बस्नुभयो र ०३६ सालपछि स्वदेश फर्किनुभयो ।

उहाँको तीन पटक सर्वस्वहरण गरियो । पुलिसले

## समवेदना सन्देश

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)का स्थायी कमिटी सदस्य तथा पूर्व सांसद् कमरेड तुलसीलाल अमात्यको आज बिहान ८:३० बजे ललितपुर, पाटनस्थित वहाँको निवासबाट शिक्षण अस्पताल लैजाँदा-लैजाँदै हृदयगति बन्द भई ८२ वर्षको उमेरमा देहावशान भयो । वहाँको देहावशानले नेकपा (एमाले)ले मात्र नभई यस देशले नै एक सच्चा कम्युनिष्ट, प्रजातन्त्रवादी, कर्मठ तथा वयस्क नेता गुमाएको छ । वहाँको देहावशान सम्पूर्ण देशवासीका लागि अपूरणीय क्षति भएको कुरा हाम्रो पार्टीले महसुस गरेको छ । यस अपूरणीय क्षतिको घडीमा नेकपा (एमाले) केन्द्रीय कमिटी वहाँप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्नुका साथै यस दुःखद् घडीमा वहाँका शोकाकूल परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

कमरेड तुलसीलाल अमात्यको जन्म सन् १९१६ को मे महिनामा भएको थियो । एक श्रीमती, दुई छोरी र दुई छोरा छाडी दिवंगत हुनुभएका कमरेड अमात्यले सन् १९३३ देखि राजनीतिक जीवन आरम्भ गर्नुभएको थियो । आफ्नो राजनीतिक जीवनको ६४ वर्षे लामो यात्रामा वहाँले अनेक ओराली-उकाली पार गर्नुभयो । सन् १९४८ मा नेपाल बैंक लिमिटेडको बोर्ड मेम्बरसमेत हुनुभएका कमरेड अमात्य अगष्ट १५, १९४७ को पाटनमा भएको जुलुसलाई नेतृत्व गरेवापत् ६ महिना जेल पर्नुभएको थियो ।

नेपाल कम्युनिष्ट पार्टीका संस्थापक केन्द्रीय सदस्य रहनुभएका कमरेड अमात्यले सन् १९४८ मा नेपाल मजदुर किसान संगठनको निर्माण गर्नु भई त्यस संगठनको संस्थापक अध्यक्ष रहनुभयो । सन् १९४८ मा नै वहाँ नेपाली राष्ट्रिय कांग्रेसको केन्द्रीय कार्यसमितिको सदस्य पनि हुनुहुन्थ्यो । राजनीतिमा लागेकै कारण राणाकालीन शासनमा दुई पल्टसम्म वहाँको सर्वश्वहरण भयो भने सन् १९६० मा तत्कालीन पञ्चायती शासनले पनि वहाँको सर्वश्वहरण गरेको थियो ।

सन् १९५० मा दिल्ली सम्झौताको विरोध गरेवापत् वहाँ मोतिहारी भागलपुर जेलमा ८ महिनासम्म बन्दी बनाइनुभयो । सन् १९५१ देखि ५७ सम्म बारा, रौतहट र सर्लाहीमा भूमिगत किसान आन्दोलन सञ्चालन गर्नुभएका कमरेड अमात्यले प्रवास तथा स्वदेशमा गरी लामो अवधि भूमिगत जीवन बिताउनुभयो । ०१५ सालको आम निर्वाचनमा ललितपुरबाट प्रतिनिधि सभामा निर्वाचित हुनुहुने कमरेड अमात्य कम्युनिष्ट पार्टीको संसदीय दलको नेता समेत चुनिनुभयो । सन् १९६१ मा बनारसमा सम्पन्न तेस्रो महाधिवेशनबाट नेपाल कम्युनिष्ट पार्टीको महासचिव चुनिनुभएका कमरेड अमात्यले पार्टीमा हुँदै गएको विभाजनकै फलस्वरुप नेकपा (अमात्य) पार्टीको गठन गर्नुभयो र त्यस पार्टीलाई नेतृत्व दिनुभयो । १९७९ मा भएको आममाफीपछि नेपाल फर्कनुभएका कमरेड अमात्य राजनीतिबाट कहिल्यै विमुख रहनुभएन । कम्युनिष्ट पार्टीलाई एकीकृत रूपमा संगठित गर्ने सोचअनुरुप प्रजातन्त्रको पुनर्वहालीपश्चात् उहाँले नै नेकपा (अमात्य), वर्मा र मानन्धर समूहलाई एकीकृत गरी नेकपा (संयुक्त) को गठन गर्नुभयो र पार्टीको अध्यक्षसमेत रहनुभयो । उहाँ ०४६ सालको जनआन्दोलनमा संयुक्त वाम मोर्चाको मानार्थ अध्यक्षसमेत रहनुभयो । नेकपा (एमाले)को पाँचौ महाधिवेशनपछि यस पार्टीले लिएको नीति तथा कार्यक्रम- वर्तमान नेपालको सामाजिक, आर्थिक, राजनीतिक स्थिति अनुसार भएको महसूस गरी वहाँ नेकपा (एमाले)मा समाहित हुनुभयो र सो पार्टीको स्थायी कमिटी सदस्य रहनुभयो ।

जनवरी ११, १९९३ देखि राजपरिषद् सदस्य समेत रहनुभएका कमरेड अमात्यले फरवरी ३, १९९५ मा जनवादी गणतन्त्र चीनका लागि शाही नेपाली राजदूत पदसमेत सम्हाल्नुभयो

सोभियत संघ, चीन, भारत र उत्तर कोरियासमेतको भ्रमण गर्नुभएका कमरेड अमात्यले कुन बाटो, राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम, समाजवादी दलको संगठनात्मक समीक्षा जस्ता थुप्रै पुस्तक लेख्नुभएको छ । राष्ट्रका शीर्षस्थ नेता कमरेड अमात्यको यस दुःखद् निधनप्रति शोक मनाउन नेकपा (एमाले)ले आफ्ना सबै जिल्ला पार्टी कार्यालयहरूलाई ३ दिनसम्म पार्टीको आधा झण्डा झुकाउन तथा पार्टी कार्यालयमा एक शोक पुस्तिका राख्ने निर्देशन जारी गर्दछ ।

नेपाल कम्युनिष्ट पार्टी
(एकीकृत मार्क्सवादी-लेनिनवादी)





दुःख दिने र सताउने गरिरह्यो । यसैकारण उहाँको एम.ए. र बी.ए. पास गरेको प्रमाण-पत्र पनि काकाहरूले बागमतीमा लगेर बगाइदिए छन् । उहाँ भने सधैंभरि आफ्नो काममा लागिरहनुभयो । मैले सुनेसम्म- बुवा बित्दा उहाँ जेलमा हुनुहुन्थ्यो । जेलमै चार दिन क्रिया गर्नुभयो । र, घरमा आई पुलिसको घेराबीच दश दिन बिताएपछि पुनः वहाँलाई जेलमा लगियो रे । पहिलो श्रीमती बिरामी परेको बखत् पुलिसले उहाँलाई पक्राउ गरेको थियो रे । श्रीमती मरेको खबर उहाँले जेलमै सुन्नुभएछ । अनि पुलिसको मोटरमा घाटमा लगिएको थियो रे । यसरी उहाँले आफ्नै बुवा र श्रीमतीको मुखसम्म हेर्न पाउनुभएन । पहिलो श्रीमतीतर्फ रविन्द्र भन्ने एउटा छोरा थियो । उसलाई बोर्डिङ्गमा राखिएको रहेछ । सबैका आमा-बाबुहरू छोरा-छोरी भेट्न जान्थे । तर उसको कोही थिएन । मावलीतिरबाट पनि कोही जाँदैनथे । एक दिन वहाँ स्वयं स्कूलमा जाँदा अरु बच्चाहरू सुन्तला खाइरहेका थिए, ऊ भने बोक्रा टोकिरहेको थियो रे ! यो कुरा सम्झेर उहाँ पटक-पटक रुनुहुन्थ्यो । यसप्रकार बाँचुञ्जेल उहाँले पार्टी कामबाहेक अन्य केही कुरामा ध्यान दिनुभएन । घर परिवार, छोरा-छोरी पढाइ- सबै कुरामा उहाँलाई कुनै चासो थिएन । मैले नै अनेक दुःख-कष्ट गरेर छोरा-छोरी हुर्काएँ । विवाह हुँदा म एस.एल.सी. अनुत्तीर्ण थिएँ । बनारसमा बस्दा पछि पास गरें । र, आई.ए. पढ्न थालें । तर राजनीतिक मान्छेको परिवार भएर रहँदा साथीहरू आइरहन्थे । मैले पढ्न पाइनँ । छ महिनासम्म पढेर बीचमै छोडिदिए । तर मेरो माइतितर्फ भने सबैले राम्रै लेखपढ गरेका थिए । दाजु र बहिनीहरूले राम्रै पढेका थिए । मलाई थाहा थियो- छोरा-छोरीले नपढेपछि भोलि केही गर्न सक्दैनन् । तसर्थ: अनेक दुःख-कष्ट गरेर भए पनि छोरा-छोरीलाई पढाएँ । उहाँले छोरा-छोरीको पढाइका बारेमा कुनै चिन्ता लिनुपरेन । र, कसैलाई पनि केही भन्नुपर्ने अवस्थासमेत आएन ।

जतिसुकै दुःख-कष्ट भए पनि मैले उहाँलाई कहिल्यै पनि राजनीतिबाट टाढा राख्न खोजिनँ । पार्टीको काममा जस्तोसुकै बेलामा पनि उहाँ निरन्तर खट्नुभयो, त्यसमा मेरो कहिल्यै गुनासो रहेन । यदि मैले चाहेको भए उहाँलाई राजनीति छोड्न पनि बाध्य पार्न सक्थें । अब त यी सबै कुराहरूको केवल सम्झना मात्र बाँकी छ । उहाँले बाँचुञ्जेल पार्टीको लागि जे-जति योगदान गर्नुभयो, त्यसमा मेरो केही गुनासो छैन । इतिहासले अवश्य मूल्यांकन गर्नेछ । नेकपा (एमाले)सँग मिल्नुपर्छ भनेर पार्टीका साथीहरूले कुरा उठाउँदा मैले पनि उहाँलाई 'एक्लै बसेर केही हुँदैन, सबै नेताहरूसँग मिलेर काम गर्नुपर्छ' भन्ने सुझाव दिएकी थिएँ । मलाई लाग्छ, उहाँले जिन्दगीभर पार्टीका लागि सम्झौताहीन संघर्ष गर्नुभएको थियो । उहाँको त्यो इतिहासलाई परिवारका तर्फबाट हामीले जोगाउन ध्यान दिनुपर्छ भन्ने कुराप्रति म सचेत छु । उहाँको सम्झनामा मैले एउटा मृगौलाको उपचार गर्ने अस्पताल खोल्ने इच्छा राखेकी छु । मेरो इच्छा पूरा हुन्छ कि हुँदैन ? भविष्यमै थाहा होला । साथै एउटा सालिक बनाउनुपर्छ भन्ने मनमा लागेको छ । बाँचुञ्जेल उहाँले आफ्नो व्यक्तिगत हित र परिवारको स्वार्थका लागि केही गर्नुभएन भने मेरा लागि यो के लिनु दिनु छ र ? मैले पार्टीको भरोसा गरेकी छु । मेरो त पार्टीमा काम गर्ने र पार्टीलाई सघाउने इच्छा छ । बस् !

# श्रद्धा सुमन !

कमरेड तुलसीलाल अमात्यको जीवन-संघर्षको इतिहास सधैं प्रेरणादायी रहनेछ । वहाँ कम्युनिष्ट आन्दोलनभन्दा जेठा, राणा शासन विरोधी जन आन्दोलनकारी हुनुहुन्थ्यो । अमात्यले कहिल्यै पनि आफूलाई बुढो ठान्नुभएन, अन्तिम समयसम्म पनि राजनीतिक रूपमा सक्रिय हुनुहुन्थ्यो । उहाँको सिङ्गो जीवन उद्देश्यमूलक, सर्वहारा वर्गको मुक्ति र जनताको हित एवं सम्बृद्धि गर्ने कुराप्रति नै समर्पित रह्यो । र, त्यसको निष्कर्ष संघर्षको निरन्तरता नै हो । अमात्य राष्ट्रिय प्रजातन्त्रप्रति समर्पित रहेता पनि अन्तमा उहाँले जनताको बहुदलीय जनवादलाई स्वीकार गरेर नेकपा (एमाले)मा प्रवेश गर्नुभएको हो । उहाँले आफ्नो निम्ति कहिल्यै पनि केही चिज माग्नुभएन ।

**बामदेव गौतम**
**उपप्रधानमन्त्री एवं गृहमन्त्री**

तुलसीलाल अमात्य एक जना विचारक, चिन्तक, संगठक, योद्धा र अपूर्वको किसान नेता हुनुहुन्थ्यो । उहाँको समग्र राजनीतिक व्यक्तित्वले गर्दा नै ०४६ सालमा संयुक्त वाम मोर्चाको मानार्थ अध्यक्ष बनाइएको थियो । राजनीतिक विकासको क्रममा भन्ने हो भने उहाँ संसदीय आन्दोलनका अग्रज, सधैं संघर्षशील र एकतावादी नेता हुनुहुन्थ्यो । मार्क्सवादलाई राष्ट्रिय परिवेशमा ढाल्न उहाँले निकै प्रयास गर्नुभएको थियो ।

**सि.पी. मैनाली,**
**स्थायी कमिटी सदस्य, नेकपा (एमाले)**

प्रजातान्त्रिक आन्दोलनका अग्रणी योद्धा श्रद्धेय तुलसीलाल अमात्यकोनिधनबाट राष्ट्रलेएउटा राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनका लागि संघर्षरत अग्रज गुमाएको छ ।

**नेपाल सद्भावना पार्टीको**
**शोक वक्तव्य**

तुलसीलाल अमात्यको निधनले नेपालको कम्युनिष्ट आन्दोलनलाई ठूलो क्षति हुन पुगेको छ । उहाँले व्यक्त गर्नुभएको 'विदेशी ऋण र दातृ संस्थाहरूको भरमा देश चल्दैन, विदेशीहरूलाई बेचिएका उद्योगहरूले जनता झन् ठगिन पुगेका छन्. हामी आफ्नो खुट्टामा आफैं उभिनुपर्छ, हाम्रो राष्ट्र हामीले नै बनाउँछौं'- भन्ने भावना सबै राजनीतिज्ञहरूमा हुनुपर्छ । उहाँको योगदान सधैं अविस्मरणीय रहिरहने छ ।

**नारायणमान बिजुक्छें**
**अध्यक्ष, नेपाल मजदूर किसान पार्टी**

तुलसीलालको निधनमा राष्ट्रले एक संघर्षशील प्रजातान्त्रिक योद्धा गुमाएको छ ।

**डा. डिल्लीरमण रेग्मी,**
**अध्यक्ष, नेपाली राष्ट्रिय कांग्रेस**

नेपालको प्रजातान्त्रिक आन्दोलनमा सक्रिय रहेका कार्यकर्ताहरूका अग्रणी तुलसीलाल अमात्यको आकस्मिक निधन भएकोमा दुःख व्यक्त गर्दछु ।

**रामहरि शर्मा**
**सभापति, नेपाल प्रजा परिषद्**

उहाँको निधन नेपालको राजनीतिमा लामो योगदान भएको, एक समर्पित, सुसंस्कृत, प्रतिष्ठित र निष्ठावान व्यक्तिको निधन हो । यसबाट राष्ट्रलाई अपूरणीय क्षति भएको छ ।

**नेपाली कांग्रेस केन्द्रीय कार्यालय**

नेपालको प्रजातान्त्रिक आन्दोलनका अथक योद्धा एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) स्थायी कमिटीका सदस्य तुलसीलाल अमात्यको निधन भएको खबर सुन्दा म अत्यन्त दुःखित् र मर्माहत भएको छु । अमात्यले नेपालमा प्रजातन्त्रको स्थापना र पुनःस्थापनाका लागि भोग्नुभएको कष्ट र यातना तथा समाजमा एकता र सद्भावना कायम गर्ने कार्यमा दिनुभएको योगदान अविस्मरणीय छ । उहाँको दुःखद् निधनबाट राष्ट्रले एउटा सच्चा देशभक्त र उच्चकोटीको नेता गुमाएको छ भने नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले एक सच्चा साम्यवादी नेता गुमाउनुपरेको छ ।

**रामचन्द्र पौडेल**
**सभामुख**

नेपाली कम्युनिष्ट आन्दोलनका शीर्षस्थ व्यक्तित्व एवं बरिष्ठ राजनेता तुलसीलाल अमात्यको निधनबाट नेपाली धर्तीका एक क्रान्तिकारी योद्धा र कुशल नायक गुमाउनुपरेकोले देशको कम्युनिष्ट तथा प्रजातान्त्रिक आन्दोलनलाई गंभीर क्षति पुगेको छ ।

**तिल कार्की** — **घनश्याम कोइराला**
**अध्यक्ष** — **महासचिव**
**तथा प्रवासी नेपाली संघ, भारत**

मार्क्सवाद-लेनिनवादप्रतिको उहाँको निष्ठा, जीवनपर्यन्तको उहाँको अनवरत साधना, संघर्षशीलता र क्रियाशीलताको जतिसुकै प्रशंसा गरे पनि थोरै हुन्छ । उहाँको निधनले नेपालको कम्युनिष्ट तथा प्रजातान्त्रिक आन्दोलनमा अपूरणीय क्षति भएको हामीले महसूस गरेका छौं ।

**बलराम उपाध्याय, लक्ष्मीभक्त उपाध्याय, भवानी घिमिरे र खेमनारायण ढुंगानाको शोक वक्तव्य**

तुलसीलाल अमात्य जस्तो नेपाली कम्युनिष्ट र प्रजातान्त्रिक आन्दोलनको दीर्घसेवीकोनिधनबाट नेपालकोकम्युनिष्ट र प्रजातान्त्रिक आन्दोलनमा अपूरणीय क्षति भएको छ ।

**नेकपा (एमाले) संसदीय**
**दलको पारित शोक-प्रस्ताव**

## यसै पुस्तकबाट

.... बाचुन्जेल  कमरेड टि.एल.ले सधैंभरि मूल्य र मान्यताको राजनीति गर्नुभयो । मूल्य र मान्यताको राजनीति नै अजय हुन्छ । त्यो राजनीतिले नै अन्ततोगत्वा विजय प्राप्त गर्छ भन्ने कुरामा उहाँ प्रष्ट हुनुहुन्थ्यो । मेरो समझदारीअनुसार उहाँले मूल्य र मान्यताको राजनीति गर्नुपर्छ भन्ने कुरा हामी सबैलाई छोडेर जानु भएको छ ।

– मनमोहन अधिकारी

... कमरेड तुलसीलालका बारेमा धेरै कुराहरू भन्न सकिएला । तर एउटा कुरा उहाँमा घमण्ड थिएन । साऱ्है विनम्र मान्छे हुनुहुन्थ्यो । अत्यन्तै सिधा, सोझो, इमान्दार र साधारण हुनुहुन्थ्यो । इमान्दार भएको कारणले गर्दा उहाँले धेरै अप्ठेरो स्थितिको पनि सामना गर्नुपऱ्यो । तर पनि उहाँको इमान्दारितालाई सबैले मान्दछन् । उहाँको सज्जनता र भद्रतालाई सबैले सम्मान गर्दछन् । ०४६ सालको जनआन्दोलनको पहिलो शुरुवात गर्ने, मैदानमा उत्रिएर पंचायती तानाशाहीलाई खुलेआम बगावत गर्ने र विद्रोहको घोषणा गरेर मैदानमा उत्रिने पहिलो व्यक्ति उहाँ नै हुनुहुन्थ्यो ।

– माधवकुमार नेपाल

... तुलसीलालको जीवनको करीब आधा शताब्दीभन्दा बढी समय कम्युनिष्ट आन्दोलनसित नै सम्बन्धित रहयो । उनले व्यक्तिगत रूपमा अन्य कुनै पेशा अपनाएनन् । उनले नेपालका ठूल–ठूला आन्दोलनहरूको नेतृत्व गरेका छन् । रौतहटको प्रसिद्ध ऐतिहासिक किसान आन्दोलन उनकै नेतृत्वमा भएको थियो । राणा शासन, ००७ सालपछि कायम भएको कांग्रेसी शासन र पंचायती तानाशाही शासनका विरूद्धको संघर्षमा उनको जीवनको महत्त्वपूर्ण वा अधिकांश भाग बित्यो ।

– मोहनविक्रम सिंह

... तिनीहरूले एउटै मात्र कुराको माग गरे कि तुलसीलालजी उज्यालो नहुँदै गाउँ छोडी अन्त गई दिनुपऱ्यो । त्यसमा तुलसीलालको सहमति पाएपछि रातारात उहाँलाई किसान कार्यकर्ताहरूले त्यस गाउँभन्दा धेरै टाढाको गाउँमा पुऱ्याए । मतदानपश्चात् मत गन्तीबाट के देखियो भने त्यस गाउँमा खसेको कूल मतको पञ्चानब्बे प्रतिशत मत कम्युनिष्ट पार्टीको पक्षमा खसेको थियो ।

– विष्णुबहादुर मानन्धर